CC-0. In Public Domain. Digitization by eGangotri

ली आं०
ज्योति



दीप ज्योति

कवि म. वी. वि. शाह विशेषाङ्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे वीर ! दिव्य ज्योति सरी
[illegible] पाप हरि भरी
ती मातृभूमि नेपालको
यह वीर पराक्रमी सन्तति ।।

सिर्फ हो नेक नागरिक
हुन [illegible] कहीँ नरी ।
सभ्यता सिर्फ छ हतियार
डर न लिउ कहीं कति ।।

खुकुरी, संगीन तलवार या
हतियार ले भिन्न पानुभा
नपरोस-यदि तिमी वीर हौ
भने-वीर का ही [illegible] ।।

[illegible] सन्धि सम्झौते
भिन्न [illegible] देशको ।
[illegible]
हौं एक सन्तति देश को ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



ने.आं.आ.१८८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे वीर ! छिट आँख खोल
[illegible] पाय [illegible]
को मातृभूमि नेपालको
यस वीर पराक्रमी जातिले ।।

तिमी हौ नेक नागरिक
हुन [illegible] कोही [illegible] ।
सत्यता तिम्रो म हतियार
डर न मेट्न [illegible] ।।

खुकुरी, संगीन तलवार या
हतियार जे किन नहुन
नपरोस्–यदि तिमी वीर हौ
भने–वीर बन ती खालीमा ।।

[illegible] चम्कदै
[illegible] हो देशको ।
[illegible]
हो एक सम्पत्ति देश को ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे वीर ! हिंड अगि सरी
नहटाइ पाउ रति भरी
यो मामृभूमि नेपालको
भइ वीर पराक्रमी सन्तति ।।

तिम्रै हो लेऊ नागरिक
हक कांधमा कांधै गरी ।
सत्यता तिम्रैं छ हतियार
डर न लेऊ क्यै कति ।।

खुकुरी, संगीन तलवार या
हतियार जे किन सामूमा
नपरोस–यदि तिमी वीर हौ
भने–वीर का ती छातीमा ।।

नडराइ सम्झि लम्कँदै
हिंड ढाल यै हो देशको।
जातमा जे छौं सबै
हौं एक सन्तति देश को ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्व० श्री ५ महेन्द्र जयन्ती तथा संविधान
दिवशको उपलक्ष्यमा

स्व० श्री ५ महेन्द्र प्रति हार्दिक श्रद्धाञ्जलि
अर्पण गर्दछौं ।

दीप ज्योति परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यपाथोनिधिमन्थनोत्थं कर्णामृतं रक्षत हे कवीन्द्राः !

–विल्हण

दीप ज्योति

साहित्यिक मासिक पत्रिका

कवि म० वी० वि० शाह विशेषाङ्क

वर्ष ३ ★ २०३७ पौष १ ★ अङ्क ६

प्रधान सम्पादक

ज्ञानेन्द्र राज पोखरेल

★

व्यवस्थापक

जितेन्द्र राज पोखरेल

★

पत्र व्यवहार
दीप ज्योति
साहित्यिक मासिक पत्रिका
C/o रत्न प्रिन्टिङ्ग प्रेस
इखाछें, ललितपुर, बा. अ. नेपाल

संपर्क सुत्र
१६/८१ ठमेल
काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आंशिक आरक्षित

प्रकाशक:–
'म० वी० वि० शाह विशेषांङ्क'
दीपज्योति प्रकाशनको निम्ति
ज्ञानेन्द्र राज पोखरेल
(नेपालमा सर्वप्रथम, २०३७)

प्रधान संरक्षक:–
जगत वन्धु कार्की

ब्लक सौजन्य:–
सूचना विभाग

आजीवन सदस्य:–
–अनुप शम्शेर ज० ब० रा०
–हरि वहादुर
–बजरंग लाल
–शिव शम्शेर राणा
–गजानन्द वैद्य
–दीवाकर गोल्छा
–घनश्याम राजकर्णिकार

आवरण शिल्पी:–
गेहेन्द्र मान अमात्य

मोल:–
ने. रू. १०५।–
भा. रू. ७०।–

(कपाडपन) विद्यापीठ पुस्तकालय

मुद्रक:–
रत्न प्रिन्टिङ्ग प्रेस, इखाछें
फोन नं. २१८७५, ललितपुर।

१०४११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक:—
'म० वी० वि० शाह निबेथाङ्ग'
दीपज्योति प्रकाशनको निम्ति
ज्ञानेन्द्र प्रसाद पोखरेल
(नेपाल्मा सर्वप्रथम, २०३१)

मुद्रक:—
राम प्रिन्टिङ्ग प्रेस
फोन नं. २१५०४, ललितपुर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे वीर ! छिट अघि सरौ
नडराइ पाउ दरि धरौ
यो मातृभूमि नेपालको
भइ वीर पराक्रमी सन्तति ।।

तिम्रौं हौ ठेक नागरिक
हक कांधमा बोकी गरी ।
सत्यता तिम्रौं छ हतियार
डर न रोक्छ कहीं कहिं ।।

खुकुरी, संगिन तलवार वा
हतियार जे किन सामुना
नगरोस–यदि तिमी वीर हौ
भने–वीर का ती खादिमा ।।

नडराइ सम्झि सम्झँदै
छिट हाल यै हो देशको ।
जावला जे छौं सबै
हौं एक सन्तति देश को ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे वीर ! हिंड अगि सरी
नहटाइ पाउ रति भरी
यो मातृभूमि नेपालको
भइ वीर पराक्रमी सन्तति ।।

तिम्रै हो लेऊ नागरिक
हक काँधमा काँधै गरी ।
सत्यता तिम्रै छ हतियार
डर न लेऊ क्यै कति ।।

खुकुरी, संगीन तलवार या
हतियार जे किन सामूमा
नपरोस–यदि तिमी वीर हौ
भने–वीर का ती छातीमा ।।

नडराइ सम्झि लम्कँदै
हिंड ढाल यै हो देशको ।
जातमा जे छौं सबै
हौं एक सन्तति देश को ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्व० श्री ५ महेन्द्र जयन्ती तथा संविधान
दिवशको उपलक्ष्यमा

स्व० श्री ५ महेन्द्र प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

दीप ज्योति परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यपाथोनिधिमन्थनोत्थं कर्णामृतं रक्षत हे कवीन्द्रः !

–विल्हण

दीप ज्योति

साहित्यिक मासिक पत्रिका

कवि म० वी० वि० शाह विशेषाङ्क

वर्ष ३ ☆ २०३७ पौष १ ☆ अङ्क ६

प्रधान सम्पादक

ज्ञानेन्द्र राज पोखरेल

☆

व्यवस्थापक

जितेन्द्र राज पोखरेल

★

पत्र व्यवहार
दीप ज्योति
साहित्यिक मासिक पत्रिका
C/o रत्न प्रिन्टिङ्ग प्रेस
इखाछें, ललितपुर, बा. अ. नेपाल

संपर्क सुत्र
१६/८१ ठमेल
काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक:–

'म० वी० वि० शाह विशेषांङ्क'
दीपज्योति प्रकाशनको निम्ति

ज्ञानेन्द्र राज पोखरेल

(नेपालमा सर्वप्रथम, २०३७)

ब्लक सोजन्य:–
सूचना विभाग

आवरण शिल्पी:–
गेह्नेन्द्र मान अमात्य

★

मोल:–
ने. रू. १०५।–
भा. रू. ७०।–

★

मुद्रक:–
रत्न प्रिन्टिङ्ग प्रेस, इखाछें
फोन नं. २१८७५, ललितपुर।

प्रधान संरक्षक:–
जगत वन्धु कार्की

आजीवन सदस्य:–
–अनुप शम्शेर ज० ब० रा०
–हरि बहादुर
–वजरंग लाल
–शिव शम्शेर राणा
–गजानन्द वैद्य
–दीवाकर गोल्छा
–घनश्याम राजकर्णिकार

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य

सम्माननीय प्रधान मन्त्री
सूर्य बहादुर थापा

★

सम्माननीय प्रधान न्यायाधीश
नयन्न बहादुर खत्री

★

राजसभा स्थायी समितिका सम्माननीय सभापति,
सहायक रथी भूपाल मान सिंह कार्की

★

त्रिभूवन विश्व विद्यालयका सम्माननीय उपकुलपति
डा० महेन्द्र प्रसाद

★

नेपालको लागि भारतीय राजदूत
एन. पी. जैन

★

नेपालको लागि भारतीय राजदूत श्री एन. पी. जैनको मन्तव्य

मुझे प्रसन्नता है कि "दीप ज्योति" पत्रिका स्व. कवि म. वी. वि. शाह विशेषाङ्क निकाल रही है। स्व. कवि श्री ५ महेन्द्र की कृतियों की सुन्दरता, गहन अर्थ और तन्मयता को परखने में यह विशेषाङ्क सहायक होगी, ऐसी मेरी आशा है। "उसैको लागि" और "फेरि उसैको लागि" को वार वार पढ़ने को जी चाहाता है। उन कविताओं में कवि का हृदय जीवित है; उन कविताओं में कवि की कल्पना तरंगित है; उन कविताओं में कवि सदा सदा के लिए साहित्य–प्रेमियों को प्रेरित करता रहेगा।

श्री ज्ञानेन्द्र राज पोखरेल को इस सफल और श्रेयस्पद प्रयास के लिए वधाई।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस विशेषाङ्कमा

[१]
दैवज्ञ राज न्यौपाने
[२०]
नीर विक्रम प्यासी
[३२]
बालकृष्ण सम
[३५[
डा० वासुदेव त्रिपाठी
[४७]
धर्मराज थापा
[५५]
कृष्ण चन्द्र सिंह प्रधान
[७१]
खिलनाथ वस्ताकोटी
[८४]
देवेन्द्र लम्साल
[८५]
वालकृष्ण पोखरेल
[९५]
टीकाराम अधिकारी
[१०४]
संक्षिप्त परिचन : ने.रा.प्र.प्र.
[११३]
मंगलदेव परियार
[११९]
राजन प्रताप सिं बस्न्यात
[१२२]
भूपहरि पौडेल
[१३५]
नारायण प्रसाद खनाल
[१३६]
लव गाउँले
[१४१]
रामशरण दर्नाल
[१४८]
राममान प्रधान
[१५१]
चिरञ्जीवी सिग्देल
[१५५]
माण्डवी शर्मा
[१५६]
हरि प्रसाद पौडेल
[१६०]
दीप ज्योति
[१६३]
लोक कुमारी शर्मा
[१७०]
माधव प्रसाद घिमिरे
[१७२]
दीप ज्योति
[१७५]
वद्री हिमाली
[१८१]
नरेन्द्र जैन
भारतीय राजदूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

कवि तथा गीतकार म० वी० वि० शाहलाई विभिन्न साहित्यिक धरातल तथा परिवेशमा लिन यो विशेषांक प्रकाशित भएको छ । म. वी. वि. शाहको नेपाली साहित्यमा अभूतपूर्व देन भएको तथ्य कसैबाट पनि अविदित तथ्य होइन । नेपाली साहित्यिक धरातल काव्य विधाद्वारा विशेष प्रभावित स्थिति हो; यस विधालाई उहाँले आफ्ना विभिन्न अभिव्यक्तिद्वारा अरू सौष्ठको स्वरूप एउटा भिन्न प्रणाली तथा पद्धति अविसार्छ, जस अन्तर्गत नेपाली जीवनको दैनन्दिन जिजीविषा, नेपाली प्रकृतिको स्निग्ध स्पर्श, नेपाली मानसको भौतिक आधिभौतिक बाधाहरूको अभिव्यक्तिहरू उहाँको लेखन शैलीको ओगट्याइँ माग्नुपर्छ । उहाँका गीतहरूले जुन विविध वातावरण तथा संप्रेषण को खोजी गर्छ भने, उहाँका कविता अत्यन्त मार्मिक तहमा प्रकृतिको वस्तुता समाउन खोज्छ । जीवन सुखमात्र होइन, जीवन कहिलेकाहिं दुःख पनि हो, जीवन मोह मात्रै होइन कहिलेकाहिं स्नेह पनि हो र सम्पूर्ण जीवनको अभिकांक्षा जीवनलाई शाश्वत गर्ने, र त्यसको स्निग्धता छुने प्रक्रिया हो । यसै प्रकार विछोड र मिलन प्राप्ती र अप्राप्ती जीवनको वास्तविकता हो भन्ने बोध उहाँका गीतहरुले प्रस्तुत गर्छन् भने, उहाँका यदाकदा लेखिएका 'रारा' जस्ता अन्य काव्यानुभूतिले प्रकृतिको स्वस्थ अभिव्यञ्जनाको आल्हाद लिन्छ । हुन त, प्रकृति आफैंमा पूर्ण र प्रशस्त हुँदैन, जबसम्म मानिसको अन्तरमानसले, त्यसलाई भिज्दैन । प्रकृति र जीवनसित मोह सबैको हुन्छ, तर त्यस मोहलाई आत्मसात म. वी. वि. शाह जस्ता कविको काव्य मानसले गर्न सक्छ । तिनलाई आफूमा सम्पूर्णतया अन्तर्भुक्त तथा समाविष्ट गरी, फेरि आफ्ना काव्य माध्यमद्वारा अरूमा त्यतिनै सरलता तथा सहजतासित संप्रेषित गर्ने खूबी म. वी. वि. शाहको आफ्नो खूबी हो ।

नेपाली गीत संसारको परिधि अत्यन्त ठूलो छ; अन्य गीतकारहरू पनि छन्, जो यस्तै संदर्भमा सशक्त छन्, त्यस्तैरूपले म. वीं. वि. शाहले आफ्नो गीतकार व्यक्तित्व हामीलाई नासो दिनु भएको छ । गीति साहित्यको इतिहासले हिन्दि तथा ऊर्दू साहित्यमा प्रायः दुईहजार वर्ष भन्दा अघिको परंपरा बोकेको छ, अंग्रेजी तथा फ्रेन्चमा त्यस्तै प्रकारले अझै उंभो चढेको इतिहासको परंपरा बोकेको छ भने, नेपाली साहित्यले त्यति टाढाको व्यक्तित्व बोक्न पाएन तर तिनको प्रतिस्पर्धामा नेपाली गीतकारहरूले आफ्नो तादाम्य बोकेका छन् त्यसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म. वी. वि. शाहले आफ्ना अभिव्यक्तिहरूद्वारा, एउटा विशिष्ट तादाम्य स्थिर गर्नु भएको छ ।

गीत र कविता बीचका विभेद बारे, धेरै चर्चा भएको छ । तर गीतको प्रविधिलाई र कविताको प्रविधिलाई समान समालोचना गरी विद्वानहरूले भनेका छन् गीतहरू स्फूर्त हुन् स्वयं स्फूर्त, कविता समायोजित गीतको स्वयं स्फूर्तता र कविताको समायोजना एउटा विशेष सैद्धान्तिक समस्या भएता पनि, हामी सोच्छौं गीत जीवनका कटू मृदू क्षणलाई छुन्छ, कविताको ओगट्याइँ एउटा विशाल परिधि तर, समायोजित स्पर्श गर्छ । म. वी. वि. शाह ती व्यक्ति हुन् जो जीवनको दूर्वह, सुवह क्षणसित सम्पर्क राख्नुहुन्छ, र त्यसको अभिव्यक्ति सफलतापूर्वक गर्नु हुन्छ । कविता समायोजित तथा असमायोजित भए पनि, गीत विधाको आफ्नो भिन्नै रूप छ । अर्थात् सानेट र लिरिकको बीच भिन्नता सोद्धा भनिएको छ; सानेट समायोजित वन्छ समायोजित वगैंचा झैं, गीत तत्क्षणताले प्रभावित भई स्वच्छन्द अभिव्यक्त हुन्छ, ती जंगली सुन्दर फूलहरू जतासुकै फुले झैं । म. वी. वि. शाहको प्रविधि आफ्नो देशको, प्रविधिसित मेल अर्थात् 'मेरो नेपाल यस्तै छ' जे छ त्यो भनिदिऊँ भनेजस्तै उहाँले नेपाल भिजेर जब क्षण समाल्नु हुन्छ, त्यो उहाँको गीत वन्छ, आफ्नो देश अर्थात् आफ्नो माटो भिजेको गीत । उहाँको गीतमा आफ्नै आकाश छ, आफ्नै धरती, उहाँको गीतको अभिव्यक्तिमा आफ्नै नेपाल छ, आफ्नै नेपालको चरित्राभिव्यक्ति । उहाँ, नेपालको कवि हुनुहुन्छ ।

नेपाल पहाड पर्वत मधेस तराईले बनेको देश हो । नेपाल वन्नलाई पहाडले मात्र पुग्दैन, र मैदान मात्रै अपर्याप्त हुन्छ । त्यस प्रकार नेपालको गीतकार वन्न नेपालको संपूर्णता बोक्नु नितान्त आवश्यक छ । यस चेतनाले म. वीं. वि. शाहलाई अत्यन्त प्रभावित गर्छ ।

गीतकार तथा कविका अनेकौं तह हुन सक्छन्, राष्ट्रिय तह पनि उहाँको धरातल हो भने, म. वी. वि. शाहले त्यस धरातललाई अत्यन्त निकटतामा स्पर्श गर्नु भएको छ । यस भूमिकामा धेरै लेख्नु अथवा धेरै भन्नु एउटा प्रवंचना ठानेर, एउटा गीतकार र कवि म. वी. वि. शाहको नेपाली साहित्य प्रति देनको विवरण गरिएको छ । नेपाल राष्ट्रलाई यस्ता व्यक्तिहरूको ठूलो आवश्यक्ता छ । राष्ट्र मात्र अशाश्वत अन्य परिस्थितिले भन्दा ज्यादा यस्को वांग्मयीक समृद्धिले जिउँछ । त्यसमा योगदान दिने म. वी. वि. शाह अभूतपूर्व हुनुहुन्छ ।

–★–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म. वी. वि. शाहले आफ्ना अभिव्यक्तिहरूद्वारा, एउटा विशिष्ट [illegible] गर्न खोजेको छ ।

गीत र कविता बीचका विभेद बारे, धेरै चर्चा भएको छ । [illegible] प्रतिभालाई र कविताको प्रविधिलाई समान समायोजना गरी [illegible] भोगेका चन्द्र [illegible] स्फूर्त हुन् त्यस स्फूर्त, कविता समायोजित [illegible] स्फूर्तता र कविताको समायोजना एउटा विशेष सैद्धान्तिक समस्या [illegible] हाम्रो सोच्दा गीत जीवनका यस मृदु क्षणलाई छुन्छ, कविताको [illegible] एउटा विभाव परिवि तर, समायोजित स्पर्श गर्छ । म. वी. वि. शाह [illegible] हुन् जो जीवनका छुवेर, छुन्छ चर्चित सम्पर्क [illegible] र त्यसको [illegible] सफलतापूर्वक गर्न हुन्छ । कविता समायोजित तथा अनसमायोजित [illegible] गीत विधाको आफ्नो [illegible] छ । अर्थात् सोनेट र लिरिकको बीच [illegible] [illegible] छ; सोनेट समायोजित [illegible] समायोजित [illegible] [illegible] प्रभावित भई स्वच्छन्द अभिव्यक्त हुन्छ, यो [illegible] छुनुपर्ने कुरो हो । म. वी. वि. शाहको प्रसिद्ध आफ्नो देशको, अभिव्यक्ति [illegible] अर्थात् 'मेरो नेपाल [illegible]' [illegible] नेपाल [illegible] [illegible] समान्तु हुन्छ, यो उहाँको गीत [illegible], आफ्नो देश अर्थात् आफ्नो [illegible] गीत । उहाँको गीतमा आफ्नै आकाश छ, आफ्नै धरती, उहाँको [illegible] आफ्नै [illegible] छ, आफ्नै देशको [illegible] । [illegible] हुनुहुन्छ ।

नेपाल [illegible] बनेको देश हो । नेपाल [illegible] [illegible] हुनेछ, र [illegible] आफै [illegible] हुन्छ । यस प्रकार [illegible] [illegible] आवश्यक छ । [illegible] [illegible] प्रभावित गर्छ ।

[illegible] गर्न सक्छन्, [illegible] म. वी. वि. शाहले त्यस प्रकाशनलाई अत्यन्त निकटताका [illegible] भूमिकामा धेरै सोच्नु अथवा धेरै भन्नु एउटा [illegible] र कवि म. वी. वि. शाहको नेपाली साहित्य प्रति [illegible] छ । [illegible] यस्ता व्यक्तिहरूको ठूलो आवश्यकता [illegible] [illegible] अन्य [illegible] ज्यादा यस्को [illegible] [illegible] म. वी. वि. शाह [illegible] हुनुहुन्छ ।

–★–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली साहित्यका एक अंश

कवि म. वी. वि. शाह : जीवनीको आलोकमा

—दीप ज्योति

१. जन्म

कवि म. वी. वि. शाह नेपालका कवि हुन् । कवि म. वी. वि. शाह यो संसारमा यस्ता कविका गणनामा पर्छन् जो देशको शासन भार सह्याल्ने परम्परागत शक्तिको श्रोतको रुपमा रहेको 'राजा' भैकन पनि कविको आसनमा विराजमान हुन पुगेका छन् ।

कवि म. वी. वि. शाहको नेपालको प्रसिद्ध शाह–परिवारमा वि. सं. १९७७ साल आषाढ कृष्ण दशमीका दिन (१९७७ साल ज्येष्ट ३०, त्यही अनुसार ई. सं. १९२० जून ११ तारिख) जन्म भएको हो । म. वी. वि. शाह श्री ५ त्रिभुवन र जेठी बडा महारानी कान्ति राज्य लक्ष्मी देवीको ज्येष्ठ सुपुत्रको रुपमा जन्मिएका थिए । नेपाली भूमिमा म. वी. वि. शाहको अवतरण हुँदा राणाहरूकै वंशज चन्द्रशम्सेरको राज्यकाल थियो । 'राजा' केवल नाम मात्रका थिए । राज्यको सम्पूर्ण शक्ति राणा–परिवारमै सीमित रहेको थियो र राजामा देश र जनता सम्वन्धी कुनै अधिकारहरू प्राप्त भएका थिएनन् । त्यसवेलाका शाह परिवारलेनै दरवारको चार–कित्ता भित्र वन्दी जीवन विताइरहेका थिए ।

२. बाल्यकालीन अवस्था

कवि म. वी. वि. शाहको बाल्यकालीन अवस्था थोरै समय मात्र एक्लै व्यतीत हुन पुग्यो पछि आफ्ना भाई र बहिनीहरू सँगको सँसर्गमा बालककालको जीवन रमाउन लाग्यो । राजाका ज्येष्ठ पुत्रलाई युवराजाधिराज भन्नु पर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन परम्परा अनुसार श्री ५ युवराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको रुपमा प्रतिष्ठित भएको कुरा पाइन्छ । मान्यजनहरू प्रतिको आदर भाव र आफू समानका र आफू भन्दा मुनिका मानिसहरूलाई प्रेम गर्ने परम्पराको शुरुआत पनि भएको बुझिन्छ ।

३. इच्छा तथा शौख

हरेक मानिसका आ–आफ्नै इच्छा र शौखहरू हुन्छन् । मान्छे हरेक क्षण केही काम नगरी बस्न सक्तैन । त्यसमाथि अरु भविष्यमा राष्ट्रका महान् व्यक्ति बन्ने सम्भावना भएकाहरूलाई कलिलो उमेरदेखिनै हरेकदिन शारीरिक, मानसिक र बौद्धिक व्यायामहरू गराइन्छन् जसबाट उसको भविष्य उज्वल बन्न सकोस् । म. वी. वि. शाह केटा-केटी उमेर देखिनै हकी, फुटबल, टेनिस, खेल्न घोडा चढ्न, आफ्नो राष्ट्रमा र अन्य विदेशी मुलूकमा यात्रागर्न, शिकार खेल्नमा बढी इच्छा र शौख राख्ने मानिस भएको कुरा उहाँकै कतिपय जीवनीका झलकहरू अध्ययन गर्दा थाह पाउन सकिन्छ ।

४. शिक्षा

भनिन्छ– राणा सरकारको समयमा देशका जनताहरूको निम्ति शिक्षाको सुविधा दिइएको थिएन । त्यसैले होला–आधुनिक शिक्षा दिइने खालका विद्यालयहरू दरबार स्कूल बाहेक प्रारम्भिक अवस्थामा त्यति खोलिएका देखिदैनन् । तैपनि मानिसहरू त्यस समयको अवस्था र जनसंख्याको अनुपातमा पढ्थेनै भन्नु पर्छ । म. वी. वि. शाह भविष्यमा राजा हुने सूचकको रुपमा युवराजाधिराज भएको हुँदा उहाँको लागि जे–जसरी भए पनि शिक्षाको अनिवार्यता महसूस भैसकेको थियो । म. वी. वि. शाहले राजदरबारमै विभिन्न विषयका विद्वान्हरूबाट आवश्यक शिक्षा आर्जन गरेको बुझिन्छ । म. वी. वि. शाहको प्रतीभा के कस्तो थियो भन्ने कुरा त श्री ५ त्रिभुवन स्वास्थोपचारकालागि जूरिच हस्पिटल सवारी भएको अवस्थामा भारतबाट प्रकाशित हुने दैनिक अंग्रेजी–दि स्टेट्समेनका प्रतिनिधिले नेपाल आएर "प्रेरित नेपाल" भन्ने लेख सोही पत्रिकामा प्रकाशित गराएका थिए । सो लेखमालाको सातौं अङ्कमा लेखिएको थियो:–

"श्री ५ महाराजाधिराज त्रिभुवन देशमा अनुपस्थित रहिबक्सेको अवस्थामा राजकीय कार्यभार सञ्चालिबक्सेका श्री ५ युवाराजाधिराज (महेन्द्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को स्थिर लगन, गहिरो चाख र कडा परिश्रमले गर्दा हालैं नेपालको शासन–प्रवन्धले ध्यान दिन लायक मोड लिएको छ। साँच्चिनै सबै पार्टीहरूको कथनानुसार एउटै व्यक्तिले राम्रो काम गरेको देखिएको छ। त्यो श्री ५ युवराजाधिराज (महेन्द्र) होइववसिन्छ र मौसूफको हृदयमा देश प्रति अगाध भक्ति छ।"

"मैले काठमाडौंमा भेटेका मानिसहरूमा श्री ५ युवराजाधिराज (महेन्द्र) ले मलाई ज्यादै प्रभावित परिबक्सियो। 'मैले के कमजोरी र गल्तीहरू देखें' भनी मौसूफबाट सोधिबक्सियो र त्यस दिशापट्टि विभिन्न सम्भावनाहरू माथि गम्भीर छलफल गरिबक्सियो। केही मन्त्रीहरूले मलाई भन्नु भयो कि श्री ५ युवराजाधिराज (महेन्द्र) बाट परिणाम बारे लगातार सोधिबक्सिँदा उनीहरूको जीवन बडो कठिन भएको छ।"

यी दुइ उद्धरणबाट एउटा के–कुरो स्पष्टिन आउँछ भने म. वी. वि. शाह हरेक क्षेत्रमा चाख राख्ने र दक्ष बन्न खोज्ने व्यक्तित्वको रुपमा देखा परेका छन्। भाषाको क्षेत्रमा म. वी. वि. शाहको व्यक्तित्व पनि माथिनै उठेको देखिन्छ। संस्कृत, नेपाली, अंग्रेजी, हिन्दी, भाषाको सामान्य अध्ययन गरेर पनि व्यवहारमा पोख्त हुनु म. वी. वि. शाहको कुशाग्र बुद्धिको परिचायक मान्न सकिन्छ।

५. विवाह

पूर्ण युवावस्थामा प्राप्त भएपछि युवायुवती एक–अर्का प्रति आकर्षित हुन थाल्छन्। यो प्राकृतिक देन हो। हरेक मान्छेको हृदयमा उकुसमुकुसिएर रहेका कामवासनाजन्य भावनाहरू युवा–युवतीको संयोगबाट तृप्तिको मार्गमा पुग्छन्। म. वी. वि. शाहको शुभ विवाह जनरल हरिशम्सेर जंगबहादुर राणा की सुपुत्री इन्द्रराज्य लक्ष्मी देवीका साथ वि. सं. १९९७ साल वैशाख २७ गते भएको थियो। यौवन एउटा वसन्त ऋतु हो जसलाई सधैं चुम्बन गर्न पाइँदैन। शब्द स्पर्श, रुप, रस, गन्ध यी पाँचै तत्व एउटै बिन्दूमा केन्द्रित भए भने त त्यो प्रेम अजर र अमर हुन्छ। यी पाँचै कुरा म. वी. वि. शाह र इन्द्रराज्य लक्ष्मीका बीच थिए भन्ने कुरा शाहकै कविता संग्रह 'उसैको लागि' कविता संग्रह अध्ययन गर्दा थाहा पाउन सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द:– "पहिलो दिन भेटेको वेला सँगाली मनैमा ।
वितेका दिन भएको कुरा, साँचौला छातीमा ।।
स्पर्श:– हाले जसै अँगालो समाई केही तर्सिन् ।
रुप:– आँखामा आँखा जुधाई, दिल दिनु के विर्स्यो रे ?
रस:– मिलेको ओठ ओठैमा के विसौंला भनी ठान्यौ
गन्ध:– कली भित्र लुकी रहेको, वासना सब भुल्दछन् ।"

उसैको लागिवाट साभार

मिलनबाट निस्केको परिणाम स्वरुप वर्तमान महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव सरकार, अधिराजकुमार ज्ञानेन्द्र तथा धीरेन्द्र वीर विक्रम शाह देव सरकार तथा अधिराज कुमारी शान्ती, शोभा तथा शारदा जस्ता शाही परिवारको हामीहरूले दर्शन गर्ने अवसर पाइरहेछौं । सन्तान विना स्वर्गको वाटै बन्द हुन्छ भन्ने हिन्दू सत्य वा असत्य के हो ? यसै भन्न नसकिए पनि वंश विस्तार क्रममा सन्तानको आवश्यकता महसूस हुन्छ ।

६. प्रियाको अवसान

भन्न त संसारमा आमा बाबु जति ठूला सन्तानका निम्ति अरू कोही हुनै सक्तैन भनिन्छ तापनि छोराको निम्ति श्रीमती र छोरीको निम्ति श्रीमान् भन्दा ठूलो कुरो संसारमा केही चीज भएदेखि संसारको यत्रो झिलिमिली जादूगरी हामी देख्न पाउनेनै थिएनौं । प्रियाको अवसानबाट छट्पटिएर लेखिएका काव्यहरू संसारमा असंख्य छन् र साथै राम्रा पनि तर आमा बाबुको संक्नामा कसैले लेखिहाल्यो भने पनि समाजमा यसो लोलोपोतो पार्नको लागि लेख्छ । 'गौरी' मा जुन हार्दिक शोकको अभिव्यञ्जना छ त्यति 'तर्पण' मा छैन । यसबाट पनि थाहा हुन्छ आमा बाबु र श्रीमतीको प्रेममा । म. वी. वि. शाहले २००७ साल भाद्र १९ गते प्राणप्यारी इन्द्रराज्य लक्ष्मी देवीको स्वर्गारोहणबाट असहय चहर्‍याउने घाउको चोट सहनु पर्‍यो । यसबाट कवि हृदय पग्लिएर कविताको मूल पनि त फुट्यो ।

७. दोस्रो विवाह

के गर्नु– श्रीमती नभएर मान्छेको जीवन अधुरै हुने रहेछ । श्रीमान् र श्रीमती रथका दुइ पाङ्ग्रा रहेछन् । प्रथम प्राण–प्रियाको अवसानले वैलिएको हृदयको फूल इन्द्रराज्य लक्ष्मी देवीकै सहोदर वहिनी रत्नराज्य लक्ष्मी देवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सँगको द्वितीय विवाहले फेरि ढकमक्क फक्रिएर आयो । वि. सं. २००९ साल मंसीर २५ गतेको दोस्रो विवाहले आमाको स्नेहबाट बञ्चित भएका कलिला मुनाहरूलाई फेरि आमाको स्नेहिलो काखमा बस्ने र हुर्कने सौभाग्य प्राप्त भयो ।

८. पितृशोक, राज्यारोहण र शुभ राज्याभिषेक

"मरणं प्रकृतिः शरीरिणाम्" जन्मेपछि एकदिन मर्नुपर्छ भन्ने कुरा सत्य छ । नभोगौं भन्दा भन्दै पनि हरेक मान्छेले एकचोटी भोग्नै पर्ने– मृत्युको दुर्घटना । वि. सं. २०११ साल फाल्गुण ३० गते स्वीटजरल्याण्डको जूरिच अस्पतालमा श्री ५ त्रिभुवनको स्वर्गारोहण भयो । तुरून्तैजसो २०११ साल चैत १ गते म. वी. वि. शाह– श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवको रुपमा नेपाल अधिराज्यको राज गद्दीमा आरोहण गरीबक्सेको कुरा पाइन्छ । २०१३ साल वैशाख २० गते शुभ राज्याभिषेक भयो ।

९. काव्यसाधन

काव्य साधनामा जो मान्छे सफल हुन्छ मरेर पनि सधैं बाँचिरहन्छ । मान्छे सिर्जनशील प्राणी हो । भावना र साधनाको एकै ठाउँमा संगम भयो भने स्रष्टाको सृष्टि सफल भएको मानिन्छ । काव्य साधना एउटा जटिल काम पनि हो । जसले पायो उसले यसलाई सफलतापूर्वक सम्पन्न गर्न सक्तैन । किनभने अध्ययन, चिन्तन, मनन नगरीकन काव्य-साधनाको क्षेत्रमा संलग्न हुन मुश्किल पर्दछ । म. वी. वि. शाह एक कर्मठ तथा कर्मशील व्यक्ति भएको हुँदा अरू राजकीय कार्यभार सह्मालीकन उनले काव्य-साधनामा समेत समय खर्चिएको पाईन्छ ।

"कवि करोति काव्यानि रसं जानान्ति पण्डिताः" अर्थात् कविले त केवल काव्य रचना मात्र गरिदिन्छ; त्यसको रसास्वादन गर्ने त रसिकजनहरू हुन्छन् भने झैं कवि म. वी. वि. शाहका काव्य साधनाको फल चाख्ने जनहरू यूगौंयूगसम्म हुने छन् भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

१०. बानी

हरेक मान्छेले २४ घण्टा भित्र गर्ने कामको रुटिङ्ग बनाएको हुन्छ र त्यसमा ऊ कहिल्यै विचलित हुँदैन । म. वी. वि. शाहको जीवनी अध्ययन गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनी नियमित रुपमा कामना सरीक हुने मानिसको रुपमा देखापर्छन् । विहान चाँडै उठ्नु, पढ्नु, स्नान गर्नु, केही समय घोडा चढ्नु, गाईको दर्शन गर्नु, मान्यगणहरू प्रति आदर भाव राख्नु देशको र जनताहरूको समस्या बुझ्नु र निराकरणको उपाय पत्ता लगाउनु आदि सबै म. वी. वि. शाहका दिन चर्चा भित्र पर्ने कुराहरू हुन् ।

११. अवसान

हरेक प्राणीको लागि मृत्यु अनिवार्य कुरा हो । जसले सृजनाशील काम गरेको छ उसको पार्थिव शरीर विसर्जन भए पनि कीर्तिगाथा अमर भैरहन्छ । जन्मेर अमर हुने काम नगरी मर्नु त भासेभुसे कुकुर पनि त जन्मन्छ, बाँच्छ, मर्छ, त्यसको कसले मतलव राख्ने ? म. वी. वि. शाह यो संसारवाट वि. सं. २०२८ साल माघ १७ गते विहान ३:४५ बजे कहिल्यै हामीहरुले थाहा पाउन नसक्ने बाटो गएर नेपालीहरूलाई केही समय चकित पारिदिए । पछि उनैका सुपुत्रको राज्यारोहणले यो चकितपन शान्त त भयो तर म. वी. वि. शाहको काव्याराधनापक्ष भने नेपाली साहित्यले युगौंयुग सम्म केही न केही रुपमा संझिरहनेछ ।

भरतपुरको दियालो बंगलामा अवसान भएको पार्थिव–शरीर दाहसंकार-कोलागि हेलिकोप्टरद्वारा एयरपोर्टमा उतारियो । त्यहाँदेखि म. वी. वि. शाहको शवलाई वाहनहरूले बोकेर आर्यघाट ल्याए । एयरपोर्टदेखि आर्यघाट सम्म हजारौं हजार शोकाकूल नर-नारीहरुको घुइँचो थियो । म वी. वि. शाहको पार्थिव शरीरमा अन्तिम श्रद्धान्जली अर्पण गर्न केही विदेशी नेताहरूको पनि पाहुनाको रुपमा आगमन भएको थियो । पछि अधिराजकुमार ज्ञानेन्द्र तथा धीरेन्द्र वीर विक्रम शाह देव सरकार बाट दागवत्ती अर्पण गरीवक्से पछि ह्वार–ह्वारती आगो बलेर एकै छिनमा पार्थिव शरीर खरानी भयो र त्यही खरानी पनि वागमती नदीले बगाएर वेपत्ता पारिन् । यसरी म. वी. वि. शाहका अमर कीर्तिको रुपमा 'उसैको लागि' र 'फेरि उसैको लागि' रहन गएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

[illegible] नियमित रूपमा कामना सरीक हुने मानिसको रूपमा देखापर्थेन् । [illegible] [illegible] हड्नु, पढ्नु, स्नान गर्नु, केही समय घोडा चढ्नु, भाईको दर्शन [illegible] महानुभावहरू प्रति आदर भाव राख्नु देशको र जनताहरूको समस्या [illegible] निराकरणको उपाय पत्ता लगाउनु आदि सबै म. वी. वि. शाहका दिन [illegible] दिन एर्ने कुराहरू हुन् ।

११. अवसान

प्रत्येक प्राणीको लागि मृत्यु अनिवार्य कुरा हो । जसले सृजनाशील [illegible] [illegible] त्यसको पार्थिव शरीर विसर्जन भए पनि कीर्तिगाथा अमर [illegible] [illegible] अमर हुने काम नगरी मर्नु त धामेसुले कुकुर पनि त जन्मन्छ, [illegible] [illegible], त्यसको कसैले मतलब राख्ने ? म. वी. वि. शाह यो संसारबाट [illegible] २०२८ साल माघ १३ गते बिहान ३:४५ बजे अहिल्यै हामीहरूले आशा [illegible] [illegible] छाडेर नेपालीहरूलाई केही समय चकित पारिदिए । पछि [illegible] [illegible] यो अकल्पनीय शान्त त भयो तर म. वी. वि. [illegible] [illegible] नेपाली साहित्यले युगौंयुग सम्म केही न केही [illegible] [illegible] ।

[illegible] [illegible] अवसान भएको पार्थिव-शरीर [illegible] [illegible] हेलिकोप्टरद्वारा [illegible] उतारियो । त्यहाँदेखि म. वी. वि. [illegible] [illegible] आर्यघाट ल्याए । [illegible] आर्यघाट [illegible] [illegible] भीड [illegible] नर-नारीहरूको घुइँचो थियो । म. वी. वि. [illegible] [illegible] अर्पण गर्न केही विदेशी नेताहरूको [illegible] [illegible] थियो । पछि अधिराजकुमार [illegible] [illegible] विक्रम शाह देव सरकार आई दागबत्ती अर्पण गरिबक्स [illegible] [illegible] पार्थिव शरीर खरानी भयो र [illegible] [illegible] । यसरी म. वी. वि. [illegible] [illegible] 'फेरि उनको यामि' [illegible]

[illegible]

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना

"नेपालको अस्तित्व मेटियो भने नेपालीको अस्तित्व मेटिनेछ" भन्ने प्रवल राष्ट्रिय धारणाले व्यग्र उद्वोधन प्राप्त गरी २०१७ सालमा नेपालीको अस्तित्वलाई मेटिन नदिन मात्र हैन कि यस्को स्थान उचाल्दै लगी क्रमशः संसारको उन्नत राष्ट्रहरूका दांजोमा पुऱ्याउने पंचायती व्यवस्थाको सुप्रवर्तन भयो, र समयको प्रवाहसंगै अघि वढ्दै मौलाउँदै र गहिरो जरा गाड्दै गयो। सामान्य मानव धारणाले परिवर्तनलाई हत्तपत्त अँगाल्दैन र अँगाल्नै परे पनि अँगाल्नु अघि त्यस्को लाभपक्ष र हानीपक्षको राम्रो विश्लेषण गर्न चाहन्छ। पंचायती व्यवस्थालाई अंगाल्नू अघि र क्रमशः आत्मसात गर्नु अघि नेपाली जनताले पनि सोही पथको अनुशरण अवश्य नै गऱ्यो। तर नेपाली हावापानी, नेपाली माटो र नेपाली भावनासंग विलकुल मेल खाँदा व्यवस्थालाई नेपाली मात्रले एकदमै आत्मसात गऱ्यो र संसारले त्यस परिवर्तनलाई वडो चाख र चासोपूर्ण दृष्टिले हेर्न पायो।

"उन्नति र प्रगतिको कहिल्यै अन्त हुँदैन" भनेझैं पंचायती व्यवस्थाले पनि नेपालको उन्नति र प्रगतिको अभिभारा वहन गरेको हुनाले यस्को विकास सदा लचिलो र प्रगतिशील रही आयो। फलतः २०३६ सालको जनमत संग्रहवाट आफूलाई झन परिमार्जित गरी अहिले हाम्रो सामुन्ने परिमार्जित र परिस्कृत रुपमा खडा छ। यस्को संपूर्ण श्रेय यूग पुरूष स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहदेवको नेपाल, नेपाली र नेपाली माटो प्रतिको अपार स्नेह र अमिट कर्तव्य-परायणतालाई नै जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"म मरे पनि मेरो देश बाँची रहोस्" भन्ने अभ्यन्तर देखि प्रस्फुटित भावनालाई मूर्त रुप प्रदान गर्नलाई श्री ५ महेन्द्रबाट नेपाल राष्ट्रलाई सदा बचाई राख्नका लागि उत्तर र दक्षिणका महान छिमेकी देशमा प्रचलित व्यवस्थाको साटो आफ्नै मौलिकताबाट स्पष्ट छुट्टिने नौलो तर देशको अखण्ड हितकारी व्यवस्थाको प्रादुर्भाव गरिबक्सेर एकातिर देशलाई अनन्तसम्म बाँची रहने धरातलको श्रृजना भयो भने अर्कातिर नेपाललाई राष्ट्रसंघको सदस्य बनाउने-देखि लिएर, असंलग्न राष्ट्रको सदस्यता दिलाई देशका प्राय: सबै ठूला ठूला राष्ट्रसंग मैत्री र सद्भावना कायम गराउँने अबाध कदम चाली बक्सेकाले आज नेपाललाई वास्तविक रुपमा चिन्ने र यस्को हित चिताउने मुलुकको संख्या धेरै नै बढी रहेकोछ ।

नेपालमा एक निश्चित अवधिसम्म उज्यालो छर्ने महेन्द्र दीप यद्यपि निभी सकेकोछ तथापि त्यस दीपको अमर ज्योतिले नेपाल र नेपालीको कुना कुनासम्म प्रकाश छरी रहेकोछ र सदा नै (प्रकाश) छरी रहनेछ भन्ने मलाई दृढ विश्वास छ ।

अत: नेपाली मात्रलाई ओजपूर्ण उद्बोधन दीरहने त्यस महान् व्यक्तित्वको शुभ जयन्ती, पौष १ गतेको पुनीत अवसरको सन्दर्भमा प्रकाशित भैरहेको दीप ज्योति पत्रिकाको यस विशेषांङ्कले अनन्त कालसम्म ज्योति छरी रहेको त्यस दीपको छटाको परिचय घर घरमा पुऱ्याउन कृत कार्य हुन सकोस् यही शुभकामनासाथ त्यस महान् आत्मा प्रति स्वत: श्रद्धावनत भावना व्यक्त गर्न चाहन्छु ।

(सहायक रथी भूपालमान सिंह कार्की)
सभापति,
राजसभा स्थायी समिति

मिति:– २०३७–१२–१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै पनि महान व्यक्तिको व्यक्तित्वमाथि सहजैसंग दुई चार शब्दमा मात्रै पूर्ण रुपबाट प्रकाश पार्नु गाह्रो हुनु स्वभाविक नै हुन्छ भने स्वर्गीय श्री म. वी. वि. शाहको बहुमुखी प्रतिभालाई उतार्न फलामको च्यूरा चपाउनु भने जस्तै हुन आउंदछ। योग्य राजनीतिज्ञ तथा समाज शास्त्री, कानून मर्मज्ञ, महान कविको रुपबाट परिचित स्व. श्री ५ महेन्द्र वीर विक्रम शाहदेवको प्रतिभाको हर पक्षलाई केलाई हेर्दा पुस्तकका ठूला ठूला ठेली तयार हुन सक्दछ। यस्ता प्रतिभाका सम्बन्धमा विभिन्न विद्वान लेखकहरूको विचारहरूलाई संकलन गरी जन समक्ष ल्याउन दीप ज्योति पत्रिकाले विशेषांङ्क निकाल्ने जुन प्रयास गरेको छ निकै सह्रानिय मान्नु पर्दछ र परिलक्षित मार्गमा सफल रहनेछ भन्ने आशा राख्दै कवि म. वी. वि. शाहका कवितामा देश प्रेम, र उदार न्याय व्यवस्था तर्फ दुई शब्द कोर्ने प्रयास गर्दछु।

कवि म. वी. वि. शाहका कविताहरू देश प्रेमको भावनाहरूले ओत प्रोत भएका छन्। मानिस बाँचेको किन नहोस् तर उसमा देश प्रेमको भावना रति पनि छैन भने ऊ बांचेको ठहरिन्दैन तर त्यो व्यक्ति जो मरिसक्यो तर उसले आफ्नो जीवनकाल देशको लागि नै समर्पित गऱ्यो, थोपा थोपा रगत पसिना देशको लागि नै बगायो भने उसलाई संधै नै देशले पूजा गरी रहनेछ। देशवासी संधै उसैको गाथा गाई रहने छन् अनि ऊ अमर हुने छ। यसैले प्रत्येक व्यक्ति आफ्नो देशको लागि समर्पित हुनुपर्छ भन्ने भावना कवि म. वी. वि. शाहको निम्न कवितावाट झल्कन्छ।

मऱ्यो जिउँदै त्यो–जसले बिर्स्यो–'देशको माटो'
बाँच्यो सँधै त्यो–जसले संझ्यो–'देशको माटो'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी देश र देशवासीहरू प्रतिको प्रेम मौसूफको कवितामा झल्केको छ उसै गरी ती भावनाहरू वास्तविकतामा प्रत्यक्षीकरण हुन आएको छ। हृदय रोगले पीडित भै असह्य वेदना भएको वखत पनि "म मरे पनि मेरो देश बाँची रहोस्" भन्ने उद्गार व्यक्त गरी वक्सने कवि राजाको भावना सदा सर्वदा देश प्रति नै थियो र देशलाई कसरी फलाउन फुलाउन सकिन्छ भन्ने एक मात्र चिन्ताको विषय थियो। मौसूफको कवितामा झल्केको भावनाहरू पनि देश विकास गर्ने उत्कट अभिलाषावाट प्रेरित भएर स्वतः प्रस्फुरण भएका हुन् भन्नुमा अत्युक्ती हुने छैन।

मौसूफवाट देश विकासको क्रममा न्यायिक क्षेत्र तर्फ गरी वक्सेको सुधारहरूको सन्दर्भमा व्यक्त गरी वक्सेका उद्गारहरूवाट पनि मौसूफ देश र देशवासीहरूको उत्थान र भलाईमा कत्तिको दत्तचित होईवक्सीन्थ्यो भन्ने कुराको चित्रण गर्न सकिन्छ।

"नेपालमा पूर्ण कानूनी राज कायम हुनुपर्छ" भन्ने मौसूफको अभिव्यक्तिले आफ्नो देशमा कुनै पनि नागरिकलाई दुःख कष्ट भोग्न नपरी अमन चैनकायम होस् र सदा सर्वदा कानूनको पालना भई कानून विपरित कसैवाट कार्य हुन नपावस् सबैले 'राम राज्यको' परिकल्पना गरून् भन्ने उत्कट इच्छा रहेको पाउँदछौं।

"मुद्दा टुंगो लगाउन धेरै समय लाग्दा जनतालाई कति मर्का पर्छ भन्ने कुरा सम्वन्धीत कर्मचारीले बुझ्नु पर्छ। छानविनको लागि आवश्यक भन्दा वढी समय लाग्नु हुंदैन र जनताले नचाहिंदो तकलिफ् नपाउन्।"

यी उद्गारहरू मौसूफ सरकारले सर्वोच्च अदालतको भवन उद्घाटन गरी वक्संदा व्यक्त गरी वक्सेको हो। मुद्दा टुंगो लाग्न धेरै समय लाग्न गएमा यस्मा सम्वन्धीत व्यक्तिहरूलाई असर पर्न जाने र धेरै दिनसम्म तारिकमा झुल्नु पर्दा हुने कष्ट आदिको विचार गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बक्सी मौसूफवाट कर्मचारीहरूले त्यस तर्फ ध्यान दिनु पर्ने र आवश्यक भन्दा वढी समय नलगाउने तर्फ सचेत गराई वक्सेको थियो यसवाट पनि मौसूफ सरकारको गरीव, निमूखा, सोझा जनताले दुःख कष्टमा झेलिन नपरोस् भन्ने उदार भावना लिई वक्सेको थियो भन्ने प्रष्ट झल्कन आउँदछ ।

अन्त्यमा नश्वर देह यस संसारमा नरहेता पनि मौसूफबाट दर्शाई बक्सेको देश प्रेम र प्रजावत्सल भावनाले मौसूफ यूगौं यूगसम्म अमर रहिबक्सने छ भन्ने दृढ विश्वास लिएको छु ।

(नयन बहादुर खत्री)
प्रधान न्यायाधीश
सर्वोच्च अदालत

२०३७–१२–११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दीप ज्योतिले स्वर्गीय कवि श्री म० वीं० वि० शाह विशेषाङ्क प्रकाशित गर्न लागेकोमा मलाई खुशी लागेको छ। "उसैको लागि" श्री म० वी० वि० शाहद्वारा रचित कविता संग्रह नेपाली वाङ्मयको कविता जगतमा उत्कृष्ठ ठाउँ राख्दछ भन्ने कुरा निश्चित छ। प्रातः स्मरणीय कविका अति कोमल तथा भावुक हृदयका अभिव्यक्तिलाई विविध पक्षबाट अध्ययन एवं विश्लेषण गरिने दीप ज्योतिको प्रयास निःसन्देह सह्राहनीय छ। म विशेषाङ्कको सफलताको कामना गर्दछु।

(सूर्य बहादुर थापा)
प्रधान मन्त्री

चैत्र १४, २०३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि म. वी. वि. शाह प्रति एक उद्‌गार

आदर्श राजा, उत्कृष्ट राजनीतिज्ञ तथा विमुग्धकारी कवि व्यक्तित्वको संमिश्रणले कवि म. वी. वि. शाह – नेपालका राजा स्वर्गीय श्री ५ महेन्द्रलाई अमर तुल्याएको छ। "उसैको लागि" र "फेरि उसैको लागि" दुइ काव्य कृति र अन्य कविताहरूको कारण म वी वि. शाहको नेपाली साहित्य जगतमा विशिष्ट स्थान छ। मार्मिक वेदना, राष्ट्रप्रतिको भावाद्रेक र प्रकृतिसितको सामीप्य आदि कुनै पनि विषयमा म. वी. वि. शाहको अन्तरानुभूति जति गहीरो–अति गहीरो छ उतिनै अनुभूतिलाई सरल र हृदयस्पर्शी कविताको रूपमा अभिव्यक्त गर्ने कौशल छ।

म कवि या साहित्यिक होइन तर वहुमुखी मानव–मन अरुको जस्तै मेरो पनि हुनु स्वाभाविक हो। तसर्थ, यदा कदा आफ्नो मन-मस्तिष्कलाई कविता जगतमा अल्झाउँदा कवि म वी वि. शाहका कविताहरूले मलाई विशेष आकर्षित गर्दछन्। वस्तुतः मानव जीवनको आन्तरिक पक्षमा वेदना प्रेम र अनुरागले उथल पुथल मचाइ रहेको हुन्छ। वाहिर प्रकट हुने वाटो खोजी रहेको हुन्छ। तर यस्को पनि नियम छ, संयम छ, शिल्प छ जसवाट व्यक्तिको अन्तरानुभूति र उथल–पुथलले प्रकट रूपमा सबैको अन्तरलाई छुन सकोस् र सबैको भाव–भूमिलाई मृदुलरूपमा तरङ्गित पार्न सकोस्। कवि म. वी. वि. शाहका कवितामा यी कुराहरू म पाउँछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिगत भावनाहरूका साथै नेपाल राष्ट्र र नेपाली जाति प्रति व्यक्त भएका कवि म. वी. वि. शाहका कवितात्मक उद्गार र प्रान्जल प्रेरणाले यस देशको आत्मालाई सधैं सधैं स्वच्छ र संमोहित पार्नेछ भन्ने मलाई लाग्दछ। "हे वीर! हिंड अगि सरी" "हिमाली हावा सङ्लो पानी मलिलो माटोमा, हुर्केकी नारी हुर्केको ठिटो निरोगी माटोमा" "सुख दुःख हाम्रो हामी नै आपस-आपसमा बाडौंला जुन देशमा जन्म्यौं हामी—त्यसकै लागि मरौंला" आदि कविताले कुन चाहीं नेपालीको हृदय नछोला या कसलाई उद्वेलित नपार्ला ?

कवि म. वी. वि शाहको विशाल मानसिकतामा संपूर्ण नेपालीको भावना जसरी प्रतिविम्बित भएकोछ त्यसको कविका काव्यहरूमा सुमधुर रूपमा उद्घाटित भएकोछ भन्ने मेरो विचार छ।

दीप ज्योति (मासिक) पत्रिकाले कवि म. वी. वि. शाहको विशेषांङ्क प्रकाशित गरी कविको व्यक्तित्वलाई वढी प्रकाशमान् तुल्याउन गरेका सत्प्रयासको म प्रशंसा गर्दछु।

(डा० महेन्द्र प्रसाद)

२०३७।१२।१४ उपकुलपति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible] सधैं नेपाल राष्ट्र र नेपाली जाति [illegible] कवि म. वी. वि. शाहका कवितात्मक उद्गार [illegible] आत्मालाई सधैं सधैं स्वच्छ र संमोहित [illegible] "हिमाली [illegible] नारी हुर्केको ठिटो [illegible] आफ्‌न-आफ्नमा चाहीयो [illegible] मरौंला" आदि कविताले [illegible] कसलाई उद्वेलित नपार्ला ?

[illegible] विशाल मानसिकतामा संपूर्ण नेपा- [illegible] भएकोछ त्यसको कवि- [illegible] भएकोछ भन्ने मेरो विचार छ।

[illegible] कवि म. वी. वि. शाहका [illegible] कविको व्यक्तित्वलाई वढी प्रकाशमान [illegible] प्रशंसा गर्दछु ।

[illegible] महेन्द्र प्रसाद

[illegible] उपकुलपति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृति प्रेमी कवि म. वी. वि. शाह

–दैवज्ञ राज न्यौपाने

नेपाली साहित्यको शुरुकाल देखिनै साहित्यमा प्रकृतिको प्रयोग हुँदै आएको छ। प्राचीन कालमा प्रकृति प्रयोगकाविविधताहरु केही कम नै भेटिएलान्। तर आधुनिक काल सम्म आई पुग्दा पाइने रूव बहुलताले नेपाली कवि लेखकहरूलाई प्रकृतिका निष्णात मर्मज्ञका रुपमा देखाएको छ।

प्रकृतिको देश नेपालमा वसेका नेपालीहरु स्वभावैले प्रकृति प्रेमी हुन्छन्। कवि कलाकार देखि लिएर साधारण जनस्तर सम्म पनि प्रकृतिमा रमाउने यस देशमा प्रकृतिको गीत गाउने कविहरु प्रसस्तै जन्मिएका छन्। साना साना भुल्का भुल्कीहरुवाट रसाउदै आउने नेपाली साहित्यलाई कवि भानुभक्त आचार्यले गतिशील प्रवाह दिएपछि प्रकृतिको खेल्ने आंगन पनि अझै फराकिलो भएको छ। यस आंगनमा धेरै कवि कलाकारहरुले खेल खेले। यस्तै खेल खेल्नेहरु मध्येका कवि शिरोमणि लेखनाथ पौड्यालले प्रकृतिलाई अझै व्यापक र विस्तृत रूपले हेरेका छन्। महाकवि देवकोटाको संसार प्रकृतिमय नै छ। जीवन र प्रकृतिको एकाकार रुपमा देवकोटाले प्रकृतिलाई अत्यन्त ससक्तता पूर्वक प्रयोग गरेका छन्। रंग र रेखाहरूका आधार मा चित्रात्मक प्रकृतिको परिचय दिने वाल कृष्ण सम र मानवीय मूल्यका आधारमा प्रकृतिलाई पहिचान्ने सिद्धिचरणको योगदान प्रकृति प्रयोगका दृष्टिले महत्वपूर्ण रहेको छ।

वाल्मीकि विद्यापीठ पुस्तकालय
१०५११
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज सोमनाथको प्रौढ प्रकृति भन्दा देवकोटा, सिद्धि चरण र घिमिरेको छुकछुके किशोर प्रकृतिले पारेको प्रभाव मधुर र मार्मिक लाग्दछ। कवि व्यथित, भिक्षु र रिमाल हुँदै नेपाली साहित्य को अत्याधुनिक काल सम्म आइपुग्दा देखिने प्रकृतिका अनेक लावण्य मया छटाहरू भित्रै कवि म. वी. वि शाहको प्रकृति प्रयोग पनि पर्दछ। गन्थ वाहुल्यका दृष्टिले कवि म. वी. वि. शाह नेपाली साहित्यका मू धर्न्य कविहरु मध्ये नपर्लान् सही हो। तर उनले धेरै खण्डकाव्यहरु लेखेनन् महाकाव्य लेखेनन् र लेखेनन् साहित्यका अरू विविध विधाहरु भनेर उनी भित्र रहेको कवि प्रतिभाको मूल्य कम हुँदैन। उनी पनि नेपाली साहित्यका अनेक कविहरू मध्ये एक हुन्। मूल तः उनको कवि प्रतिभा उनकै गीति कविताहरुका माध्यम द्वारा समाजका विविध पक्ष संग परिचित हुन पुगेको छ।

आफ्नी धर्म पत्नीको असामयिक निधनवाट आक्रान्त कवि उनकै स्मृति र सपनाहरुमा सृजनाका स्वरहरू मिसाउदै प्रथमतः विरह गीतहरु गुन्गुनाउँन थाल्दछन्। यस सन्दर्भमा उनका प्राथमिक गीति कविताहरूमा व्यक्ति परक विरह गीतहरुको वढी वाहुल्य भए पनि कवि म. वी. वि. शाह भित्रको द्रष्ट्रा शक्ति आफ्नी प्रेमीका सम्वन्धी विरह गीतहरुमा मात्र सीमित हुँदैन। समाज र प्रकृतिका विविध अंग उपांगहरुलाई आत्मसात गर्दै उनी भित्रको सृष्टा शक्ति वाणी र वैस भएर व्यूँझन्छ। विरह, भक्ति र नैराश्यवाट उठेर रोमान्टिक धारामा बग्दै कवि राष्ट्रवादी, निर्माणप्रिय र प्रकृति प्रेमी वन्न पुग्दछन्। उनका कविजीवनको भावुककै शोर्य विस्तार विस्तार गहन व्यापक र विशाल बन्दै जान्छ। उनी आफ्नी दिवंगत प्रेमिकालाई प्रकृतिका विविध रुप रंग र रेखाहरूमा फैलिन गएकी र सामाजिक प्रति विम्वहरूमा रुपायित हुन गएकी देख्तछन्। आफ्नी प्रेमिकालाई प्रकृतिको नजीक देख्ता उनी भित्रको कवि व्यक्तित्व अझै प्रखर भएर उठ्तछ। कवि आफ्ना मधुर र मार्मिक गीतहरु यस्तै स्थितिहरुमा गाउँदै हिड्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँदै हुन्छन् । उनको गायन "उसैको लागि" कविता संग्रह र "फेरि उसैको लागि" कविता संग्रह दुई कविता संग्रहहरुमा मुखरित भएको हुन्छ । तिनै संग्रहहरुमा मुखरित कवि शाहका विभिन्न व्यक्तित्वहरू मध्ये उनको प्रकृति वादी व्यक्तित्वलाई आजको यस लेखमा संकेत गर्न खोजिएको छ ।

कवि म. वीं. वि. शाह मूलत: प्रकृतिवादी कवि हुन् । उनका कविताहरूमा प्रकृतिका विविध रुपहरु देख्न सकिन्छ । प्रकृतिलाई मूक दर्शकको रुपमा मात्र नहेरी सचेत, सृजनशील एवं प्रेरणादावि व्यक्तित्वको रूपमा हेर्ने प्रवृत्ति उनका कविताहरूले देखाएका छन् । हुँनत संसारमा दैनिक घट्न सक्ने गति विधिहरुको सामान्य झलक मात्र साहित्य हो । संसारका मौन सत्यहरुलाई कविले वाणी र वैंस दिए पछि साधारण पनि असाधारण र सामान्य पनि असामान्य वनेर देश र कालका सीमाहरु पार गरी सार्वदेशिक र सार्वकालिक हुन पुग्दछ । यस्तैं साहित्यलाई अझै आर्थिक र मधुर वनाउनका लागि प्रकृतिको सर्बाधिक प्रयोग साहित्यमा गरिने गर्दछ । वास्तवमा साहित्य सौन्दर्य शील रचना भएको हुँदा सौन्दर्य सृष्टिका लागि प्रकृतिको प्रयोग अपरिहार्य जस्तै हुन्छ । साहित्यमा प्रकृतिको प्रयोग गर्दा विशेष गरेर निम्नांकित कारणहरूका लागि प्रयोग भएको देखिन्छ:–

१, आफ्ना अभिष्ठ भावहरूलाई उद्धीपन गराउनका लागि
२, रहस्य, प्रतीक र छयावाद जस्ता विविध वादहरुको प्रयोजनका लागि
३, विशेष सौन्दर्य सृष्ठि गर्नका लागि
४, दूत अथवा कुनै सहायकको कार्य गर्नका लागि.
५, आफू भित्र रहेका हर्ष विष्मात, सुख: दु:ख लज्जा, घृणा आदि नैशर्गिक स्वभावहरूलाई व्यक्त गर्नका लागि
६, र विशाल, व्यापक अखण्ड र अनन्त अस्तित्व प्रदान गर्नका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथिका उद्देश्यहरू परि प्राप्ति गर्नेका लागि प्रयोग गरिने प्रकृतिलाई प्रयोग पश्चात निम्नांकित आधारहरुमा हेरिने गर्दछः–

१, प्रकृतिलाई प्रकृतिकै रूपमा

२, प्रकृतिलाई मानवीकरण गरिएको (व्यक्ति कृत वा शरीर धारी प्रकृतिको रूपमा)

३, प्रकृतिलाई अति मानवीय शक्तिका रूपमा

४, प्रकृति र जीनको एकाकार रूपमा ।

यसरी प्रयोग गरिने प्रकृतिलाई संसारका वरिष्ट साहित्यकारहरूले आफ्ना श्रेष्ठतम साहित्य कृतिहरुमा प्रयोग गर्दै आएका छन् । प्रकृतिको सार्वभौम सत्ता देखि नेपाली साहित्य पनि अलग रहन नसक्ने हुँदा नेपाली साहित्यको शुरुकाल देखिनै यसमा प्रकृतिको प्रयोग हुँदै आएको छ ।

कवि शाहका कृतिहरुमा पनि प्रकृतिको प्रयोग माथि उल्लेख गरिएकै उद्देश्य प्राप्तिका लागि गरिएको हो । प्रकृतिलाई कुनै एक पक्षमा मात्र नभएर विविध रूपले हेरी तिनीहरुलाई स्वभाविक तरिकाले कलात्मक अभिव्यक्तिका लागि प्रयुक्त गर्नु कवि शाहको आफ्नै वैशिष्ठ हो । उनकै कविताहरूवाट केहीं नमूना यहाँ प्रस्तुत गरीं हेरौं:–

१, प्रथमतः प्रकृति आफ्ना अभिष्ठ भावहरूलाह उद्धीपन गर्नका लागि प्रयोग गरिन्छ । व्यक्ति को मनः स्थिति अनुसार उसं प्रकृतिले केही आनन्द दिन्छ भने कही त्यसैले विरह वढाउने काम गर्दछ । पूर्णिमाको राती ढकमक्क फूलेका जूनले कुनै युगल प्रेमी प्रेमिकालाई परम आनन्दका निम्ति आल्हादित पार्दछ भने त्यही जूनले कुनै विरहीका लागि परम विरहको अनुभूति तिर धकेल्न सहयोग दिइरहेको हुन्छ । चाहे आनन्दका लागि होस् चाहे विरहका लागि होस् तर प्रकृति प्रयोगको उद्देश्य अभिष्ठ भावहरुकै उद्धीपनका लागि हो । कवि शाहद्वारा प्रयुक्त प्रकृति पनि अभिष्ठ भावहरूको उद्धीप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

का लागि सहायक हुन गएको छ जस्तैः–

"भोर भयो उदायो लाली, पूर्व तिर उज्यालो छरेरे
वाटो हिड्न बटुवा हिड्यो, त्रिशुलीको त्यो सांगू तरेर
आकाशमा रमाई उड्ने, जुरेलीका ती जोडी देखेर
हाल्छु मता सुस्केरा लामो, हृदयमा तिमीनै संझेर" [१]

आफ्नी प्रियतमा संगको विछोडको वेला विहानको लाली, आकाशमा रमाइ उड्ने जुरेलीं र वाटो हिड्ने वटुवाहरू देख्ता पनि कविको मनमा विरह छुट्तछ। यी प्रत्येक दृष्यहरूले कविको अन्तरमा रहेको विरही भावलाई नै मुखरित गराउँदछन्। कवि–सबै तिर आफ्नै प्रेमिकाको शून्य महसूस गर्दछन्। यस्तो स्थितिमा उनलाई आकाशमा अनन्त ताराहरूले पनि शान्ति दिन सक्तैनन्। मनको विरहले झन् झन् व्याकुलता तिर तान्दा उनी गाउँछन्:–

"आकाशमा तिर्मिरे तारा म गन्न सक्तिन
मनको कुरो मुखमा ल्याई, म भन्न सक्तिन" [२]

समाजमा वसे पछि रून पनि मौका विचारेर समय पारेर मात्र रुनु पर्दछ। मनका कुराहरुलाई खुलस्त भन्न पाउने मौका हामी लाई छैन। आफू भित्रको विरह आफैंले सहनु पर्दछ। कवि यो वास्तविकतालाई बुझेर आकाशका तिर्मिरे ताराहरुलाई गन्न नसकिए जस्तै मनका विरहहरूलाई मुखले भन्न नसकिने कुराको संकेत दिन खोज्दछन्। प्रकृतिलाई नै आफ्नो साक्षी राखी आफ्नो असमर्थताहरू व्यक्त गर्नु यसको प्रमुख लक्ष्य रहेको छ भने अर्को कविता:–

१, "फेरि उसैको लागि" (कविता संग्रह) एम. वी. वी. शाह, साझा प्रकाशन, द्वितीय संस्करण २०२०, कविता संख्या ३३, पृष्ठ संख्या ४८,

२. "उसैको लागि" एम. वी. वी. शाह २०१५ कविता संग्रह १४ पृष्ठ संख्या १४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"वर्षाको एक राती, एक्लो थिएँ कौसी माथि
चारै तरफ अंध्यारो खालि थियो मेघ साथी" ३,

प्रस्तुत कविताले पनि आफ्नै अमिष्ठ भावरूपको उद्दीपन गर्न खोजेको छ । मेघले ढाकेको वर्षादको राति कौशी माथि बसेर यो सून्यता र एकान्ततामा खालि तिम्रै विरहहरु वोकी रहेछु भन्ने भावका लागि यो कविता प्रस्तुत हुन्छ भने:—

"टह टह जून जब लाग्दछ मुखमा
सम्झन्छु कान्छो तिमी मनकै कुनामा" ४,

जस्ता कविताहरूले संझनाको मूल प्रवाह आफ्नी प्रेयसीलाई जुनेली रातको शीतल छाहारीमा नपाउँदा जूनले शान्त्वना दिनुको बदला झन् चस्का दिएको कुरा कवि अभिव्यक्ति दिन्छन् ।

२ रहस्य प्रतीक र छायाबाद जस्ता विविध वादहरूको प्रयोजनका लागि पनि साहित्यमा प्रकृतिको प्रयोग गर्ने गरिन्छ । कवि शाहका अनेक गीतहरू यस फाँट भित्र पनि पर्दछन् । जस्तै:—

"अंधेरी रात हुँ त्यस्तो, कि चन्दा दूर भो जसको
सुकेको बृक्ष हुँ वनको, हरायो पालुवा जसको" ५,

यहाँ लेखकले आफूलाई जून विनाको अंधेरी रात र पालुवा पलाउन नसक्ने बृक्ष संग तुलना गरी आफ्नी प्रियतमाले छोडेर जाँदा आफूलाई अंधेरी रात र सुकेको बृक्षको प्रतीक द्वारा व्यक्त गरेका छन् । रहस्यका लागि प्रस्तुत निम्न कविता हेरौं:—

"ए रारा । बताऊ ।
रारा भनेको तिमी को हौ ?
स्वर्ग कि अप्सरा ?
अथवा इन्द्रको कोपले गर्दा

३, पूर्वबत् "उसैको लागि" कविता संख्या ३०, पृष्ठ संख्या ३१,
४, पूर्वबत् "फेरि उसैको लागि" कविता संख्या:— ४९ पृष्ठ संख्या ७१,
५, पूर्ववत् "उसैको लागि" कविता संख्या:— २१, पृष्ठ संख्या २१,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झरेको पृथ्वीमा, धेरै वर्ष अघिदेखि
रहि आयौ यस सुनसानमा उपेक्षित ।
भन । भन विन्ती छ मेरो
अथवा स्वर्ग नै ठान्यौ तिमीले झुक्केर
आई अनि वस्यौ यस पृथ्वीमा
एशियाको धुक् धुकीमा
रारामा, नेपालमा
नेपालीको यो प्यारो देशमा ?" ६,

यहाँ रारालाई स्वर्ग हो वा अप्सरा हो भन्दै इन्द्रको रीसले गर्दा यस पृथ्वीमा झरेकी अप्सरा या यही नेपाललाई स्वर्ग ठानी आएकी अप्सराको रुपमा रारा प्रति अनेक जिज्ञासाहरू राख्तै कवि रहस्यौन्मुखी वनेका छन् । भने अर्को कवितामा:–

"कसले झाऱ्यो तिमीलाई प्रिया ?
स्वर्ग बाट यो मृत्यु लोकमा,
कसरी ओर्ल्यौं इन्द्र – धनुषको
खड्किलोले मृत्य लोकमा ?
कसले झारचो तिमीलाई प्रिया ?
वाटोमा त्यो तातोरापले
पग्लेर तिम्रो सौन्दर्य छटा
के पखालिएन वादलको
वर्षाले तिम्रो सुन्दरता ?
कसले झारचो तिमीलाई प्रिया ?" ७,

यस कविताद्वारा कवि आफ्ना रहस्यात्मक जिज्ञासा हरुलाई अझैं खोतल्दै हुन्छन्:– स्वर्ग वाट इन्द्र धनुषको खुड्किलाहरू टेक्तै झर्दा के बाटाका ताता रापले तिम्रो सौन्दर्य पग्लेन ? अथवा वर्षाका

६, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या १, पृष्ठ संख्या ३,
७, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या ७, पृष्ठ संख्या १५,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धारहरुले गर्दा के तिम्रो सौन्दर्य पखालिएन ? यसरी घाम र पानीका वीच इन्द्रेनीका खुड्किला नाघ्ने तिमी कसरी यहाँ आइपुग्यौ भन्ने भावना व्यक्त गर्दछन् । अब कवि आफ्नी दिवंगत कर्मपत्नी को तस्वीर सपनाको साधुरो घेरामा र संझनाका मधुर झिल्काहरुमा मात्र नभएर प्रकृतिका विशाल संसार तिर पनि देख्न पुगिसकेका छन् ।

"त्यो विहानी, हिमाली हावामा
सूर्य किरणका सिन्दूर छरी
च्यायी हिडेकी घडा अंगाली
आँखामा गाजल दली" [८],

एकाविहानै घडा बोकेर सूर्यका प्रकाश साथ साथै आइरहेका सुन्दरीलाई देखेर आफूलाई विर्से पनि विश्वलाई विर्सन नसक्ने कुरा कवि छायावादी ढंगले प्रस्तुत गर्दछन् । कविशाहका प्रकृति मूलक कविताहरूले अरू पनि विविध वादको अनुसरण गरेको पाइन्छ ।

३, हुनत साहित्यमा प्रकृतिको प्रयोग गर्नु जुनसकै उद्देश्यले गरेको भएता पनि विशेष सौन्दर्य सृष्टिकै लागि गरिएको हो । त्यै पनि वर्गीकरण गर्दा सजिलो होस् भनेर यहाँ साहित्यमा प्रकृति प्रयोग को एक उद्देश्य विशेष सौन्दर्य सृष्टिका लागि पनि संकेत गरिएको छ। कविशाहका कृतिहरुमा पनि विशेष सौन्दर्य सृष्टिका लागि प्रकृतिको प्रयोग भएका कविताहरु प्रसस्तै पाइन्छन् । उदाहरणका लागि:—

"विहानी घाम गोरेटो हुँदै चुलीमा पुगेर
हिमाल ढाक्यो मुसुक्क हाँसी सुनौला पारेर" [९],

यहाँ उज्यालो भएपछि घाम झुल्केर हिमालय हाँस्यो भन्नलाई विहानै घाम गोरेटोको वाटो गरी हिडेर चुलीमा पुगी हिमाली चुलीलाई ढाकेर मुसुक्क हाँसे जसको हाँसोले गर्दा संपूर्ण हिमाल भरी

८, पूर्ववत् "फेरि उसैको लगि" कविता संख्या:— ३०, पृष्ठ संख्या ४३,

९, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या:— ३२, पृष्ठ संख्या ४६,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनौला रंग फैलिइरहेको छ भनिएको छ। अर्को कविता अनुसार म तिमीलाई गुराँसका फूलहरू टिपी दिन्छु भन्नका लागि यसो भन्छन्:–

"हिमाल मुनि नौ डाँडा पारी इन्द्रेनी वनेर
टिपन देऊ गुराँस थुँगा तिमीलाई भनेर, १०,

यहाँ हिमाल र हिमाल मुनिका पर्वत श्रेणीहरु अनि तिनै पर्वत श्रेणीका वीचबाट उठेको इन्द्रेनी वनेर गुराँसका फूल थुँगाहरु टिप्ने कल्पना गरिएको छ। हिमाल, पहाड, इन्द्रेनी र गुँरास जस्ता प्रकृतिको प्रयोगले रचनालाई विशेष सौन्दर्य शील वनाएको छ। सामान्य कुराका लागि मात्र हो भने गुँरासको फूल टिपी दिन्छु भन्नलाई यही फूल बुट्टाहरु भर्नु पर्ने नै थिएन। किन्तु विशेष सौन्दर्य का लागि नै यहाँ यसरी प्रकृतिको प्रवेश भएको देखिएको छ।

४, दूत अथवा कुनै सहायकको कार्य गर्नका लागि पनि साहित्यमा प्रकृतिको प्रयोग गर्ने गरिन्छ। कवि शाहले पनि आफ्ना कृतिहरुमा प्रकृतिलाई दूतको रूपमा प्रयोग गर्न चुकेका छैनन्। जस्तै:–

"ए। रानी चरी। सम्चार यति पुऱ्याई देऊ उडेर
भनिदेऊ मैले "भइ सकें तिम्रो" भन्दथ्यो, भनेर" ११,

यहाँ रानी चरीलाई आफ्नो सन्देश वाहकका रूपमा खवर पठाएको छ भने तलका पंक्तिहरूमा:–

"यो खवर ली ए हवा। जा उनीछन् जहाँ सुना
सुखका दिन ती साथ वितेका, कसरी विसूं आऊ, सिकाऊ।
यो सुना भै चाँदनी तँ उनी जहाँ छन् सुखले दु:खदी
दिलको दिल संग मेल भएको, कसरी विसूं आऊ सिकाऊ।
वोकी मेरो आँसु ए वादल। वर्सी आखिर रोई भनि दे

१०, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या:– ४०, पृष्ठ संख्या ५८,

११, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या:– २२, पृष्ठ संख्या ३२,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पत्थर संग के दिल साट्यौ कि ? कसरी विसूं आऊ सिकाऊ ।' १२,

यी पंक्तिहरूमा हवा चाँदनी र वादल लाई सन्देश वाहकको रूपमा प्रयोग गरी विर्सी जाने निष्ठुरी सँग आफूले पनि विर्सन सक्ने कुनै उपाय छ भने त्यो आइ सिकाइ देऊ भन्न खोजिएको छ । मानव मात्र लाई नभई यस्ता सन्देश वाहक प्रकृति लाई कवि शाहले अनेक ठाउँमा प्रयोग गरेका छन् ।

५, आफू भित्र रहेका हर्ष, विष्मात, सुख, दु:ख, लज्जा, घृणा आदि नैसर्गिक स्वभावलाई व्यक्त गर्नका लागि पनि प्रकृतिको प्रयोग गरिन्छ । कवि शाहका अनेक कविताहरु प्रकृतिका माध्यमद्वारा आफ्ना नैसर्गिक स्वभावहरुलाई व्यत्याउनका लागि लेखिएका छन् उदाहरणका लागि:–

"उडेर चरी आउँछ, जोडी सन्देश ल्याउँदैन
सम्झी सम्झी उराठ लाग्छ, सम्चार पाउँदिन"
मिर्मिरे उज्यालोमा न्याउली वोलेको
सुन्दा सुन्दा उराठ लाग्छ सम्चार पाउँदिन" १३ ।

आफ्ना मन भित्र रहेको विरही भावलाई व्यक्त गर्नका लागि चरी उडेर आउँदा सम्चार नआएर विरह मात्र आएको र न्याउलीको स्वरले पनि शान्त्वना नदिएर विरहकै पृस्फुटन गरेको कुरा पृस्तु कविताबाट अनुभव गरिन्छ ।

"लेकाली फूल शीतका थोपा, फूलका मुनाले
व्यूँझायो होला सुतेको माया विहानी पखले" १४,

आफ्ना कार्य वोझ वा त्यस्तै व्यवहारिकताले विर्सेर व

१२, पूर्ववत् "उसैको लागि" कविता संख्या:– ४७, पृष्ठ संख्या ४

१३, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या:– ४, पृष्ठ सं १०,

१४, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या:–३१, पृष्ठ संख्या ४५,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिका मानस परमा रहेको प्रेम भावनाको उद्बोधन लेकाली फूल फूलेको देख्दा, फूल भित्र शीतका थोपाहरु टप्केको देख्ता, मुनाहरू वढ्न लागेको देख्ता र प्रभातीय जागरणले स्पर्श गरेको वेला सुतेको मायालाई पनि ब्यूँझायो होला ? भनी कवि संकेत गर्दछन् । जीवन र प्रकृतिमा समान सादृश्य रहेको हुँदा जीवन हास्ता प्रकृति हास्ने र जीवन रूँदा प्रकृति रूने हुँदा सम सामयिक प्रकृतिले पनि मानव-जीवन माथि प्रभाव पार्दछ । साहित्यमा प्रकृति मानवीय आन्तरिक भावनाहरूको अभिव्यक्तिका लागि मुखरित हुन्छ ।
कवि शाहका कवितामा यस्ता संकेतहरू प्रसस्तै पाइन्छन् ।

६, व्यापक र विराट अस्तित्व वोधका लागि पनि साहित्यमा प्रकृतिको प्रयोग गरिने गर्दछ । कवि शाहका कवितामा प्रस्तुत अस्तित्वमा पुर्‍याउने यस्ता अनेक स्थलहरु छन् । जस्तैः–

'हेर हेर यही हो हाम्रो
जन्म भूमि नेपाल आएर ।
छन् यहाँ ठूल ठूला डाँडा
झादी जल पहरा चिरेर
साल, सल्लो गुँरास पाती
फुल्छ संगै चुँदरी भएर" १५,

जन्म भूमिको विशालता र प्रकृतिका उच्चता पूर्ण ठूल ठूला डाँडा, पहरा फोरी वग्ने नदी र वनस्पति संपदापूर्ण नेपालको उच्चता जस्तै हामी भित्र पनि मानसिक उच्चताको विस्तार गर्ने संकेत माथि का कविताबाट पाइन्छ । यही भावनाले गर्दा अभाव र छूद्रता वीच पनि सामूहिक उच्चतालाई लिएर वढ्ने भावना कवि यसरी व्यक्त गर्दछन्:–

"रिम झिमे पानीमा–जून कीरीको साथमा

१५, पूर्ववत् 'फेरि उसैको लागि" कविता सख्या:– ५० पृष्ठ संख्या:- ७२,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्याउँ कीरीको स्वरमा–एकै स्वरले गाऔंला" १६,

कवि प्रकृति लाई यसरी क्षीण र अल्प व्यक्तित्वशाली वस्तुहरू मात्र नहेरी विराट व्यक्तित्वशाली ईश्वरबाट पनि नयाँ प्रेरणा लिन चाहन्छन्, कविताका स्वर लहरीहरूमा आफ्ना उद्गादहरु ल्याएर:–

"आँखाको नानी वनेर यस्तो शक्ति देऊ हरि
देख्न सक्ने सवमा तिम्रै मूर्ति हे हरि ? १७,

हाम्रो विश्वास र धारणा अनुसार ईश्वर नै प्रकृति हो र प्रकृति नै ईश्वर हो। प्रकृतिरूपी हरि को राज्यमा सबैलाई समान रूपले हेर्ने र देख्ने शक्ति हुन्छ। ईश्वरता प्रतेकको घटघटमा समान रुपले रहेको हुन्छ। त्यस्तै मलाई पनि सवैमा समान देख्ने र सवैमा तिम्रो दर्शन देख्न सक्ने शक्ति देऊभन्दै कवि आफ्ना उद्गारहरू व्यक्त गर्दछन्। यही व्यापक दृष्टि बोधले गर्दा कविका:–

" गर्छिन पुकार आमा रोई, कराई जोडले
होइन मेरो भन्छिन् सन्तान थरी थरीका"
कोही धनी असाद्धे, कोही गरीव माग्ने
"सक्तिन देख्न भन्छिन् सन्तान थरी थरीका" १८,

जस्ता कविताहरुका साथ साथै:–

"एकै देशका सन्तान हामी
को टाडाको, नजीक को
रगत सवैको रातो भए
कुन धनी, कुन गरीवको" १९,

१६, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या:- ३५, पृष्ठ संख्या:- ५२,
१७, पूर्ववत् "उसैको लागि" कविता संख्या ९ पृष्ठ संख्या:– ६,
१८, पूर्ववत् "उसैको लागि" कविता संख्या २, पृष्ठ संख्या:– २,
१९, पूर्ववत् 'फेरि उसैको लागि" कविता संख्या:–५, पृष्ठ संख्या:–१२,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"जवसम्म यी दुई हातछन्, किन अर्काको भर पर्दछौं
मेहनत गरी, हिम्मत राखी श्रृंगारी आमा छाड्दछौं" २०,

यस्ता कविताहरुको प्रेरणा सीत यस्तै व्यापक अस्तित्व बोध गराउने प्रकृतिकै प्रेरणावाट भएको हो। प्रकृतिलाई साहित्यमा प्रयोग गरेपछि हेरिने प्रकृति प्रयोगका विविध रूपहरू व्यक्ति कृत प्रकृति, अति मानवीय शक्ति रूप प्रकृति जीवन भिन्न प्रकृति रूप प्रकृति र जीवन र प्रकृतिको एकाकार रूप प्रकृति, जस्ता रुपहरुमा प्रकृतिलाई हेरिने गर्दछ। कवि शाहका कृतिहरुमा प्रकृति प्रयोगका यस्तारुपहरू देखिदै आएका छन्:–

क) व्यक्तिकृत प्रकृति:–

पृकृतिलाई शरीरधारी व्यक्ति सरह व्यक्तित्वको रुपमा प्रस्तुत गर्नुलाई नै व्यक्ति कृत प्रकृति भनिन्छ। व्यक्तिकृत प्रकृतिमा प्रकृतिलाई शरीर धारीकै रूप खडा गरिन्छ र शरीर धारीकै सरह खुस दु:खात्मक अनुभूति गर्न सक्ने स्थितिमा देखाइएको हुन्छ। कवि शाहक कृतिमा व्यक्तिकृत प्रकृतिको पनि विशेष महिमा रहन गएको छ। जस्तै:–

"पातली, कम्मर छिनेकी
सुन्दरी युवती सरि
कसरी जान्यौ, लागू भरेर, जादू गरेर
ती ठूला परेली आँखा झिम्काउन, लोभ्याउन
जसले हेर्छ तिमीलाई एकै चोटि मात्र पनि ?
कसले सिकायो भनन ए रारा। तिमीलाई
प्रत्येक छालमा रत्न जड्न
घोलेर पिलाउन, भुलाउन
अमृतका घुड्का सारका घुड्कै पिच्छे ?

२०, पूर्ववत् "फेरि उसैको लागि" कविता सख्या:– १७, पृष्ठ संख्या:- २६९,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि सुखमय शान्तिमय,
परमेश्वरको देन
प्राकृतिक सुन्दर दृश्यलाई घोचेर
लालची आँखाको नानी छिचोली
मनुष्यको न्यानो मुटुको
भित्र सम्म पुग्न ?
या पठायो कसले तिमीलाई
गीतमा संगीत भर्न,
कल्पनामा कविता कोर्न,
अनि छातीमा टाँस्सिन, टाँस्सिइरहन ?" २१

यहाँ प्राकृतिक ताल रारालाई पातली कम्मर छिनेकी युवतीको रूपमा कल्पना गरी उसद्वारा आँखा झिम्क्याउँदै रसका घुडकाहरु पिलाएर मोहनी लगाएको र गीतमा संगीत गर्दै कल्पनामा कविता कोर्न एवं प्रिय बनेर संधै मन भित्र रहिरहने व्यक्तिको रूपमा प्रस्तुत गरिएको छ। कविले प्रकृतिलाई शरीरधारी सुन्दरीका रूपमा मात्र नहेरेर अरू आफ्नो प्रियतमाको रूपमा हेरेका छन्:-

"अनि, अनि मात्र, अन्त्यमा देखें
अनुहार मेरी प्रियाको, प्रिय वस्तुको
सृष्टिको संपूर्ण सौन्दर्यमय राम्रो
रारा ! रारा !! रारा !!!" २२,

कवि राराको मोहनी देखि कहिल्यै तृप्त हुँदैनन्। उनलाई अझै राराको मोहनी छटाले लठ्याइरहेको हुन्छ। उनी आफ्नी प्रियतमा रारालाई प्रश्न गर्दै भन्छन्:-

"कसले झाऱ्यो तिमीलाई प्रिया ?
स्वर्गवाट यो मृत्यु लोकमा

२१, पूर्ववत् कविता संख्या:- १, पृष्ठ सँख्या:- ३६४
२२, पूर्ववत् कविता संख्या:- १, पृष्ठ संख्या:- २,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसरी औंल्यौ इन्द्र– धनुषको
खुडकिलोले मृत्यु लोकमा
कसले झारचो तिमीलाई प्रिया ? आदि आदि" २३,

यस्तै प्रकार प्रकृतिलाई व्यक्तिकृत प्रकृतिका रुपमा प्रस्तुत गरिएका उनका कविताहरू हुन्:– "बर्सातको साँझमा" "विसिन सक्छु" "लाली पाउडर" "वन्दीपुरे उकाली लामो" वर्षाको एक राती, विर्सीजाने साथी। "रारा कि ? अप्सरा ?, कसले झारचो तिमीलाई" आदि आदि।

ख) अति मानवीय शक्ति रुप प्रकृतिः–

मानवीय शक्ति भन्दा विशेष शक्तिशाली रूपमा देखाइएको प्रकृतिलाई अतिमानवीय शक्ति रुप प्रकृति भन्न सकिन्छ। त्यहाँ मानवीय शक्तिलाई प्राकृतिक शक्तिले झुकाएको हुन्छ र प्रकृतिकै इसारामा सँपूर्ण संसारको अस्तितत्व रहेको देखाइएको हुन्छ। कवि शाहका ईश्वर सम्वन्धी भावनाले ओत प्रोत भएका धेरै जसो रचना हरु यस्तै रहस्यात्मक अत मानवीय शक्तिका उपासनामा आश्रित छन्। अति मानवीय शक्तिका राम्रा र नराम्रा दुवै पक्ष हुने भएता पनि कवि शाहका कविताहरुमा प्रायः राम्रा पक्ष्यहरुको नै वढी उल्लेख गरिएको पाइन्छ। जस्तैः–

"हे पवित्र प्रकृतिका स्वामी ?
अझै जसले पृथ्वी, ग्रहादिलाई झुण्ड्याई, रिङग्याइरहेछ,
मनुष्यलाई पालै संग सास फेराउदैछ,
भनन यो के हो ? के आज
विश्वको चोखो प्राक्तिक सुन्दरता
छैंन कतै अन्य संसारमा ?
वटुली सर्वस्व सुन्दरताको भण्डार सोहोरेर
के खन्यायौ यसै रारामा ? घोलेर मिलाई

२३, पूर्ववत् कविता संख्याः– ७ पृष्ठ संख्याः– १५,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"पहिराई हिमगिरिका मुक्तहार गलामा
हरियो सुखमय प्राकृतिक मानव–जीवनमा
नेपालीमा" २४,

प्रस्तुत कवितामा सारा ब्रम्हाण्डका सँचालक परमसत्ता ईश्वर संग राराको सौन्दर्य जस्तो सौन्दर्य अन्तकतै छैन कि ? भनी प्रश्न गर्दै संपूर्ण सौन्दर्यका सारभूत तत्वहरु यसै भित्र खन्याएका छौ कि ? भन्ने जिज्ञासा गरिएको छ । यस्तै क्रममा देखा पर्ने उनका अरू कविताहरु हुन्:– "संसारको सारको" "आँखाको नानी" "नाथ विना" "भगवान् मेरो" "वनी यो सार" "सर्वस्व तर मेरो" "मनले धाएर आएँ" आदि ।

ग) प्रक्रृति प्रक्रृतिकै रूप. (जीवन भिन्न प्रकृति रूप प्रकृति)

प्रक्रृतिलाई जीवन भिन्न प्रक्रृतिकै रूपमा देखाउन प्रकृति प्रकृतिकै रूपमा प्रस्तुत गर्नु हो । हुन त जस्तो सुकै रुपको प्रकृति भए पनि त्यो प्रकृति जीवन भिन्न हुन् सक्तैन । सोझै जीवन र जगतसंग संपर्क राखेको नदेखिएता पनि प्रकारान्तरले उसको सम्वन्ध जीवन र जगत संग भइरहेकै हुन्छ । खालि सजिलाका लागि मात्र यस प्रकार को वर्गीकरण गरिएको हो । कवि शाहका यस फाँटमा पर्ने प्रकृति यस प्रकारको रहेको छः–

"गुँरासमा रंग चढ्यो डाँफे जोडी नाच्छ
चन्द्रमाले हिउ माथि चादी रंग मर्छ" २५,

यहाँ गुँरासमा रंग चढ्यो डाँफेका जोडीहरु नाचे र चन्द्रमाले हिउ माथि चादी रंग भरे भनेर प्रकृतिको दर्णन वाहेक जीवनसंग यसको केही सम्पर्क देखाइएको छैन । यसै कारण यो कविता प्रकृति प्रकृतिकै लागिको उदाहरण हुन गयो । यस्तै अर्को:–

"तितरी पंखी वादलुमाथि, सुनौला साँझमा

२४, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या:- १, पृष्ठ संख्या:-४,
२५, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या:– २६, पृष्ठ संख्या:- ४२,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वगेको खोला कलकल गरी, जुनेलो रातमा
गोरेटो रातो माटोको राम्रो, उकाली थलीमा
ओराली त्यस्तै वाटोको ढुंगा, झल्केको घाममा"२६,

यहाँ तित्राको पखेटा जस्तो वादल माथि सुनौला साँझ देखिएको र जुनेली रातमा कलकलगरी वगेको खोलाको वर्णन छ। रातो माटो भएको गोरेटो वाटो, उकालीं पछिको थलि ओरालो वाटोमा घाम लाग्दा झल्कने ढुंगाको चित्रण मात्र गरिएको छ। यसबाट जीवन संग पर्ने प्रभावको केही उल्लेख नभएवाट यसलाई प्रकृतिकै लागि प्रकृति भनिएको हो। यस फाँटका कविताहरु पनि उनका प्रशस्तै छन्।

(घ) जीवन र प्रकृतिको एकाकार रूपः–

प्रकृति संग संगै जीवनलाई हेर्ने र जीवन संग संगै प्रकृतिलाई देख्ने क्रमनै जीवन प्रकृतिको एकाकार रूप प्रकृति हो। प्रायशः प्रकृतिवादी साहित्यकार प्रकृतिको यही पक्ष्यलाई वढी मन पराउँद छन्। नेपाली साहित्यका सवैजसो प्रकृतिवादी कविहरूले प्रकृतिलाई वढी भन्दा वढी यही रूपमा हेरेका छन्। कवि शाहको प्रकृति प्रयोग पनि विशेषतः यही पक्ष्य संग वढी सम्बन्धित छ। जस्तैः–

"मन्दिरका घण्टा बजे, शंख ध्वनी छर्दै
गाईहरु जम्मा भए अलि अलि गर्दै
पछाडिको डाँडामुनि, जसै सूर्य डुबे
लालीपना वादलको, हिमालमा पुगे!
हाँसी हाँसी हिड्न थाली लौरो लिई हातमा
प्रकृतिकी सुन्दरी, हरियो जंगलमा" २७,

२६, पूर्ववत् "उसैको लागि" कविता सँख्याः– १५, पृष्ठ संख्याः- १५,
२७, पूर्ववत् "उसैको लागि" कविता संख्याः– १६, पृष्ठ संख्याः–१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ वर्षादिको साँझ पख सुनौला घाम भएपछि हरियो जंगल मा गाई हेर्ने गोठाल्नी केटीलाई प्रकृति सुन्दरीकै रूपमा कविले प्रस्तुत गरेका छन् । जब शंख ध्वनिका मन्दिरका घण्टीहरु वज्न थाल्दछन् अनि जंगलमा चर्न गएका गाईहरू पनि सन्ध्याको वेला महशुस गरेर आफ्ना गोठतिर प्रत्यावर्तनका लागि जम्मा हुन थाल्दछन् । अस्ताचल को डाडामनि वादलुको लाली ओडेर सूर्य लुक्न जान्छन् । यस वेला हरियो वनमा गाई हेर्ने प्रकृतिको सुन्दरी गोठाल्नी केटी पनि हातमा लौरो लिएर हाँसी हाँसी हिड्न लागेको स्वभाविक कल्पना प्रस्तुत गरिएको छ । यस्तै अर्को प्रसंग:–

"हरा भरा देखिने सारा नदी नाला पर्वत समथर
हिउँदमै वसन्त पारी, हाँसी नाच्छन् खुकुरी भिरेर
गण्डकीको रमणी छाल साथ तालै मादलु ठोकेर
गाइनेले मयालु गीत भरी गाउँछन् सारंगी रेटेर
हरिणका झैं ठूला आँखा गाजलुले कुनैमा कोरेर
मिलनको मधुर बेला सपनीमा आउँने कल्पेर"२८ ।

हरा भरा प्रकृतिले गर्दा जव हिउद पनि वसन्त जस्तै देखिन्छ गण्डकीका छाल संग संगै जव जव मादलका ताल ठोकेर खुकुरी भिरे नेपालीहरु नाच्न थाल्दछन् र गाउनेहरु आफ्नो सारंगी रेटेर मायालु गीतहरू गाउँन थाल्दछन् त्यतिखेर मृगका जस्तै ठूल ठूला आंखामा गाजल लगाउने आफ्नी प्रियतमा संगको मधुर मिलन वेला संझेर कवि कल्पिरहेका छन् । प्रकृतिको प्रवाह संग संगै जिन्दगीको गीत वगेको र जिन्दगी भित्रनै प्रकृति मुस्कुराएको कुरा माथिको कविताद्वारा प्रस्तुत छ । त्यस्तै प्रकृति र जीवनको एक रूपताको संकेत दिने तलको कविता:–

२८, पूर्ववत् "फेरि उसैको लगि" कविता संख्या:– २८, पृष्ठ संख्या:– ४१,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"वसन्तमा फूल फूल्यो हृदयको माझ
हेर उता झलमल हिमाल त्यो आज" ५९,

यद्यपि फूल वसन्तमा फुलेको हुन्छ किन्तु कवि त्यसलाई आफ्नै हृदयको बीच फुलेको अनुभव गर्दछन् । हिमाल हाँसेको र रुख हरूमा नयाँ पातहरू वदलिन थाल्दा पनि संझनाले आफूलाई घेर्न थालेको कुरा कवि व्यक्त गर्दछन् । प्रकृति र जीवनको सहकर्मीता र सहधर्मीता यहाँ पनि राम्रो संग प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा कवि म. वी. वि. शाहलाई प्रकृतिका प्रिय कविको रूपमा देख्न सकिन्छ । प्रकृति प्रयोगका विविध प्रक्रियाहरू उनका कविताद्वारा प्रस्तुत भएकाछन् । यस अर्थमा उनी पूर्ण प्रकृतिवादी कवि हुन् । सामाजिक यथार्थका साथ साथै रहस्य र कल्पनाका तरेली हरुमा प्रकृतिका सुन्दर र सुकुमार पक्षको अनुशरण गर्दै केही नैराश्य र केही रूक्ष पक्षको पनि उल्लेख उनले गरेका छन् । आफ्ना गीति कविताका माध्यमद्वारा समाजमा विरह, भक्ति र सृजनाका धूनहरु अलाप्तै नव निर्माणको स्वप्न रोप्ने कवि शाह नेपाली साहित्यको नव निर्माण चाहने राष्ट्रवादी कवि हुन् । प्रकृतिको मार्मिक एवं मधुर पक्ष्य उनका कविताद्वारा व्यक्त भएको पाइन्छ । उनी नेपाली भाव धाराको गीतकार कवि हुन् । भाषिक शव्द प्रयोग र भाव संयोजनका दृष्टिले उनमा विशुद्ध नेपाली पनको प्रयोग मात्र नभएर केही हिन्दी प्रभावहरुको घुरमैलो छाया देखिए पनि उनी पूर्ण अनुवाद होइनन् । नेपाल र नेपालीको गौरवमय गाथा नै कवि शाहका कविताको विशेष उपलव्धि हो । अस्तु ।

*

२९, पूर्ववत् "फेरि उसैको लागि" कविता संख्या २९, पृष्ठ संख्या ४२,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युगको दृष्टिमा कवि म. वी. वि शाह

नीर बिक्रम प्यासी

२००७ सालको परिवर्तनले देशमा राजनीतिक, बौद्धिक, साँस्कृतिक एवं वैचारिक जगत्मा नै ठूलो उथल–पुथल ल्यायो । यस उथल–पुथलले सर्वसाधारणलाई त स्पर्श गरेर तिनका हृदय र मस्तिष्कमा उलट–पलट मच्चाइदियो भने यसले देशका चेतनशील साहित्यकारहरुलाई असर नपार्ने त कल्पनै पनि हुन सक्तैन । शताब्दी शताब्दीदेखिका रूढी तथा अन्धविश्वासहरुका पर्दाफास हुन गई समाज अर्कै नयाँ बाटोमा लम्कन उन्मुख भयो । तर त्यो नौलो बाटो बाट कहाँ र कुन लक्ष्यमा पुगिनेहो र पुग्नु छ भन्ने ठहर चाहिँ कसै-लाई पनि हुन सकेको देखिँदैनथ्यो । द्वितीय बिश्व युद्धपछि एशिया र अफ्रिकामा उठेका जागृतिका लहरले ल्याएका परिवर्तनको धारालाई ठीक सँगदिक् निर्देशन गरेर समाजलाई अगाडि बढाउनु जो परेको थियो त्यसमा चाहिँ सबै मूक देखिन्थे अन्योलमा परेर । सारा तम्सेका थिए अघि बढ्न फगत अघि बढ्न । तर त्यो अगाडि बढ्नुको माने के थियो र यसरी अगाडि बढेर के हाँसिल गर्नु थियो यो प्रश्न चाहिँ जटिल प्रश्नकै रूपमा रही चिन्तनशील तथा सचेत आत्माहरुको निमित्त महान् चिन्ताको विषय रहेको थियो । कोलाहल, हो–हल्ला अनेकौं प्रकारका नाराहरूका गगनभेदी गुंजन सबै जति गुंजे पनि जति धन्के पनि शून्यमा बिलीन भइरहेका थिए आफ्नो धर्तीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युगको दृष्टिमा कवि म. वी. वि शाह

नीर विकल प्यासी

२००७ सालको परिवर्तनले देशमा राजनीतिक, बौद्धिक, सांस्कृतिक एवं वैचारिक जगत्मा नै ठूलो उथल-पुथल ल्यायो। यस उथल-पुथलले सर्वसाधारणलाई त स्पर्श गरेर तिनका हृदय र मस्तिष्कमा उलट-पलट मच्चाइदियो भने यसले देशका चेतनशील साहित्यकारहरूलाई असर नपार्ने त कल्पनै पनि हुन सक्तैन। शताब्दी शताब्दीदेखिका रूढी तथा अन्धविश्वासहरूका पर्दाफास हुन गई समाज अर्कै नयाँ बाटोमा [illegible] उन्मुख भयो। तर त्यो नौलो बाटो बाट कहाँ र कुन रूपमा पुगिनेछ र पुग्नु छ भन्ने ठहर चाहिं कसै-बाट पनि हुन सकेको देखिँदैनथ्यो। द्वितीय विश्व युद्धपछि एशिया र अफ्रिकामा उठेका [illegible] ल्याएका परिवर्तनको धारालाई [illegible] अगाडि बढाउनु जो परेको थियो [illegible] अन्योलमा परेर। सारा तन्नेरा [illegible]। तर त्यो अगाडि बढ्नुको भाले कै [illegible] के हासिल गर्नु थियो यो प्रश्न चाहिं [illegible] चिन्तनशील तथा सचेत आत्माहरूको [illegible] रहेको थियो। कोलाहल, हो-हल्ला [illegible] गगनभेदी गुंजन सबै पति गुंज पनि [illegible] भइरहेका लिए आफ्नो बढीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समाउन नसक्ता, आँफ्नो माटोलाई सिञ्चाउन नसक्ता। यो समाजले नेपाली समाज रहेरै अगाडि वढ्नु छ, नेपालकै धरातलमा मचक्क गोडाले टेकेर उठ्नु छ तथा स्वच्छ नेपाली जीवन ज्यूँनुछ भन्ने प्रतीति नै कतिलाई थियो र ? सबै आफ्नो माटोले नपाएको, आफ्नै अन्तरात्माले नखाएको सँसार र समाजको सपना देख्नमै तल्लीन !

युवा पिँढी तँछाड्–मछाड् गर्दै दिशाहीन गतिमा अघि सर्न यसै–यसै आँतुर रहेको वखत, देशका चेतनशील साहित्यकारहरु भनाउँदा पनि धर्मराएको गोडाले कुन वाटो लाग्ने हो भनेर ठम्म्याउन नसकी छिनछिनमा छेपारोले रंग फेरे झैं रंग फेर्दै आफू र आफ्नो भन्नु मात्र हैन 'स्व' को अस्तित्वलाई नै पाउनसम्म वेर नलगाउलान् जस्ता वन्न लागेका संक्रामक घडीमा यस देशमा दुई–चारजना युग-स्रष्टा अग्रगामी चेतनशील साहित्य साधकहरुको प्रादुर्भाव हुन्छ जसले नेपाल र नेपालीका अस्तित्व वोध समाजलाई गराउँदै हाम्रो अतीतको गरिमालाई कुँदेर वर्तमानको अगाडि राखिदिँदै भविष्यलाई सुन्दर तुल्याएर कुँदी जीवन्त पार्न देशवासीहरुलाई अभिप्रेरित तुल्याए। नेपाल नेपालीहरुको हो, नेपालीहरूको आफ्नो संसार नै नेपाल हो, नेपालीहरूको आफ्नै आँसु–हाँसो, आफ्नै पन आफ्नै सुख–दुःख र जे–जम्मै भन्नु आफ्नै रहेको छ, नेपालीले चिताएको मात्र र इच्छा गरेको मात्र यही नेपालमै पाइन्छ, नेपालीकै हातवाट मीलाउँछ तथा नेपालको खाँचो र आवश्यकता नेपालीकै वलिष्ठ भुजाले पूरा गर्छ; उनीहरुले कतै जानु पर्दैन र कसैको मुखमा ताक्नु पर्दैन भन्ने पाठ जसले नेपाली समाजलाई पढाए। नेपालमाथि गहन आस्था राखी नेपालीमाथि नै विश्वास गर्न सके नेपालीं जीवननै उनीहरुको निमित्त सृष्टिमै उत्कृष्ट जीवन वन्नेछ भन्ने सँदेशवाट जसले देशभर नै हल-चल मच्चाइदिए। यसको लागि मानिस आकाशवाट आउँदैन यही धर्तीको छातीमै पैदा हुन्छ र युगले चाहेको मानिस सृजना गर्ने आकांक्षालाई आफ्नो उत्सर्गपूर्ण जीवनलाई समयोचित छाँटकाँट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिएर प्रबल साँचोमा ढाल्न सके साकार रूप प्रदान गर्दै धर्तीको चाहना र माग मनुष्यले पूरा गरिदिन्छ अरूले हैन भन्ने वोध गराए। यिनै सच्चा साहित्य साधकहरुकै साधनाको फलस्वरुप आज २००७ सालको परिवर्तनपछि नेपाली साहित्यले के कस्तो रूप लिइसकेको छ र यो कसरी फस्टाउँदै झ्यांगेर गइरहेको छ कसैको आँखाबाट रत्ति-भर छिपेको छैन। यसका विभिन्न विधाहरू यसै–यसै फैलिँदै गइरहेछन्। यो निर्विवादमय छ।

यसरी नेपाली समाजलाई नेपालको महत्व वोध गराई नेपाली जिन्दगी नै नेपालीहरुको जे–जम्मै हो, नेपालमै हाम्रा संपूर्ण कामनाहरुको पूर्ति हुन्छ यदि हामीले आफैलाई दिएर खोज्न थाल्यौं भनी आवाज उठाउँदै नेपालीहरूलाई सही दिशा वोध गराई आवश्यक नौलो वाटोमा धकेल्न प्राणप्रणले लागेका दुई–चार साहित्यकार २००७ सालपछि नेपालले जो प्राप्त गऱ्यो ती युगस्रष्टा कविहरुमध्ये म. वी. वि. शाहको आफ्नै यौटा विशिष्ट स्थान रहेको छ जसको उपेक्षा गरे नेपाली साहित्यको एक ज्वलन्त अध्यायवाट अनभिज्ञ रहिनेमात्र होइन नेपाली साहित्यको श्रृंखलामा एउटा जीवन्त कडी-वाटै हामी वंचित रही हाम्रो साहित्य अध्ययन फेद न टुप्पोको सावित हुन आउँछ। कवि म. वी. वि. शाहको काव्य साधनाको नेपाली साहित्यको इतिहासमा महत्वपूर्ण भूमिका रहेको यसै सिद्ध छ।

नेपाली साहित्यमा २००७ सालपछि एउटा ठूलो भेल आएको थियो जुन भेललाई हेर्दा मानों यो देशै कवि–कवि र साहित्यकारै-साहित्यकारको देश हो कि भन्ने भान परेको थियो। एक–दुई कक्षाका विद्यार्थीहरु देखि लिएर महाविद्यालय स्तरका छात्र–छात्राहरू मात्र हैनन् शिक्षक, प्रशिक्षक, आचार्य, प्राचार्य आदि सारा 'कविता लेखेर कवि सम्मेलनका मंचहरुमा कुर्लेका देखिन्थे। के कर्मचारी, के पसले, के किसान, के शहरवासी या ग्रामीण सबै साहित्यकार या साहित्य मर्मज्ञ बनेर जमघटमा सामेल हुन्थे। राजधानीको कुनै एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालय थिएन होला जसमा हप्तै पिच्छे कवि सम्मेलन या साहित्य सम्मेलनको आयोजना नगरिएको होस् । साहित्यका अरू विधाहरु भन्दा कविताका संख्या ज्यादा हुने नै भए जब फगत लय हालिदिएर वाक्य गाइदिए या अण्टसण्ट शब्दहरूको चयन गर्दै नाराहरू जस्ता वाक्य फलाकेर 'कविता' शीर्षक दिएर कुलिदिए त्यहाँ कविता भइहाल्दथ्यो ।

यसरी उर्लेर आएको साहित्यको भेलले हिलो–मैलो पनि प्रशस्त बगाएर ल्याउने नै त भयो । परन्तु यो वर्षको नदीको भेल झैं थियो जो वर्षाको समाप्ति पछि आफै सामसुम भएर जान्छ । केही समय पश्चात् यो उर्लेर आएको साहित्यिक भेल या बाढी पनि साम्य भयो र यो उर्लेर आएको भेलमा दुई–चार खँदिला जो कलमहरू थिए ती झन् परिमार्जित बनेर चम्कँदै साराका आँखामा जगजगाउन पुगे । तिनै लेखनीले परिवर्तनपछि नेपाली साहित्यलाई जीवनबोध र युगबोध गराउँदै नयाँ बाटोको निर्माण गरी ठीक दिशा पहिल्याउँदै नेतृत्व गर्दै लगे जसको फलस्वरूप नेपाली साहित्यले काँचुली फेरेर आजको यो रूप लिने अवसर प्राप्त गऱ्यो । यस्तै किसिमको गतिमा यो अग्रसर हुँदै जान थाले, एक दिन यो साहित्यले विश्व–साहित्यमै आफ्नो स्थान जमाउन पुग्नेछ भन्ने स्वतः देखिँदै गएको छ ।

यसै युगमा सशक्त कलम लिएर नेपाली साहित्यक क्षेत्रमा प्रमुख भूमिका खेल्दै जीवन र युगको दिशाबोध समाजलाई गराउँदै कवि म. वी. वि. शाहको अवतरण भएको पाइन्छ । साहित्यका विभिन्न विधाहरूमध्ये काव्य–विधालाई उनले अपनाए । हुन पनि साहित्यका विधाहरूमा काव्य नै प्रमुख मानिनेमात्र हैन देखिन्छ पनि भन्ने कुरा पच्चीसै आना हामी ठोकेर भन्न सक्छौं । किनभने एउटा उपन्यासकारले एउटा सिगो उपन्यासमा, निबंधकारले एउटा आफ्नो एउटा पूर्ण निबंधमा या कथाकारले एउटा कथामा तथा नाटककारले एउटा आफ्नो पूरा नाटकमा भन्न खोजेको कुरा एक सफल कविले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो एउटा छोटो रचनामै सिनित्त भनिदिन्छ सरल र सुगमसँग पाठकहरूका समयलाई कत्ति पनि नलिएर। यसैमा कविको वैशिष्ट्य छ या कविको कारीगरी अथवा सीप जे भनौं। ठेलीका ठेली ग्रन्थहरु का सामग्री सिर्फ एक–दुई पंक्तिका अभिव्यक्तिमा सरसतापूर्ण ढंगले पोखिदिने क्षमता भएकोले नै त कविताको मानव–आत्मामा जहिले पनि अग्रगण्य स्थान रहन गएको पनि।

उपरोक्त यी सबै कुराहरूलाई ध्यानमा राखी विश्लेषण गर्दा कवि म. वी. वि. शाहले पनि यिनैं तथ्यहरूलाई मनन गरी काव्यप्रति उकुस–मुकुस वनी उत्प्रेरित भई लेखनी चोपेका हुन्। उनी जन्मजात कवि थिए। उनको कवि–प्रतिभावाट छुटेको काव्य–छहराले नेपाली धरातलमा अमृतको मूल फुटाई नेपाली जीवनलाई अमरत्व प्रदान गऱ्यो। कविका कविता–संग्रहका दुई पुस्तक प्रकाशित भएका छन् १– उसैको लागि र २– फेरि उसैको लागि। यी संग्रहहरु वाहेक कविका अरू प्रशस्त रचनाहरू यता–उता छरिएर रहेका छन् र कैयौं अप्रकाशित नै छन् जसलाई सँग्रहको रूपमा समाजको सामुन्ने राखि दिने काम प्रत्येक साहित्य प्रेमी नेपालीमात्रको छ। एउटा साहित्य-कारले कुन किसिमबाट काव्य–साधना गरेर युगको सृष्टि गऱ्यो यसको जानकारी स्पष्ट रूपमा ती रचनाहरूले दिनेछन्।

कवि जहिले पनि समय भन्दा अगाडि रहेको हुन्छ। यसैले २००७ सालको परिवर्तनको अगाडि नै समस्त नेपालीहरुलाई आह्वान गर्दै कवि लेख्छन्–

हे वीर ! हिड अगि सरी, नहटाई पाउ रतीभरी
यो मातृभूलि नेपालको, भई वीर पराक्रमी सन्तति
खुकुरी, संगीत, तलवार या हतियार जे किन सामुमा
नपरोस् यदि तिमी वीर हौ भने वीरका ती छातीमा

जव देशमा शताव्दीदेखि कठोर जहानियाँ शासन व्याप्त थियो जसमा जनताको अधिकार भन्ने कुनै कुरा थिएन, यसको विरुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डट्न कवि सारा नेपालीहरूलाई उनीहरूको गौरवपूर्ण अतीतको याद दिलाउँदै अगाडि बढ्न उक्साउँछन् र फेरि भन्छन्–

तिम्रै हो लेऊ नागरिक हक, काँधमा काँधै गरी
सत्यता तिम्रो छ हतियार, डर नलेऊ क्यै कति
(उसैको लागि– १)

यसरी कवि नेपालीहरूलाई शताब्दीदेखि भारको रूपमा रहेको जहानियाँ शासनको अन्त्य गर्न त्यसको विपक्षमा डट्न आह्वान गर्छन् ।

२००७ सालको परिवर्तनले जहानियाँ शासन त मेटियो तर गरीब–धनीको बीचको दूरीले यसै–यसै जर्जर बनेको समाजलाई नयाँ जिन्दगी दिई उठाउन र शोषणले निशदिन पिलिसरहेका गरीब र पिछडिएका वर्गलाई मनुष्योचित जीवन व्यतीत गर्ने अवसर दिन कवि लेख्छन् नेपाल आमाको दुहाई दिएर–

गर्छिन् पुकार आमा, रोई कराई जोडले
"होइन मेरो भन्छिन्, सन्तान थरीथरीका"
कोही धनी असाद्धे, कोही गरीब माग्ने
"सक्तिनँ सहन भन्छिन्, सन्तान थरीथरीका"
नांगो छ आँग काहीं, काहीं पोशाक मलमल
सक्तिन हेर्न भन्छिन्, सन्तान थरीथरीका ।।"
सुनको छ थाल काहीं, काहीं छ पात खालि
"सक्तिनँ सुन्न भन्छिन्, सन्तान थरीथरीका"
भन्छन् महल कसैका, काहीं छ कुन्नो कुप्रो
"सक्तिनँ सहन भन्छिन्, सन्तान थरीथरीका"
(उसैको लागि–२)

माथिको रचनाले देखाइरहेको छ कवि म. वी. वि. शाहको हृदयमा विद्रोहाग्निको दन्किरहेको ज्वाला ! कवि के चाहन्छन् र कस्तो किसिमको सामाजिक जीवन उनी देख्न र ज्यूँन लालायित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् यी पंक्तिहरूले स्पष्ट वताइरहेकै छन् । "कवयः क्रान्त दर्शिन"- भन्ने उक्ति कवि म. वी. वि. शाहमा शत प्रतिशत चरितार्थ रहेको हामी पाउँछौं । कवि कुनै पनि वाद या तन्त्रको अनुयायी हुँदैत । ऊ सिर्फ मानववादी हुन्छ र मानवतन्त्रकै पछाडि ऊ परेको हुन्छ भन्ने तथ्य कवि म. वी. वि. शाहको लेखनीवाट फुटेको उनको यो आन्तरिक कंपनले भनिरहेकै छ । यसमा व्याख्याको रत्ति आवश्यकता छैन ।

देशको विकास गर्दै लैजाने कदममा कटिवद्ध वन्दैं नेपाल आमालाई कविले यसरी सांत्वना दिँदै भरोसा दिलाएका छन्–

नेपाल आमा तिमीले–अँध्यारो मुख लाएर
घोटिनु अव पर्दैन–विकास वत्ती वालौंला
उज्यालो मुख पारौंला ।।

देशको विकासमा कतैवाट वाधा–अडचन आइलागे के गर्ने ? यसमा कवि छाती तानेर गर्जन्छन्–

खुकुरी मुठी कसेर–जाइ त्यसै लाग्दैनौं
आइलागे ढालेरै–विकास वत्ती वालौंला
(फेरि उसैको लागि–२३)

नेपालीको वाहुवल, स्वतंत्र्यप्रिय स्वभाव र पर्वत तुल्य अडिग कदममा कविलाई पूर्ण विश्वास रहेको यी पंक्तिहरूले कस्सेर कड्किरहेका छन् ।

मनुष्य जीवनका विभिन्न पक्षहरूलाई अँगाली अभिव्यक्त वन्दै गइरहेका कवि म. वी. वि. शाह आफ्नी प्रेयसीप्रति उपेक्षा गर्न सक्तैनन् र यो उपेक्षा गर्ने विषय पनि त हैन । सृष्टिका संपूर्ण वस्तुलाई आफूमा राखेर सास फेरिरहेका कविले आफ्नो जीवनमा नयाँ रंगीन संसार लिएर प्रेरणा–दीप जगाई प्रवेश गरेकी प्रेमिकालाई भुल्ने या उसको अस्तित्वको बोध नगर्ने त प्रश्नै कहाँबाट आउँछ र ? कवि म. वी. वि. शाहले यस पक्षमा पनि प्रशस्त प्रकाश दिएका छन् । जस्तो–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आकाशका तिरमिरे तारा म गन्न सक्तिनँ
मनको कुरो मुखमा ल्याई म भन्न सक्तिनँ
जुनिलो छायाँ मायालु मेल म भन्न सक्तिनँ
हातमा हात परेको वेला बिर्सिन सक्तिनँ
(उसैको लागि–१४)

यसमा कविले आफ्नै किसिमको नौलो अभिव्यक्ति प्रकट गरेका छन् जसले प्राकृतिक छटालाई पनि पूर्णरूपेण मनुष्यको जीवनमा आत्मसात् गरेको छ ।

हाम्रो देश नेपालको मुख्य भाग पहाडी रहेको छ । यसैले नेपाल पहाडी देश भनेर प्रसिद्ध छ । यो पहाडी खण्डलाई उपेक्षा गरे स्वदेशकै उपेक्षा गरिने तथ्य निर्विवाद रहेकोले कविले हाम्रा पहाड र पहाडी जीवनलाई कंचन र ज्वलन्त दृष्टिकोण राखेर हेरेका छन् । यीप्रति ममताको खोला वहाएका छन् साथै आत्मगौरवले छाती ढक्क फुलाएका छन् । त्यहाँको नैसर्गिक गरिमालाई औंल्याई कवि गाउन थाल्छन् मुटुले ताल दिएर–

तितरी पंखी वादलु माथि सुनौलो साँझमा ।
वहेका खोला कलकल गरी जुनिलो रातमा ।।

त्यहाँको स्वच्छ, सरल तथा सरस जीवनले कविलाई स्पर्श गर्छ–

थाप्लोमा नाम्लो पीठमा डोको वोकेका मर्दाना
आँखामा गाजल कोरेकी मात्र पवित्र जनाना
हिमाली हावा सङ्लो पानी मलिलो माटोमा
हुर्केकी नारी हुर्केको ठिटो निरोगी माटोमा

कवि अझै अगाडि वढ्छन्–

न जाल झेल न रिस–इवी जानेको पहाडमा
उडेकी चरी सरी छ सारा रमेको पहाडमा
(उसैको लागि–१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नी आराध्यालाई भेट्न या आफ्नो गन्तव्यमा पुग्न कवि यति दृढप्रतिज्ञ र कर्तव्यवीर देखिन्छन्–

कठिन चाहे जति छ वाटो, चाहे मृत्यु नै भेटूँ सामुमा
हच्कने यो छैन कदापि, हिम्मत दीप वनाई
म आउनेछु तिमीलाई भेट्न प्रिय,
म आउनेछु तिमीलाई
(उसैको लागि–४२)

हाम्रा देशका विशेषतः पहाडी प्रदेशका ठिटाहरू बिदेश गई नोकरी गरेर 'लाहुरे' वन्ने चलन शताव्दी शताव्दीदेखि रहेको छ जो अव वल्ल दिन प्रतिदिन कम हुँदै गइरहेछ। त्यस वखत जीवन यापनका अरू उपायहरू पनि साह्रै कम थिए। त्यसमाथि फेरि साहू लागेर ऋणको वोझवाट पार बन्न विदेशमा गई भर्ती हुनु सिबाय अर्को सजीलो वाटो कम देखा पर्थ्यो। यस्ता युवकहरूका जीवनसँगिनी या प्रेमिकाहरू (मायालुहरू) का जिन्दगीको व्यथा कति दर्दभरी र करुणाजनक हुन्छ त्यो कुनै शव्दमा व्यक्त हुँदैन। त्यस्तै परदेश लागेको आफ्नो प्रेमी युवकको विछोडले गलेर पीडितावस्थामा रहेकी एक पहाडी वालाको हृदयको व्यथा कवि यसमा पोख्छन् जसमा त्यो केटी उसको प्रेमीका साथी अरू 'लाहुरे' हरूलाई संवोधन गर्दै भन्छे–

परदेश जाने लाहुरे दाइ, संझेर भनिदेऊ।
छाडेर जाने निठुरीलाई संचार लगिदेऊ॥
भयोरे अब, नलेख चिठी भनेर भनिदेऊ
के भन्थिन् अरू ? भनेर सोधे रोइरहन्छिन् भनिदेऊ

नैराश्यमाथि नैराश्य थपेर छाती थाम्दै ऊ भन्छे–

आँसुका धारा आठ है–पहर रोकिन्न भनिदेऊ
खानु न पिनु भएर पनि–"ज्यूँदैछु" भनिदेऊ

यो "ज्यूँदै छु" ले सहृदयीहरूका मुटुको भक्कानोलाई मानों एक्कैचोटी मुखमा हुलुक्क ल्याइदिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(फेरि उसैको लागि–२६)

वर्षाको याममा दिनभर झरी परेर साँझपख घाम (चोरघाम) लाग्दा वनमा वस्तु–भाऊ चराएर घर फर्कन लागेकी पहाडी कलिली ठिटीको चित्र कवि यस प्रकारले गर्छन्–

वर्षातको साँझमा, सुनौलो घाममा
गाई हेर्ने गोठालीं, हरियो जंगलमा

यस्तैमा एकैछिनमा सूर्यास्त पनि हुन्छ–

पहाडको डाँडामुनि, जसै सूर्य लुके
लालीपना बादलुको, हिमालमा पुगे

वादल फेरि छाउन थाल्छ तर चन्द्रमा पनि देखिन्छन् । कविको लेखनी चित्रण गर्न थाल्छ–

कालो कालो वादलको, बीचवाट च्याई
लुकामारी चन्द्रमाले, खेलन थाले माथि
गोरेटोको वाटो गरी, गाउँ–घर पुगिन्
गाईहरू वाँधीवरी, आँगनमा उभिन्
कैले पानी कैले घाम, विजुली जुनीमा
स्वतन्त्रकी पुतली, हरियो जंगलमा

(उसैको लागि–१६)

देश हामी सबैको साझा हो, यो कुनै पनि व्यक्ति या वर्ग विशेषको पेवा होइन भन्ने पाठ कवि म. वी. वि. शाहले यसरी पढाएका छन्–

एकै देशका सन्तान हामी को टाढाको, नजिक को ?
रगत सबैको रातो भए–कुन धनी कुन गरीव को ?
यहाँ धनी–गरीवको प्रश्न छैन, मूर्ख–बुद्धिमान्‌को सवाल छैन-
लाशमा ताशै परोस् वा खाँडीलेके फरक भो ।
अनपढ पिछडिएका छौं भने–मेहनत गर्न के गाह्रो भो ॥

देशवासी यौटाको सुख–दुःख अर्कोको पनि सुख–दुःखको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा हामीले ग्रहण गर्न सिक्नु पर्छ भन्दै कवि अभिव्यक्ति दिन्छन्–

सुख–दु:ख हाम्रो हामीनै आपस–आपसमा वाडौंला ।
जुन देशमा जन्म्यौं हामी–त्यसकै लागि मरौंला ।।

कसैले तर्साउँदैमा वीर नेपाली तर्सन्न, न ऊ कसैले धंक्याए धंकिइने वा घुर्क्याउँदैमा घुर्किइने जीव हो ! यसलाई कवि यसरी व्यक्त गर्छन्–

तर्सन्नौं कदापि कसैको–घुर्की धंकी वा धपाइले ।
बाँच्छौं वच्छौं वचाउँछौं–मिलेर माटो मायाले ।।

अन्त्यमा देशको माटोको महत्ता कवि यसरी समाजलाई संझाउँछन्–

ज्यूँदै मर्‍यो त्यो, जसले–विर्स्यो देशको माटो
वाँच्यो सँधै त्यो, जसले–संझ्यो देशको माटो

(फेरि उसैको लागि–५)

कवि के हो र उसको खास ध्येय के हुन्छ यसलाई कवि म. वी. वि. शाह थोरै भन्दा थोरै शब्दमा सरल भन्दा सरल तरीकाले यसरी अभिव्यक्त गर्छन्–

लुकी सँधैजो संसार हाँक्छ,
जसले नवोली सब काम टार्छ,
उसले गरोस् जय नेपाल देशको,
देखूँ सँधै "म" हँसिला
नर–नारी यसको ।

(उसैको लागि–सवभन्दा पहिले)

वस्, यत्ति छ कवि म. वी. वि. शाहको भनाइ उनको कृति "उसैको लागि" मा कविको तर्फबाट । यो सानो अभिव्यक्तिले पृष्ठका पृष्ठ लेखिने विद्वत्ता या पांडित्यपूर्ण भूमिकाहरूलाई चूँसम्म पनि गर्न दिएको छैन । जो भन्नु पर्ने कुरा यी पंक्तिहरूले रत्ति वाँकी राखेका छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी कवि म. वी. वि. शाहका कृतिहरूले आफ्नो युगको खाँचो पूरा गर्दै कविको साधनालाई सार्थक तुल्याएका छन्। यसबारे अझ घोत्लिँदै कविका कृतिहरूका अन्वेषण गरिँदै गए ग्रन्थका ग्रन्थ तयार हुन्छन् जो कार्य समालोचक र अनुसन्धानकर्ताहरूको हुन आउँछ।

❋

सच्चा देश भक्ति अहंभावको परित्याग र देश कल्याणको भावनाले प्रेरित भएको गरेको कर्तव्य पालनबाट हुन्छ।

स्व. श्री ५ महेन्द्र

❋

असल कुरा सानो वा ठूलो जोसुकैबाट पनि सिक्न सकिन्छ।

स्व. श्री ५ महेन्द्र

❋

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२००७ साल कार्तिक २१ गते श्री ५ त्रिभुवनका साथमा जनताकोलागि आफ्ना राज्यको वाजी लगाई आफ्ना पिताज्यूलाई नेपालमा प्रजातन्त्र ल्याउन पूर्ण सहयोग गरे । श्री ५ त्रिभुवन विदेश जानु हुँदा दुईपटक राज सभाको सदश्यको रूपमा सेवा गरे । २०११ आश्विन १६ मा अध्यक्ष (राजकीय परिषद) भए । २०११ फागुन ७ गते श्री ५ त्रिभुवनवाट श्री ५ महेन्द्रलाई सार्वभौमिकसत्ता सुम्पे ।

२०११ फागुन ३० गते राष्ट्रपिता त्रिभुवनको स्वर्गारोहण भएपछि चैत १ गते औपचारिक रूपले राज्याभिषेक भयो । अब यस पछि दश वर्ष सम्मको २००७ सालदेखि २०१७ साल सम्मको ठूलो प्रयत्नको वावज्यूत संसदीय प्रजातन्त्रले देशमा केही गरे पनि शान्ति व्यबस्था ल्याउन सकेन, सुव्यवस्थाको साटो आर्थिक ह्रास गराउनाको साथ साथै राष्ट्रको सार्वभौमसत्तामै खतरा पर्न गयो । ती सबको दृढ विचार गरी दूरदर्शी श्री ५ महेन्द्रले मंत्री मंडल र संसद २०१७ साल पौष १ गते विघटन गरी शक्ति विकेन्द्रीकरणको आधारमा चार तह भएको पञ्चायती प्रजातन्त्र व्यवस्थाको स्थापना भयो ।

श्री ५ महेन्द्रले देशलाई निर्दलीय प्रजातन्त्र साथ साथै क्रान्तिकारी भूमिसुधार पनि दिए, राष्ट्रलाई राष्ट्रिय चिह्न दिए, नेपालको संविधान दिए, राज सभा गठन भयो अनि देशलाई नयाँ मुलुकी ऐन दिए । २०२४ साल आश्विन १३ मा गाउँफर्क राष्ट्रिय अभियान जस्तो देशहितकारी कार्यक्रम राष्ट्रलाई दिए । आफ्नो देशलाई उन्नत राष्ट्र बनाउने उदेश्य भित्र लिएर उनले संसारभर भ्रमण गरे—भारत, चीन बेलायत, अमेरिका, पाकिस्तान, अफगानिस्तान, जापान, सोभियतरुश, फिलिपिन्स, न्यूजिलाण्ड, सिंगापुर, थाइल्याण्ड, स्वीटजरल्याण्ड, हंगेरी जर्मनी, ग्रीस, इटलि, फ्रान्स कोरिया, इत्यादि । आफ्नो देश भित्र त सबै क्षेत्रमा र दैलो दैलोमा गई जनताका पीर मर्का वुझ्नै रहन्थे । जनतालाई प्रेरणा र आत्म संमान प्रदान हुने खालका सुन्दर र सरल कविता तथा भाषणहरूले देशलाई समृद्ध पारेको छ । उनी संगीतज्ञ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले राष्ट्रका सबै कार्य प्रेणालीलाई लयवद्ध र तालवद्ध वनाउने धारणा संधै उनमा अन्तर्निहित रहेको हुन्छ ।

सव भन्दा ठूलो कुरा जस्तो श्री ५ पृथ्वीनारायण शाहले देशलाई जुन चैतन्य दिए त्यसले राष्ट्रलाई अझ सम्म जीवित पारि-राखेको छ, त्यस्तै श्री ५ महेन्द्रले यस देशलाई प्रेरणा दिएकाछन् जसले पृथ्वी रहुन्जेल राष्ट्रलाई अमर प्राण दिइराख्ने छ, जसको महान् वाणी छः—

"सदा सर्वदा देश र देशवासीकै लागि
ज्यूज्यान दिन सकुँ भन्ने नै मेरो
परमेश्वर सित एक मात्र पुकारा छ ।"

यो महान् वाणी प्रत्येक नेपालीको प्रातः काल जप्ने मन्त्र वनेको छ । यसैलाई हृदयले स्वीकार गरेर समस्त नेपाली संधै जीउन सके नेपाल निस्सन्देह निकट भविष्यमै समुन्नत राष्ट्र वन्दछ, यो निश्चय छ । २०२७ साल पौष १ गते निर्दलीय पञ्चायती व्यवस्थाले एक दशक पूरा भएको सुअवसरमा अव आगामी दशकलाई आर्थिक दशक बनाउने आह्वान भएको थियो । २०२८ साल माघ १७ विहान ३.४५ वजे भरतपुर दियालो बंगालामा स्वर्गारोहण भयो ।

राष्ट्रपिता उनको आत्मा सदा अमर छ, जव उनकै आत्मज श्री ५ वीरेन्द्रलाई आज हामी प्रजाले आफ्ना राष्ट्र नायक राजा तथा युग निर्माताको रूपमा पाई धन्य भएका छौं । हाम्रा राष्ट्र नायकको यो उद्गार छ—"प्राकृतिक वैभवले वञ्चित नभएको विश्वको एक अती सुन्दर हाम्रो देशको खेर गईरहेको जन शक्ति प्रयोग गरी देश-वासीको जीवनस्तर उठाउँदै लैजान हामीले विकासोन्मुख राजनैतिक प्रक्रियाको जग वलियो पार्दै लानु परेको छ ।"

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible] लाई अखण्ड र [illegible] बनाउने [illegible] रहेको हुन्छ।

[illegible] श्री ५ पृथ्वीनारायण शाहले [illegible] राष्ट्रलाई अझ सम्म जीवित पारि- राखेको छ, [illegible] यस देशलाई प्रेरणा दिएकाछन् [illegible] अमर प्राण दिइराख्ने छ। प्रसङ्ग [illegible]

[illegible] देशवासीकै लागि
[illegible] मेरो
[illegible] एक मात्र पुकारा छ।"

[illegible] प्रत्येक नेपालीको प्रातः काल जप्ने मन्त्र बनेको छ। [illegible] स्वीकार गरेर समस्त नेपाली सधैं जीवन [illegible] भविष्यमै समुन्नत राष्ट्र बन्दछ, यो निश्चय छ। [illegible] निर्दलीय पञ्चायती व्यवस्थाले एक [illegible] आगामी दशकलाई आर्थिक दशक [illegible]। २०२८ साल माघ १७ विहान [illegible] स्वर्गारोहण भयो।

[illegible] छ. अब उनकै आत्मज श्री ५ [illegible] राष्ट्र नायक राजा तथा [illegible] धन्य भएका छौं। [illegible] राष्ट्र नायकको यो [illegible] वैभवले वञ्चित नभएको विश्वको एक [illegible] प्रयोग गरी नेपालीको [illegible] हाम्रो विकासोन्मुख राजनैतिक [illegible] परेको छ।"

*

[illegible] म. वी. वि. शाह [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि म. वी. वि. शाहको कविता-यात्रा

—वासुदेव त्रिपाठी

कवि म. वी. वि. शाह (एम. वी. वी. शाह) नेपालका कवि राजा श्री ५ महेन्द्र (जन्म वि. सं. १९७७, राज्यारोहण वि. सं. २०११, राज्याभिषेक वि. सं. २०१३ र देहावसान वि. सं. २०२८) को कवि-व्यक्तित्वको नाम हो। किशोरकालदेखि नै कवि म. वी. वि. शाहले शास्त्रीय सङ्गीत, गायन र वाद्यवादनको अभ्यास गरेको र त्यसैको फलस्वरूप उनको गीति–चेतना उद्दीप्त भएको बुझिन्छ; सङ्गीत र गायनले गीत–रचनाको अपेक्षा गर्नु स्वाभाविक पनि देखिन्छ। स्वयम् कवि शाहले उल्लेख गरेअनुसार नेपाली प्रकृतिका सौन्दर्य–वोधवाटै कवि शाहको अभिव्यक्ति–चेतना कुतकुतिँदै आएको जानकारी प्राप्त हुन्छ भने सङ्गीत–गायनका अभ्यास र संस्कारवाटै त्यो अभिव्यक्ति गीति–कविता हुन पुग्यो। यसै पृष्ठभूमिमा वि. सं. २००३ सालतिर कवि शाहले आफ्नो प्रथम कविता लेखेको कुरा स्वयम् कविकै स्वीकारोक्तिवाट प्रकट भएको छ। त्यसैले वि. सं. २००३ देखि थालिई असमयमै अस्त जीवनका अन्तिम विन्दु २०२८ सालसम्म कवि शाहको कविता–यात्रा गतिशील रहेको छ। मोटा-मोटीमा यही २५ वर्षे समय नै कवि शाहको कविता–यात्राको अवधि हो।

कवि शाहका २००३ सालदेखिका प्रारंभिक कवितावारे हामीलाई ज्यादा जानकारी उपलब्ध छैन तापनि रचना–मितिको उल्लेख भएको उनको एक गीति–कविताको पाण्डुलिपि सुरक्षित रहेको जानकारी भने हामीलाई उपलब्ध छ र त्यो गीति-कविता हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'हे वीर ! हिँड अगी सरी' (रचनाकाल २००६।२।०५।७) । यस गीति-कवितालाई नै कवि शाहको सवभन्दा पुरानो उपलब्ध रचना मान्नु पर्छ । यसमा देशप्रेम, नागरिक चेतना र क्रान्तिकारी वीरताको स्वर गीति-तीव्रताका साथ सुसेलिएको पाइन्छ । यस कवितालाई कवि शाहको प्रथम कविता–संग्रह 'उसैको लागि' (२०१५) मा पनि सर्वप्रथम राखिएबाट समेत यही नै उनको सुरक्षित प्रथम कविता हो जस्तो बुझिन्छ ।

धेरैजसो समालोचकहरूले प्रिय पत्नी (युवराज्ञी श्री ५ इन्द्रराज्यलक्ष्मीदेवी) का निधनको फलस्वरूप युवराज श्री ५ महेन्द्र (कवि म. वी. वि. शाह) का युवा हृदयका प्रणयोच्छ्वास र शोक-सन्तप्तताबाटै कवि शाहको कविताको मूल प्रस्फुटित भएको उल्लेख गरेका छन् । "उसैको लागि" (२०१५) को अन्तरङ्ग अध्ययन गर्दा पनि अधिकांश कविताका अन्तः- साक्ष्यबाट यस धारणाको पुष्टि हुन्छ भने कवि शाहले पनि व्यक्तिगत जीवनका घटना-क्रमबाटै उनको 'कलम जगैदेखि रसाएको' कुरा बताई यसै वास्तविकतातर्फ सङ्केत गरेको अनुभव हुन्छ । वस्तुतः कवि शाहका दुई कवितासङ्ग्रह 'उसैको लागि' र 'फेरि उसैको लागि' का नामकरणबाट सङ्केतित 'ऊ' कविकी प्रथम पत्नी नै हुन् र उनैको संस्मृनाको मधुर विषादकै स्रोतबाट कवि शाहको कविता–मूल उत्प्रेरित रहेको कुरा समेत स्मरणीय छ । यस सन्दर्भमा कवि शाहको कविता-लेखन २००३ सालतिरै थालिनाका साथै २००६ सालमै 'हे वीर ! हिँड अगी सरी' जस्तो मार्मिक गीति-कविता लेखिए पनि पत्नीशोक (२००७ साल भदौ) बाटै कवि शाहको कविता-यात्रा खास उद्दीप्त वा प्रवर्तित भएको कुरा पनि स्पष्टिन आउँछ ।

वि. सं. २००३–२८ वा भक्र वि. सं. २००७–२८ को अवधिको यस कविता-यात्रा अन्तर्गत कवि शाहका गीति-कविताका दुई सङ्ग्रह 'उसैको लागि' (प्रथम संस्करण २०१५; परिवर्धित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय संस्करण २०१८ र परिवर्धित तृतीय संस्करण २०१९) र 'फेरि उसैको लागि' (२०२१) प्रकाशित भएका छन् र उनका त्यसपछिका गीत-कविता प्रत्र–पत्रिकामै छरिएका, केवल गाइएका वा अप्रकाशित नै पनि रहेको अनुभव हुन्छ। त्यसैले कवि शाहले जम्मा तीन सङ्ग्रह हुने गीत-कविताको रचना गरेको देखिन्छ भने 'उसैको लागि' का प्रथम संस्करणमा ५१ (परिवर्धित द्वितीय संस्करणमा ५५ र परिवर्धित तृतीय संस्करणमा ७५) गीत रहेको र 'फेरि उसैको लागि' मा ५१ गीत ('उसैको लागि' को प्रथम संस्करणमा बाहेक अन्य पुराना गीतहरू समेत समावेश गरी) रहेबाट र त्यसपछिका गीतका संभाव्य, सङ्ख्याको मोटामोटी हिसाब गर्दा उनले पुगनपुग 'डेढ शस' गीत-कविताको रचना गरेको पाइन्छ। श्री ५ महेन्द्रको व्यस्त राजकीय जीवनका फुर्सदका प्रेरणाप्रद घडीहरूमा सृजनारत कवि म. वी. वि. शाहका खास गरी वि. सं. २००७–२८ का २२ वर्षका सीमित समयको कविता-यात्राका दृष्टिले पुगनपुग 'डेढ शय' गीत-कविताको यो सृजना-परिमाण उल्लेखनीय ठहर्दछ।

कवि म. वी. वि. शाहको कविता-यात्राको पूर्वार्धको प्रतिनिधित्व 'उसैको लागि' (२०१५) का कविताले गर्दछन् र यसलाई कवि शाहको प्राथमिक र आभ्यासिक किन्तु आधारभूत कविता-प्रवृत्तिको प्रस्फुटन भएको त्यस्तो अवधि ठान्न सकिन्छ जसमा उत्कृष्ठ प्राप्तिका सङ्केतका साथै अभिव्यक्तिगत कसरमसरको पनि संयुक्त अनुभव प्राप्त हुन्छ। कवि शाहको यसपछिको कविता-यात्रालाई उनको कविता–यात्राको उत्तरार्ध ठान्न सकिन्छ र त्यसको प्रतिनिधित्व 'फेरि उसैको लागि' (२०२१) तथा उत्तरवर्ती फुटकर गीत–कविताले गरेका छन् र यसलाई कवि शाहका गीति–कविताका लय र भाषाले तथा भाव–धाराले प्राप्त गर्ने क्रमिक परिमार्जन प्रक्रियाको त्यस्तो अवधि ठान्न सकिन्छ जसको नियति कवि शाहको आकस्मिक देहावसान (२०२८) ले गर्दा खास टुङ्गोमा नपुगी बीचैमा टुङ्गिनुका रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखा पऱ्यो ।

अर्को किसिमले पनि कवि म. वी. वि. शाहको कविता-या को विकास–क्रमको वर्गीकरण वा चरणविभाजन गर्न सकिन्छ । उन कविता–यात्रामा तीन मुख्य मोड वा तीन चरण देखा पर्छन्– (प्राथमिक अवस्था वा प्रथम चरण; (२) मध्यवर्ती अवस्था वा द्वि चरण र (३) अन्तिम अवस्था वा तेस्रो चरण । प्रथम च (२००३–२०१५) को प्रतिनिधित्व गर्ने सङ्कलन हो 'उसैको ला (२०१५) र यसबाट कवि शाहका लय, भाषा र भावधारा प्राथमिक प्राप्ति र त्रुटिका साथै संभाव्यताको दिग्दर्शन भएको दोस्रो चरण (२०१६–२१) को खास प्रतिनिधित्व गर्ने सङ्ग्रह 'फेरि उसैको लागि' र यसमा कवि शाहका लय, भाषा र भावधा आभ्यासिकताको अवस्था पार गर्दै विकासोन्मुख अवस्थामा छन् यसलाई कवि शाहको समुच्चा कविता–यात्राको मध्यवर्ती अव मान्नको कारण पनि यस चरणमा आभ्यासिकतावाट परिमार्जनतर्फ क्रमिक सङ्क्रमणको प्रक्रिया चालू रहनु नै हो । यस चरणमा शाहका कवितामा कसर कम छन् भने प्राप्तिका साथै प्राप्त गर्न वा संभाव्यताको आभास पनि प्रकट हुन्छ । तेस्रो चरण (२०२२–२ कुनै सङ्ग्रह अन्तर्गत कवि शाहका गीत–कविताको सङ्कलन न सकेको चरण हो र यसको अधूरो नियति यसबाट पनि झल्कन्छ त्यसैले यो चरण कवि शाहको कविता–यात्राको अन्तिम अव भएर पनि अधूरै रहन गएको चरण हो । यस चरणमा लय, भाषा भावधाराका दृष्टिले म. वी. वि. शाहको कवित्व परिमार्जन–उन् देखापर्छ; भलै सबै गीत–कविता स्तरीय नहुन् तर ती आफ्ना स्त परिमार्जन–उन्मुख रहेका छन् । यस चरणमा रचिएका भा सघनता, र अभिव्यक्तिका कौशलका दृष्टिले अत्यन्त सशक्त र परिमार्जित भन्न सकिने खास गीत-कविता हुन्– 'छाडेको बास', मान्छे कस्तो छ ?', 'यौटा मेशीन' र 'नेपाली साहित्य रित्तिंदैन'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि शाहका कविता–यात्राका विकास–प्रक्रियाका सूक्ष्म अध्ययनका साथै मूल प्रवृत्ति र प्राप्ति तथा मूल्यका निरूपणका निम्ति चाहिँ यस कविता–यात्राका प्रत्येक चरणको सूक्ष्मावलोकन अपेक्षित छ। यो लेख क्रमशः त्यसै दिशातर्फ उन्मुख हुन खोज्दछ।

प्रथम चरण (२००३–२०१५) अन्तर्गतका कवि शाहका व्यक्तिगत र राजकीय जीवनका प्रमुख घटनावाट यो चरण प्रभावित भएको छ। शास्त्रीय सङ्गीत, गायन र वाद्यवादनका संस्कार र अभ्यासवाटै कवि शाहको गीति–चेतना प्रवुद्ध भएको हो भने राणाकालीन दरवारका गजल–भजनकै सङ्गीत–गायनका परिवेशले गर्दा 'उसैको लागि' (२०१५) मा सङ्कलित अधिकांश कविताले गजल-भजनका मात्रिक लयलाई अँगालेका छन्। यो लयविधान ज्यादा नियमित नभई अपेक्षाकृत स्वच्छन्द रहे पनि मोतीरामकालीन वा मध्ययुगीन गजलको प्रभाव कवि शाहका प्राथमिक कवितामा प्रचुर मात्रामा देखापर्छ। यस चरणका गीति–कवितामा ठर्रो वा तत्सम भाषा आंशिक रूपमा अँगालिए पनि उर्दू प्रभावित पदावलीको मात्रा पनि निकै हुनु समेत दरबारिया सङ्गीत–गीतकै प्रतिच्छाया ठहर्दछ। प्रकृतिको सौन्दर्य–वोधबाट कवि शाहको अभिव्यक्ति-चाहना कुत्कुतिए पनि दरवारवाट दूर दृष्ट प्रकृतिको स्थूल चित्रणकै वाहुल्य यस चरणका प्रारंभिक कवितामा पाइन्छ। २००७ सालको राष्ट्रिय क्रान्तिका प्रक्रियाका सहभागी युवराजका रूपमा राष्ट्रिय र सामाजिक सचेतता कवि शाहका 'हे वीर! हिँड अगी सरी' (२००६) जस्ता केही कवितामा रहे पनि मूलतः आफ्नी पत्नीका दुःखद् निधन (२००७ साल भदौ) का फलस्वरूप लहराएको प्रणय–स्मृति (संभोग र विप्रलंभ शृङ्गार) का साथै करूण मनोभाव तथा स्थूल आध्यात्मिकताको पुट परेको भक्ति–भावनाकै परिधिमा 'उसैको लागि' का तिकै कविता रिँगेका छन्। २००९ सालमा दोस्रो विवाह (युवराज्ञी श्री ५ रत्नराज्य लक्ष्मीदेवीसँग) भएपछि भने क्रमशः पूर्वशोक मत्थर भई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'प्रणयका नयाँ चन्द्रमा' उदाएको र कवि शाहको शृङ्गारिक चे
सँग्लिएको र त्यसवाट प्रणयका नयाँ रागिनीको गुञ्जन उ
कविताले पाएको अनुभव हुन्छ। २०११ सालमा श्री ५ महेन्
राज्यारोहण भयो भने २०१३ सालको राज्याभिषेकपछि २०१३-
सालमा मौसूफको देश-दर्शन अभियान चालू भयो। यसवाट
शाहका कवितामा पनि राष्ट्रिय चेतना र सामाजिक सचेतताका
नेपाली प्रकृतिका विविध छटा र नेपाली लोक-लयका कतिपय भ
र नेपाली भाषाको ठर्रो पदावलीको सञ्चारको क्रमिक प्रक्रिया था
एको छ; तर 'उसैको लागि' कविता-सङ्कलन (२०१५) अन्त
यस्ता कविताको सङ्ख्या निकै कम र पूर्ववर्ती कविताकै प्राध
रहेको छ।

मोटामोटीमा कवि म. वी. वि. शाहको कविता-यात्र
प्रथम चरण (२००३-१५) लाई पनि तीन उपचरणमा बाँड्नु
देखिन्छ- (क) २००३-६; (ख) २००७-११ र (ग) २०१२-
पहिलो उपचरण (२००३-६) मा कविता-लेखनको प्रक्रिया अ
कुवकल मात्र कुलिकनाका साथै त्यसमा राष्ट्रिय र सामाजिक चे
का साथै स्थूल प्रकृति-प्रेम रहेको बुझिन्छ। दोस्रो उपच
(२००७-११) का रचनावाट गजल-भजनको मोतीरामका
भन्नु पर्ने लयका साथै उर्दू-प्रभावित भाषामा संभोग र विप्
शृङ्गारका स्मृतिका साथै प्रणय-शोक तथा भक्ति भावको र
प्रणयको पनि प्राथमिक र आभ्यासिक किन्तु कसर-मसर हुँदा
पनि आफ्ना स्तरमा पर्याप्त गीतिपूर्ण र मार्मिक रचनाको सिल
भने बसेको पाइन्छ। कवि शाहको गीति-कवित्वको खास आ
शिला पनि यसै उपचरणमा संस्थापिका भयो। तेस्रो उपच
(२०१२-१५) मा कवि शाहको गीति-कविता-यात्राको दो
प्रक्रिया चलेको देखिन्छ। यस अवधिमा वा उपचरणमा ए
उनीद्वारा रचित गीतहरु सङ्गीतवद्ध हुनाका साथै गायकहरूका क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माध्यमवाट गाइने र रेडियो नेपालबाट प्रसारित भई जन–समक्ष आउने र लोकप्रिय हुने प्रक्रियाको प्रारंभ भयो भने अर्कातर्फ उनका नव-रचित गीत चाहिं लोक-लय, र्झरो र तत्सम शव्दको बाहुल्य, राष्ट्रिय र सामाजिक चेतना तथा प्रकृति–चित्रणका साथै स्वच्छ शृङ्गारका प्रवृत्तिले कुत्कुतिने नवीन प्रक्रिया पनि आभासित हुन थाल्यो । श्री ५ महेन्द्रका राजकीय व्यक्तित्वका पृष्ठभूमिले गर्दा कवि शाहका गीतहरु नेपालका सङ्गीतकार र गायकहरूमा नेपाली गीतप्रति अनुराग उमार्नाका साथै नेपाली शिष्ट समाजमा समेत त्यसप्रति अभिरूचि जगाउनामा सार्थक प्रेरणा–स्रोत भएवाट नेपाली गिति–वातावरणका निर्माणमा पनि गीति–कवि शाहको उच्च योगदान रहेको कुरा स्मरणीय छ र यस दृष्टिले पनि कवि शाहको कविता–यात्राको प्रथम चरणको यो तेस्रो उपचरण महत्त्वपूर्ण रह्यो भने प्रवृत्तिगत दृष्टिले चाहिँ कवि शाहको कविताको दोस्रो चरण (२०१६–२१) अलिकति पूर्वोन्मेष वा पूर्वाभास पनि यस उपचरण मा देखिन्छ ।

कवि म. वी. वि. शाह मूलत: भावुक गीति–प्रतिभाका उपज कवि हुन्; सङ्गीत र गायनको उत्पत्ति वाहेक कविता र गीतको खास शास्त्रीय युत्पत्ति भएका गीति-कवि उनी होइनन् अनि श्री ५ महेन्द्रका राजकीय व्यक्तित्वका फुर्सतका प्रेरणापूर्ण घडीहरुमा सृजना-शील कवि शाह प्रचुर अभ्यास वा साधनाका धनी गीति–कवि स्वत: होइनन् । त्यसैले गीति–कविताका लय, पदावली, शिल्प–प्रविधि, भावविन्यास तथा संरचना र निर्माण–प्रक्रियाका तत्त्वको खोजी र प्रयोग गर्ने विशेष सचेत प्रयास उनी त्यति गर्दैनन्; आन्तरिक प्रेरणालाई सहज र स्वत:–स्फूर्त अभिव्यक्ति दिनु नै उनको गीति–कविताको मूल धर्म हो जसले गर्दा उनका गीतहरू आन्तरिक अनु-भूतिको प्रवलता वा दुर्वलता र स्वत: स्फूर्त अभिव्यक्तिका नैसर्गिक समृद्धि वा शिथिलताको मात्रा अनुसार नै साधारण, मध्यम वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशिष्ट स्तरका रहेका छन् र गीतकारका निर्माण–कुशलताका अतिरिक्त लाभवाट प्राय: वञ्चित छन् । राष्ट्रका नवीन युगका रचनामा व्यस्त महान् राजा श्री ५ महेन्द्र कवि राजा समेत हुनु नै गौरवको विषय हो; कवि राजावाट गीति–समर्पित गीतकारलाई प्राप्त हुने विधागत कौशलको उपार्जन र विशेष प्रयोग खास संभाव्य होइन पनि । कवि शाहको कविता–यात्राको प्रथम चरणका सहज-स्वत: स्फूर्त ५१ गीतमध्ये केही साधारण र धेरै जसो मध्यम स्तरका छन् भने केही गीत चाहिं उत्कृष्ट पनि छन् । यस्ता आधा दर्जन जति उत्कृष्ट गीति–कविता हुन्– 'हे वीर ! हिंड अगी सरी', (राष्ट्रिय-सामाजिक सचेतता ठुक्कने क्रान्तिकारी वीर रसको स्पर्श भएको गीतिमय कविता); 'गर्छिन् पुकार आमा' (सामाजिक विषमताको पीडा व्यक्त गर्ने मार्मिक गीत), 'आँधी विचको विचरी चरी सरी' (प्रणयको करूण गीति), 'तितरी पङ्खी वादलुमाथि' (प्रकृति-गीत) 'मनले धाएर आएँ प्रभु' (भक्तिभावको गीति) र 'आकाशका तिर्मिरे तारा' (प्रकृति–स्पर्शित प्रणय–गीत) ।

कवि म. वी. वि. शाहको कविता–यात्राको दोस्रो चरण (२०१६–२१) को प्रथम प्रमुख घटना हो 'उसैको लागि' (२०१५) गीति–कविता–सङ्ग्रहउपर समालोचक तानाशर्माको आक्रमण र अन्य समालोचकहरुका अपेक्षाकृत कोमल र मूलत: गुणदर्शी समालोचना । मूलत: गीतकार शाहका गजलको लय, उर्दू–प्रभावित भाषा र भावको साधारणता र अभिव्यक्तिको शिथिलताकै दोष–दर्शन ताना सर्माद्वारा गरिए पनि उनका गीति–गुण र गीति–कवित्वका प्राप्ति र संभावनातर्फ औंल्याई प्रतिवादी समालोचकहरुले गुण-दर्शनमा नै विशेष रूचि लिएको पाइन्छ । यसवाट समष्टिमा कवि शाहका गुण–दोष वा प्राप्ति–अप्राप्ति दुवैको अन्दाज हुनाका साथै २०१७ सालदेखि उनी नेपाली समालोचनाका क्षेत्रमा वहुचर्चित समेत हुन गए; आफ्ना कवितागत कमजोरीको निराकरण गर्दै त्यसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुण–पक्षको संवर्धन गर्ने प्रवल प्रेरणा पनि यस दङ्गलवाट स्वाभाविक रूपमा कवि शाहलाई प्राप्त भयो। उनका कविता–यात्राको दोस्रो चरण वा मध्यवर्ती अवस्था (२०१६–२१) मा गजल–शायरी तत्त्व वा उर्दू–प्रभावित भाषाको प्रभाव समाप्त हुनाका साथै भाव–भाषा र लय–अभिव्यक्तिमा नयाँ प्रवृत्तिको र क्षमताको सञ्चार हुने प्रक्रिया प्रवल हुनामा उपर्युक्त समालोचना–प्रतिसमालोचनाको उल्लेख्य भूमिका रहेको अनुभव हुन्छ।

कवि शाहको कविता–यात्राको दोस्रो मोड वा चरण अन्तर्गत उनको राजकीय जीवनको महत्त्वपूर्ण घटना हो पञ्चायती व्यवस्थाको प्रवर्तन (२०१७)। यसपछिका राजकाज र देश–दर्शन तथा विकास अभियानका साथै सांस्कृतिक जागरणका क्रममा श्री ५ महेन्द्रका व्यापक संलग्नता र अनुभव तथा सोच–विचारका साथै सूक्ष्म गद्य अभिव्यक्तिका अभ्यासवाट कवि शाहको राष्ट्रिय, सामाजिक र सांस्कृतिक चेतना समुद्दीप्त हुनाका साथै उनले सूक्ष्म प्रकृति-तादात्म्य आत्मपरक भावोन्मेष, लोक-गीतको रन्को रन्किएको गीति–चेतना तथा ठर्रा र तत्समका शब्दका सन्तुलनमा आधारित स्वच्छ पदावली र अभिव्यक्ति–शक्ति क्रमशः प्राप्त गर्न लागेको पइन्छ। अव कवि शाहका कवितामा महाकवि देवकोटाका युगको स्वच्छन्दतावादी–प्रगतिवादी गीति–कविता–धाराको भावाभिव्यक्तिको प्रक्रियाको आभास क्रमशः प्रकट हुन थाल्दछ। प्रथम चरणका प्राथमिक र आभ्यासिक अवस्थाका कसर–मसर पार गर्दै परिमार्जन–उन्मुख मध्यवर्ती स्थिति नै यसै चरणको मूल विशेषता हो। कवि शाह सहज अनुभूति र स्वतः–स्फूर्त अभिव्यक्तिकै शक्ति–सीमामा रम्ने गीति–कवि हुनाले यतिखेर उनका कवित्व र प्रवृत्तिको सामान्य विकासको प्रक्रिया गतिशील रहे पनि उनका कविताका स्तरमा भने अझै आरोह–अवरोहको स्थिति देखापर्छ; यस चरणमा विशेषतः राष्ट्रिय, सामाजिक र सांस्कृतिक परिप्रेक्ष्यको रन्को बढी परेको साधारण वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यम स्तरका अभिव्यक्तिकै प्राचुर्य रहे पनि लय र भाषाको स्वच्छता भने निरन्तर बिकासशील रहेको छ र प्रकृति-प्रेयसीको स्वच्छ शृङ्गारको अभिव्यक्ति पनि चहकिँदैछ अनि मध्यम स्तरका गीति-कवितामै पनि बीच-बीचमा उच्च झिल्का देखिन लागेको पाइन्छ।

यस दोस्रो चरणलाई पनि दुई उपचरणमा बाँड्न सकिन्छ (क) पहिलो उपचरण (२०१६-१८) र दोस्रो उपचरण (२०१९-२१)। पहिलो उपचरण 'उसैको लागि' (२०१५) का आलोचना र प्रतिवाद तथा त्यसबाट कवि शाहको कवित्वले खारिने उपक्रम थालिएको अवधि हो। दोस्रो उपचरणमा भने उनी स्वच्छन्दतावादी-प्रगतिवादी गीति-प्रवृत्ति अंगाल्दै, स्वच्छ लय र भाषा प्राप्त गरी गीति-कवित्व माऊन प्रवृत्त भइरहेको अनुभव हुन्छ; यसै सन्दर्भमा श्री ५ महेन्द्रको 'रारा यात्रा' (२०२०) र त्यसको कवितात्मक असर समेत स्मरणीय छ। यी दुवै उपचरणको प्रतिनिधित्व 'फेरि उसैको लागि' (२०२१) का कविताले गरेका छन् भने यतिखेर गीति–पुट परेको गद्य-कविता पनि यदाकदा लेख्दै गीतका साथै कवितातर्फ पनि कवि शाहको झुकाउ प्रकट भएको छ। यस चरण (२०१६-२१) का विशेष उत्कृष्ट गीत-कविता हुन्–'कसले छान्यो। तिमीलाई प्रिया ?'. 'देशको माटो', 'रारा कि अप्सरा ?' आदि।

कवि शाहको कविता-यात्राको अन्तिम चरण (२०२२-२८) अन्तर्गत पनि श्री ५ महेन्द्रको देश-दर्शन प्रक्रिया चालु नै रहेको पाइन्छ र मौसुफका राष्ट्रिय, सामाजिक र सांस्कृतिक सचेतताका साथै निर्माण-विकासको अभियान पनि गतिशील नै रह्यो; यिनको स्वर यस चरणका कवितामा पनि सुनिन्छ। भावको घनत्व र राष्ट्र तथा जीवन-जगत्संबन्धी सूक्ष्म चिन्तन वेलावखत प्रकट हुनु अनि लय र भाषाको स्वच्छता उत्तरोत्तर बढ्दै जानु नै यस चरणको परिमार्जन-उन्मुखताको लक्षण हो। समालोचक ताना शर्माले आफ्नो पुरानो धारणामा अन्तर्निहित त्रुटिहरु महसुस गरी कवि शाहका गीति-कविताको गुण-दर्शन गर्नु (२०२२) यस चरणको उल्लेखनीय घटना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो । २०२४ सालमा श्रीं ५ महेन्द्रका गाथमा 'मुटुको व्यथा' को आक्रमण हुनु चाहिँ यस चरणको केन्द्रीय घटना हो र यसबाट कवि शाहको अन्तर्हृदयमा मृत्युबोध र आत्म-सङ्कल्पको द्वन्द्वको सञ्चार भएबाट उनका संवेदना-शक्ति, गीति-चेतना र अभिव्यक्ति-क्षमता विशेष रूपमा उद्बुद्ध भएका क्षणहरू पनि देखा परेका छन् । यदाकदा गद्य-कविता गीति-पुटका साथ प्रस्फुटित हुनु, प्रकृति-प्रेयसीको मोहक प्रणय-सञ्चेतना प्रकट हुनु, प्रकृति र जीवनको निगूढ तादात्म्यको अनुभव अभिव्यक्तिनु, प्रतीकात्मकताका साथ जीवन-रहस्यको अनुभूति मुखरित हुन आउनु, राष्ट्रिय, सामाजिक र सांस्कृतिक सूक्ष्म राग गुञ्जनु अनि मन:स्थितिका ज्वारमा अभिव्यक्ति-प्रक्रिया लपेटिनु जस्ता स्वच्छन्दवादी सूक्ष्म प्रवृत्तिको पनि सञ्चार प्राप्त गरी कवि शाहका कविता पर्याप्त परिमार्जन-उन्मुख र विशिष्ट समेत देखा पर्नु नै यस चरणको मूल उपलब्धि वा विशेष प्राप्ति हो । सहज तथा स्वत: स्फूर्त कविको विषय कविता-स्तर यस चरणमा पनि प्रकट हुन्छ; साधारण स्तरका गीत-कविताको कमी र मझौला स्तरका गीत-कविताको प्रचुरताका माझ विशेष उत्कृष्ट चार-पाँच गीत-कविता कवि शाहद्वारा यस चरणमा रचिएका छन् । ती विशेष उत्कृष्ट गीत-कविता हुन्-'छाडेको वास', 'त्यो मान्छे कस्तो छ ?', 'यौटा मेशीन' र 'नेपाली साहित्य रित्तिँदैन' । 'मुटुको व्यथा' को घटना (२०२४) लाई केन्द्र विन्दु वनाएर अन्तिम चरण (२०२२–२८) का दुई उप-चरण (क्रमश: २०२२-२३ र २०२४-२८) स्वीकार्न, पनि सकिन्छ; तर २०२३ सालमै यस चरणका दुई विशेष उत्कृष्ट गीत-कविता 'छाडेको वास' र 'त्यो मान्छे कस्तो छ ?'' रचिएकाले त्यो उपविभाजन त्यति आवश्यक देखिँदैन । यस चरणको अन्तिम घटना हो 'मुटुको व्यथा' द्वारा नै कवि म. वी. वि. शाह वा श्री ५ महेन्द्रको असामयिक देहावसान । यसवाट कवि शाहको सर्वाधिक दीप्तिपूर्ण र परिमार्जन-संम्भावनाले समुज्ज्वल यो चरण अधूरो भएर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तिम हुन पुग्यो ।

तीन गीति-कविता सङ्ग्रह हुने पुगनपुग १५० जति गीत कविताको रचना गर्नाका साथै लगभग एक दर्जन विशेष उत्कृष्ट गीत कविताको सृजना गर्ने कवि राजा श्री ५ महेन्द्र वा कवि म. वी. वि शाह (एम. बी. वी. शाह) नेपाली कविताका स्वच्छन्दवादी-प्रगतिवादी युगका गीति-कविताको फाँटका चिरस्मरणीय प्रतिभा हुन् । गीतकार म. वी. वि शाह नेपाली गीति-जगत्मा अमर छन्, लोकप्रियता नै त्यो अमरता हो ।

प्रमुख सन्दर्भ ग्रन्थ

१. उत्तम कुँवर, स्रष्टा र साहित्य (तृतीय संस्करण), साझा प्रकाशन (काठमाडौं २०३७); पृ. २४६-५३ र ३५१-५२ ।

२. एम. वी. बी. शाह, उसैको लागि, काठमाडौं (२०१५, २०१८, २०१९) ।

३. एम. बी. वी. शाह, फेरि उसैको लागि (तृतीय संस्करण), साझा प्रकाशन (काठमाडौं २०३०) ।

४. मदन पुरस्कार पुस्तकालय, मदन-सौरभ, मदन पुरस्कार पुस्तकालय (ललितपुर २०३१), पृ. २८ ।

५. तानासर्मा, नेपाली साहित्यको इतिहास, सहयोगी प्रकाशन (काठमाडौं २०२७); पृ. १८४-८५ ।

६. बासुदेव त्रिपाठी, सिंहावलोकन (द्वितीय संस्करण), साझा प्रकाशन, (काठमाडौं २०३२), पृ. २७७-८६ ।

७. श्री ५ को सरकारको छापाखाना (मुद्रक), कृपापूर्ण उद्गार काठमाडौं (२०२१) ।

८. सत्यमोहन जोशी, महेन्द्र-स्मृति ग्रन्थ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (काठमाडौं २०२९) ।

❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गीतकार कवि म. वी. वि. शाह

धर्मराज थापा

राजाले पनि साहित्य संगीत कलाको अमर पथमा एक्लो यात्री बनेर मुलुकभित्रको वागडोर (लगाम) खिच्तै राष्ट्रलाई उंभो उठाउने र आफ्नो जटिल जिन्दगीलाई सरस र सुन्दर पार्न सकिन्छ भन्ने उदाहरण स्वर्गीय गीतकार कवि म. वी. वि. शाहका कीर्तिशाली जीवनीवाट पाउन सकिन्छ।

१०४ वर्ष सम्मको निरङ्कुश राणा शासनले जनताको रगत चुसी शोषण गरेको नीजि ऐश्वर्य विदेशका बैंकहरुमा लगेर जंमा गर्ने गर्दथे। नेपालका राष्ट्र सेवक भनाउँदा ती सामन्त रजौटाहरुले आफ्नै नीजि स्वार्थको ढुकुटी भर्न यो देश नै अर्कालाई सुम्पिने आशङ्का हुन थाल्दछ।

नेपालका डाँडाँकाँडामा प्रजातन्त्रको घाम लागिसक्ता पनि राज्यभित्रको परिस्थिति डरलाग्दो बनेर गुज्रिरहेको हुन्छ। ती नीरह गरीव जनताका आँसुको समुन्द्रमा सामन्ती मनोवृत्तिका पृष्ठपोषक जाली फेलीशोषकहरुको जंगी जहाज काठमाडौंको खाल्टो भित्र मात्र हैन मेची देखि महाकाली सम्मन चलिरहेको बहुमुखि प्रतिभाशाली कविका दिव्य दृष्ट्रिले देख्छ। तव के थियो र स्वतन्त्र गतिमा गीतका यसरी भुल्का फुटन पुग्दछन्।

गर्छिन् पुकार आमा रोईकराई जोडले
होईन मेरो भन्छिन् सन्तान थरी–थरीका
कोही धनी असाध्ये कोही गरीव माग्ने
सक्तिन हेर्न भन्छिन् सन्तान थरी–थरीका

गजल छन्दमा कवि मोतीराम र भीमनिधिहरुकै सहज मार्गमा कविको हृदयधारा भुमरी फुटाउँदै बग्न थाल्दछ। भित्र भित्र शोषणले चुसेर यो खोक्रो हुंदै गैरहेको छ "हेर हेर यही हो नेपाल ... ...

नपार देश यो खोक्रो ऐश्वर्य ओसारेर
न सुम्प देश अर्कालाई आफ्नो स्वार्थ पुऱ्याएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता देश प्रेमका क्रान्तिकारी भावधारा महलभित्रै देखि फुटाउँदै पुराना सँ गलेका अन्ध परंपराका बिचारका पात पतिङ्गर उडाउने हुरी बोकेर उन उदय हुन्छ ।

नेपालका कुना कुना–बन खोला भन्ज्याङ पाहाड सुनौली हिमालय काँधकाँधदेखि स्वतन्त्रले निर्भय पूर्वक आफ्नै प्रकृतिको काखमा प्रकृतिकै मा र ममता पाई मुस्कुराउँदै फूल्न जमर्को गरेका लालगुरांसे नेपालका नयाँ तन्नें तरुनीको प्रतिभा स्वतन्त्र र निर्भयता नै व्युझाउन जनताकै स्वच्छन्दता कविता महोत्सवको पहिलो समुद्घाटन गर्न गीतकार कवि म. वी. वि. शा चतुर्मुखी ब्रह्मका फैं अवतरित हुनुहुन्छ ।

प्रज्ञा भवन समुद्घाटनका दिन कवि श्री माधव घिमिरेजीले गाए छन्:–

आलोकको यो अलकापुरीमा
वत्ती नकाँपोस् कहिल्यै धु·ँमा
भनी हवेली कसले बनायो ?
राजै ! के तिम्रो कवि कल्पना यो

मह जम्मा गर्ने घारको खोजीमा भुनभुनाउँदै उडेर आएका मौरी हूलले रानुकै पछि लागि छङ्गाछूर भिरको ओडारमा टाँस्सिएर आश्रय लि पुगे फैं नेपालका थरी थरी जातिले चीना पर्चो गर्ने वोलीचालीको माध्यम बाइसे चौबिसे, भूरेहरूको भेक भेक थुम, दरा, गोर्खा जिल्ला टोला मोहल्ला परिचित हुंदै छरिएको "१ मातु वोलीको स्वाङ" "२ के गोरखाली के गढवा हामी सब हौं नेपाली" भाषालाई आदिकवि भानुभक्तले रामायण जस्तो म काव्यको हृदयस्पर्शी नेपाली साहित्य संगीतको धारामा मूल फुटाइदिए । हा नेपाली काव्य जगतको मौलिक धरातल चमत्कार ढङ्गले उच्च सगरमा हिमालयको रूपमा उठेर प्रतिष्ठापन हुन पुगेको हो ।

'कविरेव प्रजापति' भैं हाम्रा भानु नेपाली चेतनशील विकासका ढुक ढुकीभित्र स्रष्टाको रूपमा पुजीत हुन पुगे । कविले जस्तो शृष्ठि गर्छ उस्तै कल्पना गर्छ । जग खन्दै र अक्षरका पर लालित्यका छपनी कुँ लैजाँदा सिर्जना उस्को सुन्दर भव्य महल वनेर गजुर वसाल्न पुगेको कवि पत्तोहुँदैन । उसले आँटिदियो भने यस पृथ्वीका संपूर्ण हिम शृङ्खलाहरू लोकमा लगेर उभ्याइदिन सक्छ । कविले चाहे देश प्रेमको लागि गाओस्,

१) स्वर्गीय श्री सममणि आदि २) श्री वालकृष्ण सम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरह वियोगको लागि धरधर्ती रोओस् ३ लोचनका तारा ! हे मेरा प्यारा!! 'यो जाति विलाए, के भनुं भन्ने म केही थिइन विषनै पिलाए ।" भन्दै नछोडि जानुस् म एकली चरी हुन्छु, यो मनको वनमा अखण्ड सल्कीरहने डढेलो लगाएर मलाई छोडेर नजानोस भन्ने मदनकी मुना र "४ जियविनु देह नदी विनु बारी तैसिय नाथ पुरुष विनु नारी" भन्ने श्रीरामकी सीता यी दुवै कविका विछोडका उद्गारहरू त्यत्तिकै जोड्दार उपमा र अलङ्कारमा प्रस्फुटित हुँदै आफ्ना सृष्टि सिर्जनाका अनुरूपि काट्तै जान्छन् ।

यी कविहरु आपना भावनाका ज्वालामुखी अनुभूति पूर्ण रोदन व्यथाहरूका माध्यमबाट कसरी फुटाउँदै जान्छन् भन्ने कविका भावना संसारमा यात्रागर्ने पारखीहरूले नै थाहा पाउँछन् । सत्य र असत्य मौलिक र अमौलिक विचारको दूध पानी छुट्याउने हंसलाई हामी हाम्रा कवि कलाकारका कीर्तिहरुका सच्चा समालोचक काव्य मिमांसाका राजशेखर भन्दा पनि अरू सार्थक नामले आदर गरी सज्जनका सभामा उभ्याउन समर्थ हुन सक्तछौं तर खेदको कुराछ यस ठाउँमा त्यस्तो हंस पाउन खोज्नु पर्छ !

आदिकवि भानुभक्तीय रामायणको प्रकाशन र उनका जीवनीको परिचय मात्र हैन, नेपाल–प्रकृतिसित एक जिउभएर जन जीवनका सुख दुःखको भाव तरंगमा वयली खेल्दै वग्ने चैतन्यका झुल्का कविप्रतिभा लेखकहरुको प्रादूर्भाव भैरहोस् भनेर नै आफु जोत्तिदा जोत्तिदै यसै कान्तिपुरका फाँटमा अल्पवयमै ढल्ने कवि मोतीराम भट्ट हुन् । उनले नेपालको हृदयमा रेखाङ्कित पारेर छोडेका अमर धर्साहरु कर्णाली कोशी गंडकी नदी जत्तिकै प्रवाहित भैरहेको पाउँदछौं ।

कुनै घर परिवारको अभिभावकले नयाँ शिशुको जन्मदिएर मात्र दायित्व पूर्ण हुँदैन । ती जन्मेका लालावालालाई उचित शिक्षा दीक्षादिन सकेमात्र जीवन जगतको भविष्य उज्ज्वल हुन्छ । नत्र–५"वतास विनु हाँगाको फूल झैं झरी गएको ।" जस्तै सडाई गलाई पयाँक्नु परेछ भने वेहोशी शृष्ठिको धामा त्यो मान्छे पशुले किन गर्नु पऱ्यो ?

कवि मोतीराम भट्ट चौपट्टका खँदिला विचारका धनी नेपालका भावी युवा मण्डली समुदाय साहित्य धरातलका सम्राट्नै थिए । "अचल झण्डा

३) स्वर्गीय महाकवि लक्ष्मी प्रसाद देवकोटा ४) श्री कवि तुलसीदास
५) कवि माधव घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फर्कोस् फरफर गरी कान्तिपुरीमा रिपूको मन थर्कोस् थरथर गरी छिनघरीमा' भन्दै हाम्रो अगुवाइ गर्ने उनी असाधारण कविहरुका प्रतिभाशाली वीर थिए। कविता, नाटक, लेख, कथा, कहानी, गजलको दुहाइ मात्रै उनले दिएनन्। पत्रकार जगतमा नयाँ रगतको मसीले पशुपति प्रेश जस्ता छापाखाना खोली आफ्नु कालको देशको हालखबर ताजा ताजै छापी विदेशमा फिजाउने विजुली चानकार्यको उनले भारी करी दर्पाए ! समस्याको पूर्ति भयो ।

नेपाली भाषाका कविहरुलाई मोतीरामले जन्माएका थिए भने नेपाल र प्रकृति भन्ने ३×३ अक्षरको वल्द मन्त्रको माला जपेर म. वी. वि. शाहवाट कविता महोत्सव समुद्घाटन गर्ने काम भएको छ। यति मात्र हैन–

यो सुन्दर नेपाली प्रकृतिको नीलो गगन–मण्डलमा रात्रि शरदका चन्द्र-माले र दिनसंको चहकमा ईन्द्रनीले शृङ्गार थपेकैं कवि म. वी. वि. शाहको उदयले नेपालमा मण्डल मारेको छ । उनी प्रकृतिका सच्चा पुजारी बन्न पुगेका छन् ।

उनी स्वयं राजा पनि हुन् । नेपाल धरातलको राज सिंहासनमा राज गर्ने कवि राजा यस्तो व्यक्तित्व हो जो हिन्दूराष्ट्रको वैदिक धर्म संस्कृति सभ्यताको अनुष्ठानले प्रतिष्ठापित गरिन्छ । उसको जुनाफमा ज्ञान, विज्ञान, साहित्य, संस्कृति, धर्मका मानवीय पक्षले समर्पित हुन पुग्नु पर्दछ । राजाका संमुख प्रकृतिले फुक्नु प्रकृतिको धर्म हो । यस्तो चारैदिशाका उज्याला मानवताका फुल्काहरुले सचेत गराइएको साम, राज, दण्ड भेदका नीतिलाई राष्ट्र भित्र कार्यान्वित गरेर मात्र मेरो दायित्व पूरा भयो भनी राज सुख भोग बाट ताति लिएर विदा हुन ऊ किञ्चित मान्दैन । सर शैयामा सुतेका भिष्मको तिर्खा मेट्न उनी अर्जुनको गाण्डिव धनु बनेर धर्तीमा गडे कैं गड्न पुग्दछन्।

कवि म. वी. वि. शाह आफ्ना प्रजावाट राज्यको अभिष्यक ग्रहण गरी सकेपछि उनी आफुले जन्म पाएको धरातलको संपूर्ण विधाको कालो मैलो खत्तम पार्ने संकल्पमा आफुलाई यसै नेपालको उकाली ओराली, सिमल, लाली-गुराँस, लालुपाते फुलेका ती घर–गाउँका वस्ती–वस्ती, गोठ–कटेरा, छाप्रा, खगर–मगर, वन–वेंसी, लेकाली, गोठाली, खेताली, किसान, भरिया–भरिनी गाईने सारंगीमा, चौरी गोवलाका टुङ्नामा, धिमालका उर्गनमा राई किराँतका विनायोगा, शेर्पाली तामाङ्का डम्फुमा, सोरठी घाँटुका मादलमा, ज्यापूका मृदंगमा, मन्दिरका शंख घन्टमा, पंचे वाजाका सनहीमा, गुम्वाका भूँभूँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लामा फाँकीका ढ्याङ्रोमा रमण गर्न पुग्छन् । संस्कृतिको सुपुप्त हिमाल समुन्द्र–पींददेखि उठेको नयाँ चट्टानका फैं सुनौलो चुलीवन्दै ठडिन थाल्दछ। प्रकृतिले म्वाई खान्छिन् । 'रारा' र फेवाहरु नयाँ स्वर्गको सृष्ठि गर्ने सुन्दरी मानिनी, कामिनी अप्सराको रूपमा अवतरित हुन्छन् । उनले जहाँ जहाँ स्पर्श गर्न थाले र पुगे त्यहाँकी प्रकृति किन्नरीको रूपमा साक्षात्कार भईन । यसरी नेपालकी प्रकृतिको सक्कली अनुहार मात्र हैन उनको भित्री पुकार पनि नेपालको राजनैतिक सिमाना देखि बाहिर देश विदेशहरुमा बुझाउदै र घुम्दै स्वयम् आफु सिमल चरी घुम्दै गोल फैं एकान्त मध्यरातमा बास्न थालेका हुन् ।

विशाल पृथ्वी विश्वको दैला–दैलामा नेपाल भन्ने ३ अक्षरका मुलुकको पुरातन संस्कृति र साहित्य कलाको सच्चा परिचय दिंदै आफ्नु अर्धबिकसित सानो राष्ट्रको कसरी काँचुली फेरौं भन्ने मूलभूत उद्देश्यको कार्य उनै मौसूफ कवि म. वी. वि. शाहको थोरै दिनको शासन-सञ्चालन भावुकतापूर्वक अथक कडा परिश्रमबाट नै भएको हो । धेरै बाँचेर पो के गर्नु !

उनको लहलहाउँदो वैवाहिक जीवन कालमा वियोगका वज्र चटयाङ हरु खसे । मेघले हिर्काएको रूख प्रायः पल्हाउँदैन भन्छन् ! तर उनी कवि मात्रै थिएनन् कि गीतकार पनि थिए । उनी कवि गीतकार मात्र थिएनन् । उनी अर्धविकसित नेपाली लोकजीवन भित्र घुसेर बल्ने चेतनशील ननिभ्ने अध्यारो भगाउने ज्योति थिए । उनको हृदय धरातल विरह बेथाका चोटले चिराचिरा पारी चिरिएता पनि भित्रको अमर आत्माले बोलदथ्यो–

म त ढलेकालाई उठाउन खोज्दछु
भोको प्यासालाई खुवाउने पियाउने चेष्टा सम्मत खोज्दछु
अनि झरेका आँसु पुछ्न खोज्छ, रोक्न खोज्दछु,
सबैलाई नजीकैबाट हेर्न चाहन्छु चिन्न चाहन्छु

यस्तै सुस्केराहरु विरहको धुनमा कहिले कविता बनेर कहिले गीत बनेर कहिले राजाबाट घोषणा गरिने सम्बोधन बनेर नेपालको धर्ती माथि कहिल्यै नसुक्ने गरी भुलभुलाउँदै लेकमा फुट्ने मूलका फैं छहरे अनन्त छाँगो बन्दै बगेर गंडकी कोशी कर्णालीका मूलभेलकामा मिसिन पुग्यो । सुन्दर रंगीन सानो पुतली समान नेपालको काँचुली त फेर्नु नै थियो ।

उनी आध्यात्मिक कवि या प्राकृतिक कवि के थिए, अथवा नेपालको कुन कवि कुन विधाको जेठो र कान्छो हो भनी काल किटान गरी आ-आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डम्फु आफैंले बजाई आँफै लब्ध प्रतिष्ठित हुन र यी रचनाहरु स्तरीय छन् छैनन् भनी श्रेणी विभाजन गर्न म यहाँ तम्सिएको होईन । मत खास गीत कवि म. वी. वि. शाहबाट –"हिजोलाई कदर गर्ने आज काम गर्ने, भोलि विचार गर्ने बानी छ !! र जनतालाई जगाउनु साहित्यको काम हो" भूत भविष्य वर्तमान कालको विचारहरूलाई साँधेर 'उसैका लागि' "उसैको लागि" भन्ने यी दुई सुन्दर फूल कसरी नेपाली साहित्यको बगैंचा फूल्दै सुगन्ध छर्न पुगेत भन्ने आफुले प्रतक्ष भोगेका घटनाहरूलाई पत्रं समर्पित गर्न मात्र यहाँ म अग्रसर भएको हुँ ।

स्वर्गीय कवि श्री भीमनिधि तीवारीको मेरो वयासी गजलले पिन्जरा सुगा बन्दै राणाकालीन दर्वार भित्र जीवन विताई रहेका उर्वशीहरुका जलाउन पुग्यो । मेरी वयासी यिनै हिमालयको चिसो हावा बनेर बगिदि यसले केवल पिरथीको लागि वलिदान गर्न मात्र सिकायो । देश र समाज प्रगतिको बाटोमा लगाउने निमन्त्रणा दिन सकेन । यो भाव कलाले पूर्ण तापनि खाएर लाएर अगाएकाहरूको विलासमा नै रम्न पुग्यो ।

विक्रम सम्वत १९९८ सालकै सेरोफेरोको घेरोले महाकवि लक्ष्मी प्र देवकोटाको भावनाकै नारायणी नेपाली समाजको वास्तविक चित्रण अत्यन्त गहिरो शान्त र विशाल स्वर्ग छुने प्रवाहमा प्रवाहित हुँदै नेपाली जन गीतिधाराको मुहान देवकोटाकै विशाल हृदयको हिमाल देखिनै भुलमुलाउँदै कुलकुलाउँदै खुलेको हो कुंजिनी, मुनामदन दुई फूल घाम जत्तिकै बनेर नेपालीका आँखामा फुल्किरहेकै छन् ।

मुनामदनको विषय वस्तु दयाराम संभवले नेवारी कथाको वस्तुबाट लिएको हो भनी विद्वत्ता छाँटन पुगेको देखिन्छ । वास्तवमा कालमा 'सीलूमे' गाउँदै कान्तिपुर देखि वस्नेत पौवा वासवस्न पुग्ने र देखि उठी त्रिशुलीको किनारै किनार गोसाईं कुण्डमा पुगेर स्नान गर्न वियोगी मल्ल राजाको–भावनाको गीत जनैपूर्णिमाको पर्वमा गाउने अद्यापि छँदैछ । ती पुस्तकमा संग्रहित छदैछन् ।

कान्तिपुरका व्यापारीहरुले ल्हासामा पुगेर आफ्नो यता र बसेको पिरथी लाएको माया कसरी विर्सन्थे र ! यो गाँठो कस्सिएकै

भोटमा नून लिन जाने ढाकरेहरु हैजा लागेर बाटैमा थलापरी साथी र भाइले छाडेर हिडेका घटना पनि कथाका रूपमा यसै नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोजी गरे पाईन्छन् । यस्तै मार्मिक घटना र जनजीवनको आलाप बिलापको रन्को महाकवि देवकोटाको कलमले समातेर 'मुनामदन' को सृष्टि हुन सकेको हो । मुनामदन भित्र ल्हासा र नेपालको प्रकृति नाचेकी छन् ।

यहाँ 'कुंजिनी' कथाको विषय वस्तु देवकोटाले कुनै किताप र लोकको साहित्यबाट लिएका हैनन् । त्यो त फ्लिटूङ पाहाडका लखन लेफटेनको सैनिक जीवनबाट पल्हाएकी कुंजिनी र गोरेराहुतकै प्राकृतिक प्रेमको बिजुली चम्काइ हो। कोल्पुखोला, छहरे काँध, भेंडा चराउने पाखो र त्रिशुली वारिपारिकै भिर पखेरोको प्रकृति बोलेको छ–

भोली म त जाने हुँ ज्यानी जर्मनको धावैमा
खुकुरी भिरेर ज्यानी जानु पऱ्यो दुश्मनको धावामा

भन्ने पल्टने पिथींको रूवाई यसै काठमाडौंको माझो मुटुमा धसिएको टुंडिखेल माथि कवाज खेल्ने लडाईमा जान थालेको गोरे राहुतको हो ।

मैले त्यतिखेरै रचना गरेको 'रत्न जुनेली' को मुख्य नायक रत्नले पनि काबुल छावनीमा पुगेर लडेरै आफु वीरगतिमा पुगेको घटना पनि कुनै कसैको आधार हैन । गीतकार कवि म. वी. वि. शाहको–

न जाउ छाडि यो देश आमालाई रूवाएर

× × ×

"परदेश जाने लाहुरे दाइ संचार लगिदेउ" भन्ने क्याउरे छन्दका गीतहरु सर्वतोमुखि कवि प्रतिभाले यस्तै धेरै उज्याला ज्योति छऱ्यो:–

मर्नु सबैको लागि साँचो जत्ति छ जन्मेर
उत्तिकै समय बिते–"आउन्न फेरि फर्केर।"

सेतो कमेरो र रातो माटोले लीपे छिपेको नेपालको घर दैलो भरिको यो भागन, सैपत्री फुलेको कालिकाको मन्दिर, यी सबै सुन्दर चरित्र चित्रणहरु कोरि यथार्थ रूपमा स्वयं नेपाल अधिराज्यको पैदल घुमेर नेपाल गीतमा उत्तार्ने गीतकार कवि शाह नेपाली गीतको, साहित्यको, जनसाहित्यको कविताको कलाको संसारमा अघोर तपस्या गरेर गएको महात्मा हुन् ।

उनी नेपाली समाज र जातित्व उठाउने, देशभक्ति, वीरता र राष्ट्रप्रेम ईश्वरको भक्तिमा समर्पित भए । व्यक्तिप्रेम ईश्वरप्रेम, देशप्रेमकै त्रिवेणी हुँदै नारायणी बनेर गए। हाम्रा हृदयभित्र लुकेका पाप अझै छन् भने यसैमा डुबुल्की लगाई पखाल्दै जाऊँ र अन्तस्करण निर्मल बनोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाकवि देवकोटाले रोपेर छोडेको यो धुस्रो मुस्रो शोषित नेपाली हिमाली जनजीवनको वन प्रगतिशील जनसाहित्यको धारामा प्रभावित र निर्मल पारेर 'रत्न जुनेली' र 'वनचरो' का वचराहरूलाई सडक कविता क्रान्ति भनौं या गीतको वर्षा भनौं नेपालभित्र साहित्य रहेको बेलामा नेपालका जोगीजस्ता डाँडाँ काँडा परवासका चिया भाक्सु र तिञ्ठा आसामका भिरतिरै फलाकिन पुगेका–

> नेपाली कहाँगयो हाम्रो गीत यसै हरायो !
> नेपालीले माया मार्‍यो वरिलै !
> घर सम्भी रोएको होला !!

भन्ने नेपाली गीतको आँसुको खोला बगाउँदै नयाँ प्रतिभा जगाउँदै एउटा अकिञ्चन गंडकी शुक्ला गंगाको माछोलाई नेपालको शोषणको काट्तै धर्ती आफ्ना काँधमा उठाओस्, एउटा कविका आत्म कहानी बनोस् भन्ने सिर्जनाशील भावनाको शुभ आसिक दिदै "जनकविकेशरी उपाधि प्रदान गरेर आफु गीतकार कवि म. वी. वि. शाह कृति भन्दा जेठो स्रष्टाको रुपमा संपूर्ण नेपाली जनताको चेतनशील राष्ट्रविकासको उज्ज्वल नक्षेत्र बनेर हाम्रो नजीकबाट जून फैं जो अस्ताउनु भयो ज्योतिर्मय तेजले हामीलाई देश काल परिस्थितिका भालेका डांको भन्दा सबेरैको ब्रह्ममुहुर्तमा ब्युंझाइ रहेको छ ।

अराष्ट्रिय काम कारबाईबाट कसैको भलाइ हुँदैन ।

—स्व. श्री ५ महे

नेपाल–नेपालीको हो नेपालको उन्नति नेपालीको उन्नति हो नेपालको उन्नति नेपालमै निर्भर गर्दछ ।

—स्व. श्री ५ म

कुनै पनि स्वाभिमानी मुलुक अर्काको इसारामा र खटन पटन रहन मन गर्दैन ।

—स्व. श्री ५ म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली काव्यमा श्री एम. बी. बी. शाहको स्थान

कृष्णचन्द्र सिंह प्रधान

'उसैको लागि' को प्रकाशनदेखि बहुचर्चित कवि श्री एम. बी. बी. शाहको नेपाली काव्यमा आफ्नै स्थान छ। विशेष गरेर उहाँको व्यक्तिगत अनुभूतिको परिप्रेक्ष्यमा राष्ट्रपति दायित्वपूर्ण चेतनाको व्यापक उद्‌वोधन एक ऐतिहासिक र समाज सापेक्ष उपलब्धि ठहरिन्छ। यो कुरा उहाँको काव्यकृतिमा परिगेलेर कविको कृतित्व र व्यक्तित्वको परिशीलन गरेमा स्पष्ट हुन्छ। सम्पूर्णतामा कविको चिनारी तथा कविमा प्रस्फुटित काव्य–विविधताको ज्ञान मूल भूत प्रश्न हो।

पत्र–पत्रिकाहरूमा छापिएका रचनाबाहेक श्री एम. बी. बी. शाहका दुई काव्य कृति हाम्रा समक्षछन्– 'उसैको लागि' र 'फेरि उसैको लागि'। 'चिठ्ठी र कविताहरू' मा पनि शाहज्यूका एक दर्जन कविताको समावेस भएको छ। यिनीहरूलाई केलाउने हो भने उहाँका कविताको प्रमुख आधार प्रेम हो र राष्ट्रिय विषय वस्तुमा स्थापित दृष्टिकोण शाहज्यूको विचार देखिन्छ। संस्कार जन्य आस्थामा देखिने धार्मिकता र स्थान विशेषको चित्रण एक सन्दर्भगत स्वाभाविक परिपुष्टि हो।

कतिपय कविहरूको जीवनमा परेको विशेष विशेषघटनाहरूको प्रभाववश कविताको स्फुरण वा कृतिहरूकोसृष्टि भएको इतिहास साक्षी छ। तर काव्य प्रतिभा नभएको व्यक्तिको जीवनमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्ता घटनाहरू नघटेको छैन तापनि उनीहरूबाट कविताको सृष्टि भएन । त्यसकारण विशेष घटना वा संघातको तारतम्य नै कविता-प्रस्फुटनको कारणहो भन्ने सिद्धान्त चाहिं बनाउन सकिंदैन । कुनै विशिष्ठ प्रतिभा भएकाहरूको लागि मात्रै त्यस्ता घटनाहरू सहायक हुन्छन् । वाल्मीकि, कालिदास वा दाँते, मिस्त्राल वा तुलसीदास, भानुभक्तको जीवनमा सुषुप्तावस्थाको काव्य-प्रतिभालाई कवि-कर्मतर्फ प्ररित गर्ने घटना तथा किंवदन्तीहरूको उल्लेख सबैलाई थाहनभएको होइन ।

श्री एम. वी. वी. शाहका कवि-चेतनालाई प्रभावित गर्ने प्रमुख घटना पनि उहाँको पत्नी-वियोग भयो । संवेदनशील र प्रतिभावान् व्यक्ति अक्सर त्यस किसिमको आघातले भाँचिएको हृदय बोकेर रन्थनिने मात्र गर्दैनन्. उनका पीडा-संतापहरू सामान्यीकरण-कोवाटोमा कलापूर्ण अभिव्यक्ति खोज्न थाल्छन् । शाहज्यूको असामयिक दाम्पत्य-दु:ख सुषुप्त कवि-प्रतिभालाई उधार्ने घटना भयो । पोथी क्रौञ्चको करूणामय निनाद वाल्मीकिको सुप्त कविलाई आलोकित गर्ने विशेष कारण भएझैं गेब्रिला मिस्त्रालको जीवनमा उसका प्रेमीको आत्महत्याले अविस्मरणीय आघात पुऱ्यायो र उसका कवि लाई जन्म दियो । जुन परिस्थितिमा मिस्त्रालको 'मृत्युका गीतहरू' सृष्टि भयो त्यसै परिस्थितिले शाहज्यूको 'उसैको लागि' लाई जन्मायो । मानूँ व्यथामा सृष्टिको सामर्थ्य छ । फरक कतिभने असमर्थ र अधीर व्यक्ति आफैंलाई समाप्त गरेर व्यथाको निराकरण गर्ने वहुलट्ठीको कामगर्छन् तर समर्थवान कुनै कृतिमा अविस्मरणीय प्रतिक्रिया अंकित गरी आफ्ना दु:खको साधारणीकरण गर्छन् ।

वेदनाको अन्तरानुभूतिलाई परानुभूतिमा सहजता प्रदान गरेर वा यसोगरेर हलुङ्गिने मानव-प्रकृति जस्तै लाग्छ । सदाकाल कै अविस्मृत रूपमा छाइरहेको वेद्रिसप्रतिको दाँतेको असफल प्रेमले दाँतेलाई काव्य रचना गर्ने असीम प्रेरणा प्रदान गऱ्यो । नेपालीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि शोकाकुल कवि–हृदयलाई काव्यरचनातर्फ प्रेरित गरेको परंपरा छ कैयन् उदाहरण छन् । सिद्धिचरणज्यूको 'विश्वव्यथा' भीमनिधिज्यूको 'तर्पण' माधवघिमिरेज्यूको 'गौरी' र सबभन्दा पछिल्लो भरतराज पन्तज्यूको 'दिनेश' आदि वियो–व्यथाले सिर्जिएका कविता काव्य हुन् । 'उसैको लागि' यसै परंपराको शोक–काव्य हो ।

हर्ष र विस्मातले जीवनलाई नछाडेजस्तै मृत्युले पनि यसलाई आतंकित र गाँज्ने गर्छ । अवश्यंभावी घटना मानेर पनि मृत्युबाट निर्मय र शोकविरत हुन सबैजसो व्यवहारवादीलाई सजिलो हुँदैन । तर सबै दु:ख बिर्सेरबाँच्नै पर्ने बाध्यतालाई मानिसले स्वीकार गरेका हुनाले दु:ख प्रकट गरेर मात्रै उ चित्त बुझाउने गर्छ । यस्तै पीडाजनित कवि–हृदयको अभिव्यक्तिलाई शोक काव्य भनेका हुन् ।

'उसैको लागि' मा वियोगावस्थाको दु:ख र एकांकी पनको व्यथाबोध बाहेक धार्मिक भावना र राष्ट्रिय चैतन्य पनि सन्निहित छन् । तर एक्लिनु परेको जीवनको अकिंचनतामा असहायझैं भएको व्यक्तिले आधारको निमित्त ईश्वरलाई सम्झन्छ भने यो सस्कार विहीन कुरा होइन । यहाँनिर धार्मिकताको स्वतन्त्र प्रतिष्ठापनभन्दा कविको तत्कालीन दीनतालाई स्पष्ट गर्दछ । त्यस घडीमा मात्र शाहज्यूका दु:खी कवि मानसिक सान्त्वनाको लागि आराधना गर्न थाल्छन् । अकल्पित दुर्घटना वा असामयिक मृत्यु ज्यादै कठोर र पश्चातापपूर्ण हुन्छ । श्री एम. बी. बी. शाहले भोग्नु परेको बियोग व्यथा पनि अकल्पनीय र असामयिक हो, जसको मूलमा रहेको देशको असम्पन्नता र अपर्याप्ततातर्फ कविको दृष्टि फेरिन्छ । भौतिक उन्नतिहरुबाट पर्याप्त सुबिधा देशमा जुटेपछि मात्र त्यस्ता असामयिक दुर्घटनाहरूबाट जोगिन सक्नेछौं । अत: मृत्यु र दुर्घटनाहरू आफैं भयवह हुन्छन् र कष्टदायी पनि, तर यसभन्दा डरलाग्दो र दु:खदायी कुरात सबैको जीवनमा परिरहनसक्ने देशको अपर्याप्त स्थितिहो, जसको मोचन-विना यस प्रकारको दुर्घटना र मृत्युबाट उम्कन सकिंदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री एम. वी. वी. शाहको पत्नी–वियोगवाट अन्तर्हृदयमा परेको प्रभाव उहाँको काव्यमा देशप्रेमको प्रवृतिलाई प्रश्रयदिने सबल पृष्ठभूमि भयो । 'उसैको लागि' को मूल विषय अथवा प्रेरणा स्रोत चिरवियोग–व्यथानै हो । त्यसैसित संलग्न र सन्दर्भ वस्तुको रूपमा देखापरेका अन्य विषय भएकोले छुट्याएर हेर्न मिल्दैन । सिद्धिचरणज्यूको 'विश्व–व्यथा' पुत्र वियोगमा लेखिएको शोक-काव्यहो, तर कविको शोक पुत्र–वियोगमा मात्र नरूमल्लिएर यस्तो दुर्घटनाको शिकार हुनुपर्ने देशको अव्यवस्थातिर हाम्रो ध्यान आकर्षित गर्दै क्रुद्ध र असन्तुष्ट हुन्छ र आफ्नो विवशता माथि आफैं खनिन पनि पुग्छ । यहाँनिरे सिद्धिचरणज्यूको असन्तोषलाई पुत्र–वियोगको शोकलेनै भड्काएको छ र कविलाई देशको तत्कालीन परिस्थिति माथि सोच्न लगाएर त्यसकिसिमको अवस्थावाट मुक्तहुन विद्रोहतिर संकेत गर्छ ।

'गौरी' र 'उसैको लागि' दुवै पत्नी वियोगमा लेखिएको काव्य भएपनि 'गौरी' भन्दा वरू 'विश्व व्यथा' को नजीक पर्छ 'उसैको लागि – त्यस्तै परंपरा र भावपरिवेशमा निर्मित गौरी व्यक्तिगत शोकमै निमग्न आत्मानुभूतिको करूण कोमल कथा हो। 'विश्व–व्यथा' र 'उसैको लागि' व्यक्तिगत पीडा वाहेक समष्टिमा अन्तर्निहित बेदनाको पनि अन्तर्ध्वनि हो । 'विश्व व्यथा'का कवि असन्तुष्ट हुन्छन् र त्यस वेलाको परिस्थितिको विरोध गर्न सिद्धिचरणज्यूलाई उहाँको पुत्रशोकले सुरयाउँछ; 'उसैको लागि'का कवि जाग्रत हुन्छन् र देशको अपर्याप्ता र असम्पन्नतावाट मुक्त हुने निर्माणको चेतना भर्न शाहज्यूलाई उहाँको पत्नी शोकले उत्प्रेरित गर्छ । दुवैको शोक–संतापले देशकै अवस्था विशेषलाई इङ्गित गर्छ र यो व्यक्ति विशेषको दु:ख विवशता नभई– नेपालीहरूको शोकको कारण भएकोले देशोत्थानमै निराकरण अन्तर्निहित रहेको भाव अर्थिन्छ । विरोध र विकास अथवा परिवर्तन र निर्माणमा मानि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को दुर्घटनाजन्य दुःख असामयिक मृत्युहरू घट्ने वा निराकृत हुने ठानेर दुवै शोककाव्यमा करूण कोमल पक्ष मात्र उद्घाटित नभई अरु व्यापक परिवेश अँगालिएको हुनुपर्छ। 'गौरी' आफैंमा सीमित, आफैंमा अन्तर्निहित, आफ्नै वियोग–वेदनामा व्याप्त शोक काव्य हो। यसको दुःख मानवीयताको आधारमा साधारणीकृत भइ सबैको निमित्त सहज र संवेद्य भएको छ। तसर्थ 'गौरी'को स्नेह–सिंचित अनुराग पूर्ण कविता स्वानुभूत करूणाको आर्द्रता र हृदय स्पर्शी–बिरह–वेदनाको विजाइमा गीलो–गीलो र विस्मृतिमय छ। चारैतिरको दृश्यावलोकनमा आँखा नलगाई एउटै कुनै लक्ष्य–विन्दु मा परिमित, केन्द्रीत र साधित कविता हो 'गौरी' र निर्दिष्ट लक्ष्यमा आवद्ध भएर पनि जीवनको विस्तृत पटभूमि समेटेर गन्तब्य दिशातर्फ प्रवाहित अपरिमित र गतिवान दृष्टि हुन् 'विश्व व्यथा' र 'उसैको लागि' 'गौरी'को शोक–संत्तापमा इतर संसार विलाउँछ 'विश्व व्यथा'को व्यथामा समाज चियाउँ छ र 'उसैको लागि'को पीडामा राष्ट्रियता सल्वलाउँछ। एउटा व्यक्ति केन्द्री छ दोश्रो समाज सापेक्ष र तेश्रो समष्टिमा आवद्ध। 'विश्व व्यथा'ले बिद्रोहको मौन आमन्त्रणलाई स्वीकार गर्छ 'गौरी' नत मस्तक भई टुक्रिएको हृदय प्रस्तुत गर्छ, अनि निर्माण को आग्रह प्रसारित गर्छ 'उसैको लागि' ले। एउटै स्वर र धरातलमा निर्मित संवेदनाका यी परिणाम र निष्कर्ष आ–आफ्नो दृष्टिकोणको प्रतिनिधित्व गर्छन्।

एम. वी. वी. शाहज्यूको कविताको प्रमुख विषय हो प्रेम। प्रेम स्वभावतः शृङ्गारिक पनि हुन्छ र विषय–वासनासित सर्वथा विच्छिन्न रहने कुरा पनि होइन। मात्रको घटी वढी भए पनि 'दाम्पत्य–प्रेम मा यी सबैको आभास हुन्छ। शाहज्यूका कवितामा पनि यी भावहरू ध्वनित हुन्छन् भने अस्वाभाविक लाग्दैन। तर 'उसैको लागि' को व्यथा प्रेमी सँगको चिरवियोग भएकोले वियोगवाट उत्पन्न हुने अवस्थाको अन्तरानुभूतिलाई सँगै छुदाको विभिन्न मधुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झनाहरूको माध्यमबाट मार्मिक, हार्दिक र करूण तुल्याइएको सत्य मात्र हो । वास्तवमा यसको प्रेम नैसर्गिक छ, उत्सर्ग पूर्ण ममतामा आवद्धछ र यसमा सफल दम्पतीमा देखिने स्वाभाविक कामना छ। प्रेमी को अपूरणीय रिक्तता आजीवन विर्सन नसकिने यातनाको स्मृति हो । स्मृतिको मधुर कोमल करूण भावना–प्रवाहमा कवि विस्मृत भइ अविस्मृत सम्झनालाई कवितामा बाँधेर कविले आफूलाई निवेदित गरेका छन् । कविको विनीत निवेदन स्मृतिजन्य भेट, रिक्तता बोध र उत्सर्गमय दृष्टि उंहाँका प्रेमका स्वरुपहुन् । उदाहरणको लागि निम्नलिखित कविता अगि सार्न सकिन्छः–

भन लौ तिमी नढाँटीं
कसरी बुझाउँ यो दिल ।
हेरेर खालि तस्वीर
कति दिन बुझाउं यो दिल ।।

यसमा कविको विनीत र अनुरोधपूर्ण निवेदन छ ।

हालें जसै अँगालो समाई केही तर्सिन
चुम्वन गरें त ब्यूँझें सपना रहेछ खालि

यसले स्मृतिजन्य भेटको मनःस्थितिलाई व्यक्त गर्छ ।

सम्झनाको धारले
कल्पनाको छातीमा
पारचो छिया मायाले
सपनी जुनीमा ।

रिक्तताको गहिरो विषादलाई यहाँ प्रकट गरिएकोछ ।

पराई आफ्नो वन्धु वताई दुश्मनै दुनियाँ
छु राजी त्यागनु पर्दा परे यो त्यग्नै दुनियाँ ।।

प्रेमीको निमित्त समर्पित हुने उत्सर्गको भावना यसले बोध गराउँछ । सारांशमा यिनै भावको प्रतिनिधित्व गर्छन् शाहज्यूका प्रेम सम्वन्धी कविताले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त छटपटी र शून्यताले कवि विरक्त हुन्छन् र भेट वा मिलनको लागि आकुल आतुर मन अकिंचनताको निरीह अनुभूतिले निवेदित हुनु पुग्छ। चिरवियोग–वेदनाको अमिट क्रन्द्रन् शाहज्यूको निश्छल प्रेमको परिचय हो र प्रेयसीको अविस्मरणीय स्मृति–संवेग पाउने कल्पनाको संमोहन हो जहाँ यथार्थ जीवनको घोर विडम्बनाहरू गहिरो विषाद बनी प्रकट हुन्छन्। शाहज्यूको प्रेममा शृङ्गारका बिम्ब–प्रतिबिम्ब होइन। जीवनका शृङ्गारिक क्षण पनि आउने गर्छन् जसको प्रभाव पछिसम्म परिरहन्छ। वास्तवमा विलयको भावनामा गहिरिँदै गएको अगाध प्रेम–सम्वन्ध आफैं शाश्वत र आदर्शमय छ। 'गौरी'को मृत्यु पछि 'गौरी' अव फर्कन्न भन्ने कुराको सत्यतामा कवि विश्वस्त देखिन्छन् र उसको नहुनुको बोध "गौरी" काव्यको शोक–बृतान्त हो। यस कारण 'गौरी'को प्रेमले दाम्पत्य जीवनलाई बाँधेको छ र वन्धनमै मात्र अवस्थित भएकोले मृत्यु पछि प्रेम केवल सम्झनाको कुरा र कथा वृतान्तमा परिणत हुन्छ। यहाँ विषय र समर्पण, त्याग र संमोहन छैन। शाहज्यू नभएको एथार्थ-लाई स्वीकारेर पनि छैनमा विश्वास गर्न सक्नु हुन्न। यही मनःस्थि-तिमा उहाँको प्रेमले विविधता ग्रहण गरेको छ, बिस्तृति सँगालेको छ र त्यसको अमूर्त स्वरुपलाई मूर्तिमान तुल्याई भावनाको उद्वेग–संवेग वुनेर एक अखण्ड जीवन निर्माण गर्ने धारामा प्रवाहित छ। दुवै कविको यो मूलभूत भेदले दुवैको प्रेम सम्वन्ध वा सन्ताप स्वरुपलाई छुट्याएको छ। त्यसैले "गौरी" घटित घटनाको स्वाभाविक परिणाम हो जहाँ मृत्यु भयानक रुपमा आभासित हुन्छ। 'उसैको लागि' र 'फेरि उसैको लागि' चाहिं घटनाको असह्य वेदनामा सिंचित भावना हरूका अनियन्त्रित तरङ्ग हुन्, जहाँ मृत्युको स्वीकृतिनै छैन र पनि आफ्नो प्रेम र पीडालाई उसैमा प्रतिबिम्बित गरी साक्षात्कारको लागि व्यग्र र विह्वल देखिन्छ। एउटा समाप्ति हो– मृत्युलाई परिसीमा मानेको, अर्को प्राप्ति प्रतिको संमोहन हो– मृत्युले खोस्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नसकेको । यसर्थ 'गौरी' सहज वोध हो– हृदयको चोट र आँसुको छवि–छायाँ, तर शाहज्यूको काव्य बाँच्ने प्रयत्नमा विर्सन नसकेको जीवनको निरन्तरता हो । लौकिक व्यवहार र जीवनको आदर्श कर्मद्वारा परिचित कवि महान् दुःखलाई झेल्न विवश रहनुपरेकोले मृत्युलाई मान्न वा त्यसलाई भयानक रुपमा चित्रित गर्ने पक्षमा भएनन् र 'छ' कै आभासमा वाँचेर पाउनुप्रति आशावान, रहेको रिक्तता बाट पीडित भइरहे । त्यस कारण कवि शाहज्यू आदर्शवान देखिनु हुन्छ तर 'गौरी'का कवि केवल सुन्दरका कवि भएकोले आदर्श र सिद्धान्त भन्दा असुन्दर मृत्युको महा विनाशवाट भएको आफ्नो सुन्दरको क्षतिमा दुःखी भए– एसलाई नमान्न सकेनन् ।

महाशून्यमा विलीन भइसकेकीलाई फेरि पाउन सकिदैन भन्ने कुरा थाह पाईकन पनि उसैसँग माया गाँसेर उसको अनुपस्थितिमा मात्र वोध हुने कठोर पर्खाइ र विषादले दुई दम्पतीको प्रेमलाई आत्मिक, नित्य र असीम तुल्याई दिएको छ । आराध्यलाई प्राप्त गर्नु आराधकको व्यग्रता नभएर विर्सिन नसकेको चिरस्थायी संपृक्तता कविको वेदनाको कारण हो । उहाँमा कायिक प्रेम, वासनाजन्य शृङ्गार र सुन्दर स्वरुपको मोह छैन आत्मिक प्रेम, नैसर्गिक शृङ्गार तथा सौन्दर्यात्मक आदर्श छ । परस्परमा विलय र शाश्वत सम्वन्धमा आदर्शीकृत प्रेम शाहज्यूको निष्ठा, त्याग र समर्पणका उदाहरण हुन् ।

चिरवियोग शाहज्यूका कविको प्रादुर्भावको कारणमात्र नभई उहाँको कविताको पृष्ठभूमि पनि हो भन्ने आशय माथि पनि वताइयो । यसबाट केवल संवेदनाजन्य भावनाको कोमल करुण संसार सृष्टि भएको होइन कि देश निर्माणको भावभूमि पनि निःसृत भएको छ । व्यक्तिगत जीवन कविताको अन्तर्मुखी स्वरुप हो । यसमा निजत्वको प्रतिष्ठा छ, समष्टि–जीवन कविताको वहिर्मुखी स्वरुप हो र यसमा राष्ट्रकै व्याप्ति छ । दुवैको स्रोत एउटै भए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछिल्लोले निदानको वाट स्पष्ट गर्छ । विरक्ति पोख्ने कवि विरक्त भएरै पनि निर्वाह गर्न सक्छन्, तर कवि–राजाको निमित्त यो व्यावहारिक हुन सकेन । शाहज्यूका कविलाई उहाँको दोहरो व्यक्तित्वले डोरयाएको छ : जहाँ शाहका कविलाई शोकमा निमग्न हुन र विलीन हुन उहाँको वेदनाले प्रेरित गर्छ, त्यहीं शाहज्यूलाई उहाँको उत्तरदायित्वले नेतृत्वको दृष्टि प्रदान गर्छ । दुवै व्यक्तित्वको संमिश्रित स्वरुप नै एम. बी. बी. शाहज्यूका कविको पूर्णता हो जसले एउटालाई हृदय प्रदान गरेको छ, अर्कोलाई मस्तिष्क । हृदयले वेदनालाई कबुलेर्ॐ दायित्वलाई मस्तिष्कले धारण गरेर दुई धाराका बेग्लाबेग्लै प्रवृत्तिको प्रतिनिधित्व यी दुवैले गरेका छन् । रोएर निर्वाह गर्न 'गौरी'का माधव घिमिरेज्यूलाई सजिलो भए पनि शाहज्यूको निमित्त सम्भव भएन, आ–आफ्नो व्यक्तिगत परिस्थितिले गर्दा दुवै कविलाई पृथक तुल्याएको छ । यो पृथकता 'उसैको लागि' र 'गौरी' शोक काव्यको मूलभूत विभेद हो भन्ने ठान्छु ।

'विश्व–व्यथा' र 'उसैको लागि' मा पनि केही यस्तै असमानता छन् । 'विश्व–व्यथा'का कवि विद्रोह गर्न सक्छन्, निर्माण होइन; 'उसैको लागि'का कवि निर्माण गर्न सक्छन्, विद्रोह होइन । जुन् परिस्थितिले विद्रोहात्मकता व्यक्त गर्न सिद्धिचरणज्यूलाई सुरयाउँछ त्यो परिस्थिति 'उसैको लागि'का कविको छैन, अनि 'उसैको लागि'का शाहज्यूलाई जुन् उत्तरदायित्वले निर्माण गर्न प्रेरित गर्छ त्यो 'विश्व–व्यथा'का कविमा छैन । त्यसकारण मौन विद्रोहको संकेत दिने सिद्धिचरणज्यूका कवि र निर्माण बोरके राष्ट्रियता जगाउने शाहज्यूका कविमा पनि यही अन्तर रहेको छ । विद्रोह भित्र निर्माणको भावना प्रतिविम्वित भए पनि वा निर्माण भित्र सामाजिक क्रान्ति विद्यमान रहे पनि दुवैले अर्थ्याउने कुरा आ–आफ्नो परिस्थिति र दायित्व अनुकूलका हुन् जो एक अर्कासँग मिल्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात एम. वी. वी. शाहज्यूका कवितामा व्यक्त भएकै समष्टि–जीवन भित्र निर्माण–आतुर भविष्यका आकांक्षाहरु मौलाएका छन् । उहाँको समष्टिको व्यापकता हो देश र देशको पुनरूत्थानको परिधि हो राष्ट्रियता । देशीय पुनर्जागरणको निमित्त संकल्पित कामनाहरूको काव्यजनित अभिव्यक्ति नै उहाँको कविताको राष्ट्रिय पक्ष हो । यस धाराका कवितामा कवि द्रष्टा मात्र नभई स्रष्टाको सामर्थ राख्ने र आफू सृष्टि मात्र नभई सृष्टि गर्ने पनि भन्ने अहं चेतनाको रुपमा विद्यमान छ । यो स्वीकृत नभई कसैवाट निर्माण होला भन्न पनि सकिदैन । त्यसैले व्यक्ति समष्टिमा विलिन भई सार्वजनीन आदर्श–प्राप्तिमा समाहित हुन आग्रह गरिन्छ । शाहज्यूको देश प्रेम निर्माणको उक्त सन्दर्भमा देख्न सक्छौं:–

आऊ बनाउँ साथ मिलेर
भोलिको यो हाम्रो नेपाल ।

सामूहिक उत्थानविना कुनै किसिमको दुख:वाट मुक्त हुन नसकिने हुनाले "दुई कोटि पाखुरी–करोडको मेहनत, करोडको खातिर–वढौं हामी तम्सेर ।" भन्दै सार्वजनीन विकासको आदर्शलाई सर्वोच्च मानेर त्यसलाई पाउनाका लागि गरिने प्रत्येकको कोशिशमा हाम्रो भविष्य निर्भर हुने हुँदा यसप्रति सक्रिय आस्था सृष्टि गर्न मनोबल निर्माण गर्न कवि अग्रसर हुन्छन्–

तसर्थ–देशको हित, गर्न हाम्रो इच्छा वढोस्,
विर्सी कालो कपट मैलो, छाती हाम्रो ठूलो वनोस्,
नेपाली र नेपालको, भविष्य फलोस–फुलोस
देश सम्झी सधैं हाम्रो "उत्साह जागा रहोस"
–फेरि उसैको लागि

जुन प्रकारले हुन्छ कवि राष्ट्रोत्थान गर्न आतुर देखिन्छन् कविको आतुरतामा एक संलग्न आवेग छ, एक प्रकारको सक्रिय आग्रह, निष्ठापूर्ण अठोट, तीव्र कामना र स्वयंमा विश्वस्त संवेग छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविको आत्म विश्वासले कवि आफैंलाई मात्र हौसल्याएको होइन, अरुलाई पनि त्यस्तै सम्झेर, र अरुहरुको जागरणले उनीहरुलाई मात्र वलवान तुल्याएको होइन, आफुलाई पनि त्यस्तै ठानेर सम्मिलित दायित्वमा शाहज्यूका कबिको देशोत्थानको महायज्ञ प्रारम्भ हुन्छ । त्यसैले नेपाललाई सान्त्वना दिंदै दृढता व्यक्त गर्छन् कवि:–

एक्ली तिमी छैनौ– शय लाख छोरा छोरी छौं
उचाली काँधै काँधमा– विकास वत्ती वालौंला

श्री एम.वी.वी. शाहको देश प्रेमले विगत दुई दशकको हाम्रो परिस्थिति सापेक्षित मूल्य राख्दछ । क्रान्ति पछिको केहीवर्ष राजनैतिक अस्थिरतामै वितेकोले राष्ट्रोत्थानको कार्यमा सम्पूर्ण जन–शक्ति निहित हुन सकेन । त्यस सामाजिक परिवेशलाई दृष्टिगत गरीं विभेद वा विच्छिन्नता वा विभ्रमतालाई राष्ट्रिय पृष्ट भूमिमा निर्माणको नयाँ चेतना जाग्रत गर्न शाहज्यूका कविताले देश प्रेम अँगालेको छ । देश प्रेमका तीन रुप छन्– ऐतिहासिक वीरता र गौरवको परिचयदिने, निर्माण–भावना जाग्रत गर्ने र राष्ट्रिय एकता स्थापित गर्ने । सुवानन्द, यदुनाथ पोखरेल आदि कबिले वीर पुरुषलाई केन्द्र वनाएर तिनीहरुको स्तुतिवा पुरुषार्थलाईनै देश भक्तिको रुपमा प्रस्तुत गरेका थिए । भानु भक्तले कान्तिपुर लाई देशको प्रतीक मानेर त्यसको प्रशंसात्मक चित्रणमा आफ्नो प्रेम व्यक्त गरेका हुन् । पछि देश प्रेमको परिवेश फराकिलो भो र व्यापक पृष्ठभूमिमा धेरै कवि-लेखकहरुले यसलाई प्रतिविम्वित गर्न थाले । आर्य– सभ्यता र संस्कृतिको दृष्टिले पावन भूमि ठहरिएको नेपाल र यसै आधारमा गौरवान्वित भई महिमा गाउँने लेखनाथज्यूको देशप्रेम वाहेक इतर संसार अँगाल्न पुगेको शाहज्यूमा व्यापकता देख्छु । ऐतिहासिक विशेषतालाई स्वाभिमान पूर्वक प्रतिठित गर्नुदेखि लिएर देशको महिमामा महिमान्वित भई यहाँका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक वस्तुलाई प्रेम गर्ने वालकृष्ण समज्यूका सम्वन्धित काव्य-पर-म्परालाई शाहज्यूको कविताले पनि अँगालेको देख्छु । तर उहाँ सँग फरक देखिनु हुन्छ त्यहाँनेर, जहाँ खास गरेर देशलाई भविष्य– निर्माणका सजीव कामनाहरु प्रदान गरेर यसलाई राष्ट्रियताको मान चित्रमा अंकित गर्नु हुन्छ । श्री धरणीधर, श्री महानन्दले जागृति र सुधारको माध्यमवाट देश भक्ति प्रदर्शित गर्नु भएकोमा केहीं भावसामीप्य देखिए पनि शाहज्यूमा पाइने राष्ट्रको समुज्ज्वल चित्र अंकित भएको छैन। सर्वश्री देवकोटा, सिद्धिचरण, रिमाल, व्यथित, घिमिरे तथा भूपि प्रभृति कविहरुले पनि भिन्दा भिन्दै परिवेश र सन्दर्भमा आ–आफ्नो किसिमले व्यक्तगर्नु भएको आस्था, प्रेमको काव्योचित विशिष्ठता छ। भावात्मक दृष्टिले हेर्ने हो भने यसमा सौन्द र्य–पासकको मनो-मुग्धता, वैविध्यपूर्ण सम्पन्नताको चरम आनन्द, विद्रोहीको व्यापक चैतन्य, वीरहरुको त्यागपूर्ण शौर्य, कर्तव्यनिष्ठताको समय सापेक्ष आव्हान,वलिदानका समुज्ज्वल परिणाम अथवा प्राकृतिक विशिष्ठताको गरिमापुर्ण आल्हद आदि राष्ट्रियता कै पृष्ठभूमिमा अभिव्यक्त भएका छन् । वस्तुको प्रभावले देशको र देशको विशेषताको आधारमा वस्तुको प्रेम प्रदर्शित गरेर पनि दायित्वको निर्वाह गरिएको छ । कवि शाहज्यू पनि देश प्रेमको प्रदर्शनमा ती कतिपय माध्यमहरुको अनुसरण गर्नु हुन्छ, तर के कुरामा फरक देखिनुहुन्छ भने उहाँ राष्ट्रको निर्माणमा केवल प्रेमनै प्रशस्त ठान्नु हुन्न । अर्को कुरा– शाहज्यूको चिन्तनमा र देशभक्तिमा देशलाई कुन दिशातिर लैजानेहो त्यसको स्पष्ट मानचित्र आफूमा निर्मित भएअनुसार भावना र कामनालाई राष्ट्रको भावी निर्माण सँग गाँसेर तिनकै प्रतिमूर्ति खडा गरिएको छ । यिनै आकांक्षाहरुको प्रति मूर्ति शाहज्यूमा देशपरक कविता भएकोले अन्य कविसँगको मूलभूत अन्तर बुझ्न गाह्रो परोइन । यो अन्तर नै कवि एम: वी.वी शाहज्यूलाई छुटयाउने रेखा हो । दिशाहीन स्थितिमा अलमलि-रहेको नेपाल आफू सक्षम नभई राष्ट्रिय दृष्टिले सुसंगठित शक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुपमा प्रादर्भू त नभई देशको स्वतन्त्र अस्तित्व कायम गर्न तथा अन्ता राष्ट्रिय प्रतिष्ठा प्राप्त गर्न नसकिने हुनाले राष्ट्रिय पृष्ठभू मिमा प्रत्ये-कलाई धारण गरेर त्यसै परिवेशमा भावना र दृष्ठिकोणको नवीन उन्मेष गर्न खोज्नु कविको समय सापेक्ष सन्दर्भ हो ।

मरचो ज्यूँदै त्यो, जसले–विर्स्यो– "देशको माटो"
बाँच्यो सँधै त्यो जसले– सम्झयो–'देशको माटो,

यसलाई उक्त भावनाकै दृष्टिमा पुष्टि वा टेवा दिने सूत्रबद्ध उद्‌गार भन्नु पर्छ ।

एकै देशका सन्तान हामी–
को टाढाको नजीकको ?

भन्नु र "जातमा जे छौं,सबै हौं, एक सन्तति देशको" कविताले पनि एउटै राष्ट्रिय व्यापकतालाई इङ्गित गर्छन् ।

जवसम्म यी दुई हात छन्,.किन अर्काको भर पर्दछौं
मेहनत गरी हिम्मत राखी, शृङ्गारी आमा छाड्दछौं ।

यसले माथिकै आदर्श अँगालेर आत्मनिर्भर हुने विश्वास प्रकट गर्छ ।

शाहज्यूका देशपरक कविता समसामयिक वस्तुस्थितिवाट वढी प्रेरित, वढी उत्साहित, बढी संयोजित छन् । कर्मशीलताको सौन्दर्य वोकेर निर्दिष्ट लक्ष्य प्राप्तगर्ने अभियानको चौवाटोमा निर्माणको शंख फुकी देशीयता, स्वतन्त्रता र राष्ट्रियताको भाव धारामा बिकषित दृष्टिकोण कवि शाहज्यूको काव्यगत देश प्रेम हो ।

सिद्धान्तत: कवि दार्शनिक चिन्तकभन्दा राजनैतिक विचारक हुन् ; अन्तराष्ट्रिय प्रभावले भन्दा कविलाई राष्ट्रिय समस्याले चिन्तित तुल्याएकोछ, अध्यात्मिक अन्तमु'खतामा भन्दा कवि सामा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिक वहिर्जगतमा केन्द्रित देखिन्छन् । इहलौकिक कर्तव्य निष्ठतालाई जीवनको आदर्श मानेर सामाजिक दायित्वको निर्वाह गर्ने शाहज्यूको आग्रह छ। कुनै प्रतिपारित विचारधारा अथवा वादसम्मत सिद्धान्तको अनुसरण नगरेर राष्ट्रिय दृष्टिकोण अंगीकर गरिएको छ सिद्धान्त कविता होइन तापनि कवितामा सैद्धान्तिक दृष्टिकोण उस्पृश्य मानिँदैन । शाहज्यूको कवितामा पाईने कर्तव्यको जागरुकतालाई उहाँको सिद्धान्त मान्नु पर्छ । उदाहरणको लागि तलका पंक्तिहरुलाई प्रतिनिधिरचना ठानेर अधि साछुं-

अनुशासन र देशभक्ति, इमान्दारी र वीरता ।
यी नै हुन् नेपाली गहना, न्याय, निष्पक्ष, एकता, ।।
नेपाली प्रत्येकको हो, परम कर्तव्य सँधै भरी ।
जोगाइ स्वदेशको माटो, सेवा गर्नु अगि सरी ।।
विभूति देशमा आए, गए त्यस्ता कति कती ।
परन्तु ज्यूँदो नेपाली, व्युँक्तीरहे सँधै भरी ।।

नेपालीलाई कोसेली– (चिठ्ठी र कविताहरु)

कविको सचेतनताले शाहज्यूलाई समुज्वल भविष्यको सुन्दर परिकल्पना दियो भने शाहज्यूको उत्तर दायित्वले उहाँ को कविलाई आदर्श समाज स्थापना गर्ने निर्दिष्ट वाटो दियो । दार्शनिक चिन्तन उहाँको कविताको प्रकृति होईन तैपनि कहीकही भने डोर्याउने गर्छ दर्शनले पनि उहाँलाई । यो विशेष गरेर जीवनको अनित्यता बारे शाहायूको विश्वासवाट थाह हुन्छ । अनिवार्य मृत्युको वन्धनवाट फुत्कन नसकेको कुरालाइ प्रकृति' मान्दै कवि वाचुन्जेल राम्रो उपयोग गर्ने पक्षमा छन् र यही निष्कर्ष निकालेर छन् उत्साहित हुन्छन् । शुरुमै कविले भनेका छन् "जिन्दगी क्षणिक हो –' किनभने जन्म–मरण ईश्वरीय देन हो–त्यो प्रकृति हो ।" यसको पुष्टि शाहज्यूका अरु कविता बाट पनि हुन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कमलको पातमा पानी, जसरी अड्न शक्तछ ।
त्यसरी अन्न र पानीको शरीर यो ढल्न शक्तछ ।।

त्यसकारण कवि निष्कर्ष निकाल्छन् क्षणिक जीवनको सार्थकताको लागि इङ्गित गर्दै :–

जो काँतर, धूर्त, पापी छ, मर्छ ज्यूँदै सयौं पटक ।
छ त्यागी, वीर, इमान्दार जो, त्यो मर्छ एकै पटक ।।

– चिठ्ठी र कविताहरुवाट

कवि आफुलाई त्यसमध्यकै एक व्यक्ति ठान्छन्, जो जिन्दगीको सुरक्षालाई भन्दा त्यसको सदुपयोग र सार्थकतालाई महत्व दिने गर्छन् । "यौटा मेशीन" यसै दृष्टिकोणको प्रतिनिधि कविता हो । र यसमा त्यसकुराको पनि राम्रो प्रतिपादन भएको छ ।

आधुनिक संसारको भौतिक विकासमा मेशीनको निर्णायक भूमिकालाई कसैले होइन भन्न सक्तैन । विकास र उत्पादनकार्यमा सँलग्न मानिस पनि त्यस हिसावले एउटा मेशीननै हो । यन्त्रवत संचालित भएर जीवनको प्रत्येक क्षणलाई कुनै निर्माणमा व्यय गर्नु सामाजिक दृष्टिले एकप्रकारको लगानी हो– व्यतीत हुने जीवनका मूल्यवान अंश र आयुको सार्थक सदुपयोग । जीवन आफै यन्त्र होइन, तर यान्त्रिकता उन्नत र समृद्ध जीवननिर्वाह गर्ने क्रममा मानिसको निरन्तरको प्रयत्न वाट निर्मित भएको एउटा स्वीकृत र स्वाभाविक अवस्था हो । त्यसकारण मानव– जीवनको स्वतन्त्र स्वरुपलाई मानेर पनि त्यसवाट संपादित हुने नियमित, अनुशासित, र मर्यादित कार्यको अपेक्षा गरिन्छ । कवि श्री एम.बी.वी शाह पनि आफूलाई यस्तै यन्त्र ठान्नु हुन्छ र आफ्नो जीवनको घटनाक्रमलाई त्यसै माध्यमले अंकित गरेर जीवनको सामूहिक प्रयोजन प्रस्तुत गर्नु हुन्छ ।

। वस्मरणीय घटनामा आधारित शाहज्यूको जीवनको मार्मिक अनुभूति हो 'यौटा मेशीन, । स्वत्वको महत्ताभन्दा जीवनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मार्मिक अनुभूति उपयोगिता र यथार्थतालाई धारण गरेर कुनै अदृश्य सत्तालाई पनि यहाँ स्वीकार गरिएको छ । तर आफूमा आरोपित गर्दा जीवन्को इहलौकिक महत्वलाई बिर्सेका छैनन् । शेष पछि पनि बांचिरहुँला भन्ने विश्वास भित्र तिनै अमर कार्यको संकेत कविले गरेका छन्, जसको प्रभावले मानिस कालान्तरमा पनि अविस्मरणीय हुने गर्छन् । त्यस कारण जन्म र मृत्यु आफ्नो हातको कुरा नभएकोले यसलाई अज्ञात शक्तिमै सुम्पेर आफू त्यस दायित्वप्रति मात्र संचेत हुन खोजेका छन् जसको निर्वाह मानिसहरु आफ्नो जीवन कालमा गर्ने गर्छन् ।

शाहज्यूका कवि निर्दिष्ट दिशाको यात्री हुन्– त्यसै परिधिको संसार डुलेर रमाउने व्यक्ति । देशको सीमा अतिक्रमण गरेर विश्व-भावनामा प्रवाहित हुने कविहरुको संवेदना सँग शाहज्यूलाई दाँज्न मिल्दैन । यस परिप्रेक्ष्यमा कविलाई देशको विस्तृतिमा पाउँछौं, विश्वको अनन्ततामा होइन । द्रष्टाको असंलग्न अभिव्यक्ति उहांको कविता नभएर स्रष्टा को संलग्न परिकल्पना उहाँको कविताको स्वरुप हो । त्यसैले शाहज्यूको कवितामा केवल प्रतिक्रया प्रकट नभएर समाजरचनामा विशिष्ट भूमिका संपादनगर्ने कविको क्रियाशीलता व्यक्त भएका छन् । विभिन्न जिम्मेदारीले सजग शाहज्यूको अन्तरात्मालाई सधैं उत्प्रेरित गरिरहने दायित्ववोध भित्र उहाँका कविमा जुनकिसिमको सपना र आशा–आकांक्षा मौलाएका छन्, तिनैले यस दिशातर्फ आकर्षित गरे । काव्य–सृष्टिको यस पृष्ठभूमिमा उहांको कविताको मूल्य निकै गहकिलो छ, ऐतिहासिक र उहाँको स्थान सर्वाधिक महत्व पूर्ण छ ।

साभार- महेन्द्र– स्मृति– ग्रन्थ बाट

नेपालको अस्तित्व मेटियो भने नेपालीको अस्तिव पनि मेटिनेछ ।

–स्व. श्री ५ महेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'छोडेको बास' कविताको सेरोफेरोमा कवि म.वी.वि. शाह

–खिलनाथ वस्ताकोटी

नेपाली साहित्यका विविधविधाहरुमध्ये कविता विधालाई लिएर देखापरेका कविहरुमा कवि म.वी.वि. शाह पनि एक हुन् । आधुनिक नेपाली कविताको पूर्वार्धचरणमा गीतिकविताको माध्यमबाट प्रवेश गरेका कवि शाहका दुईवटा व्यक्तित्वहरु १ स्पष्टरुपमा देखिन आउँछन्–कवि व्यक्तित्व र राजनैतिक व्यक्तित्व । राजनैतिक व्यक्तित्वका रुपमा परिचित स्व. श्री ५ महेन्द्र वीर विक्रम शाहदेवका बारेमा होइन कि 'छोडेको बास' कविताको सेरोफेरोमा कवि म.वी.वि शाहको सन्दर्भमा केही कुरा भन्नु प्रस्तुत रचनाको साध्य हो ।

यद्यपि मनोरञ्जनका लागि पनि साहित्य लेखिन्छ र हर्षको उद्वेगमा लेखिएका रचनाहरु पनि रोचक नै हुने गर्छन् । तापनि त्यस्ता कविताहरुले शोक धाराको आनन्दलाई व्यक्त गर्न सकेका हुँदैनन् वियोग र वेदनाका अनुभूतिद्धारा हृदयदेखि नै उकुसमुकुस भएर सुस्केराका रुपमा निस्केका अभिब्यक्तिहरुले मात्रै पाठकवर्गको हृदय जित्न र त्यसभित्र प्रवेश गरेर शोकजन्य आनन्दको रसास्वादन गर्ने तर्फ घच्चघच्याउँन सक्छन् । यस किसिमका शोकधारामा प्रवाहित रहेका नेपाली गीत र कविताहरुको उल्लेख गर्दा छन्द कविताको क्षेत्रमा

---

१) प्रा. वासुदेव त्रिपाठी : 'सन्दर्भ कवि म. वी. वि. शाहको : सिंहावलोकन कविता यात्राको' सिंहावलोकन पृ. २७७, साझा प्रकाशन वि. सं. २०३२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविवर माधव घिमिरेको 'गौरी' खण्डकाव्य देखापर्छ भने गीतिकविताका क्षेत्रमा कविवर म.वी.वि शाहद्वारा लिखित रचनाहरुको नाम आउँछ। यसरी नेपाली साहित्यिक जगतमा म वी.वि. शाहको परिचय करुणा रसका परिस्कृत गजल र गीतकार रुपमा भएको पाइन्छ भने राष्ट्रिय भावधाराका प्रथम कवि र गीतकारकारुपमा पनि उनी पाठकहरुसमक्ष पूर्ण परिचित हुन पुगेका देखिन्छन्। कवि म.वी.वि. शाहलाई यी दुइ परिस्थितिका कविताहरु लेख्न पत्नी वियोग र देशको राजनैतिक वातावरणले प्रेरित गरेको हो भनिन्छ। त्यसो भए तापनि कवि म.वी.वि. शाहको व्यक्तित्व लाई 'छोडेको वास' कविताको फांटमा आइपुग्दा न त राष्ट्रिय भावधारा र गीतिछन्दले साथ दिएको हुन्छ, न त शोक कवितामा हुने शान्तरसले नै ओतप्रोत पार्न सकेको हुन्छ। कवि शाह यहाँनेर आइपुगेपछि विश्व सत्य र आध्यात्मिक दर्शनको गहिराइलाई समेट्न पुग्छन् र गहन वौद्धिक र दार्शनिक कविका रुपमा देखापर्दछन्। यसैले 'छोडेको वास' कविताभित्रका म.वी.वि शाहको चर्चा गर्नु अघि उनको साहित्यिक धरातल र त्यसका विविध पक्षहरुबारे उल्लेख गर्नु समयसापेक्ष हुनेछ।

कवि म.वी.वि. शाह नेपाली गीत र गजल क्षेत्रका आधुनिक कवि हुन् भन्ने कुरा माथि नै उल्नेख भइ सकेको छ। कवि शाहको गीति कविताको क्षेत्रमा भएको प्रवेश र त्यस्ता कविताहरुको प्रसारण कार्यले गर्दा नेपाली साहित्यको गीति कविताक्षेत्रमा जुनकिसिमले नयाँ गीतकारहरुको प्रवेश भयो र गीति कविताले आफूलाई समृद्धिशाली वनाउँदै लैजान सकेको छ त्यस कवि शाहको महत्वपूर्ण देन रहेकोलाई नकार्न सकिन्न।

कवि म.वी.वि. शाहका हालसम्म पुस्तकाकारमा प्रकाशित दुइवटा कविताहरुको संकलन र पत्र पत्रिकामा प्रकाशित केही फुटकर कविताहरुको आधारमा शाहज्यूका कविताक्षेत्रका तीन चर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखापर्दछन् २ ।

उसैको लागि कविताहरुको संकलनले कवि शाहको प्रथम चरणको प्रतिनिधित्व गर्छ । प्रस्तुत संग्रहभित्रका कविताहरूमा सबै जसो गजल र गीतहरु छन् र तिनमा सरलता र त्यसभित्र रहनुपर्ने गाम्भीर्यता पनि पाइन्छन् नै । त्यस वाहेक 'उसैको लागि' मा शाह–ज्यूको कवि आत्माको क्रमिक विकासको मनोवैज्ञानिक चित्रण पनि पाइन्छ ३ । तर त्यति हुँदाहुँदै पनि यसभित्रका रचनाहरुमा प्रसस्त त्रुटीहरु देखिन्छन् । कविता साहित्यको महत्वपूर्ण गुण मानिने गरेको वौद्धिक तत्त्व र त्यसको गहनताको अभावले गर्दा 'उसैको लागि' कविता संकलन भित्रका रचनाहरुको स्वाद केही खल्लो भएको अनुभव सर्व साधारण पाठकवर्गलाई समेत हुने गर्छ । सरलता साहित्यको एउटा गुण हो । तर सरलता हुँदैमा कुनै पनि कविता या लेख–रचनालाई पूर्णाङ्गी साहित्य मान्न सकिन्न । त्यसभित्र अन्तर्निहित हुनु पर्ने वौद्धिक गहनता र भावात्मक संवेदनशीलता 'उसैको लागि' भित्रका रचनाहरुमा कमैमात्र रहेको पाइन्छ । त्यसवाहेक त्यसभित्रका कवि–ताहरुमा आलंकारिक चमत्कारिता पनि ज्यादै नगन्य रुपमा मात्र रहेको देखिन्छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने कवि म.वी.वि. शाहका लेखन शैली प्रारम्भिक अवस्थामा रहेको हुनाले त्यसमा त्यति प्रौढता आइसकेको छैन, नेपाली शब्द –ढुकुटीलाई जुन रुपमा प्रयोग गर्नु पर्ने हो त्यस रुपसम्म प्रयोग हुन सकेको छैन र साथै कविमा हुनुपर्ने आन्तरिक भावुकता वा अन्तर्दृष्टि पनि प्रस्तुत कविता भित्रवाट हेर्दा पूर्ण रुपमा विकसित हुन पाएको छैन । यसको मतलब

---

२) क. पूर्ववत् पृष्ठ २७८
   ख. विन्दु कोइराला : 'कवि म.वी. वि· शाहका तीनचरण' रत्न श्री नारी अङ्क पृ. ७३ २०३५ (वर्ष १६, अङ्क १)

३) यदुनाथ खनाल : 'कवि म. वी. वि. शाह, साहित्यिक चर्चा पृ. १५४–१५५ साझा प्र. २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'उसैको लागि' भित्रका कविताहरु उत्कृष्ट छैनन् भन्न खोजिएको होइन । दरबारभित्रको प्रवेश र वातावरणबाट मुक्त भएर स्वच्छ प्राकृतिक वातावरणलाई अवलम्बन गर्न चाहने कवि हृदयका वैयक्तिक र राष्ट्रिय जीवनबाट प्रभावित रहेका विविध अनुभूतिहरुको मूर्त बिम्ब नै 'उसैको लागि' कविता संग्रह हो भन्न सकिन्छ ।

एकातिर 'उसैको लागि' कविता संग्रह श्रृङ्गार, शान्त र भक्तिरसको आधारस्तम्भमा खडा भएको देखिन्छ भने अर्कोतिर 'हे वीर हिंड अघि सरी' ४ जस्तो वीर रस प्रधान तथा 'आँधी बीच को बिचरो चरी सरी छटपट पारी गयो कसैले' ५ जस्तो करुणरसले ओतप्रोत भएका रचनाको समेत समावेश भएबाट विविध रसहरुको अस्पष्ट संयोजन भएको जस्तो सर्वसाधारण पाठकलाई समेत अनुभव हुनु अस्वाभाविक ठहर्दैन । तैपनि यसभित्रका गर्छिन् पुकार आमा... आकाशका तिर्मिरे तारा, मनले धोएर आएँ आदि कविता भित्रको सामाजिक संवेदनशीलता र भक्ति भावनाको प्रस्तुतीकरणले गर्दा कवि म वी वि. शाह आफ्नो क्षेत्रका अग्रगन्य कविका रूपमा उभि आउँछन् ।

'फेरि उसैको लागि' कविता संग्रहको प्रकाशनसंगै कवि म.वी.वि. शाह आफ्नो कविता यात्राको दोश्रो चरणमा प्रवेश गर्दछन्। यसभित्रका म.वी.वि. शाहमा विकसित अवस्थामा रहेको कवित्व शक्ति, परिमार्जित र मनोहारितापूर्ण अनि शुद्ध नेपाली भाषा शैलीको प्रयोग, गजल भन्दा लोकलय तर्फको बढ्दो अनुराग, प्रौढ राष्ट्रियताको भावना र बढ्दो आन्तरिक संवेदनशीलता समेत पाइन्छन् । 'फेरि उसैको लागि' मा श्रृङ्गार रसबाहेकका शान्त र भक्ति हरु हराउँदै गएका र त्यसको सट्टा उच्चतर सामाजिक र राष्ट्रियता

४. एम. बी. बी. शाह, उसैको लागि
५. " " " " " "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोधको भावना वढ्दै गएको तथा प्रकृति र मानव बीचको तादाम्य सम्बन्ध वढाउने खालका विचारहरुको समेत समावेश भएको देखिन्छ यस बाहेक कवि शाहका कवितामा राष्ट्रिय तथा सामाजिक भावहरु व्यक्तभएका छन् र त्यहाँ प्रतिगामी नेपालको राम्रो चित्रण समेत पाइन्छ ६ । यस्तै प्रस्तुत संग्रहभित्रकै केही कविताहरुबाट कवि शाह रोमान्टिक धारातर्फ पूर्ण रुपमा प्रवृत्त भइसकेको कुरा समेत स्पष्टिन आउँछ । जहाँसम्म राष्ट्रियताको भावना सम्वन्धित प्रश्न छ– कवि शाहको राष्ट्रियता प्रतिको भावना यति विकसित भइसकेको छ कि "मऱ्यो ज्यूँदै त्यो जसले, बिर्स्यो देशको माटो । बाँच्यो सधैं त्यो जसले संझ्यो देशको माटो ७" पढ्दा अंग्रेजी साहित्यका प्रसिद्ध कवि सर वाल्टर स्कटको "देशभक्ति" कविता भन्दा पनि उच्च धरातलसम्म पनि कवि म.वी.वि. शाहको प्रवेश भै सकेको भान हुन्छ ८ ।

'फेरि उसैको लागि' कविता संग्रहका विभिन्न कविताहरुमध्ये शाब्दिक समायोजन' लयको प्रवाहशीलता, हार्दिक संवेदनशीलता र वैचारिक एवं काल्पनिक सुन्दरता तथा प्राकृतिक चित्रणको दृष्टिले समेत विचार गर्दा 'रारा कि अप्सरा, फुल्दछ किन यो लालीगुराँस, कसले काऱ्यो तिमीलाई प्रिया, मर्नु सवको लागि,' आदि कविताहरु उत्कृष्ट देखिन्छन् । 'रारा कि अप्सरा' कवितालाई कवि म. वी. वि. शाहको यस चरणको प्रतिनिधि कविता मान्न सकिन्छ ।

यस प्रकार म.वी.वि. शाहका प्रथम चरणका कविताहरुको विकसित र उच्चता प्राप्त गरिसकेको स्वरुप नै 'फेरि उसैका लागि' कवितासंग्रह हो भन्न सकिन्छ र यस चरणमा आइपुग्दा कवि शाहमा पूर्ण परिपक्वता र कवि हृदयको विकास भैसकेको पाइन्छ । यस पछिका

---

६. सं. डा. ताराप्रसाद जोशी नेपाली कवितामा सामाजिक र राष्ट्रिय स्पन्दन नेपाली कविता संग्रह भाग २ पृ. ५७-५८ जोशी प्रकाशन २०३०

७. एम. बी. वी. शाह एकै देशका सन्तान हामी, फेरि उसैको लागि पृ. १३ शाक्य प्रकाशन २०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फुटकर कविताहरुबाट म वी.वि. शाहको कविता यात्राको तेश्रो चरण शुरु हुन्छ। यस अन्तिम चरणको सर्वोत्कृष्ट र प्रतिनिधि कविता हो 'छोडेको वास'।

'छोडेको वास' कवितामा आइपुग्दा कवि म.वी.वि. शाहको चिन्तनशील कवित्व शक्ति र वैचारिक प्रौढता पूर्णत: जागरित भैसकेको छ। यस अवस्थामा कवि म.वी.वि. शाह जीवन प्रति सोच्ने र त्यस प्रति आफ्नो भावना व्यक्त गर्ने कुत्कुतिले गर्दा आफ्नो कवितालाई झन् सशक्त पार्ने र भावनात्मक गहिराइभित्र पुऱ्याउँने तर्फ प्रवृत्त भएका देखिन्छन्। यस कवितामा आइपुग्दा कवि शाह पूर्णरुपले आफूलाई दार्शनिक व्यक्तित्वका रुपमा परिचित गराउँन पुगेका छन्। त्यस वाहेक यहाँनिर कवि शाहलाई आफ्नो जवानी प्रति पनि सोच्ने आकांक्षा उत्पन्न भएको र ईश्वर तथा मानवका वीचको तादात्म्य संवन्धवारे एक निश्चित सीमा सम्म पुगेर त्यसको घनिष्टता थाहा पाउने कुत्कुति लागेको भान हुन्छ। यो कुरालाई कवि शाहले केही मात्रामा 'एउटा मेशिन' कवितामा प्रस्तुत गरेका छन् भने 'छोडेको वास' कवितामा यसकुराको स्पष्ट संकेत सवै जसो पंक्तिहरुमा पाइन्छ। 'एउटा मेशिन' कवितामा कवि शाहले एकजना मालिकलाई ईश्वरका प्रतिकका रुपमा प्रस्तुत गरेर त्यसैमा शाश्वत अद्यात्मदर्शनको प्रतिपादन गर्न पुगेका देखिन्छन्।

'छोडेको वास' कवितामा आइपुग्दा कवि म.वी.वि. शाह आफ्नो पूर्वावस्था र भनौं राजनैतिक व्यक्तित्वलाई समेत किंचित व्यंग्यगर्न पुगेका देखिन्छन्। कविता सर्सर्ति पढ्दा पहिलो पटकमा के अनुभव हुन्छ भने त्यस वासमा हिजो कुनै राजकीय व्यक्तित्वको मुकाम थियो तसर्थ त्यो ठाउँ पिपाको आवाज र क्याम्प घेरेको वार तथा हात्तीको लहर, झण्डाहरुले सजाइएका सवारीकार र विगुलको सलामी, लोक-

८ गार्गी शर्मा, कवि म.वी.वि. शाहज्यूमा राष्ट्रियता, गो.प. विशेषाङ्क (जेठ ३०, २०२७ पृ. ४५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गीतको समधुर आवाज अनि "रसिला ओठको हाँसो" का खित्काहरूले गुञ्जित थियो । यस किसिमको त्यो सुन्दर वासलाई आज उजाड भएको देख्दा र यौवनको खुड्किला पार भैसकेपछि यता र उति फालाफाल हुन पुगेका "नाजुक सुन्दरी झैं" कान्तिविहीन भै आफ्नो जीवनको अन्तिमघडीमा पुग्नलागेको देख्दा कवि शाह आफैं सित प्रश्न गर्छन- "खोइ त्यो जेनरेटरको एकनासे गुञ्जन, लोकगीतको मीठो आवाज ? कहाँ गए ती हिजोका रसिला नाचगान मेला झैं —
रमाइला हंसिला, ओठका हाँसो, झिलिमिलाएका सुन्दर दृश्य ? सेता ढुङ्गाका बुट्टा परेका गोरेटाहरू खोइ आज यहाँ ?
खोइ त्यो कृत्रिम फूलवारी, हरिया बिरूवाहरू क्याम्पमा ९ ?"

कवि शाहको भावुक हृदयको जिज्ञासा यतिमा मात्र सीमित हुँदैन । उनको हृदयलाई अझै कति कति कुराहरूले चिमोटिरहेका हुन्छन्, कति प्रश्नहरू सोध्नै बांकी रहेका हुन्छन् । उनलाई त्यस वासको वैभवकालीन यादहरूले वारम्वार घच्घच्याइरहेका रहेका हुन्छन् । अझैं भनौं कवि शाह त्यस क्याम्पमा वास बस्दाका सम्पूर्ण कवि हृदयले संगाल्न सकेका अनुभूतिहरू–जस्तो कि– एकान्त वनका छहारीमा बसेर अनुभव गरिएका कविताका लहरहरू, मन्द मन्द गतिलेवगेको हावाका लहरसंगै सुसाएका रूखपातहरू, भर्खरै झुल्केर आकाशमा आफ्नो यौवनकालिक छटाहरूको प्रदर्शन गर्ने चन्द्रमा र मन परेकी आफ्नी मायालुको झल्को, निर्मल नदीका किनारमा उभिएर हेर्दा देखा परेका मन लोभ्याउँने खालका छचल्किदा नदीका छालहरू र पर परसम्म आफ्नो फिजभित्र लुकाएर जलविन्दुलाई हुत्याइदिने खालका लहरहरूको संझनाले विह्वल हुन्छन् । अनि उनी

९. एम. बी. बी. शाह, छोडेको वास पृ. १११–११२, नेपाली कविता संग्रह भाग २ सं. ताराप्रसाद जोशी, जोशी प्रकाशन २०३० काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टि. हूडको "भूत र वर्तमान" का संकनाहरू १० भन्दा पनि गहनत गहिराइभित्र पुगेर अतीतका ती याद र वर्तमानका जिज्ञासाहरूला समेत समेट्दै आफ्ना भावनाहरू र उत्सुकताहरूलाई यसरी अभिव्यक्त गर्दै जान्छन् –

"सुसाएका ती रूखपात, घामछाया, झुल्केको चन्द्रमा, चीसो
सर्सरी हवा
नीलो निर्मल नदी किनार, कहाँ गए, छालछल्केका, मीठा मीठा
कविता
विलायो कहाँ मानो मन परेका सुन्दर–रसीला मायालु याद
उडेर हंस जोडी झैं त्यो शून्य नभमा, बिलाउँदै विलाउँदै अल्पेर
स्वपनामा ११।"

प्रस्तुत कवितामा म. वीं. वि शाहको परिस्कृत प्रकृति चित्रणको सबल शैली र यथार्थवादी कविताको आभास समेत देख्न सकिन्छ। अझ यथार्थवादी चित्रणको सन्दर्भलाई मात्रै हेर्ने हो भने 'छोडेको वास' कविता भित्रकै यथार्थ प्रति जिज्ञासा प्रकट गरिएका निम्न पंक्तिहरूलाई लिन सकिन्छ–

"त्यो मौका, ती उभिएका टम्म मिलेका पाल, सायर
मान्छेको ताँती, तीता मीठा टर्रा सबै दायाँ वायाँ तम्सिएर
खोइ त्यो, छरितो छाप्रो, जंगी निजामती ठूला साना–
कर्मचारी, हात हतियार मोटर लरी ल्याण्डरोभर
कहाँ गयो त्यो, आवाज पीपाको कीलाको, क्याम्प घेरेको बार
खोइ त्यो हात्तीको लहर, शिकारीको लोभी आँखा र वैर्य
सामना गर्ने साहस . . . . . . १२।"

10. T. Hood, The Past And The Present, Page 3, S. L. C. Poetry Selection.

११– ऐ. छोडेको वास पृष्ठ ११२

१२– ऐ. ऐ. पृष्ठ १११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार म. वी. वि. शाहको कवि हृदयले प्रश्नहरू सोध्दै जान्छ, उत्तरको प्रतिक्षा पनि गर्छ नै। तर त्यसको उत्तर कतैबाट आउँदैन, कसैले दिँदैन। अऋ भनौं त्यस गहिराइसम्म पुगेर कसैले पनि उत्तर दिन सक्तैन। यसले गर्दा कवि शाह एकपटक फेरि आफ्नो सुदूर अतीततिर फर्कन वाध्य हुन्छन्। आफ्नी प्रेयसीको वियोग वेदनाले व्यथित कवि एक पटक आफ्नो संऋनाले अमर स्मृतिलाई नै कविताका रूपमा१३ देख्न पुग्छन् र आफ्नी प्रेयसीसंगको वियोगले गर्दा वैलाएको वा भनौं कान्तिहीन अवस्थामा रहेको आफ्नो जीवनको त्यो करूण अतीतलाई आत्मसात् गर्न पुग्छन्। अनि कवि त्यसबेलाको आफ्नो मानसिक अनुभूति वा उजाड र शुष्क मनोभावनाहरूले गर्दा विचलित भएर रहेको परिवेशलाई संऋन थाल्छन्। यस किसिमको अस्पष्ट मनस्थितिमा कवि म. वी. वि. शाह त्यो हिजोको वासलाई पनि आज त्यस्तै श्रीविहीन भएको देख्दा लामो सुस्केरा हाल्दै सहानुभूति प्रकट गर्न पुग्छन् –

"कठै ! आजै म देख्दैछु, हिजो पनि देखेथें तर–
छन् कठै ! आज ढल्न लागेका पाल लगेका डोरी अनि विजुलीका तार
शृङ्गारिएको कोठाका सामान, ती नाजुक सुन्दरी फैं –
फालाफाल यताउता, फ्याँकिएका, वैलाएका वलौटे भूमि फैं उजाड
१४।"

कविहरू कल्पनाका पुजारी वा उपासक हुनेगर्छन् र त्यसै कल्पनामा नै उनीहरू आफ्ना हृदयदेखि उब्जेका सोचाइहरूको उत्तर पाउने कोशिश गर्छन्। कल्पनालाई विशाल सृजनाका विभिन्नतामा

१३. यदुनाथ खनाल, कवि म. वी. वि. शाह, साहित्यिक चर्चा पृष्ठ १५४ वि. सं. २०३४, साझा प्रकाशन।
१४. ऐ. छोडेको वास पृष्ठ ११२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र चमत्कारमा आफ्नो जादूलाई व्यक्त्याउँन सक्ने मानवीय दिव्यशक्ति १५को आभास मात्र कविहरूको स्वभाव हुन्छ। त्यसैले होला कवि म. वी. वि. शाह पनि आफ्नो सोचाइको उच्च धरातलमा पुगेपछि अना-यासै अस्पष्ट रूपमै भएपनि एउटा जवाफ भेट्टाउँछन् । हिजोको वासमा जगाएको धुनी कहाँ गयो होला भन्ने प्रश्नको उत्तर उनको त्यो कल्पनाशील अर्न्तहृदयबाट प्राप्त भएपछि उनलाई झन् विस्मय लाग्न थाल्छ । उनलाई पत्यार लाग्दैन आफ्नो त्यो हृदयान्तरबाट आएको जवाफ प्रति । अनि उनो आफ्नै हृदयसित एकान्तमा त्यस उत्तरको सत्यता बारे दोहोऱ्याएर सोध्न थाल्छन् –

"के खरानी भो रे, त्यो रमाइलो दन्दनी बल्ने धुनी
सारा सल्केर १६ !"

'छोडेको बास' कविता भित्रका कवि शाह यतिञ्जेलसम्म केवल यथार्थवक्ता र जिज्ञासुमात्र देखिएका छन् । उनको वरिपरीको वातावरणमा भएको परिवर्तनले उनलाई जिज्ञासु बनाएको छ। त्यसभित्रको रहस्य थाहा पाउने उत्कट इच्छाले प्रेरित गरेको छ। यसैले यतिञ्जेलसम्म अर्थात् छोडेको बास कविताभित्रै पनि पूर्वार्ध-चरणसम्म कवि शाहको गद्यमय शैलीमा यथार्थवादी चित्रण र त्यस-भित्र जिज्ञासाजन्य प्रश्नहरू पाइन्छन् । त्यसपछि कवि शाहभित्रको अर्को कवि व्यक्तित्व देखा पर्न आउँछ– चिन्तनशील मात्र होइन कि अध्यात्म दर्शनभित्र भिजिसकेको दार्शनिकका रूपमा । यतिञ्जेलको आफ्नो जिज्ञासा र प्रश्नको उत्तर कवि शाह आफैं दिन अघि सर्छन्। उनको अर्न्तहृदयमा कसैले ती सम्पूर्ण प्रश्नको उत्तर दिइसकेको हुन्छ । र त्यस उत्तर जति उनलाई किंचित् आश्चर्य त लाग्छ तैं

१५. लक्ष्मी प्रसाद देवकोटा; कल्पना, लक्ष्मी निवन्ध संग्रह पृष्ठ १३० बि. सं. २०३२, साझा प्रकाशन

१६. ऐ. छोडेको बास पृ. १११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तैपनि उनी त्यसलाई बुझ्ने कोशिश गर्छन् अघि आफूले गरेका प्रश्न को उत्तरमा कवि शाह अब आफैं यो संसार परिवर्तनशील छ र परिवर्तन हुनु प्राकृतिक कानूनको परिधिभित्र पर्ने विषय हो भन्ने समाधान निकाल्छन् । 'तेरो मेरो भन्ने भावना सबै क्षणिक हुन्, त्यसैले यस संसारमा कसैको पनि कसैमाथि पूर्ण अधिकार रहन सक्तैन । हामी आफ्नो अधीनमा छैनौं र हामीलाई कुनै अदृश्य महान् शक्तिले गरिरहेको छ । यसो हुनाले त्यस महान् शक्तिको इच्छा बमोजिम हामीले चल्नुपर्छ । उसकै इच्छामा हामी प्रत्येक दिन र प्रत्येक क्षेत्रमा विविधताको अवलम्वन गर्ने गर्छौं । हामीले जे देखेका वा भोगेका छौं तीं सबैलाई छोड्नुपर्ने हुनाले ती सबैको संझनाको आभास वाहेक भविष्यमा हामीसंग अरूथोक केही बाँकी रहँदैन ।' यस किसिमको सचाइले जब उनलाई अर्न्तहृदयदेखि नै घच्घच्याउँन थाल्छ, कवि म. वी. वि. शाह एकान्तमै एकपटक आश्चर्य फुस्फुसाउन थाल्छन्–

"हिजो आजै फेरि यहाँ वहाँ कता कता जानुपर्ने रे तेरो-मेरो सबै छाडेर, हिजोको वास, आजको आभास अरे ! मिर्मिरे विहानी बैंशालु दिन सुनौलो साँझ सबै छाडेर कस्तो अनौठो ! सम्झनैसम्म विर्सने, हिजोको दिन आज वदलिएर १७ ।

म.वी वि. शाहको कवित्व अझै गहिराइतिर बग्दै जान्छ । उनलाई यस सांसारिक नियमका बारेमा भर्खरैको सोचाइप्रति सत्यता रहेको मान हुन्छ । यतिखेर कवि शाहलाई शायद लक्ष्मी प्रसाद देवकोटाले ईश्वर, आतमा, स्वर्ग र नर्क तथा धर्मलाई संसारका महत्व-पूर्ण पाँचतत्त्वका रूपमा स्वीकारेको कुराको याद आउँछ । अनि उनि ती सबै भन्दामाथि पुगेर प्राकृतिक नियमलाई अस्वीकार गर्न सक्दैनन्। उनको भर्खरैको सोचाई अब ध्रुवसत्य रहेको अनुभव हुन्छ । मान्छेको

१७, ऐ, पृष्ठ ११६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन केवल स्वप्न जस्तै हो, जसरी सपनामा राम्रा वा नराम्रा कुरा-हरू देख्दा ती सबै नै सत्य हुन् कि भन्ने लागेतापनि निद्रावाट व्युँझि एपछि झुटो सावित हुन्छ त्यसरी नै हामी पनि अज्ञानतावश यस जीवनलाई सत्य ठानेर र समय वस्तुका रूपमा उपभोग गरिरहेका छौं भन्ने अध्यात्मदर्शनभित्रको तत्वले उनलाई त्यसतर्फ अघि बढ्न प्रेरित गर्छ। अनि कवि शाह आफ्नो भावलाई व्यक्त्याउँदै जान्छन् –

"शायद आएका हौं कि क्या हामी सबै जानैलाई जानेर नजानेर
भाई रमाई, सम्झी, बिर्सी, देखे सुनेका सबलाई छाडेर
त्यो मीठो तन्किएको स्वपना, यो झुटो सकिएको विपना ठानेर १८।"

मानव शरीरका जड र चेतन दुइवटा तत्वहरूमध्ये शरीर सदैव जड छ र यसको अस्तित्व यसलोकमा मात्र सीमित रहन्छ। तर आत्मा चाहिं अमर छ र चेतन पनि छ। तसर्थ यो कहिल्यै नाश हुँदैन वह एउटा घर पुरानो भएपछि अर्को घरमा प्रवेश गरे जस्तै पुरानो शरीर लाई छाडेर नयाँ शरीरमा प्रवेश गर्छ र हामी त्यसैलाई पुरानो शरी-रको मृत्यू भन्दछौं। यस किसिमको आत्मतमदर्शनको गहनतम सोचा-इलाई कवि शाह ज्यादै सरल तरीकाले आफ्नो कवितामा उतार्न सफल भएका छन्। त्यसैले उनी आफ्नो कवितामा मानव जीवनमा आइपर्ने सुख र दुःखलाई यस्यै सोचेर सामना गर्न सल्लाह दिन्छन् मानव जीवनका आँसु र हाँसोहरू यस्तै दुःख र सुखका प्रतिरूप हुन्, तसर्थ ती सबैलाई त्यति धेरै महत्व दिन हुन्न भन्दै कवि शाह जीवन-वारेको यथार्थलाई बुझेर आफ्नो कर्तव्यमा लाग्न सबैलाई आह्वान गर्छन्।

'छोडेको वास' कविता आद्योपान्त पढिसक्दा वीच वीचमा खड्कने कुराहरू पनि निकै नै देखापर्दछन्। सबै भन्दा खड्कने कुरा

१८ ऐ. ऐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के अनुभव हुन्छ भने माथि उल्लेख गरेजस्तै कविताको भावधारा बीचमा खण्डित भएको छ। प्रस्तुत कविताको पूर्वार्द्ध चरणको र उत्तरार्द्ध चरणको शैली, वैचारिक गहनता र संवेदनशीलता समेतमा आनका तान फरक देखिन्छ । सबै दृष्टिकोण हेर्दा कविताको उत्तरार्द्ध चरणले पूर्वार्द्धको भाव र अर्थलाई जसोतसो समेट्न खोजे जस्तो मात्र देखिन्छ ।

विभिन्न अपूर्णताहरूको वावजूद 'छोडेको वास' कविता सफल छ र यहाँनेर आईपुग्दा कवि म.वी.वि. शाह प्राकृतिक सौन्दर्यको चित्रण र यथार्थ प्रस्तुतीकरणबाट अघि बढ्दै, रोमान्टिक धारा र राष्ट्रियताको भावनालाई समेत आफ्नो बाटोमा छाडैर गद्यमय शैली-मा दार्शनिक विचारधारालाई व्यक्त गर्न पुगेका छन् । प्रस्तुत कविता-मा जीवन के हो, मानव र ईश्वरका बीच कस्तो सम्वन्ध छ, मानिसले आफ्नो आस्तित्वलाई सीमितरूपमा मात्र उपभोग गर्न पाइरहेको किन अनुभव गर्छ, यौवन के हो र यसको आरम्भ तथा अन्त्य कसरी हुन्छ आदि विविध आध्यात्मिक र दार्शनिक पक्षको सम्यग् प्रस्तुतीकरणसंगै मानवले छोडिसकेपछिको जीवन जगतको विश्लेषण गर्नु नै कवि शाहको साध्य रहको देखिन्छ । यस संसारको गतिशीलता जस्तै मानव मात्रको मृत्यू पनि अनिवार्य प्राकृतिक नियमका रूपमा रहेको तथ्यलाई अभिव्यक्त गर्दै यो संसार पनि केही समयका निम्ति लिइने आश्रय मात्र हो र लगत्तै पछि 'छोडेको वास' जस्तै उजाढ हुनेछ भन्ने विश्वसत्यको उद्घाटन छोडेको वास कवितामा पाइन्छ । यस प्रकार आफ्नो कविता यात्राको विभिन्न चरणहरू पुरागरी प्राप्त अनुभूतिको आधारमा क्रण्डै क्रण्डै जीवनको अन्तिम क्षणतिर लेखिएको यस कवितालाई कवि म.वी.वि. शाहको सर्वोत्कृष्ट रचनाका रूपमा लिन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"फेरि उसैको लागि" का कविलाई

–देवेन्द्र लम्साल

बोल्ला फेरि कतै टिपी सुमनको वास्ना सुँघी कल्पिदै
खोल्ला आंत लुकेर फेरि लयको आस्था कुँदी मस्किदै
फुल्ला बैंस भएर कुञ्ज नरको वात्सल्य देखाउँदै
हाँस्ला फेरि रमेर प्यार जनको चाञ्चल्यमा फैलदै ।।

हाम्राछाती भरि अझै लहर छन्, छन् ती उनै ढुक्ढुकी
हाम्रो जोश समेटिने प्रलयको भण्डार काऊकुती
बाँकी आज रहेछ जो, हिम–शिला चम्किन्छ रे कुलिन
कृष्णा छाल उठाउँदै समरमा गैदिन्छ रे उर्लिन ।।

मान्छेका मुटूभित्र छौ अधरमा छौ गीतका माधुरी
तिम्रो देश बनाउने सफरमा लाखौं थिए चातुरी
तिम्रो ज्ञान विद्या भिज्यो रससरी संजीवनी झै जहाँ
तिम्रो प्रेम भिज्यो रसीक रसमा उक्साउँदै चाहना ।।

तिम्रो गीत टिपेर गाउँछ सँधै डाँफे चरी लेकमा
रून्छन् ती वन न्याउली हृदयमा संझी उनै भावना
आईद्यौ अब फेरि यो भुवनमा पंखा फिजाइकन
गाईद्यौ नवरागले गगनमा भाका सुसेलीकन ।।

तिम्रो भाव थियो अथाह गहिरो के देख्नु मैले बसी
तिम्रो प्यार थियो अनन्त, महिमा के लेख्नु मैले बसी
तिम्रै प्यार लिएर आज म यहाँ बाँच्ने गरे हिम्मत
बाँची मात्र नभै बचाउँन अरू गर्दैछु यो किस्मत ।।

★ ★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"[illegible] ढलैको लागि" का कविता[illegible]

—देवेन्द्र [illegible]

[illegible] लेखी मुगलको वास्ता नु भी कहिल्यै
[illegible] पेरि मनको आशा कुनै गरिकन
[illegible] हरो वात्सल्य देखाउँदै
[illegible] भारको आवश्यकता पर्यो ॥

[illegible] भई गाउर तम्, छत पनि ढल्दै[illegible]
[illegible] प्रतापको अप्ठ्यार [illegible]
[illegible] छिन-छिना [illegible]
[illegible] हनन्ना [illegible] ॥

[illegible] अधरमा यो [illegible]
[illegible] भाको [illegible]
[illegible] गरोस्नी [illegible]
[illegible] ॥

[illegible] मार्दैछ [illegible] भन्दै [illegible]
[illegible] हरूमा [illegible]
[illegible] पनि यो भूकम्पमा [illegible]
[illegible] मनमा [illegible] ॥

[illegible] भाग्य छैन? [illegible] मेल गर्नै
[illegible] [illegible]
[illegible] यहाँ [illegible] गरे हिम्मत
[illegible] यो [illegible] ॥

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देशका पूजारी एवं प्रकृतिका प्रेमीकवि एम०बी०बी० शाह

—बालकृष्ण पोखरेल

हुनता पाश्चात्य देशको फलिफाप्ये र त्यहाँको अटेसमटेस वैभवद्वारा अमन्ने भएका केही विचारकहरूले देशभक्तिलाई फटाहाहरूको अन्तिम आश्रयको संज्ञा १※ नदिएका होइनन् । कसै-कसैले देशभक्ति मात्रै भएर मानवजाति अघाउदैन भन्ने मन्तव्य २※ पनि प्रकट नगरेका होइनन् । तर गरीबी र दारिद्र्यको लपेटामा परेका अनि दुई ढुंगाको वीचको तरुल जैं भएर थिचिन बाध्य भएको नेपालमा बस्न हामी पृथिवेलहरूले आफ्नो सार्वभौमिकतालाई सधैं पोटिलो र हरिलो राखिरहन, आफ्नो माटोको सुगन्धलाई कहिल्यै सड्न, नदिन आफ्नो प्रकृतिका मुस्केराहरूलाई कवै उपेक्षित र अवहेलित हुन नदिन आफुले र आफ्ना पुर्खाईरूले वगाएका पसीनालाई किमार्थ निष्फल र निरर्थक हुन नदिन अनि आफ्नो आत्म-गौरवलाइ अक्षुण्णताको अंकमालिकावाट वंचित हुन कुनै हालतमा पनि दिदै नदिन देशभक्तिलाई आज प्राण भन्दापनि प्यारो,मुटुभन्दा पनि आफन्त एंव कलेजो भन्दा पनि दाहिनु ठान्नुपरेको छ । चाहे भूगोलपार्कको अल्लारे गफमाहोस्, चाहे वस विसौनीको क्षणिक कचहरीमा होस्, चाहे पुरेत जजमानका संकल्पहरूमा होस्, चाहे साझा वसले पशुपतिको ढोकालाई नजीक तुल्याइ दिएकोमा रमाएका धर्मपरायण प्राणीहरूको समाजमा होस्, चाहे कवि-लेखकहरूको भेलामा होस्, चाहे नटुवा नटुवी अनि गवैयाहरूको खलकमै किन नहोस् यस राष्ट्रिय भावनाले गुँड लाउनु पर्छ । फुल पार्नु पर्छ र आफ्ना कलकलाउँदा र सुकसुकाउँदा चल्ला काढ्नु पर्छ ।

※ वोसवोलकृत – सेमुयल जोन्सनको जीवनी – अप्रिल ७,१७७५

※ एडिथ क्यामलकृत - अन्तिम वचनहरू – अक्टोवर १२,१९१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्ध अंग्रेजी कवि सर वाल्टर स्कटले भनेका छन्, 'त्यो मान्छे एकै एकै जुनिमा दुईपल्ट मर्नेछ जो आफ्नो देशको माटोलाई माया गर्दैन। हामी पनि यस उक्तिसंग सही थाप्तै अरु के कुरा थप्न सक्छौं भने त्यो महाकवि एउटा दयनीय जीव हो, जसले आफ्नो मातृभूमिलाई एकपटक पनि पूजा गरेको छैन र त्यो लेखक उपहासको एउटा पात्र हो जसले आफ्नो माउथलोको एकैचोटी पनि उपासना गरेको छैन।

प्रसिद्ध नेपाली कवि एम.बी.बी. शाहका अनेकौं कृतिहरूमा यस राष्ट्रिय भावनाले ढकमक्क फक्रिने मौका पाएको छ । यी कविताहरूले एकातिर कवि सामाजिक प्राणी भएकोले उसका अनुभूतिहरूमा समाजका खुशी, उमंग, रोग, वेदना, व्यथा छटपटी, उकुसमुकुस र तुलबुलहरू कुनै न कुनै पाराले विद्यमान भएका हुन्छन् भन्ने कुरालाई जनाएका छन् भने अर्कातिर कवि परिस्थितिसित रागात्मक किसिमबाट सम्बन्धित हुने भए ता पनि ऊ परिस्थितिको जुम्रे अनुचर नभएर बरु जाँगरी मालिक पो हो भन्ने सिध्दान्तलाई छर्लङ्ग्याएका छन् । यस फलामे युगका कहालीलाग्दा यन्त्रहरूको खियास्वरूप पच्छिमा देशमा देखा परेका बिटल एवं बिल्निक जस्ता अनुत्तरदायी परिपाटीहरूलाई सियो बनाउने यन्त्र धरि नभएको नेपालमा आँखा चिम्लेर निम्त्याउने केही अप-टु-डेट भनाउँदाहरू देशका नम्बरी दुश्मन हुन् भन्ने कुरालाई पनि यी सुसामयिक कृतिहरूले औंल्याएका छन् । यति मात्रै होइन यिनले हाम्रा रामप्रसाद, अनि बद्रीप्रसादहरूलाई न्यामपर्स्याड अनि ब्याटरीपर्स्याड हुने निरर्थक होटमा नलाग्न चेतावनी दिएका छन् । कवि शाहका देशप्रेमी कविताहरूमा आह्वान छ, अभयशीलता छ, आदर्श छ, यथार्थ छ, मानवता छ आत्मगौरव छ, आशा छ, प्रकृतिसंगको मितेरी छ, विप्लव छ, हुटहुटी छ, अनि छ, भोलिसँग अपार विश्वास। आफ्नो जन्मभूमि कविकोलागि स्वर्ग छ । यहाँका अबलाहरू कविकोलागि अद्वितीय अप्सरा छन् । यहाँको एक-एक कण कविकोलागि अमूल्य रत्न छ। यति हुँदा हुंदै पनि कवि शाहमा अन्धो आदर्शवाद कत्ति छैन, बरु छ, जीवनप्रति वैज्ञानिक र उचित दृष्टिकोण । इटालीका विद्वान प्रोफेसर टुर्चीले यसलाई यसरी व्यक्त गरेका छन् -

"जीवनप्रतिको त्यो ठीकसँग सन्तुलित भएका दृष्टिकोणमा आधुनिक नयाँ विचार र झुकावहरू मिल्काइएका छैनन्, बरु प्राचीन परम्परा र राष्ट्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतीत गौरवप्रतिको दरिलो मर्यादामा समुन्नत तरीकाले ती सबलाई पनि फल्न फुल्न दिइएका छन्" । (दिइएको छ ? – वा०कृ०पो) ३

कवि शाहप्रतिको टुचीको यस उद्गारमा अलिकति पनि अतिशयोक्ति छैन । कवि शाहमा टुचीले जुन ठीक र सन्तुलित दृष्टिकोण पाए त्यो पच्चीसै आना सत्य हो । यसै सन्तुलित दृष्टिकोणले गर्दा नै आज कवि शाहलाइ जनताले आफ्नो मुटुको माझमा स्थान दिएका छन् । सं० २०१९ सालमा नेपाल हेर्न भनी आएकी फिलाडेल्फिया विश्वविद्यालयकी प्राध्यापिका रिटला क्रामरिस नेपालको सडक, खेत अनि बारीहुँदो जतातत कवि एम०बी०बी० शाहका रचनाहरुलाइ जनताको मुग्ध कण्ठले गाएको देखेर छक्कै परेकी थिइन् । तिनले लेखेकी छन् ।

'ती गीतहरू कसले रचेका हुन् भन्ने कुरो कसै कसैलाइ त पत्तो नै हुँदैनथ्यो । जे भए पनि तिनीहरुकै मनको भाव ती गीतहरुले पोखिरहेका हुन्छन्" । (हुन्थे ? – वा०कृ०पो०) + ४.

परदेशी व्यक्तिकोलागि आफ्नो देशको समाचारले ठीक त्यही काम गर्छ, जुन काम तिर्खाएको मुटुकोलागि चीसो पानीले गर्छ, । यी ओल्ड टेस्टा-मेन्ट को एउटा उखान हो । यसले हामीलाइ बताउँछ, देशको माटो कति मूल्यवान हुन्छ । यसैले होला ओलिभर गोल्डस्मिथले आफ्नो ट्राभेलर भन्ने कवितामा विश्वका सबै भक्तहरुको हृदयमा आ-आफ्नो देशले प्रथम स्थान ओगटेको कल्पना गरेका छन् । यसै गरी चार्ल्स चर्चिलले आफ्नो "दि फरवेल" नामक कवितामा इंगल्याण्ड जतिसुकै दोषी भएपनि त्यसलाई माया गर्न नछोडने प्रतिज्ञा गरेका छन् ।

करुडै यस्तै प्रकारका भावनाहरू आफ्नो देशबारे बाइरन वर्डस्वर्थ एवं टेनिसन आदिले पोखेका छन् । नेपाली यूग कवि एम०बी०बी० शाहमा पनि यी भावनाहरुको खाँचो छैन । यसकारण कवि शाहलाई "सत्यकलि संवाद" का रचयिता लेखनाथ, "के नेपाल सानो छ ?" का रचयिता देवकोटा "मुकुन्द इन्दिरा" का रचयिता बालकृष्ण सम, "अचल कुण्डा फर्कोस" का रचयिता मोतीराम भट्ट, "कान्तिपुर नगरी" का रचयिता आदिकवि भानुभक्त, "नैवेद्य"

३ +अभिनन्दन ग्रन्थ, पृष्ठ १२ वि०सं० २०२१ ज्येष्ठ २९
४+ अभिनन्दन ग्रन्थ पृष्ठ १४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

का रचयिता धरणीधर "हाम्रो नेपाल" का रचयिता कवि महानन्द सापकोटाहरू राष्ट्रियताकै मूल भित्तिमा स्थित पाउँछौं ।

कवि शाहका देश प्रेमी कविताहरू मध्ये एउटा हो "हे वीर हिंड अब सरी" यसमा नेपालीहरू वीर हुन् भन्ने खुल्ला हृदयले स्वीकार गरिएको छ तर कविका वीरहरू विचित्रका छन् । ती तरवार लिएर नरसंहार गर्दै रणभूमिमा ऊन्मत्त भएर नाच्ने वीर होइनन् । ती आफ्नो एकसरो पेट भर्नको लागि भर्ती भएर अर्काको लागि वन्दुक भिरिदिने वीर पनि होइनन् । ती हुन् सत्यताको तरवार अनि निर्भीकताको ढाल थिए र अनि वढिरहेका साहसी योध्दा । यदि एकहातमा सत्यता र अर्कोमा निर्भीकता छ भने तरवार र ढाल नै किन चाहिए ? नेपलीहरूको लागि मात्र होइन कवि शाहको यो सन्देश जम्मै पृथिवेलहरूको लागि उपादेय छ । यस कवितामा नेपाल नेपालीको हुनुपर्छ भन्ने भाव पनि व्यक्त छ ।

तिम्रै हो लेऊ नागरिक हक काँधमा काँधै गरी ।
सत्यता तिम्रो छ हतियार डरनलेउ क्यै कति ।।

व्हेलमाछा झैं विशालकाय भूमिहरूमा वस्ने केही विचारकहरूले यसप्रकारको भावलाई संकीर्ण भनेर नभन्लान् भन्न सकिन्न । व्हेलमाछा स्वभावैले अश्रृङ्खलित हुन चाहन्छ । श्रृङ्खलामा बाँधिनु उसको उदर एवं स्वार्थको लागि अफाप हो । तर यसो भन्दैमा सधैं व्हेलमाछाको हितमा मात्र कार्यान्वित हुने मात्स्य न्यायको जाँतो भित्र साना तिना माछाहरूलाइ पिस्नु घोर अन्याय हो । यसकारण मात्स्य न्यायको साटो हामीलाई चाहिएको छ श्रृङ्खला । त्यो श्रृङ्खला हो जो मानव जातिलाइ आ-आफ्नो राष्ट्रिय सीमामा वर्गीकरण गर्दछ । यो कुनै हालतमा पनि संकीर्णता ठहरिन्न । यदि यो संकीर्णता हुँदोहो यसलेत तरवार फालेर सत्यतालाइ अँगाल्ने आँट गर्ने थिएन ।

कविको दोस्रो कविता छ "गर्छिन् पुकार आमा" । यसमा देशलाई आमा सम्वोधन गरेर श्रध्दा गरिएको छ। यो कविता निस्तो भावुकतावाट गाँसिनाको साटो लेय यर्थाथतावाट मुछिएको छ । यसमा दुर्व्यवस्थाले गर्दा ववाँला रोइरहेकी नेपाल मातालाई उनको वास्तविक मुद्रामा चित्रण गरिएको छ आज नेपाल आमाका सन्तानहरू थरीथरीका छन् एकातिर धनी छन्, आकर्षक वस्त्र पहिरन्छन्, सुनका थालमा भुजा ज्युनार गर्छन् अनि दिनरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महलमा आराम गर्छन् अर्कातिर ती गरीवहरू छन, जो नाङ्गों र भोको शरीर लिएर कुप्रोमा दिन विताउँछन् । यसरी आफ्ना सन्तानहरू थरीथरीका भएकोमा आमा नेपालको चित्त दुःखेको छ ।

यसैले उनी रोइरहेकी छन् । सुविधा, आराम र चैन समानता को आधारमा वितरण होस् भन्ने उनी चाहन्छिन् ।

"गर्छिन् पुकार आमा रोई, कराई जोडले ।
होइन मेरो भन्छिन्, सन्तान थरीथरीका ।।
कोही धनी असाध्दे कोही गरीव माग्ने ।
सक्तिन देख्न भन्छिन्, सन्तान थरीथरीका" ।

कविलाई ठूलो पत्यार छ एकदिन यो भेद रहने छैन, सबै नेपालीहरूले वैभवको वरदान पाउने छन् र हिमाली आँगनमा आमा नेपालले झरेको आँसु ओवाउने छ ।

अर्को रचना छ "हेर ! हेर ! यही हो हाम्रो जन्मभूमि" । हामीहरू अचेल देश–विदेश घुमेर फर्केपछि आफुले देख्न पाएका कुतूहलको वर्णन गरेर आफ्नो सोझा दाजु–भाई हरूलाई लोभ्याउने गर्दछौं । हामीमध्ये कति त अर्काको दृष्टिकोण र संस्कारमा नढालिई हाम्रो समाज कहिल्यै उन्नत हुननसक्ने समेत दावा गर्दछन् । समाजको स्तरीकरणको नाउँमा उनीहरू आत्मगौरवको र आफ्नोपनाको उन्मूलन रूचाउँछन् । स्तरीकरण कुनै खास परम्परा अथवा संस्कृतिको पेवा सम्पत्ति होइन, भन्ने सत्यलाई उनीहरू आफ्ना ज्ञान चक्षुले हेर्न असमर्थ छन् । यसरी आफ्नो पनालाई गुमाएमानै पच्छिमाहरू झैं उन्नत वन्न पाइने मिथ्या धांरणालाई हृदयमा प्रश्रय दिनेहरूकन रणभुल्याइलाई तिलाञ्जलि दिन अनि कागको कुहिरो नहुन कवि शाहकृत यस कविताले आह्वान गरेको छ । यसैले विदेशमा अनेकौं कुतूहरू छन् भन्ने कुरालाई नलुकाइकन स्वदेशमा भएका कुतूहलप्रति हामीहरूको ध्यान आकृष्ट पारेको छ । कहाँसम्म भने, विदेशीहरूलाई समेत नेपाली कुतूहलहरूको अवलोकन गर्न निम्त्याएको छ ।

हेर हेर यही हो हाम्रो
जन्मभूमि नेपाल आएर
छैन कतै वनौटी स्वाङ
प्रकृतिको यहीं छ भण्डार ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो मातृभूमिमा वैज्ञानिक चमत्कारहरू छैनन् तैपनि यहाँ प्राकृतिक सम्पत्तिको भण्डार छ, जसलाई लिएर हामी गौरवान्वित हुन सक्छौं। हे टाढाबाट आएका पाहुनाहरूहो, ऊ हेर त्यहाँ जून कुतिकरहेको छ ऊ हेर, त्यस हिमाली चुचुरालाई, जो जुनेलीमा स्वर्गीय टहक फिंजारेर अद्वितीय छटामा मुस्क्याइरहेको छ। अझ हेर ती ठूला डाँडाँकाँडाहरूलाई। के तिमीले जीवनमा यत्रा अग्ला डाँडा कतै देख्न पाएका थियौ? अवश्य अवश्य थिएनौ। कति सङ्ला छन् ती नदीहरू, जो गगनचुम्बी टाकुराहरूको कोखबाट निरकेर तल झर्छन्। हे परदेशी, यो सङ्लो पानी खायौ भने तिम्रो हृदय स्वच्छ र सुकिलो हुनेछ। यो साल झ्याँगिने, सल्ला सुसाउने, गुराँस गम्किने, पाती मौलाउने र लालपाती फक्रिने देश हो। यसैले यसको आङमा नौरङ्गी चुँदरीको आभास हुन्छ।

हे परदेशी, हामीहरू गाइलाई आमालाई झैं मान्दछौं, किनभने उनी हामीलाई आफ्नो स्तनको रस प्याउँछिन्। यसैले तिमी यहाँ अनगन्ती गाईगोठालाहरूलाई सुरक्षित हालतमा देख्न पाउँछौ। सुदूर पूर्वमा एउटा किशोर खोला बगिरहेको देख्यौहोला। त्यो मेची हो। त्यही हाम्रो देशको पूर्वी साँध हो। सुदूर पश्चिममा एक यौवनमत्ता नदीका सेतो लाङलाई टाढैबाट देख्यौ होला, त्यो महाकाली हो। त्यहीं हाम्रो देशको पश्चिमी इलाका टुङ्गिन्छ। सुदूर दक्षिणमा धानको बाला लहलहाइरहेको एउटा ठूलो फांट देख्यौ होला त्यो सम्म भएको देखेर त्यसलाई अनेपाली क्षेत्र ठान्ने भूल नगर (त्यो हाम्रो मधेस हो। त्यो हाम्रै देश हो। मेची र महाकालीको बीचमा तिमी जताततै हरियो वन पाउँछौ (हरियो वन नेपालको धन हो) यो वन वृक्ष अनि लताले मात्र भरिपूर्ण छैन, असंख्य चराचुरूङ्गी र जनावरहरूसमेतले भरिपूर्ण। उ हेर, ती पहरा र कन्दराहरूलाई! तिनलाई जंगली जन्तुका आवासगृह मात्रै नठाने, किन भने ती नवै रत्नका खानी हुन्, जसलाई उपयोगमा ल्याउन अचेल हामी व्यग्रछौं। हे परदेशी हेर्दा हेर्दा तिम्रा आँखा टट्टाए होलान्। अब एकछिन आँखालाई आराम देऊ। बरू सुन, पर कुनै छहारीबाट कोइलीको आवाज गुन्जिदै छ। यहाँ बर्सेनी यसरी नै कोइलीले ऋतुराज वसन्तलाई बोलाउँछ। सुन, टाढाबाट अर्को अनौठो आवाज पनि आइरहेको छ। त्यो हो मन्दिरमा घण्टाबजेका आवाज। यो आवाज सुनेपछि तिमी नेपालीलाइ कहिल्यै बिर्सन सक्ने छैनौ। हिन्दूहरूको भूमि यस नेपालमा साँझ बिहानै यसरी घण्टाहरूले स्वर्गीय राग अलाप्तछन्। नेपाल नाना भाषा–भाषीहरूको देश हो, या धेरै जात भातको देश हो। तर यहाँका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै मानिसहरू समान नेपाली हुन् । ती सबै चन्द्र–सूर्य ध्वजाको आश्रयमा छन् ।

भापा–भाषी अनेक हामी
जात भात जे भन छँदैछ ।
छौं तर... नेपाली सब ...
चन्द्र–सूर्य ध्वजाको मुन्तिर ।।

'आउ वनाउँन साथ मिलेर' नामक कविता उज्यालो भोलिप्रतिको एक खिरिलो पत्यार हो । हामीले भावुक भएर केवल आफ्ना कुतूहलरूलाई औंल्याएर मात्रै पुग्दैन । यदि हामी साँच्चै देशका शुभचिन्तक हौं भने हामीले हाम्रा कमजोरीहरुलाई लुकाउनु हुँदैन । आज हाम्रो देश दूषित वातावरणवाट गुज्रिरहेको छ । उदारता, सहिष्णुता, व्यापकता, महानता जस्ता गुणहरू हामीले बिर्सिरहेका छौं । पुर्खाका वीरता, साहस, कला, कौशल, साहित्य, संगीत इत्यादि पनि हाम्रो लेखा एकप्रकारले विस्मृतप्रायः हुँदै जान लागेका छन् । यति मात्रै होइन् आफ्ना अभिमानी नदीनालाहरू आफ्ना विष्णु र वुध्द कैं महान गुरू आफ्ना उर्वर जंगल अनि कहींको सम्म र कहींको होचो यस पवित्र भूमिवाट हामीलाइ प्रेरणा मिल्न छाडे कैं छ । कहाँसम्म भने विश्वका सबै पर्वतहरूको सम्राट सगरमाथावाट पनि हामीले शिक्षा लिन नसके कैं छ । यस्तो नाल कैं दूषित र संकीर्ण वातावरणमा टाक्सिने हो भने हाम्रो जीवनरूपी डुँगा कसरी चल्ला ? तर यत्तिकैमा कविलाई निराशाले पराजित तुल्याउन सक्तैन । किनभने कविभित्रको आत्मविश्वास गहन र जोशिलो छ । यसकारण कविवाट आह्वानको गीत प्रस्फुटित हुन्छ –

जुन राष्ट्रको पृष्ठ भूमि छ
विश्वभरिको उच्च हिमाल ।
त्यस राष्ट्रको गौरवं राखौं
हाम्रै हो यो देश नेपाल ।।

किन्तु राष्ट्रको गौरव कुनै एक या दुइजनाको जिभ्माको वस्तु होइन । यसको लागि ता हामी जग्मै नेपालीहरुले काँधमा काँध मिलाउनु पर्छ, होस्टेमा हैंसे गर्नु पर्छ, आफ्ना साझा स्वार्थको लागि यहाँ जोरी मितेरी गर्नु पर्छ र तुच्छ मनोवृत्तिलाई नजीकमा ढिम्कन नदिन लाख चेष्टा गर्नुपर्छ । हामी एकै भयौं भने कुनै कुरो पनि हाम्रोलागि असम्भव हुने छैन, किन भने एक थुकी सुकी हजार थुकी नदी । त्यसैले त कविको उद्‌गार छ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउ बनाउँ साथ मिलेर
भोलिको यो हाम्रो नेपाल ।
चल्दैन जहाज कदापि नालमा
पारौं सागरतुल्य नेपाल ।

मायाँ गर्न सक्नु त्यति सजिलो हुँदैन जति सजिलो हुन्छ घृणा गर्न सक्नु। जसले आफ्नो मुटुको हरेक प्रान्तवाट घृणालाई वहिष्कार गरेको छ उसले मात्र मायाँ भन्ने वस्तुको रसास्वादन गर्न पाएको हुन्छ । यसको लागि साधना चाहिन्छ र चाहिन्छ आफ्नो स्नेहपात्रका कमजोरीहरुलाई पनि सहानुभूतिका दृष्टिले हेर्ने क्षमता । यदि यो क्षमता नभएको भए जतातत टुटिला उम्रिएकी उवडखावड नेपाली प्रकृतिले कवि शाहलाइ मुग्ध पार्न सक्ने थिइन । उत्साह र विश्वासका साथमा कविको शिर नेपाली जन्मभूमिको पाउमा झुकेको छ, त्यही उत्साह र विश्वासको साथमा प्रत्येक ढुकढुकीले आफ्नो प्रेयसी नेपाल प्रकृतिको नाँउ जपेको छ । नेपाली आमाको पाउमा वाहेक अरु कसैको पाउमा श्रध्दाको फूल अर्पण गर्न नपाए झैं कवि शाहका हात आफ्नो हिमाली प्रकृति वाहेक अरु कसैको सिमानालाई अरुणिमा प्रदान गर्न चाँहदैनन् ।

'सम्झनाको धार' भन्ने रचनामा कविलाई हामी अतीतको स्मृतिमा तल्लीन पाउंछौं । जीवनमा कुनै समयमा कविजी आफ्नो प्रकृति रानीलाई नजीकैवाट हेर्ने मौका मिलेथ्यो त्यो थियो पुर्णेको रात । सिमसिम पानी रहेको हुनाले वर्षा ऋतुको उष्णताले आत्मामां छटपटी उब्जाउन पाइरहेको थिएन। नील गगनमा बादलले एकग्र साम्राज्य कायम गर्न नसकेको हुनाले डाँडाकाँडाहरु जुनेलीको प्रकाश पाएर हाँसिरहेका थिए । दूर कतैवाट मादल वजाएको अनि वाँसुरी फुकेको आवाज आइरहेको थियो, । जसको ताल र सुरमा सुस्केराले भिजेको गीत गुँजिरहेको थियो । अझै यस स्वर्गीय आनन्दलाई द्विगुणित पार्ने गरी वारीको डीलमुनिबाट कुनै अज्ञात चरी मीठो स्वरमा वोलिरहेकी थिई। साँच्चै नै यो रात रमाइलो थियो । अझ यसलाई रमाइलो पार्ने त थिइ कविकी प्रकृति रानी जो गर्मी विर्साई दिने चिसो वतासमा अभिमत्त पाराले नाचिरहेकी,थिई । अझै त्यस प्राकृतिक छटाले कविका आँखाभित्र नाची नाची घुम्न छाडेको छैन । जब त्यो मधुर सम्झना मनभित्र आइपुग्छ कविलाई त्यसले एकदम विहल तुल्याइ दिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झनाको धारले
कल्पनाको छातीमा
पाऱ्यो छीया मायाले
सपनी जुनीमा

'वन्दीपुर उकाली' पनि यस्तै प्रकारको एउटा मार्मिक कविता हो। हामी यसमा कविलाई अझ वढ्ता आफ्ना प्रकृतिकी निकटमा पाउँछौं। हरिणका झैं ठूला आँखाका कोसमा गाजल लाएर मनलाई लोभ्याई दिने कुनै लावण्यवती युवतीसित टक्कर लिनसक्ने त्यस अनुपम प्रकृतिसित कविको भेट भएथ्यो मर्स्याङ्दी नदी पारिको वन्दीपुरमा डुङ्गावाट ओर्ल्हिएपछि एउटा लामो उकालो आएथ्यो। उकालो कठिन थियो, तैपनि कविलाई यसको केही थिएन किनभने कोइलीको पुकारले, रानीचरीको भरुरुरु उडाइले एवं पसीनाको धारालाई एकै छिनमा सुकाइदिने हिउँ झैं चिसो वतासले कविलाई आत्मविभोर पारिदिएका थिए। लगातार उकालोको हिडाईपछि आरम्भ भएथ्यो। ओह्लालो ओर्ह्लिने काम सकिएपछि हिड्नु परेको थियो एउटा खोलाको वाटो, जुन तेर्सो तापनि वटुवाहरुलाई थकाउने खालको थियो।

तर कविको लागि यो थकाइको केही चिन्ता थिएन। किनभने वटुवाहरुलाई स्वागत गर्न वनेका हिमाली समीरसित क्रुत्ति खेलिरहेका चौतारीहरुको शीतल आश्रयको त्यहाँ खाँचो थिएन। ती चौतारीमा वसिरहेका वेलामा न्याउलीको भाकामा कविकी प्रकृति वोलेको प्रस्टै सुनिन्थ्यो। मीठो जे मिल्दथ्यो खाएर दिन यापन गरिरहेको स्वच्छ मन र खुला मुटु भएकी पर्वतीय किशोरीलाई विर्साइदिने त्यस प्यारी प्रकृतिको न्याउली लय सुनेर कविको मन सिरिङ्ग भएथ्यो।

तर अव धेरै समय वितिसके छ। अब त त्यो मीठो अनुभव अतीतमा परिणत भइसके छ। तर होइन, अझै त्यसको शास्वत प्रभावले कविलाई माया मारेको छैन। यसैले त कविको स्पन्दन छ ––

हरिणका झैं ठूला आँखा गाजलुले कुनैमा कोटेर
मिलनको मधुर वेला सपनीमा आउने कल्पेर

यस प्रकृतिलाई मृगनयनी गाजली मायाको रुपमा सपनामा देखन पाएर कृतार्थ हुने क्षमता विरलै कविहरुमा पाइएला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यिनै हुन् कवि एम०वी०वी० शाह रचित केही देशनिष्ट एवं प्रकृति-प्रेमी कविताहरु । यिनलाई राम्ररी मनन र मूल्यांकन गर्नेको लागि कोरा शब्दार्थ अथवा कोरा वाक्यार्थको सहारा होइन, वरु चाहिन्छ कविको जीवन दर्शनसित घनिष्ट परिचय अनि चाहिन्छ कविको सैध्दान्तिक पृष्ठ भूमि । यस पृष्ठभूमितिर ध्यान नदिई शब्द अथवा वाक्यलाई कोरा हालतमा ग्रहण गर्नु कवि अथवा लेखक प्रति अन्याय गर्नु हो । यसैकारण अलेक्जेण्डर पोपले यसो भनेका होलान् --

★ Words are like Ieaves, and where they most abound.

Much sense beneath is rarely found

कवि शाहका उपर्युक्त कविताहरू वारे यस छोटो लेखमा केही शब्दहरु कोर्दा मैले यस सत्यलाइ मानदण्ड मानेको छु । अरु यसभन्दा पनि विशेष मानदण्ड मैले स्वयं कविकै निम्नलिखित उद्गारलाई स्वीकार गरेको छु ।

"भूल प्रयासमै हुन्छ, त्यो प्रकृति पनि हो ।" भूल सधैं भूलै भइरहन्छ त्यही सफलताको सूचक पनि हुन्छ, भूललाई भूलेर भूल सुधार गर्नु नै मानवता को महान् लक्ष्य हो, त्यो क्षमा हो, शान्ति हो अद्वैत समता पनि ।"

रत्न श्री
४-३ वाट

★ शब्दहरु पात कैं हुन्छन् । जहाँ ती धेरै संख्यामा थुप्रिएका हुन्छन् त्यस्को मुन्तिर तात्पर्यरुपी फल विरलै प्राप्त हुन सक्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible]

★ Words are like leaves, and where they most abound.

Much sense beneath is rarely found

[illegible]

[illegible]

[illegible]

★ [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि म०वी०वि० शाहका कवितामा पाइने प्रेमका धूनहरू

–टीकाराम अधिकारी

नेपाली साहित्यको आधुनिक कालमा पदार्पण गर्ने कवि म०वी०वि० शाहज्यूका संकलित रचनाहरू हुन् – 'उसैको लागि, र' फेरि उसैको लागि,। यिनीहरूलाई करुण गीतिकवितहरूको संकलन मान्नु पर्छ र मेय पनि छन्। यिनीहरूका अपेक्षा आधुनिक काललाई रुङ्कृत पार्ने खालका गीतिकविताहरू नेपाली साहित्यमा कमै छन्। यी गीति हरूले कविज्यूको संगीतमर्मज्ञतालाई स्पष्ट गर्छन्। प्राय: बुद्धि तत्त्वको भन्दा भाव, कल्पका र शैलीतत्त्वको नै यिनीहरूमा प्राधान्य छ। यी गीतिहरू जति सरल छन् त्यति नै सहज र भाव-मय पनि छन्। व्यथितज्यूका कविताहरूमा जति बुद्धितत्त्व र कल्पनातत्त्वको दुरूहता छ शाहज्यूका कविताहरूमा त्यति नै भावतत्त्वको सरलता छ। श्रेष्ठज्यूको उर्वशी कैं उसैको लागि, र' फेरि उसैको लागि, दुरूह प्रतीकप्रयोग पनि होइनन् तर यिनीहरू मानवीय प्रेम र सौन्दर्यका सहज धुनहरू भने अवश्य हुन्। प्रत्येक साक्षर नेपालीहरू पाठक बन्न सक्ने संकलनहरू कवि म०वी०वि० शाहज्यूका नै छन्।

कविज्यूका कविताहरूले संपूर्ण मानवीय प्रवृत्तिहरूको प्रतिनिधित्व गरेका छन्। यहाँ खुकुरी र तर्वार भिरेर देशको द्वारमा उभिने नेपाली सैनिक-हरूको जति चित्रण छ डोको र भारी पीठ्यूँमा बोकेर पनेरो, गाउँ र वेसी धाउने सजग नेपाली नर–नारीहरूको पनि उतिनै सजीव चित्रण छ। यौटा शिक्षित कलाकारका कविताहरूवाट जति यहाँ मधुर वंशीधूनहरू छरिन्छन् अशिक्षित अनन्त गाइनेहरूको सारङ्गीबाट पनि त्यति नै मायाका गीतहरू वर्सिन्छन्। यहाँको आराध्य नारीका शरीरमा कुनै लाली, पाउडर, क्रिम र बनारसी साडी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको कुनै रवाफ छैन किनकि त्यहाँ रातो टीका,पोते र गुनकेशरी जस्ता नेपाली शृंगार-सौन्दर्यको नै विशुद्ध पन छ। यहाँको राष्ट्रियता र नेपाली भाषा जिउँदो छ। यहाँको कविहृदय पत्नीविरहवाट आतुर भएर पनि जति परमात्मा प्रति उन्मुख र उत्सुक छ प्रत्येक गाउँ, वारी, खोला, नाला, वेसी, पहाड र तराईहरूमा उभिने नेपाली प्रकृति प्रति पनि उति नै मुखरित छ। शोककाव्य भएर पनि यहाँ उत्साह, प्रेम र भक्तिका अजस्र भावधाराहरू पाइन्छन् । यसैले यहाँ सम्पूर्ण मानवीय प्रवृत्तिहरूको सुन्दर अभिव्यक्ति छ।

कविज्यूका प्रेमको मधुर संसारमा पनि कतै कतै वीरताका भर्भराउँदा ज्वालाहरू देख्न पाइन्छन् । आफ्ना आलम्बनको भिन्नतामा सायद मानवीय रतिभाव नै वीरताको राँको बन्छ र आफ्नो गुप्त आत्मशक्तिको परिचय दिन थाल्छ। शृंगारिक चेस्टाहरू पनि वीरपुरूपका नै धर्महरू हुन् । नवर्सने मेघहरू की मात्र वाहिर घर्घर आवाज हुन्छ । 'उसैको लागि, र' फेरि उसैको ल.गि, को आत्मा करूण रस नै हो र यसको सहयोगी शृंगार रस नै वन्न पुगेको छ। यी शृंगारकाव्यहरू होइनन् र यी पति र पत्नीका संयोगलीलाहरू पनि होइनन्। यहाँ नेपाली जनजीवनको सुन्दर प्रतिविम्व छ र यहाँ मरेर पनि काव्यभित्र ज्यूँदै लुक्ने कुनै सौभाग्यवती नेपाली नारीलाई चढाइएका करूणा र प्रेमका अमर अश्रु-धारहरू छन् । यहाँ आफ्नो अर्द्धाङ्गिनीको निमित्त जीवन-लीला समाप्त गर्न चाहने कुनै वीर प्रेमीको राष्ट्रिय चित्कार छ। कविज्यूको दोश्रो अमर आत्मासंग पनि सँगै कविताहरू लेख्न वसेकी छ र क्षण क्षणमा कविज्यूको कलम भाँच्न पनि खोज्छ। त्यो आत्मा कहिले कविज्यूको गलामा पसेर कविताको गुनगुनाहरूलाई वन्द गर्न खोज्छ र कहिले मुटुको वत्ती नै निभाइदिन चाहन्छ।—

न निभाइदेउ मुटुको दियो यो मेरो फुकेर
जल्नदेउ मलाई तिम्रै निंतिमा वलेर।

कविज्यूको आफ्नो आत्मा पत्नीवियोग सहन नसकेर यौटा रानी चरीद्वारा आफ्नो स्वर्गीय यात्रा, को खवर यसरी पठाउन खोज्छ —

हे रानी चरी! सम्चार यति पुऱ्याइ देउ उडेर
भनिदेउ मैले भइसकें तिम्रो,, भन्दथ्यो भनेर।
वुफेर लेउ तिम्रै हो नासो मरेको शरीर
लाश यो मेरो मसान लगी पुरिदेउ गनेर।

यी करूण नेपाली हरफहरूलाई सायद 'मुनामदन,का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तलका हरफहरूले उछिन्छन् वा उछिन्दैनन यो सहृदयीहरूका अनुभूतिको विषय हो –

पृथिवीतिर न हेर मुना ! म पनि आउँछु
आँखामा आँशु लिएर चिनु म भेट्न आउँछु
म अब यहाँ वस्तिन आमा ! म यहाँ वस्तिन
म अब यहाँ वस्तिन मुना ! म यहाँ वस्तिन ।

मदन जस्तो कविज्यूको पनि आँखामा आँसु वोकेर आफ्नी अमर प्रणयिनीलाई भेट्ने गहिरो इच्छा छ । अरू मदन वरू आफ्ना आँखामा आँशु साँचेर राख्न समर्थ छन् तर सँगै हुन चाहने कविज्यूका आँखाको आँशु पनि विरहका वेहोशीले गर्दा छल्केर पोखिन्छ–

पृथ्वीतिर नहेर मुना ! म पनि आउँछु
आँखामा आँशु लिएर चिनु म भेट्न आउँछु (मुनामदन)
× × ×
के छ र दिउँ तिमीलाई मैले कोसेली भनेर
ल्याएको थिएँ दुइ थोपा आँशु पोखियो छल्केर (फेरि उसैको लगि)

यी दुवैको जस्तो परिस्थिति कवि माधव घिमिरेज्यूको पनि छ–

टाढा रोइरहेछ एक वटुवा साथी छुटेको सगी (गौरी)
× × ×
पोखी आँशु पखालिदैन कहिल्यै मेरो डढेको दिल (गौरी)
× × ×
मान्छे हो ! किन हाँस्तछौं हृदयमा आँशु लुकाइकन (गौरी)

मोटामोटीरुपमा कविज्यूका गीतिकविताहरूमा विरह वेदनाद्वारा उम्लेका निम्न ५ प्रकारका प्रेमका धूनहरू पाइन्छन्—

(१) पत्नीप्रेमका धूनहरू:–

कविज्यूका १०० संख्यालाई नाघ्ने करुण कविताहरू मध्ये ५० भन्दा बढी कविताहरूमा विरहजन्य पत्नी प्रेमका मुख्य धूनहरूमा पाइन्छन् 'के पायो ?, मा विरह वेदनाको असह्यता उद्‌घारित भएको छ । 'सहिष्णुता, र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'आशाको चन्द्रमा, मा कर्मयोग प्रतिको विश्वास र जीवन प्रतिको आशावाद मुखरित भएको छ भने 'कहाँ मेटिन्छ त्यो धर्को, मा भाग्यवाद र जीवन-सत्यताको टड्कारो पन छ । 'बिर्सि जाने साथी, र 'मनमन्दिरकी रानी···, मा 'मेघदूत, र 'पिकदूत, को जस्तो विरह वेदनाको उच्छ्वास र तन्मयताको अभिव्यक्ति छ भने 'असमर्थता, र 'के लेखूं दु:खमा, मा यसरी नैराश्यले पनि पछ्याएको छ–

विलाई कही न जावस् मेरो रहेको बाँकी सास ।
सम्हालि देउ जुनिलो रातमा आएर बाँकी आश ।

'सपना, कवितामा मेघदूतका दस र यक्षीको जस्तो स्वप्निल आलिङ्गनको मार्मिक चित्रण छ भने 'जब प्यार······, मा आफ्ना मनोभावहरूको अन्यारोपण क्रिया स्पष्ट देखिएको छ । 'खुशी छु दिल तड्पनैमा, मा' भवभूतिको जस्तो रोदनलासको बाध्यता देखाइएको छ भने 'ए पीर !, मा विरही जीवन प्रतिको आक्रोश व्यक्त भएको छ । 'रारा कि अप्सरा, मा भाव र शैलीको अपेक्षा कल्पना र बुद्धितत्त्वको गम्भीरता छ । यस कवितामा कवि–प्रतिभा यौटा प्रत्यक्ष जड. चित्र, रारादह र अप्रत्यक्ष प्रणयिनी बिम्बहरूमा आधारित भएर त्रिकोण कल्पना बन्दै अपरा (प्रत्यक्ष वा स्थूल) प्रकृतिका माध्यमद्वारा परा (अप्रत्यक्ष वा सूक्ष्म) प्रकृतिको रूपमा लिन हुने प्रेयसीका सनातन सौन्दर्यको आराधना गर्न सफल भएको छ । यहाँ प्रेमको मौलिक र आध्यात्मिक रूप प्रस्तुत गरिएको छ जसमा परस्पर स्व–सौंन्दर्यको प्रतिस्पर्धा वा टक्कर छ। सनातन सौन्दर्यको मिलन नपाएर छटपटाइरहेकी स्थूल प्रकृति कविहरूको दूरबीनबाट पसेर क्रमश: इन्द्रेणी र स्वर्गीय अप्सराको रूप लिंदै यौटा अव्यक्त र सनातन सौन्दर्यको रारामा अभिमुख भएकी छन् । अनि त्यसमा सृष्टि सौन्दर्य सम्बन्धी क्षितिजहरूले कुनै कविज्यूको प्राणवल्लभाका रूप–सौन्दर्यको अभिव्यक्ति दिन्छन् र अव्यक्त सौन्दर्य सम्बन्धी केन्द्रबिन्दुहरूले उनका अपूर्व ललनालावण्यका मुक्तबिन्दुहरूलाई स्पष्ट गर्न खोज्छन् । प्रकृतिका मालिक संमोजन गरेको यौटा सौन्दर्य संगठन नै कुनै राष्ट्रका स्वाभिमानीको आफ्नै गौरवमय एशियाको धुकधुकी बन्न थाल्छ र राराको अविनाशी आत्मामा एकाकार हुन सहयोग गर्दछ । सांसारिकताका दुर्गम लेकहरूलाई पार गर्न नसकेको मानवीय आत्मा जब छटपटाउँदै प्रकृतिका नवरङ्गहरू भित्र प्रवेश गर्छ अनि राराको सुन्दर आत्मामा समर्पित हुन सफल बन्छ । पत्नी प्रेमका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारण माध्यमद्वारा प्रकृतिको मूर्त सौन्दर्यमा प्रतिविम्बित हुने सामान्य लालनालावण्य भित्र विसाउँदै साहित्यिक साधनाद्वारा सत्यं, शिवं र सुन्दरमको स्वर्णिम रारामा पुग्ने कविज्यूलाई यस कवितामा अपूर्व सौन्दर्य साधकका रूपमा फेला पार्न सकिन्छ। यहाँ भावपक्ष व्यङ्ग्यार्थको अलौकिक सौन्दर्य साधनमा आँफै विलाएको छ र स्वयं केवल कवि प्रतिमाको अमूर्त विषय बनेर आफ्नै कविताको संघटक कलेवरलाई लुकाएको छ। यसै कवितामा परिस्कृत भएका कल्पना र बुद्धितत्त्वले कविज्यूका अरू कविताहरूलाई अस्वाभाविक तार्किक आक्रमणबाट जोगाएका छन्। यस कविताले देवकोटाज्यूका 'के नेपाल सानो छ?, का भावनाको प्रतिनिधित्व गर्छ। कवि हृदयमा अवस्थित यहाँको मानवीय रतिभाव प्रणयिनी र प्रकृतिका प्रारम्भिक रूपहरूमा अलग अलग प्रतीत भएर मात्र विराट्रूप निर एकोहोरिएको छ भने उहाँको कवि-शक्ति देश प्रेमको क्षितिजबाट सोझै उठेर इन्द्रेणी झैं प्रकृतिका विराट् सौन्दर्य भित्र लीन हुन पुगेको छ। यौटाको आनन्दानुभूतिमा नारीतत्त्वको मूर्तभाव सम्बद्ध भएर भोगवृत्तिहरूको आवश्यक विरेचन फेला पार्न सकिन्छ भने अर्काको अनुभूतिमा नारीकल्पनाका विरज टपक्हरूले भोगवृत्ति-हरू संग सहानुभूतिपूर्वक मित्रता कायम गरेको बुझिन्छ। भन्नुको मतलब यौटाको रतिभाव सोझै आफ्नो आलम्बनमा टक्कराएर शान्त बन्दै प्रकृतिको कोमलतातिर मात्र उन्मूख छ भने अर्काको रतिभाव एकचोटी प्रकृतिका विराट् रूपमा ठोक्किएर केही अशान्ती जस्तो बुझिन्छ। यसैले दुवै कविज्यू-हरूका कविताहरूमा पाइने सरलता र दुरुहताको मूलप्रवृत्ति दुवैका रतिभावको आलम्बनजन्य अन्तर हो। अरू यस अन्तरको मूलप्रवृत्ति दुवै कविज्यूहरूका विषययोगको सुलभता र दुर्लभताको तारतम्य नै हो। जजसमा काव्यप्रवृत्ति-हरूको शान्ति र अशान्ति ध्वनित हुन्छ।

'के छ र दिएँ ? मा कविहृदयका अजस्र करूण—धाराहरू बगेका छन्। स्वर्गवासिनी आफ्नी प्रियतमालाई भेट्न जाने कविज्यू संग सम्झना पछि मुटु र मुटु पछि मरेको शरीर अरु केही कोसेली छैन। साँचिरहेको कविज्यूको आँशु छचल्किएर पोखिन्छ भने कोरेको कविता रूस्किएर मेटिन्छ। साँचेर राखेको गीत विरहमा गुनगुनाउँदा हावामा विलाउँछ भने सम्झनाको निमित्त खिचेर राखेको तस्वीर पुरानो भएर उड्छ। चिनुको रुपमा लिएको औंठी पनि खिएको हुनाले फिर्ता दिन सकिन्न भने कविज्यूको विचारमा आफ्नो मरेको शरीर नै प्रियतमालाई फिर्तादिन योग्य छ। 'गाजलु ती ठूलठूला आँखा, को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग आलङ्कारिक र प्रभावकारी छ ।

पातलो त्यो मधुर ओठ स्वाद वनी पस्यो यो दिलैमा
छड्के परी वसेको पोते अल्छी वनी अल्झ्यो यो दिलैमा ।

'चन्द्रमा तिमी वनिरहू, कविहृदय दोश्रो अमर आत्मामा अल्पिएको छ। चन्द्रमामा जून, गीतहरूमा स्वर, सितारमा तार, धूपमा छाँया र हृदयमा धड्कन फैं कविहृदय पनि दोश्रो अमर आत्मामा तदाकार भएको छ। 'छाडेर जाने भए छ वेला, र 'मुनामदन' का तलक। टुक्राहरूले एउटै वरुणालाई छचल्काउँछन्—

नमरी वाँचे भेटौंला फेरि अंगालो हालेर
विदा म हुन्छु मिलनको आशा फन दह्रो पारेर (फेरि उसैको लागि)

पृथ्वी पारी स्वर्गमा फेरि हे प्यारी भेटौंला (मुनामदन)
म रुने छैन गएर भोलि भेटुलाँ तिम्लाई
हे दैव ! पर्दा चाडै नै उठा धन्य छ तँलाई (मुनामदन)

(२) प्रकृतिप्रेमका धूनहरू:–

कविज्यूको शोकभाव स्मृतिगम्य आफ्नी प्रियतमाको अनुहारमा प्रतिध्वनित भएर नेपाली प्रकृतिका सुनौला दृश्यहरूमा पुगेर केही शान्त हुन्छ। सायद सौन्दर्यमय प्रकृतिका अङ्गहरूमा आफ्नै प्रणयिनीका अङ्गलावण्यको प्राप्ति हुन्छ। नारी-सौन्दर्य प्रकृतिको नै त प्रतिविम्व हो। सायद अतृप्त मानवीय रति प्रकृति र समाजका प्रेमद्वारा परिष्कृत हुन्छ र ईश्वरीय प्रेममा अभिमुख हुन्छ। यसैले कविज्यूको आत्माले पनि प्रकृतिद्वारा नै अतृप्तिका अवशेपहरूको संशोधन गरेको छ ।

'गोठाली नारी प्रति, मा गोठाली नारी प्रकृतिकी प्रतिनिधि वनेकी छन् भने प्राकृतिक सौन्दर्य, मा प्रकृति मानवीय जीवनको अभिन्न सहचरी बनेकी छन्—

तितरी पँखी वादलु माथि सुनौला साँझमा
वगेकी खोला कल्कल गरी जुनेली रातमा ।
हिमाली हावा संगलो पानी, मलिलो माटोमा
हुर्केकी नानी, हुर्केको ठिटो, निरोगी माटोमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उडेर चरी आउँछ, मा प्रकृति न्याउली, मेघ र ताराहरू बनेर विरहवेदनाकी उद्दीपिनी छन् भने 'कसले झार्‍यो तिमीलाई, मा प्रकृतिले नै कविज्यूकी प्रेणयिनीलाई यसरी पृथिवीलोकमा झारेकी छन्—

कसले झार्‍यो तिमीलाई प्रिया! स्वर्गबाट यो मृत्युलोकमा
कसरी ओर्ल्यौं इन्द्रधनुषको खुड्किलोले मृत्यूलोकमा ।
ल्याएर बसन्तले संग संगै तिमीलाई छोड्न सकेन कि?
शरदको पूर्णिमाको चाँदनी पो तिमी ह्वौ कि ?

'वसन्तमा, की प्रकृतिले कविज्यूको उत्कण्ठहरूलाई यसरी उघिनेको छन् —

रूखका ती पातहरू वदलिन थाले
घेरी फेरि संझनाले कस्न पनि लागे ।
रमाइला सपना ती विपना झैं लाग्छ
आँला भाँची दिन गन्दा कसो कसो लाग्छ ।

(३) देशप्रेमका धूनहरू

साँच्चै महापुरुषका हृदयहरू वज्रभन्दा पनि कठोर र फूल भन्दा पनि कोमल हुन्छन् (भवभूति) । यसैले त कविज्यूका हृदयबाट करूणा र उत्साहका धाराहरू संग संगै झर्छन् र आवश्यक क्षेत्रमा आ–आफ्नै स्वरूपलाई गतिशील बनाउंछन् । अवश्य नै कुनै वीर प्रेमीहृदय नै देशको विशाल छाती बनेर पसारिन्छ जहाँ प्रत्येक नेपाली सपूतहरू निर्धक्कसंग गर्जेर आफ्ना डाँडा र पहराहरू गुन्जाउँछन् । कविज्यूका कविताहरूमा एक चौथाई देशप्रेमका त्यस्ता मधुर धूनहरू छन् जसले प्रत्येक नेपालीहरूको शरीरमा वीरताको रोमाञ्च खडा हुन्छ —

हे वीर ! हिंड अघि सरी, न हटाई पाउ रती भरी ।
यो मातृभूमि नेपालको, भई वीर पराक्रमी सन्तती ।

'आमाको पुकार, मा कविज्यूको वीर भावना नेपाल–आमा प्रतिको सहानुभूति र करूणामा वदलिएको छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छिन् पुकार आमा रोई कराई जोडले–
"होईन मेरो भन्छिन् सन्तान थरी थरीका,, ।

× × ×

आउ बनाउ साथ मिलेर भोलिको यो हाम्रो नेपाल
चल्दैन जहाज कदापि नालमा पारौं सागरतुल्य नेपाल ।

यो 'प्रगीत' मा कविज्यूका देशका नवनिर्माण सम्बन्धी भावनाहरू उर्लिएका छन् । 'एकै देशका सन्तान हामी, र 'जय जय......, मा मातृभक्ति यसरी सलबलाएको छ—

मऱ्यो जिउँदै त्यो जसले बिर्स्यो–देशको माटो ।
बाँच्यो सधैं त्यो जसले संझ्यो–देशको माटो ।

\+ \+ \+

जय जय जय सुन्दर स्वदेश !
जय जय जय जननी नेपाल !

'न जाउ छोडी यो देश, मा प्रवासीहरूलाई देशको वैभव सुरक्षित गर्न आह्वान गरिएको छ । 'सुन्दर शान्त हिमाली, र 'हेर हेर यही हो हाम्रो, जस्ता गीतिहरू देश प्रेमका अपूर्व उदाहरणहरू हुन् ।

(४) समाजप्रेमका धूनहरू:–

देशप्रेम झैं कविज्यूका कविताहरूमा समाज प्रेमका धूनहरू पनि प्रशस्त मात्रामा भेटिन्छन् । पाप र पुण्य मात्र साथ जाने पक्षमा सहमत कविज्यूमा घडा फुटेर पानी सागरमा मिसिए झैं शरीर नष्ट हुँदा परमात्मामा मिसिने उत्कट इच्छा छ र समाज प्रतिको प्रेम भावले पनि अत्यन्त आकर्पित गर्छ—

प्रीति गरेर सबमा छोडूं नाम निशाना ।

'सबको लागि मर्नु, मा समाजलाई आत्माको बलि दिनुपर्ने कुराको अभिव्यक्ति छ—

खियाउ हातका नङ्ग्रा बेलामै इमानले
जिउँदैमा जति सक्छौ बाँच जिउँदो नामले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५) ईश्वरप्रेमका धूनहरू:–

स्थावर र जङ्गम लोकको अध्ययन पछि कविज्यूका अन्तर्भूत्तिहरू ईश्वरप्रेममा अभिमुख हुन्छन् । ईश्वर सम्बन्धी सौन्दर्यको अभावमा मात्र सायद कविज्यूको हृदय स्थावर र जङ्गम लोकका अङ्गअङ्गहरूमा लहसिन्थ्यो । निर्विकल्पक ऋषि ॐ शान्त अवस्थामा विसाउने कविज्यूको हृदय ईश्वरभक्तिका यस्ता धाराहरूमा बग्न थालेको छ—

त्यो कुन वस्तु ल्याउँ, ल्याएँ भनी चढाउँ ?
जो छ सबै छ तिम्रो के ल्याउँ र चढाउँ ?

'वन्दना, मा कृष्णभक्ति स्पष्ट देखिन्छ भने 'आँशु मिलेको हाँसो..., मा वैराग्यभाव व्यक्त भएको छ । 'शक्ति देउ हरि, मा भगवान् सँग सम्पूर्ण जात र वस्तुहरूमा स्थिर गर्न सकिने अभेदबुद्धि (विवेक) को याचना गरिएको छ । 'निवेदन, मा सर्वशक्तिमान् भगवान् सँग विषयास्वाद चखाएर पासोमा न पार्न अनुरोध गरिएको छ । 'शरणागतको पुकार, नै कविज्यूका ईश्वरप्रेम सम्बन्धी सफल गीतिको नमूना हो । यसमा मानसिक पूजाको व्याख्या गरिएको छ । भगवान्का मन्दिरमा जाने कविज्यू सँग जलपात्रको सट्टा आँखामा भरिएको आँशु, धूप–दीप एवं वत्तीको सट्टा केवल भक्ति र द्रव्यको सट्टा जीवन मात्र पूजाको साधन छ । शरीरका व्यक्त र अव्यक्त सम्पूर्ण तत्त्वहरूद्वारा गरिएको भगवान्को यो आराधनालाई 'भावयोग, भन्न सकिन्छ जसले मानवीय प्रवृत्तिहरूमा ईश्वरभक्तिको समन्वय गरेर तुरुन्त मानसिक शान्ति दिन्छ—

मनले धाई आएँ प्रभु ! अब तिम्रै मन्दिर आएँ ।
खाली हातले शान्ति आश ली गाई मन्दिर आएँ ।

यसरी कवि म. वि. वि. शाहज्यूका गीतिकविताहरू साहित्यिक होडबाजी भन्दा व्यावहारिक मानव विपत्तिका समाधान, मानवसामान्य मनोभावहरूका सुन्दर संयोजन र पत्नी, प्रकृति, देश, समाज र ईश्वरभक्तिका सुन्दर नमूनाहरूका रुपमा देखा पर्छन् । यिनीहरूमा आफ्नै नेपाली संस्कृतिले सौन्दर्याधान गरेको छ–अस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान : संक्षिप्त परिचय

२०१४ साल आषाढ ६ गते स्वर्गीय कविराजा श्री ५ महेन्द्रबाट राष्ट्रको प्रतिष्ठा, आर्थिक सम्पन्नता तथा समुन्नतिलाई साहित्य, संस्कृति, कला र ज्ञान-विज्ञानले वरण गरे मात्र त्यो चिरस्थायी रहन सक्छ भन्ने तथ्यलाई कार्यान्वित गर्ने नेपाली साहित्य कला एकेडेमी नामले एक स्वशासित एवं सुसंगठित संस्थाको स्थापना गरी मौसूफबाट त्यस संस्थाको चान्सलर (कुलपति) पद स्वयं ग्रहण गरिबक्सेको थियो ।

त्यसै वेलादेखि नेपाल अधिराज्यभरका विद्वद्-संगठन र साहित्य संस्कृति कला तथा ज्ञान-विज्ञानका प्रेमीहरूको निमित्त त्यो नव स्थापित नेपाल साहित्य कला एकेडेमी सरस्वतीको मन्दिर तुल्य नेपाल राष्ट्रकै गौरव र प्रतिष्ठाको एक अनुपम प्रतीक बन्यो ।

पछि यो नेपाली साहित्य कला एकेडेमी को नाममा केही परिवर्तन भयो र यसको नामै रायल नेपाल एकेडेमी कायम भयो । र आज यही रायल नेपाल एकेडेमी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान को नामले प्रसिद्ध भैरहेको छ ।

यस संस्थाको आफ्नै एक आधुनिक विशाल भवन छ । वातानुकूलित प्रदर्शनीकक्ष, पुस्तकालय, सभाकक्ष, प्रेक्षालय आदि भएको यो भवन काठमाडौंको कमलादीमा ५० रोपनी जग्गाको चौघेरा भित्र बनाइएको छ र यसको सम्पूर्ण निर्माण-खर्च कविराजा स्व. श्री ५ महेन्द्रकै निजी कोषबाट भएकोले यो प्रज्ञा-भवन नेपाल राष्ट्रको निमित्त मौसूफबाट बक्सेको एउटा अमूल्य उपहार भएको छ ।

तदुपरान्त राजकीय प्रज्ञा-प्रतिष्ठानलाई नेपाली साहित्य, संस्कृत, कला र ज्ञान-विज्ञानको एउटा उच्चकोटिको मन्दिर बनाउनमा समय-समयमा अनेक प्रयासहरू पनि भए । २०२६ जेठमा स्व० कविराजा श्री ५ महेन्द्रबाट स्व…

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मौसूफबाट ग्रहण गरिबक्सेको कुलपतिको पद साहित्य, संस्कृत, कला तथा ज्ञान–विज्ञानका क्षेत्रमा उल्लेखनीय सेवा गर्दै आएका विद्वानले पाउने व्यवस्था गरी साहित्यिकहरूमा अनेक जिम्मेवारी सुम्पिबक्सेको थियो ।

२०२८ माघ १७ मा वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको उदय भएपछि नेपालको विकास कार्यमा अनेकौं नौला र गहकिला कदमहरू चालिए, थपिए । पछि, यसको सन्दर्भ नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानमा पनि गाँसिन आयो । फलतः २०३१ वैशाख १ गतेको दिन श्री ५ महाराजाधिराज सरकारबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान अध्यादेश जारी गरिबक्स्यो र राष्ट्रिय पञ्चायतको २४ औं अधिवेशनबाट पारित भएर त्यो ऐन बन्यो ।

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको नयाँ व्यवस्था र गठनअनुसार श्री ५ महाराजाधिराज सरकार प्रज्ञा–प्रतिष्ठानका संरक्षक होइबक्सिन्छ । र आज मौसूफबाट प्रज्ञा–प्रतिष्ठानलाई जुन सक्षम नेतृत्व बक्सेको छ, यसमा प्रज्ञा–प्रतिष्ठान गौरवान्वित भएको छ ।

प्रज्ञा–प्रतिष्ठानका नव व्यवस्थित संगठनमा प्राज्ञ-सभा, प्राज्ञ–परिषद् समन्वय–समिति, प्रज्ञा-प्रतिष्ठान–सेवा–आयोग र प्रज्ञा–प्रतिष्ठान–सचिवालय रहेका छन् र यिनीहरूको सामूहिक रुप नै प्रज्ञा–प्रतिष्ठानको स्वरुप भएको छ ।

प्रज्ञा–प्रतिष्ठानका उद्देश्य र नीति

उद्देश्य

१) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञान सम्बन्धी मौलिक एवं अनुसन्धानात्मक कृतिहरूको रचना एवं प्रकाशन गर्नु, गराउनु ।

२) उच्चस्तरीय विचार–विमर्श, गोष्ठी, सम्मेलन आदिको आयोजना गर्नु, गराउनु ।

३) प्रतिभाशाली कलाकार, साहित्यकार एवं अन्य विद्वानहरूको समुचित कदरसम्मान गर्नु ।

४) र, उपर्युक्त विषय–सम्बन्धी आवश्यक अन्य कार्य राष्ट्रिय अन्तरराष्ट्रिय स्तरमा सम्पन्न गराई बौद्धिक एवं कलात्मक क्षेत्रको सर्वाङ्गीण बिकास गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नीति

१) नेपाली भाषा, साहित्य कला, संस्कृति तथा ज्ञान–विज्ञान–सम्बन्धी मौलिक एवं अनुसन्धानात्मक कृतिहरूको प्रकाशन गर्ने, गराउने ।

२) विदेशी भाषाबाट नेपाली भाषामा र आवश्यकतानुसार नेपाली भाषाबाट विदेशी भाषामा उच्चस्तरीय कृतिहरूको रुपान्तर एवं प्रकाशन गर्ने, गराउने ।

३) नेपाली भाषा, साहित्य कला, संस्कृति तथा ज्ञान–विज्ञानका क्षेत्रमा महत्वपूर्ण ग्रन्थहरू तयार पार्न ख्यातिप्राप्त विद्वानहरूद्वारा सर्वेक्षण, अन्वेषण, अनुसन्धान आदि कार्य गर्ने, गराउने ।

४) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञान सम्बन्धी विषयहरूमा प्रवचन, गोष्ठी, विचार–विमर्श, सम्मेलन, प्रदर्शनी आदिको आयोजना गर्ने, गराउने ।

५) भाषा, साहित्य, कला, संस्कृति ज्ञान–विज्ञान सम्बन्धी विषयहरूमा हुने अन्तरराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचार विमर्श, प्रदर्शन आदिमा प्रतिनिधित्व गर्ने ।

६) भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानको क्षेत्रसँग सम्बन्धीत अन्तरराष्ट्रिय संघ, संस्था आदिसंग सम्बन्ध राख्ने ।

७) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानको विकासको निमित्त सम्बन्धीत व्यक्तिहरूमा सहयोगको भावना बढाउने ।

८) पुरस्कार आदि प्रोत्साहनका माध्यमद्वारा नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञान सम्बन्धी क्षेत्रलाई विकसित तुल्याउदै लैजाने ।

९) नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको काम कारवाहीमा भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानलाई सामान्यत: समानुपातिक प्राथमिकता प्रदान गर्ने ।

१०) नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको कार्य–संचालनको लागि निर्धारित आर्थिक रकम श्री ५ को सरकारबाट अनुदानको रुपमा प्राप्त गर्ने ।

११) नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान कानूनद्वारा व्यवस्थित अविच्छिन्न उत्तराधिकार–प्राप्त स्वशासित संस्थाको रुपमा आफ्नो कार्य संचालन गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रज्ञा-(त्रैमासिक पत्रिका)

प्रज्ञा-प्रतिष्ठानको मुखपत्र 'प्रज्ञा' त्रैमासिक हो । यस पत्रिकामा भाषा, साहित्य, संस्कृति, कला तथा ज्ञान-विज्ञान सम्बन्धी लेखिएका अन्वेषणात्मक रचनाहरूलाई तथा उच्चस्तरीय कृतिहरूलाई पनि प्रमुख स्थान दिइन्छ । प्रज्ञा-प्रतिष्ठानद्वारा नियमित रुपले चालू गरिएको प्रवचन मालाका कार्यक्रम अन्तर्गत प्रस्तुत हुने अन्वेषणात्मक कृतिहरू पनि यसमा क्रमशः छापिन्छन् ।

सांस्कृतिक प्रदर्शन

प्रज्ञा-प्रतिष्ठानले सांस्कृतिक उत्थान र विकासको कार्यमा प्राचीन परम्परागत शास्त्रीय पद्धतिहरूलाई मान्यता दिई तिनीहरूको पृष्ठभूमिमा परिमार्जित नृत्य तथा आफ्नै पनको प्रत्रासता र विशेषता हुने लोक-नृत्य र गीतहरूलाई परिमार्जित गरी प्रदर्शन गर्ने कार्यक्रमको अतिरिक्त उच्च-स्तरीय नृत्य-नाटिका, लोक-नाटक र आधुनिक नाटकहरू नियमित रुपले प्रदर्शन गर्ने व्यवस्था गरेकोछ ।

प्रवचन-माला

प्रज्ञा-प्रतिष्ठानका नियमित कार्यक्रम र परियोजनाहरू पनि छन् । यसबाट यहांका क्रियाकलापहरू सक्रिय हुन पाएका छन् ।

प्रज्ञा-प्रतिष्ठानको उद्देश्य-अनुरुप यसको सर्वाङ्गीण विकासमा कुलपति र उपकुलपतिबाट सम्पूर्ण क्रियाकलापको रेखदेख र नियन्त्रण हुने र उहाँहरूबाट सम्बन्धीत विषयमा वर्षको २ पटक अनुसन्धानात्मक लिखित प्रवचन दिनुपर्ने व्यवस्था छ । प्रज्ञा-परिषद्का सदस्यहरूले पनि आफ्ना आफ्ना क्षेत्रसंग सम्बन्धीत हुने विषयमा एक वर्षमा ४ ओटा अनुसन्धानात्मक लिखित प्रवचन दिनु पर्ने तथा आफ्ना आफ्ना क्षेत्रमा पर्ने अनुसन्धान र अन्वेषणको कार्यमा निर्देशन र सहयोग गर्नुपर्ने व्यवस्था छ ।

प्रज्ञा-प्रतिष्ठानका सदस्य-सचिवले पनि आफ्नो सम्बन्धीत विषयमा वर्षको १ पटक अनुसन्धानात्मक लिखित प्रवचन दिनुपर्ने व्यवस्था छ ।

(क) पुरस्कार, मान

नेपाली भाषा, साहित्य, कला, संस्कृति ज्ञान-विज्ञान सम्बन्धी क्षेत्रमा उल्लेखनीय योगदान वा प्रकाशित सर्वोत्कृष्ट कृतिहरूको आधारमा प्रज्ञा-प्रति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ष्ठानले विभिन्न पुरस्कारहरू तथा सम्मान प्रदान गर्ने व्यवस्था गरेको छ, जस्तो—

१) पृथ्वी प्रज्ञा–पुरस्कार
यो एक लाख नगद पाउने पाँच पाँच वर्षमा दिइने सर्वश्रेष्ठ पुरस्कार।

२) त्रिभुवन प्रज्ञा–पुरस्कार
यो पचास हजार नगद पाउने तीन तीन वर्षमा दिइने पुरस्कार।

३) महेन्द्र प्रज्ञा–पुरस्कार
यो पच्चीस हजार नगद पाउने दुई दुई वर्षमा दिइने पुरस्कार।

४) इन्द्रराज्यलक्ष्मी प्रज्ञा–पुरस्कार
यो पन्ध्र हजार नगद पाउने प्रत्येक वर्ष दिइने पुरस्कार।

(ख) वीरेन्द्र प्रज्ञालङ्कार

नेपाल सम्वन्धी उल्लेखनीय योगदान दिने विशिष्ट विदेशी विद्वानहरूलाई प्रज्ञा–प्रतिष्ठानले यो मानार्थ वीरेन्द्र प्रज्ञालङ्कार प्रदान गर्दछ। यसमा चाँदीको प्लेकमा प्रज्ञा–प्रतिष्ठानको चिह्नस्वरुप स्वर्णको प्रतीक अङ्कित गरिएको हुन्छ।

यो वीरेन्द्र प्रज्ञालङ्कार पाउने विद्वान वा विदुषीलाई निम्नलिखित सहुलियत र सुविधाहरू प्रदान गरिन्छन्।

१) नेपाल जाउंदा निःशुल्क भीसा
२) नेपाल आउंदा एक वर्षमा एक पटक रू. ५०००।– भत्ता। यो भत्ता नेपाल आएको वेलामा वर्षको एक पटक पछिसम्म पनि पाइने भत्ता हो।
३) नेपालमा बसुन्जेल निःशुल्क भीसाको व्यवस्था।

(ग) विद्वत्वृत्ति

नेपाल भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानको क्षेत्रमा अनुसन्धान, अन्वेषण गर्ने कार्यको लागि प्रज्ञा–प्रतिष्ठानले वर्षेनी वढीमा दश ओटा विद्वत् वृद्धि प्रदान गर्ने व्यवस्था गरेको छ। यस्तो विद्वतवृत्ति एक व्यक्तिलाई एक वर्षको लागि प्रदान गरिन्छ र आवश्यक परेमा अर्को एक वर्षसम्मको लागि थप पनि गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो विद्वतवृत्ति नेपाली अथवा विदेशी नागरिक दुवैले पाउन सक्ने व्यवस्था गरिएको छ ।

(घ) आजीवन सदस्यता

प्रज्ञा–परिषदमा लगातार वा पटक पटक गरी कमसेकम तीन मनोनयन प्राप्त गरेका सदस्यहरू अवकाश प्राप्त भएपछि निवृत्ति–भरण सहित प्रज्ञा–प्रतिष्ठानको आजीवन सदस्य हुने व्यवस्था छ ।

(ङ) प्रज्ञामानार्थ सदस्यता

नेपाली संस्कृति, साहित्य, कला, संगीत, सामाजिक वा भौतिक ज्ञान–विज्ञानको क्षेत्रमा विशेष देन दिएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट कसैलाई प्राज्ञ–परिषद्ले विशिष्ठ ठह्र्याई प्रज्ञामानार्थ सदस्यता प्रदान गर्दछ तर प्राज्ञ–परिषद्बाट हुने यस सम्वन्धी सिफारिश प्रज्ञा–प्रतिष्ठानका संरक्षकबाट स्वीकृत हुनुपर्दछ ।

कविता महोत्सव

प्रत्येक वर्ष आषाढ ९ गते सुसम्पन्न हुने जन्मजयन्ती मनाउन प्रज्ञा–प्रतिष्ठानमा कविता–महोत्सवको राष्ट्रव्यापी आयोजना हुने परम्परा छ । यस कविता महोत्सवका लागि श्री ५ महाराजाधिराज सरकारबाट नव वर्षको शुभारम्ममा विषय बक्सिन्छ । यस कविता–महोत्सवको प्रतियोगितामा प्रथम हुने लाई सुवर्ण–पदक र नगद पुरस्कार, दोश्रा हुनेलाई रजत–पदक र नगद पुरस्कार र तेस्रा हुने तीन जनालाई नगद पुरस्कार प्रदान गरिन्छ । राष्ट्रब्यापी स्तरमा हुने यस कविता–महोत्सवमा प्रतियोगितामा शरीक हुन नचाहने विशिष्ट कविहरू ले पनि भाग लिने गर्दछन ।

प्रज्ञा–प्रतिष्ठान प्रत्येक वर्ष आफ्नो जन्म–जयन्ती मनाउने गर्दछ । त्यस वेला प्रज्ञा–भवनमा कविता–महोत्सव, कविता–महोत्सवका पुरस्कार वितरण समारोहहरू सुसम्पन्न हुन्छन् ।

अन्य महोत्सवहरू

प्रज्ञा–प्रतिष्ठानले आफ्नो परम्परागत सांस्कृतिक वैभवहरू संरक्षण गर्न तथा आधुनिक विकसित पद्धतिहरू अपनाउन गाईजात्रा–महोत्सव (हास्य–व्यंग्य), नाटक–महोत्सव जस्ता महोत्सवहरू पनि संचालन गर्ने गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
गठन-तालिका

वि० सं० २०२४ सालमा प्रथम गठन

१. श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव	चान्सलर (कुलपति)
२. श्री वालचन्द्र शर्मा	उपकुलपति
३. श्री सोमनाथ शर्मा	सदस्य
४. श्री लेखनाथ पौड्याल	सदस्य
५. श्री तुलसी मान सिंह	सदस्य
६. श्री भवानी भिक्षु	सदस्य
७. श्री लक्ष्मीप्रसाद देवकोटा	सदस्य
८. श्री सिद्धिचरण श्रेष्ठ	सदस्य
९. श्री वालकृष्ण सम	सदस्य
१०. श्री माधवप्रसाद घिमिरे	सदस्य
११. श्री यज्ञराज शर्मा	सदस्य

वि० सं० १०१६ सालमा थप

१२. श्री सूर्यविक्रम ज्ञवाली	वि० सं० २०१६ सालमा थप	सदस्य
१३. श्री लैनसिंह वाङ्गदेल	वि० सं० २०१८ सालमा थप	सदस्य

वि० सं० २०२६ सालमा

१. श्री केदारमान व्यथित	कुलपति
२. श्री वालकृष्ण सम	उपकुलपति
३. श्री सूर्यविक्रम ज्ञवाली	सदस्य
४. श्री भवानी भिक्षु	सदस्य
५. श्री माधवप्रसाद घिमिरे	सदस्य
६. श्री लैनसिंह वाङ्गदेल	सदस्य
७. प्रा० श्री चूडानाथ भट्टराय	सहसदस्य
८. श्री कृष्णचन्द्रसिंह प्रधान	सहसदस्य
९. श्री धर्मराज थापा	सहसदस्य
१०. श्री पोषण पाण्डे	सहसदस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

११. श्री रत्नध्वज जोशी — सहसदस्य
१२. श्री विजयवहादुर मल्ल — सहसदस्य
१३. श्री श्यामदास वैष्णव — सहसदस्य
१४. श्री सत्यमोहन जोशी — सहसदस्य
१५. श्री तुलसी दिवस — वि० सं० २०२८ सालमा थप — सहसदस्य
१६. श्री लैनसिंह वाङ्गदेल — वि० सं० २०२८ सालमा थप — उपकुलपति
१७. प्रा० श्री चूडानाथ भट्टराय — वि० सं० २०२८ सालमा थप — सदस्य

वि० सं० २०३१ सालमा

१. श्री सूर्यविक्रम ज्ञवाली — कुलपति
२. श्री लैनसिंह वाङ्गदेल — उपकुलपति
३. श्री विजयवहादुर मल्ल — सदस्य
४. डा० श्री चन्द्रप्रसाद गोर्खाली — सदस्य
५. श्री तुलसी दिवस — सदस्य
६. श्री अमर चित्रकार — सदस्य
७. प्रा० श्री चूडानाथ भट्टराय — सदस्य
८. श्री मोहन कोइराला — सदस्य
९. श्री सत्यमोहन जोशी — सदस्य-सचिव

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान प्रज्ञा मानार्थ सदस्यहरू

१. श्री वावुराम आचार्य — २०२८ सालमा
२. श्री धनशम्शेर ज० व० रा० — २०२८ सालमा
३. श्री धरणीधर कोइराला — २०३१ सालमा
४. श्री गोविन्दवहादुर मल्ल 'गोठाले' — २०३३ सालमा

बि० सं० २०३६ सालमा

१. श्री लैनसिंह वाङ्गदेल — कुलपति
२. श्री माधवप्रसाद घिमिरे — उपकुलपति
३. श्री अमर चित्रकार — सदस्य
४. श्री भूपिशेरचन — सदस्य
५. श्री वालकृष्ण पोखरेल — सदस्य
६. श्री ढुण्डिराज भण्डारी — सदस्य
७. डा० श्री तीर्थबहादुर श्रेष्ठ — सदस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८. श्री नवराज पन्त — सदस्य
९. श्री विजयबहादुर मल्ल — सदस्य-सचिव

आजीवन सदस्यहरू

१. सं. श्री बालकृष्ण सम
२. सं. श्री सिद्धिचरण श्रेष्ठ
३. श्री यज्ञराज शर्मा
४. श्री भवानी भिक्षु
५. श्री सूर्यविक्रम ज्ञवाली
६. श्री चूडानाथ भट्टराय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि एम०बी०बी०शाह र उहाँका कृतिबारे एक चर्चा

–मंगलदेब परियार

गद्यले पाठकमाथि आफ्नो प्रभाव पार्न केही समय लिन्छ भने पद्यले ज्यादै थोरै समय प्रभाजित पार्छ। त्यसैकारण पद्यबाट चाँडै नै पाठक वा श्रोताको हृदय झंकृत हुन्छ। पद्यमा पनि गीति–कविता वा गीतले सम्पूर्ण जनमानसमा आफ्नो छाप तुरुन्तै नछोडी रहन्न।

नेपाली साहित्यको कविता विधामा कविता रच्ने कविहरूमध्ये एम० बी० बी० शाह सुपरिचित नाम हो। नेपालीको यो अहोभाग्य हो जसमा हामीले कवि–राजा पायौं। राष्ट्र र जनताको अभिभारा लिएर पालन गर्नु एक कुरा हो भने कवि हुनु अथवा हृदयमा कवित्वको भाव जागृत भई लिपिवद्ध गर्नु भिन्नै कुरा हो।

कवि एम० बी० बी० शाहद्वारा रचित रचनाहरू दुई वटा संग्रह, क्रमशः 'उसैको लागि' र 'फेरि उसैको लागि' मा तथा अन्य नेपाली पत्र–पत्रिकाहरूमा प्रकाशित भएका छन्। २०१५ सालमा छापिएर निस्केको 'उसैको लागि' मा प्रकाशित रचनाहरूबारे धेरै लेखादि प्रकाशमा आए। यो प्रथम संग्रहबाटै कवि एम० बी० बी० शाहज्यूका हृदयस्पर्शी रचनाहरूले नेपालीको हृदयमा ठूलो छाप पार्‍यो। त्यसपछि केही वर्षको अन्तरमा अर्थात् २०२१ सालमा उहाँको 'फेरि उसैको लागि' निस्क्यो। यस पुस्तकको आरम्भमा नै कविज्यूले नेपाल आमाप्रति आफ्नो हृदयमा रहेको शुभ कामना व्यक्त गर्नु भएको छ। तदुपरान्त यो पुस्तक समर्पण गरिएको छ– स्मृति, समय, नेपाल र नेपालीलाई।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'फरि उसैको लागि' मा प्रकाशित पहिलो कविता छ नेपालको सुन्दर तथा विशाल प्राकृतिक सरोवर 'रारा' बारे। स्मरणीय छ, कवि एम० बी० बी० शाहज्यूबाट यसबारे कविता रचिई प्रकाशमा आउनुभन्दा अघिसम्म नेपालका दुर्गम क्षेत्रमा अवस्थित यस मनोहर एवं विशाल तालबारे नेपालको उक्त क्षेत्रका निवासीबाहेक अन्यलाई ज्ञात थिएन। कवि शाहज्यूबाट नै सर्वसाधारण नेपालीले रारा दहबारे जान्न पाए। कविज्यूको लेखनी यस रारा सरोवरको चर्चा यसरी गर्छ:–

देखें जसै तिमीलाई तस्वीरमा
धेरै दिन अघि, मनमा,
अनि तनका दुवै आँखाले अस्ति मात्र
टाढैबाट
दूरवीन थपेर
डाँडाबाट
पारीबाट
माथिबाट हिउंमा बसेर।

....
अनि, अनि मात्र, अन्त्यमा देखें
अनुहार मेरी प्रियाको, प्रिय वस्तुको
सृष्टिको सम्पूर्ण सौन्दर्यमय राम्रो–
रारा ! रारा !! रारा !!!

....
आई अनि बस्यौ यस पृथ्वीमा
एशियाको धुकधुकीमा
रारा–मा, नेपालमा
नेपालीको प्यारो देशमा ?

....
विश्वको चोखो प्राकृतिक सुन्दरता
छैन कतै अन्य संसारमा ?
बटुली सर्वस्व सुन्दरताको भण्डार सोहोरेर
के खन्यायौ मसै रारा–मा ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथिका केही पंक्तिहरूबाट हामी थाहा पाउंछौं कविज्यूले रारा तालको विश्वमा कस्तो महत्व दर्शाई सौन्दर्य वर्णन गर्नु भएको छ। कविज्यूले यी पंक्तिमा राराको महत्वमाथि मात्र प्रकाश पार्नु भएको छैन, वरू 'आई अनि वस्यो यस पृथ्वीमा, एशियाको धुकधुकीमा' भन्ने पंक्तिले नेपालको विश्वमा, अझ विशेष गरी एशियामा कस्तो स्थान छ, त्यो कुरा प्रष्ट पार्नु भएको छ। 'एशियाको धुकधुकी' भन्नाले एशिया महादेशको मुटु अर्थात् केन्द्रबिन्दु नै नेपाल रहेछ भन्ने बुझिन्छ। आफ्ना सरल एवं भावपूर्ण शब्दमा कविज्यूले कति सजिलै रारा सरोवरको सुन्दरताको वर्णन गरेर पाठकलाई रारा दहको छेवैमा पुऱ्याउन सफल हुनु भएको छ। राराको यसै वर्णनबाट युगौंसम्म उपेक्षित तथा एक किसिमले अपरिचित समेत रहेर अब जनमानसमा आएको छ यो नाम– रारा। आज नेपालीहरू 'रारा भोजनालय' मा भोजन गर्छन् भने 'रारा' पत्रिका पनि पढ्छन्। स्व० श्री ५ महेन्द्रबाट यस तालको भ्रमण गरिबक्सी यसको महत्व र सौन्दर्य–वर्णन प्रकाश गरिबक्सेको हो। यसै कुरालाई ध्यानमा राखेर यस रारा सरोवरको नामकरण 'महेन्द्र ताल' भएको छ।

उहाँका रचनाहरूमा 'रारा' सम्बन्धी माथि चर्चा गरेझैं प्राकृतिक सौन्दर्य वर्णन र त्यसप्रति कविज्यूको रूचि त छँदैछ। यस बाहेक उहाँका रचनामा प्रेम, राष्ट्रियताको ओज पनि झल्किएको छ। समष्टी रुपमा उहाँका रचनाहरू करूण रस, भक्ति रस, वीर रसबाट ओतप्रोत छन्। कतै कतै उहाँका कवितामा दर्शन पनि दृष्टिगोचर हुन्छ। हुन त मानिसको विचार वा सोचाई अनुसार एकै वस्तुलाई विभिन्न दृष्टिकोणले हेरिन्छ। एक जनाले बाटोमा एउटा ढुंगा भेटे, त्यसलाई उसले भौतिकवादी दृष्टिले हेर्न सक्छ। त्यही ढुंगो अर्को बटोहीले फेला पारे उसले त्यसमा देवता देखन सक्छ। अझ अर्को यात्रुको विचारमा त्यो ढुंगा कुनै न कुनै दिन टुक्रा टुक्रा भई माटोमा मिलेर आफ्नो अस्तित्व नै गुमाउने र संसारमा सबै वस्तु नाशवान् छन् भन्ने पनि हुन सक्छ। भनाईको तात्पर्य के हो भने कवि शाहज्यूका भक्ति रसप्रधान कविताहरूमा हामी दार्शनिक पुट पनि पाउंछौं। उदाहरणार्थ:–

भगवान मेरो तेरो सिवा छैन सहारा
आधार मेरो तेरो सिवा छैन पराया।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसै सन्दर्भमा अर्को दुई पंक्ति:–

वनी यो सार जीवनको कहाँ छौ सर्वशक्तिमान्
देखाई विश्वको माया छकायौ सर्वशक्तिमान्

माथिका प्रथम दुई पंक्तिमा कविज्यू यस ब्रह्माण्डमा भगवान् सिवा अरू केहीको पनि सहारा पाउनु हुन्न । त्यसै कारण भगवान्लाई नै उहाँ आफ्नो एकमात्र आधार देख्नु हुन्छ । यस संसारमा कविज्यूको निमित्त सब थोक सारहीन वा अस्तित्वहीन परिलक्षित हुन्छन्; उहाँको एकमात्र सहारा एवं आस्था भगवान् नै हुन् । भगवान् सिवा उहाँको अन्य कुनै आधार छैन ।

माथि उल्लिखित दोस्रो कवितामा दुई पंक्ति छन्–

वनी यो सार जीवनको कहाँ छौ सर्वशक्तिमान्
देखाई विश्वको माया छकायौ सर्वशक्तिमान्

कवि शाहज्यूको हृदय यत्रो विशाल विश्वको रचना गरेर चराचरको निर्मण समेत गरी विविध रुप रंगमा प्राणीलाई जीवन दिएर पनि त्यो सर्वशक्तिमान् सृष्टिकर्ताचाहिं अझै पनि अदृश्य छ, अर्थात् कविज्यूलाई सांसारिक भुलभुलैयामा अलमल्याएर स्रष्टा किन यसरी संधै अदृश्य नै रहिरहेको भन्ने जिज्ञासाले छट्पटाउंछ ।

कवि शाहज्यूका यस्ता रचनाहरूलाई भक्तिरसमा पनि लिन सकिन्छ । परम ईश्वरवादी भई ईश्वरप्रति गहन श्रद्धा एवं आस्था राखेर कविको हृदयमा उठेका श्रद्धाको फूलरुपी भावना भक्तिका सुन्दर शव्दहरूमा उनिई सरल तथा सरस तरीकाले अभिव्यक्त भएका छन् माथिका यी पंक्तिहरूमा । कविज्यूका यस्ता भक्ति रसवादी कविताहरूमा मार्मिक तथा गहन श्रद्धा अभिव्यक्त हुन्छन्, जस्तै:–

मनले धाइ आएं प्रभु ! अव तिम्रै मन्दिर आएं ।
खाली हातले शान्ति आश ली गाई मन्दिर आएं ।

कविज्यू आफ्नो आराध्य प्रभुलाई केही भेटी चढाउन नलगी रित्तो हातै मन्दिरमा अर्चना गर्न र शान्ति प्राप्त गर्न जानुहुन्छ । यहाँ पनि यी पंक्तिलाई दार्शनिकको नजरले हेर्न सकिन्छ । अर्थात् कविको यो शरीर नै स्वयं प्रभुको रचना हो भने कुनै भेटी अर्पण गर्नुभन्दा अर्चकको शरीर नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पित गरिदिनमा कविज्यू श्रेयस्कर ठान्नु हुन्छ। एक सरल तथा श्रद्धालु भक्तको कति महान् लक्ष्य र आस्था झल्कन्छ यी निम्न लिखित पंक्तिहरूबाट:–

भेटीलाई पनि द्रव्य केही नपाई
तिम्रै धन यो साथ छुटेको जीवन भेटी चढाएं।

कवि शाहज्यूका यस्ता कैयन सुन्दर कृतिहरू छन्।

राष्ट्रियता र नेपाली जातिप्रति भएको प्रेम एवं विश्वासको उदात्त भावना हामी कवि एम०वी०वी० शाहज्यूका कविताहरुमा पाउँछौं। कविज्यू विश्वप्रसिद्ध कहलिएका वीर नेपालीलाई अझ सुन्याउंदै, आत्मबल तथा ओज प्रदान गर्दै मातृभूमिको नाम 'वीर पराक्रमी सन्तति' भएर उजागर गर्न आह्वान गर्नु हुन्छ-

हे वीर! हिंड अघि सरी, नहटाई पाउ रती भरी,
यो मातृभूमि–नेपालको भई वीर पराक्रमी सन्तती।

कविज्यू नेपाली जनमानसमा नागरिक भावनालाई संबल दिई अधिकार र कर्तव्यबोध गराउनु हुन्छ आफ्ना रचनाद्वारा। वीर रसप्रधान कविज्यूका निम्नलिखित पंक्तिहरूमा नेपाल आमालाई सिंगारेर धनधान्यपूर्ण तुल्याउन अर्काको भर नपरी हामी नेपाली आफ्नै यी दुई हात पाखुराले हिम्मत साथ मिहिनेत गरेर अघि बढ्नु पर्दछ भन्ने भावाभिव्यक्त हुन्छ:–

जबसम्म यी दुई हात छन्, किन अर्काको भर पर्दछौं
मेहनत गरी, हिम्मत राखी, शृङ्गारी आमा छाड्दछौं।

मानिस समाजमै हुर्कन्छ र रहन पनि पर्छ। कवि पनि मानिस हो। तसर्थ कवि शाहज्यूको सम्पर्क सोझै समाजसंग रहेको हुनाले उहाँको भनाई छ– 'साहित्यिक कृति रचिंदा पहिले आफ्नो देश र जनतालाई मान गर्नु पर्दछ।' त्यसैले त उहाँ ढलेको समाजलाई उठाई भोका प्यासालाई खुवाई पियाई गहका आँसु पुछिदिंदै नजिकैबाट सबैलाई हेरेर चिन्न, बुझ्न र तिनलाई माया ममता गर्न चाहनु हुन्छ यसरी:–

म ती ढलेकालाई उठाउन खोज्छु
भोको प्यासीलाई खुवाउने–पियाउने चेष्टासम्म त खोज्छु
अनि झरेका आँसु पुछ्न खोज्छु, रोक्न खोज्दछु
सबैलाई नजीकैबाट हेर्न चाहन्छु, चिन्न चाहन्छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै एक देशको सिमाना भित्र नबसी मानिस निर्धक्क भएर रहन सक्तैन । त्यसै कारण ऊ एक सार्वभोमसत्ता सम्पन्न देशको नागरिक हुन मन पराउंछ । देशलाई जगेर्ना गरेर राख्नु पनि देशवासीको परमकर्त्तव्य हुन जान्छ । यसै कुरालाई हृदयंगम गरी कवि शाहज्यू देशको लागि आफ्नो प्राण समेतको पर्वाह गर्नु हुन्न । उहाँ देशको रक्षा गरेर त्यसको अस्तित्व जोगाउनमा दृढप्रतिज्ञ भई आफ्नो पावन एवं असाधारण आकांक्षा अभिव्यक्त गर्नु हुन्छः-

म मरे पनि देश बाँचोस् ।

कविज्यू मानिस एक नाशवान् प्राणी हो र एक न एक दिन यसको इतिश्री भएर रहन्छ भन्ने सत्यलाई बुझेर यो उद्गार पोख्नु हुन्छ, कि भने जन्म र मरण त ईश्वरीय लीला हो– यो प्रकृति हो । अनिवार्य मृत्यूबाट उम्कन नसकेको तथ्यलाई उहाँ यसरी पुष्टि गर्नु हुन्छः–

कमलको पातमा पानी, जसरी अडन शक्तछ ।
त्यसरी अन्न र पानीको शरीर यो ढल्न सक्तछ ।।

कवि एम० बी० बी० शाहज्यूको जम्मै कृतिबारे विवेचना गर्दा एउटा मोटो पुस्तक नै तयार हुन सक्छ । यस सानो लेखमा उहाँका केही कृतिको मात्र चर्चा गर्ने प्रयास गरिएको हो । कविज्यूले नेपाली साहित्य मन्दिरमा आफ्ना दुई पुस्तक 'उसैको लागि' र 'फेरि उसैको लागि' तथा अन्य फुटकर रचनाहरूको पुष्पान्जलि अर्पित गरेर अमर हुनु भएको छ । आफ्नो अतिव्यस्त जीवनबाट समय निकालेर नेपालीलाई आफ्नो अमूल्य कृति दिनु भएकोमा नेपालीहरू अझ विशेष गरी नेपाली साहित्य जगत् ठलो गौरव तथा गर्व अनुभव गर्छ। अस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै एक [illegible] दिने जस्तो मानिस निर्भीक [illegible] सक्दैन । [illegible] आदिरोगहरूमा [illegible] गर्छ । [illegible] शरीर [illegible] पनि देशवासीको [illegible] । [illegible] गर्ने [illegible] साहित्य देशको [illegible] गर्न हुन्छ । [illegible] दरबार [illegible] आफ्नो [illegible] आकांक्षा अभिव्यक्त [illegible]

[illegible] पनि [illegible] ।

[illegible] मानिस एक [illegible] प्राणी हो र एक न एक दिन [illegible] सबैलाई छोडेर यो उद्गार [illegible] जन्म र मरण [illegible] लीला हो यो प्रकृति हो । [illegible] पुष्टि गर्न हुन्छः–

[illegible] पानी, जसरी [illegible] ।
[illegible] र पानीको शरीर यो [illegible] ॥

कवि एम० बी० बी० [illegible] भन्नै कृतिबारे विवेचना गर्दा [illegible] पुस्तक नै तयार हुन सक्छ । यस आफ्नो लेखमा उहाँका केही कृतिको [illegible] चर्चा गर्ने प्रयास गरिएको हो । कविज्यूले नेपाली साहित्य मन्दिरमा [illegible] दुई पुस्तक 'उर्लँदो शान्ति' र 'फेरि उर्लंको शान्ति' तथा अन्य फुटकर रचनाहरू [illegible] पुष्पाञ्जलि अर्पित गरेर अमर हुनु भएको छ । आफ्नो अभिव्यक्त [illegible] सबल निकाशिक नेपालीलाई आफ्नो अमूल्य हानि [illegible] भएकोमा नेपाल [illegible] विशेष गरी नेपाली साहित्य जगत् [illegible] गौरव तथा गर्व अनुभव [illegible] गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महेन्द्र तिमी के थिएनौं

–राजन प्रताप सिंह बस्न्यात

शुभ्रसी मुटु धारण गरी
बुद्धको सन्देश बोकेका
"शक्ति हेर्न सन्तान थरिथरिका भनी"
नेपालीका दैला दैला घुमेका
तराइको फाँट फाँट चहारेर
पहाडको भीर पाखा संग भितेरी लगाई
संसारको सबै भन्दा अग्लो धरहराबाट
विश्वलाई सुनाउन चिच्याई चिच्याई
शान्तिको बिगुल फुक्दै हिंडेका राजा महेन्द्र
तिमीनै यूग को बुद्ध थियौ ।

प्यारेलिसिस भएको नेपाल आमाको शरीरलाई
राजमार्गरुपी नसाहरूको निर्माण गरी रक्त संचार गर्न सफल भएका
भोक, रोग र प्यासले अन्धकारमा तडपिएका नेपाली देखदा दुःखी भएर
फाँट फाँटमा अन्नका वाला फुलाउन
आगन आगनमा कलकल पानी पुऱ्याउन
घर-घरमा झलमलल बिजुलीको प्रकाश फैलाउन सफल भएका
बुलडोजर जस्तै रात दिन खटेर काम गर्दै
स्टीलका जस्ता बलिया नथाक्ने हात र खुट्टा पाई
कम्प्यूटर पनि हारखाने मस्तिष्क भएका
नेपालीलाई नवजीवन दिने हे दूरदर्शी राजा महेन्द्र
तिमीनै यूगका डाक्टर थियौ ।

बादलले ढाकिएर झण्डै झण्डै सदाको लागि डुब्न खोजेका
ती परका धमिलो चन्द्र सूर्यलाई
चोक्टा चोक्टा लुछिएर झण्डै झण्डै वेचिन बाध्य भएकी
बिचरी ख्याउटी, दुर्वल, नेपाल आमालाई
अस्तित्व गुमाएर झण्डै झण्डै विदेशी दास बन्न लागेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

करोडौं नेपाली परिवारलाई
आफ्नो वाहुवलको पराक्रम र मस्तिष्कको प्रवाहवाट
संसारको रङ्गमन्चमा नेपाल र नेपालीको अस्तित्व बचाई, बढाई
चन्द्र सूर्य पताका फहराउन सफल भएका हे राजा महेन्द्र
तिमीनै यूगका महान नेता थियौ ।

के शहर, के गाउँ, के गल्ली, जता ततै आफै पुगी
दलीन, झ्याल, ढोकाका काठहरू मक्किएर यूगदेखि थोत्रिएका
ब्रह्मनालमा तेर्सिएको अन्तिम घडीमा पुगेको रोगी वृद्ध जस्तै
धुकधुकी मात्र बाँकीरहेका मन्दिर, पाटी, पौवामा समेत
आफ्नै दृष्टि पुऱ्याई
जिर्णोदार गरेर नवरुप दिई हिन्दू धर्मको रक्षा गर्ने
मन्दिर अगाडि दुइ हात जोडी भगवानमा श्रद्धा राख्ने हे राजा महेन्द्र
तिमी नै यूगको धर्म रक्षक थियौ ।

शान्तिको मस्तिष्क बोकी
मातृत्वको भावनाले मित्रताको हात बढाउदै
विश्वलाईनै अङ्कमाल गर्न सफल भएका
नेपाल र नेपालीको वेदनाको आँसु पुछ्न सँधै चिन्तित र समर्पित भएर
मुटु फुटुन्जेल शान्तिको सन्देश फलाक्दै
"म मरे पनि मेरो देश बाँचीरहोस" भनी
प्रत्येक नेपालीको ढोकाको संघार संघारमा
तराइको फाँट फाँटमा
पहाडको कान्ला, कान्लामा
भीर र पाखा, पाखामा हिंडने राजा महेन्द्र
तिमीनै यूगको देशभक्त थियौ ।

कल्पनारुपी पखेटा फटकार्दै फटकादै
भावलहरीमा अकासिदै अकासिदै
सेक्सपिएर, विलिएम वर्डसवर्थ, लक्ष्मी प्रसाद संग संगै
भावनामा डुबुल्की मार्दै
साहित्यिक जगतमा समेत अमर ज्योति बनेका राजा,
"मन्दिरको घण्टा बजे पछि गाई वाखा चराई फर्कन्छन्"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कैले,
"नाथ विना अर्को यहाँ खोजुं हरे कहा
पाइन दर्शन तिम्रो अब भन्दै जाउं कहाँ"
भन्दै पशुपतिनाथको ढोका कुर्छन्।
अनि कैले भन्छन्,
"हे वीर हिंड अगिसरी नहटाइ पाउ रत्ति भरि
यो मातृभूमि नेपालको भइ पराक्रमी वीर सन्तती"
कैले,
"गाजलुको ठूल ठूलो आँखाको तीर बिचार्दै"
"एकान्त रात बीचमा हाँसेर पास आएकिलाई अङ्गाल्दै"
भन्दछन्,
"भनलौ तिमी नढाँटी कसरी बुझाउं योमन
हेरेर खाली तस्वीर कति दिन बुझाउं यो दिल"
सपनाबाट कोल्टे फर्केर झल्याँस्स भएपछि
कल्पना मात्र हात पर्दा
मुटुभरि तडपन बाँकी
भावनामा पौडदै पौडदै
कल्पनामा हराउंदै हराउंदै
"खुशीछ दिल तडपनैमा
म उन्को याद पाउंछु
सही तडपन जली दिल्मै
म मूख यो वन्द गर्ने छु"
भनी,
आफ्नो भावना यसरी पोख्ने हे म. वी. वि. शाह
तिमीनै यूगका महान कवि र कलाकार थियौ।

–सुभम–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृति, प्रेम र विरहको संगम: रारा कि अप्सरा

–भूपहरि पौडेल

तीन अक्षरले वनेको 'प्रकृति' शब्दको परिभाषा गर्न निकै अप्ठ्यारो छ । यही तीन अक्षरले विशाल अर्थ समेटेर युगौंदेखिका मान्छेहरूको मस्तिष्क रिंगाई रहेको छ । आजसम्म कसैले पनि यसको सवैलाई चित्तवुझ्दो परिभाषा गर्न सकेको देखिदैन ।'प्रकृष्ट करणात् प्रकृति' वा 'प्रकर्षेण कृतिप्रकृति' यस किसिमको विग्रह गराइले 'प्रकृति' शव्दको अर्थसित नजिकिनु त परै जाओस् हामी झन् टाढा पुग्छौं । संसारमा 'समता' भन्ने कुरो केही चीजमा छैन । पक्ष र विपक्ष अथवा सम र विषमको अन्तरालमै मान्छे घुमिरहेको छ । भावना र विचारको समन्वय हुने हो भने सायद यो झगडा टुङ्गिने थियो कि ? प्रकृति कति कोमल छ जसलाई छुने वित्तिकै जिउ सिरिङ्ग हुन्छ । कता–कता नौलो संसारमा पुगे जस्तो आभास हुन्छ । अझ भनौं के प्रकृतिलाई हामी देख्न वा छुन सक्छौं ? पक्कै पनि सक्तैनौं होला । हामीले देखेको, स्पर्श गरेको प्रकृतिको वाहिरी रुप मात्र हो। वास्तविक प्रकृति मुटुको रग–रगमा हुन्छ जसलाई कसैले छुन सक्तैन, देख्न सक्तैन । मान्छेले प्रकृतिको स्वरुप अध्ययन गरिरहेको हुन्छ । यति मात्र होइन प्रकृतिसित अलग्गिएर मान्छे क्षणभर जीवित रहन सक्तैन । भनौं, प्रकृति मान्छेको अभिन्न साथी हो । ऊ, सुखमा हाँसी दिन्छ र दुःखमा रोइदिन्छ । यही हँसाइ र रुवाइ के प्रकृतिकै चिह्न होइन ? के यसको भावना सँग तादात्म्य सम्वन्ध छैन ? यदि छ भने के त हामी भावनालाई शव्दमा उतार्न सक्छौ ? हामीले उतारेको शव्दले के विश्वका समस्त मान्छेको चस्स

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृदय छुन्छ ? के छुँदैन भने हाम्रा सारा साहित्यिक अनुभूतिहरू, दार्शनिक विचारहरू र ज्ञान–विज्ञानका खोजहरू सबै खेर गएनन् ? हामीले गरेको दुःखको कुनै मूल्य छैन भने विनसित्तिमा समय किन खेर फाल्नु ? यसको सट्टा हामीले अरूनै कुनै नयाँ सिद्धान्तको खोजीमा लागे हुँदैन ? प्रकृति ! प्रकृति !! भनेर हामीहरू किन चिच्याउँछौं ? आदि कुराहरू हाम्रा अगाडि उपस्थित हुन्छन् ।

हामी के लाई प्रकृति भन्छौं यही कुरो थाहा छैन । कवि साहित्यकारहरू छाँगा–छहरा–भीर–पहरा–पाखा–जङ्गल–नदी–खहरे–मेघ आदिलाई 'प्रकृति' को नामाकरण गर्दछन् भने एउटा भाषा वैज्ञानिक यसको अर्कै अर्थ गर्नमा रमाउँछ । संस्कृत व्याकरण शास्त्रमा 'प्रकृति' शब्दको अर्थ जस्ताको तस्तै भन्ने गरिएको छ भने आयुर्वेदीय ग्रन्थमा 'प्रकृति' भनेर शरीरको निरोगी अवस्थालाई संकेत गरिएको पाइन्छ । प्रकृति शब्दको अर्थ यति सामान्य मात्र कहाँ छ र ? आफ्नी प्राणप्रिया इन्दुमतीको अवसानमा विह्वल भएका अजलाई वशिष्ठका प्रतिनिधिहरूले संझाउँदा "मरणं प्रकृतिः शरीरिणाम्" भनेर 'प्रकृति' शब्दको प्रयोग कसैले टारेर नटर्ने भन्ने अर्थमा गरेका छन् । फेरि राजशास्त्रले प्रकृति शब्दको अर्कै अर्थ गरेको पाइन्छ । विख्यात कूटनीतिज्ञ कौटिल्यले राजा, मन्त्री, सुहृद् आदि राज्यका विभिन्न अङ्गहरूलाई प्रकृति शब्दले पुकारेका छन् । वेदान्त शास्त्र अनुसार प्रकृति भनेको माया हो । यो चराचर जगत यही मायामा अडेको छ । संसारमा सत्य भन्ने कुरा ब्रह्म मात्र हो । हामीले देखिरहेको, भोगिरहेको सबै कुरा भ्रम हुन् किनभने यी सबै नाशवान् छन् । यो एउटा अन्तिम सिद्धान्त हो । यही कुरालाई सत्य मानेर साधनामा लागेमा मानिसले संसारको यस्तो झिलिमिली जादु गरी कहाँ देखन पाउँथ्यो ? क्रमशः सृष्टि प्रक्रिया नै टुङ्गिन्थ्यो । यसैगरी विभिन्न दर्शन, साहित्य र विज्ञानले 'प्रकृति' लाई वेग्ला वेग्लै किसिमले हेर्ने कोशिश गरेको छ । मोटा मोटी रुपमा आज सम्मको दर्शन–साहित्य अध्ययन गर्दा साहित्यमानै प्रकृतिको विराट् स्वरूपको अध्ययन गरेको पाइन्छ । साहित्यमा दुइ किसिमको प्रकृति पाइन्छ– सामान्य प्रकृति र विह्वल प्रकृति । कवि साहित्यकारहरूले सामान्य प्रकृतिको वर्णन गर्दा जनमानसलाई आफ्नो काव्य कृतिमा त्यति राम्रो सँग तान्न सकेका छैनन् तर विह्वल प्रकृतिमा मान्छेलाई त के कुरो भयो र ? ढुङ्गालाई पगालिदिएका छन् । कुन चाहिं कठोर हृदय भएको मानिस होला जो मेघदूतमा यक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र यक्षीको १० महीने वियोग अवस्था पढेर आँसुका धारा नवर्साओस् ।

"त्वामालिख्य प्रणयकुपितां धातुरागैः शिलाया-
मात्मानन्ते चरणपतितं यावदिच्छामि कर्तुम् ।
अस्रै स्तावन्मुहुरुपचितै दृष्टिरालुप्यते मे
क्रूरस्तस्मिन्नपि न सहते सङ्गमं नौ कृतान्तः ॥"

कुवेरको श्रापले १० महिनासम्म यक्ष र यक्षीको भेट नहुने भैसकेको थियो । यस असह्य विरहावस्थामा यक्ष विलौना गर्दछ । मेरी प्यारी यक्षी !!! तिमीलाई म खूबै संझन्छु । अलि–अलि होइन– हरेक क्षण तिम्रै अनुहारमा मेरो प्रतिबिम्ब अङ्कित छ । तिमी कैयौं कोश यक्ष मिलनका दिनहरू गनेर बसेकी छयौ र म कैयौं कोश वर तिम्रै संझनामा आफ्नो शरीर सुकाएर ख्याउटे जिउ लिएर जिइरहेको छु । म तिमीलाई असाध्य चाहना गर्छु । सधैं प्रणय मुद्रामा मग्न हुन्छु । यस पर्वतका धातुका विभिन्न रङ्गहरूले तिम्रा चरणका चित्र लेखूँ भनेर यसो ढुङ्गानेर अघि बढ्छु तर हाय दुर्भाग्य । आँसुका ढिकाले सारा होस– हवासै गुमहुन्छ र केही लेख्नै सक्तिन । हरे विधाता ! तिमी किन यसरी निष्ठुरी भयौ ? के मेरी प्राण प्रियाको स्वरुप चित्रमा पनि लेख्न सक्तिन ।

विरहको अन्तिम उदाहरण हामीलाई यत्ति मात्र कहाँ हो र ? अन्त पनि थुप्रै–थुप्रै मिल्न सक्छ । कालिदास भन्दा पहिले र पछिका थुप्रै–थुप्रै कविहरूले आफ्नो काव्यात्मक अनुभूतिद्वारा युगौं युगका सचेत पाठकहरूलाई क्वाँ–क्वाँ रूवाउन सकेका छन् । आखिरी जीवन भन्नु पनि त के हो र ? यही आँसु र हाँसोको संगम नहो । हाँसोमा सुख हुन्छ र आँसुमा दुःखको करूण कथा साँचिएको हुन्छ । हुन त कालिदासले हामीलाईः–

"कस्यैकानतं सुखभुवनतं दुःखमेकान्ततो वा
नीचैर्गच्छत्युपरिच दशा चक्र नेमिक्रमेणु ॥"

अर्थात् कुनै पनि मानिसको जीवनमा सुख मात्र हुँदैन, दुःख मात्र पनि हुँदैन । सुख दुःख भन्ने कुरा रथको पाङ्ग्रो घुमेझैं घुमिरहन्छन् । भनेर शिक्षा दिए पनि हाम्रो मन त के मान्थ्यो र ? सुखमा हाँस्नु र दुःखमा रूनु पनि त मान्छेको स्वभावै जस्तो भएको छ । तर के गर्नु ? प्रकृतिले मान्छेलाई प्रेम गर्न सिकाउँछ । आमा र छोराका बीच कति गहिरो स्नेह हुन्छ । श्रीमान् र श्रीमती-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा कस्तो प्रेम हुन्छ। सँगी साथीहरूमा कति माया प्रीति बसेको हुन्छ। तर एकदिन नचाहँदा–नचाहँदै पनि कठोर मृत्युलेनिम्त्याई दिन्छ। आखिरी विरहको अनुभव पनि त मान्छेले गर्नै पर्छ। जसमा हृदयमा उब्जेका करूण कथाहरूलाई कलात्मक रुप दिने क्षमता छ उसले अवश्य अरुलाई पनि आफूले भोगेका अनुभवद्वारा रूवाउन सक्छ। यस्ता रूवाइहरू संस्कृत साहित्य लगायत संसारका अरू कतिपय साहित्यमा पाइन्छन्। नेपाली साहित्य पनि यसवाट अछुतो छैन। प्रकृति, प्रेम र विरहका कथाहरू नेपाली कविहरूले हामीलाई दिएका छन्। प्रकृति, प्रेम र विरहलाई जस्ताको तस्तै रुपमा उतार्ने सफल कवि माधव प्रसाद घिमिरे हुन्। प्रिया प्रतिको प्रेम पनि अचम्म छ जसलाई वर्णन गरेर संसारको कोही कवि–कलाकार अघाउँदैन। प्रियाको वियोग कहीं गएर पनि शान्त हुँदो रहेनछ। छट्पटी, उकुसमुकुस्याई वस् यही हो प्रणय–वियोगको संक्षिप्त रुपरेखा। हाम्रा नेपाली कवि म. वी. वि. शाह पनि प्रियाको वियोगमा भौंतारिँदै नेपालको भौतिक राजधानी काठमाडौंवाट प्रकृति, प्रेम र विरहको राजधानी कर्णाली अञ्चलको मुगु जिल्लामा रहेको चोखो ताल रारामा पुग्छन्। कवि शाहले भौतिक राजधानीमै वसेर प्रियाको संक्नामा अनेकौं कविता र गीतहरू लेखिसकेका थिए। भनौं शाहलाई कवि र गीतकार वनाउने उनै दिवंगता अर्द्धाङ्गिनी हुन्। विछोड वाँचेकालागि खपिनसक्नु चहन्याउने घाउ हुन्छ तर यस घाउले कवितात्मक अनुभूति पनि त जन्माउँछ। हाम्रा पूर्वीय आचार्यहरूले दुइ किसिमका कवि हुन्छन् भनेर परिभाषा गरेका छन्। सहज (प्राकृतिक) कवि र आभ्यासिक (कृत्रिम) कवि। सहज कविलाई पूर्व जन्मको संस्कार सँग जोड्ने चलन पनि छ। आभ्यासिक कवि पूर्वजन्मको असल संस्कारवाट वञ्चित भएको हुन्छ भनेर हाम्रै समालोचकहरू चर्चा गर्छन्। तर मेरो विचारमा यो कुरा ठीक लाग्दैन। एउटा सुन्तलाको रूख हुन्छ। त्यसमा लक्क फलहरू (सुन्तलाका दाना) फुलेका हुन्छन्। निकै ठूला दाना, मीठा हुन्छन्। त्यसैको विउ लगेर अन्त रोप्नुहोस् तर पूर्वजन्मकै जस्तो गरी समाजलाई फल दिन्छ भन्ने केही ग्यारेन्टी हुँदैन। मान्छेको हातमा भरपर्छ। त्यसैगरी हुनै पनि मानिस पहिलो जन्ममा असल थियो भन्दैमा त्यसको संस्कार अर्को जन्ममा पनि राम्रै हुन्छ भन्न सकिँदैन। यही जन्मको संस्कार यसै जन्ममा फरक हुन्छ। डाँका सज्जन बन्न सक्छ र सज्जन डाँका बन्न सक्छ। यसकोलागि सामाजिक वातावरणको ठूलो भूमिका हुन्छ तापनि यही मात्र सर्वस्व हुन सक्तैन। विद्वत् समाजमा हुर्केको मानिस मूर्ख हुन सक्छ र मूर्ख समाजमा हुर्केको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसले धर्तीलाईनै प्रज्वलित पार्न सक्छ । त्यसकारण मान्छेको भित्री चाहनालेनै उसलाई विभूति बनाउँछ । कुनै कविले राम्रा कविता लेख्यो भन्दैमा त्यसलाई सहज कवि भन्न मिल्दैन र नराम्रा कविता हुँदैमा आभ्यासिक कवि पनि त भन्न मिल्दैन । जसले प्रशस्त साधना गर्दछ, जो धेरै परिश्रमपूर्वक अध्ययन गर्दछ र लेखन कलामा पनि पोख्त छ त्यसैले बडो मीठो साहित्य दिन सक्छ । तर त्यसको पनि समय हुन्छ । (यहाँ समयको मतलव मान्छेको शारीरिक उमेर सँग छ ।) अध्ययन् र लेखनमा परिश्रम नगर्ने तर (स्वाभाविक रुपमा सहृदयी भएर) ठूलो मान्छे बन्न वल गर्ने मानिस आभ्यासिक जस्तो देखिन्छ । हामी नेपाली साहित्यका पाठकहरू देवकोटालाई 'सरस्वतीका वरदपुत्र हुन्' भन्छौं तर देवकोटाले कति दुःख गरेर पढेका थिए, कति भाषाका पुस्तकलाई पचाएका थिए, उनको लेखन कलामा कुन किसिमको अभ्यास थियो, उनको जीवनकथा कति घतलाग्दो थियो, उनी कति सहृदयी थिए, के यी कुराहरूलाई हामी कसैले राम्रो सँग केलाउने कोशिश गरेका छौ ? अवश्य छैनौं । हाम्रो केही गर्ने हुती छैन– अनि देवकोटालाई सहज कवि भनेर 'उपाधि' दिन्छौं । यहाँनेर प्रश्न उठ्न सक्छ– के अरू साहित्यकारले परिश्रम गरेर पढे–लेखेका छैनन् त ? अवश्य छन् तर देवकोटाको जस्तै सबै मानिसमा दया गर्ने भावना पनि त अरूमा छैन । सबैले वारीमा मकै छरेका हुन्छन् तर जसले मल–जल पुऱ्याउन सक्यो गोडमेल आदि चाकरी गर्नमा समय वितायो उसैका वारीमा वढी मकै फल्छन् । हामी पहाडका मानिसहरू काठमाडौंका ज्यापूले फलाएका अन्न देखेर डाह गर्छौं तर के हामीले उसले जस्तै खेती गर्ने काममा समय दिएका छौं त ? अवश्य छैनौं । त्यसैले हामीले मीठो फल पनि चाख्न पाउँदैनौं । हामीले दुःख गरे अनुसारको फल त पाएकै छौं । के चित्त दुखाउनु ।

दरछेन ढुङ्गामा फुम्रो चक्मक्ले बेसरी ठटाउनु त्यहाँ आगाको फिल्का निस्कन्छ । यसैले सारा–संसार ध्वस्त गर्न सक्छ । यति मात्र कहाँ हो र ? एउटा वाँस अर्को वाँस सँग जोडियो र त्यसमा हावाको झोक्का चल्यो भने– पटटट पड्केर आगो निस्कन्छ । त्यसैगरी मान्छेको जीवनमा पनि कैयौं यस्तो घटनाको जन्म भएको हुन्छ । जसले मान्छे भित्र रहेको शक्ति विस्फोट गराउँछ । यसबाट कि त मान्छे पागल हुन्छ कि त ठूलो कवि हुन्छ । कुनै तेसर मान्छे सँगको भनावैरीले पनि मान्छे भित्रको शक्ति जाग्छ । विधोन्तमाले अर्धचन्द्राकार दिएर घरवाट ननिकालेकी भए सायद कालिदास रूखको टुप्पामा बसेर फेदकाट्न साहस गर्ने मूर्ख हुन्थे होलान्, उल्टो भागवतको पुस्तक पल्टाएर मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ड्मानाको घर जत्रो 'क' दुब्लाएर अहिले यत्रो मसिनो 'क' भएछ भनेर विलौना र्ने मानिसकै रुपमा रहन्थे । यति मात्र कहाँ हो र ? माइत गएर सुतेकी श्रीमतीको खाटमा मध्यरातको समयमा झ्यालबाट पसेर सुटुक्क सुत्न खोज्ने लोग्नेलाई "तिमीले म प्रति जसरी मरिहत्ते गरेका छौ, त्यसैगरी ईश्वरको भजन गरे यो भवसागर त तर्ने थियौ" भन्ने शिक्षाबाट हृदयमा चोट नपरेको भए विश्व साहित्यकै रङ्गमञ्चमा तुलसीदास चम्कने थिएनन् । तर यहाँनेर एउटा कुरो के छ भने कसैलाई जिउँदैको व्यङ्ग्यवाणले मुटुमा धक्का दिएर मान्छे भित्रको सिर्जनात्मक प्रतिभाको उदय हुन्छ त कसैमा मृत्युको असाह्य दुःख चहऱ्याएर कहिल्यै कसैले कुनै हालतमा सोच्तै नसोचेको मान्छेको प्रतिभाको मूल फुटेर समाजलाई चकित पारिदिन्छ ।

प्राण प्रियाको अवसानले विह्वल भएर म. वी. वि. शाहको कविताको मूल फुट्यो । नेपाली साहित्यका पाठकहरू कवि म. वी. वि. शाहका गीत र कविता पढ्न पाउँदा खुशी भएका थिए । तर मुनाल प्रकाशनमा तानासर्माले 'उसैको लागि' कवितामा हिन्दीका केही गीतहरूको प्रमाण उद्धारण गरेर मौलिकताको अभाव देखाउन खोजेपछि कवि शाहका कविता प्रति पाठकको पूर्ण रुचि नभए पनि उनको कविता सिर्जना गर्ने साहसलाई सबैले कदर गर्ने कोशिश गरेकै छन् र गर्ने पनि छन् यसमा कुनै सन्देह छैन । तर यसलाई प्रभाव भन्नेमा सायद अत्युक्ति हुने छैन । प्रभाव पनि त धेरै किसिमका हुन्छन्– जस्ताको तस्तै प्रभाव, आंशिक प्रभाव, कताकति यसो झल्को लाग्ने प्रभाव । हुन त ग्रीक आचार्य अरस्तुले पनि भनेकै छन् नी– "सत्यको अनुकरण प्रकृति र प्रकृतिको पनि अनुकरण साहित्य भएकाले यो त्यति सर्वोत्तम चीज होइन ।" संसारमा अनुकरण नगरी मान्छेले कुनै कुराको निर्माणै गर्न सक्तैन । यस सम्बन्धमा कुनै बेला– अरस्तुको अनुकरण सिद्धान्तलाई पुनर्व्याख्या गरेर पाठकहरूका सामु प्रस्तुत गर्ने मेरो विचार भएकाले अहिले यसपट्टि बढी व्याख्या गर्न चाहन्न ।

अँ त, कालिदासको यक्षलाई आसुँले रोकेर केही लेख्नै नदिए जस्तै हाम्रा नेपाली कविहरूलाई यो समस्या परिराखेको छ ।

"यो दुःखान्त कथा सुनेर गहमा आँसु लिई भाग हे
यो जीवन पाइँदैन, प्रियको सामु क्षमा माग हे"

माधव प्रसाद घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के त यसमा पाठकको चस्स हृदय छुने शक्ति छैन ? अवश्य छ। त्यस्तै कवि म. वी. वि. शाहका कविताले पनि पाठकहरूलाई केही रुपमा प्रभाव पारेकै छन् । म यहाँनेर एउटा के कुरा भन्न चाहन्छु भने कवि शाहको कवितालाई अरु कविसँग तुलना गर्न मिल्दैन । परम्पराका सापेक्षतामा व्याख्या गर्दा केही उदाहरणहरू प्रस्तुत गर्नु बेग्लै कुरा हो। नत्र कवि शाहलाई उनकै घेरामा विश्लेषण गर्नुपर्छ। किनभने कवि शाहको नेपाली साहित्यमा एक छुट्टै स्थान छ। उनका कविता अरू कवि सँग अतुलनीय छन् । जयराज आचार्यले जस्तै "कृतित्वमा समानता कालिदास र म. वी. वि. शाहमा लेख्ने हो भने हामीले अवश्य पनि कालिदास र म. वी. वि. शाहको कवित्त्व मर्म नबुझेको प्रतीत हुनेछ। यसकारण हामी कवि शाहलाई उनकै ओजनमा व्याख्या गरौं ।

कवि म. वी. वि. शाहको कविता यात्राको प्रेरणाश्रोत त दिवंगता अर्द्धाङ्गिनीको सुमधुर संक्नानै हो भन्ने कुरा उनैको आत्मस्वीकृतिबाट झल्किन्छः–

"कविता कविको हृदयको
पातलो छायाँ मात्र हो
त्यो स्मृतिको
अमर चिह्न पनि समर्पण छ
–यो–उसैको लागि–
त्यो मीठो स्मृति लाई"

कवि शाहका कविताहरू राम्रा छन्, सरस छन्, सरलताको गुणलाई पनि अंगालेकै छन् । आफ्नो स्थानमा उनी प्रकृतिका सहज कवि हुन् । हामी उनका कविता पढेर केही क्षणकालागि भए पनि उनैका काव्य सृजनामा तदाकार हुन सक्छौं। प्रियाको अवसानमा वियोगी बनेर तड्पिएको हृदय कविताको आराधनाद्वारा विश्राम लिन पुग्छ । किनभने कुनै पनि मानिसमा परेको चोट अरूलाई थाहा हुँदैन जब सम्म उसले कहिल्यै नमेटिने सिर्जनाद्वारा जन–समाजलाई थाहा दिँदैन। अजलाई इन्दुमतीको अन्त्यमा कस्तो असह्य वेदना भएको थियो भन्ने कुरा हामी यो पद्य पढेर थाहा पाउन सक्छौं ।

"गृहिणी सचिवः सखीमियः प्रियशिष्या ललिते कलाविधौ ।
करूणा विमुखेन मृत्युना हरता त्वो पद किं न मे हृतम् ।।"

त्यसैगरी कवि शाहलाई कति पीर परेको थियो भन्ने कुरा हामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'उसैको लागि' 'फेरि उसैको लागि' कविता संग्रह पढेर थाहा पाउन सक्छौं। गहिरो अनुभूति भएर मात्र काव्यले सर्वोच्च स्थान प्राप्त गर्न गाह्रो पर्छ त्यसमा कलापक्षले पनि त्यत्तिकै साथ दिएको हुनुपर्छ। कवि शाहको भावपक्षले सजीवता प्राप्त गरे पनि कलाले आफ्नो स्थान जमाउन सकेको छैन। हो, कवि शाह प्रकृति वर्णनमा कहिं चुकेका छैनन्। नेपालका डाँडाकाँडा, लेक वेंसीं, उकाली–ओरालीं जतातत्तैको सजीव वर्णन गर्न खोजेका छन्।

"वन्दीपुरे उकाली लामो मर्स्याङ्दी ढुङ्गाले तरेर
वनवनै ढाकेर फुल्ने लालुपाते झुलेको देखेर।"

यो कविता पढ्दा कुन चाहिं प्रकृतिप्रेमी मान्छेलाई प्रभाव नपर्ला। के उनै कवि शाहका काव्यसृजनामा मानिस हराउँदैन ? केहीक्षण त अवश्य हराउन सक्छ तर उनका काव्यकृति थन्क्याएर यसो घोटिएको खण्डमा कताकति के–के नपुगे जस्तो, कहिं कतै खट्किए जस्तो अनुभव हुन्छ। यसो भनेर– कवि शाहको काव्य अस्तित्व खतम हुन्छ भन्न खोजेको पटक्कै होइन। उनी त नेपाली काव्य साहित्यमा सधैं बाँचिरहने छन्। नरबरदेह समाप्त भए पनि सधैं बाँच्न पाइने एउटै मात्र आधार हृदयमा उब्जिएका शाश्वत अनुभवहरूलाई कलात्मक रुपमा व्यक्त गरिएको काव्यकृति अथवा अरूनै ज्ञान–विज्ञानका खोजपूर्ण चिन्तनहरू। फेरि ती पनि छापिएर जनसमक्ष आएको हुनुपर्छ। लेखेर दराजमा कोचेकाको त्यति भर हुँदैन। यसमा कविशाहकै आत्मोद्गारलाई अघि सारौं।

"राजनीति भनेको क्षणिक चीज हो। साहित्य, संगीत, कला, ज्ञान, विज्ञान, भन्ने कुरा स्थायी चीज हुन्।"

यस वस्तु तथ्यलाई कवि शाहले व्यवहारमा पनि उतारेको देखिन्छ। वास्तवमा भन्ने हो भने यो संसारमा जन्मिएका कुनै पनि प्राणी अमरताको संजीवनी बुटी पाएर आएका हुँदैनन्। आजसम्म कसैले पनि यमराजको यस क्रूर अत्याचारलाई पैतालाले कुल्चिन सकेको छैन। वरू उल्टै काल (समय)ले हरेक प्राणीको शिरमा नृत्य गरिरहेको छ। प्राणी मात्रको के कुरा छ र ? संसारमा सृष्टि भएका हरेक पदार्थहरू नाशवान् छन्। त्यसैले यो संसारको सृष्टिक्रमनै तुच्छ छ। तर के गर्नु ? यो कुरा राम्रो होइन भन्ने जान्दा जान्दै यसैलाई स्वीकार गर्नु परिरहेको छ। यो संसार एउटा नाट्यशाला हो र यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न पात्रहरू आ–आफ्नो योग्यता अनुसारको अभिनय गरिरहेका छन्। कवि शाहलाई यो कुरा पक्का विश्वास छ कि यो संसारमा स्थायी चीज केही छैन तर के गर्नु ? उनको हृदय बाध्य छ। उनले आंफ्नी प्राणप्रिया प्रति अगाध प्रेम गरेका थिए। उनका निमित्त संसारका कुनै पनि चीज राम्रा थिएनन्। अर्द्धाङ्गिनीनै सर्वस्व थिइन्। तर अफशोच ! प्रकृतिको शाश्वत नियम प्रेम गर्नु थियो गरे, कालको बहिखातामा बाँच्ने समय सकिएकी प्रिया यो संसारको रङ्गीचङ्गी महललाई चटक्क छोडेर कहाँ-कहाँ विलाइन्। सायद कसै–कसैको भनाइ अनुसार मृतआत्मा प्रकृतिमै विलाउँछ क्यारे। स्वर्ग र नरकको कल्पना शास्त्रकारको मात्र हो कि यथार्थ हो यसमा अझै शङ्का छ। यदि यो कुरा सत्य हो भने विश्वब्रह्माण्डमा यतिका प्राणीहरू के नाटकीय जीवननै भोगिरहेका छन् त ? हामीले यतिसम्म देखेका छौं र भोगेका पनि छौं कि रूखमा पुरानो पातहरू झरेर नयाँ पालुवा पलाउँछन्। पाकेर झरेका अनेकौं फलका बीजहरू फेरि उम्रेर नयाँ जीवन धारणा गर्दछन्। हामी पुराना लुगा फ्याँकेर नयाँ लुगा फेर्दछौं। यहाँ भन्दा बढी हामीं जान्दैनौं। मृतआत्मा स्वर्ग जान्छ अथवा नरक। उत्तिखेरै अर्को जन्म लिन्छ अथवा प्रकृतिमै विलाउँछ। यो कुरा हामी अहिले यसै हो भन्न सक्तैनौं। हामीं पनि एकदिन यस संसारबाट कहिल्यै नफर्किने गरी जान्छौं अनि आफै अनुभव गरौंला त्यो अनुभव गराइले धर्तीमा बाँचेका मान्छेलाई फाइदा नहोला तर हामी त कमसेकम चेतौंला। हामी अहिले यत्ति जान्दछौं, जसको दशधारा दुध पिएर यो संसार बुझ्ने भयौं र स्नेह पाएर काखमा लुटपुटु गर्दै बालककालमा रमाइला क्षणहरू बितायौं, जसको गहिरो प्रेममा डुबेर हाम्रा जीवनका सारा इच्छा र आकांक्षाहरू पूर्ण गर्दै गरेका छौं, जो सँग हामी सधैं खेल्छौं, चल्छौं, जसलाई हामीले जीवनको रमाइलो साथी बनाएका छौं र जसलाई हामी सधैं देखिरहन्छौं तिनीहरूको मृत्युमा हामी बाँचेकाहरू रोइदिन्छौं। हामीलाई यो कुरा थाहा छ– रोएर मात्र मृतआत्माले फेरि यसै जन्ममा फर्किने मौका पाउँदैन। तर के गर्नु ? एकदिन हाम्रो पनि त्यही अवस्था हो भन्ने कुरा महसूस हुँदा हुँदै हामी आफ्नो मनलाई थाम्नै सक्तैनौं। हामीलाई भित्र कता–कता प्रकृतिलेनै रूवाइ रहेको छ। हामी आफै रोएका होइनौं। हामीलाई घच्घच्याउने कुनै प्रेरक तत्त्व छ– जसलाई प्रकृति भनिन्छ क्यारे। प्रकृतिलेनै एक मान्छेले–अर्को मान्छेमा प्रेम गर्न सिकाउँछ। फेरि प्रकृतिलेनै प्रेमलाई चटक्क चुंडालेर विरहका दिनहरू बिताउन बाध्य गराउँछ। यस्तै छ संसारमा चलिआएको कुरा। जसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छेले वदल्न सक्दैन । तर वाध्य भएर अनुभव भने गर्नै पर्छ । कवि शाहले जसलाई जीवनको सर्वस्व ठानेका थिए, आखिरी तिनैको वियोग अनुभव गर्नु पर्‍यो । शोकाकुल भएर आँसुको मोल चुकाउन काव्यको निर्माण गरेर सन्तोष गर्नु पर्‍यो । यतिले मात्र मुटुको घाउ त कहाँ विसेक हुन्छ र ? तर समय–समयमा त्यही काव्यकृति पढेर भावविभोर भने हुन सकिन्छ । उदाहरणकोलागि कवि शाहको कविता उद्धृत गरौं ।

"चाँदनी दिलको थियो
किन अन्धकार गरी गयो,
यदि विश्वको भए तुच्छ त्यो,
यस दिलको सर्वस्व गयो"

यो अंश पढ्दा कता–कता हिन्दी गीतको झल्को लाग्छ । कवि म. वी. वि. शाहले आफ्ना हृदयका सहज अनुभूतिहरू पोख्न खोजका हुन् तर के जसरी प्रियाको अवसानमा शाहका आँसु झरेका थिए त्यस्तै अर्को मानिसमा पर्ने चोटको आँसुमा केही भिन्नता छ ? अवश्य छ । किनभने लेखन एउटा कला हो त्यस्तै रूवाइ पनि कलाकै अंशभित्र पर्दछ । अजका आँसु यक्षको विरह, भगवान् रामचन्द्रको रावणले हरेर लगेकी सीता प्रतिको विलौना, शकुन्तलालाई पतिका घरमा पठाउँदा कण्वको अवस्था के यिनीहरू सँग कवि म. वी. वि. शाहका आँसुको मूल्याङ्कन गर्न सकिन्छ त ? अवश्य सकिंदैन । अन्त किन जानु– कविवर माधव प्रसाद घिमिरेको यो पद्यले जस्तै–

"कोट्याउँ कति घाउ यो कलमले, अड्कन्छ अड्कन्छ है
संझी ती दिन, ती कुरा, हृदयमा खड्कन्छ खड्कन्छ है
खोली पुस्तक आँसुको लहर यो हेरेर बत्ती–भनि
संझी द्यौ सबले 'कुनै दिन यहाँ गौरी थिइन् रे !' भनी"

कवि म. वी. वि. शाहको यो पद्यले पाठकको हृदय छुन सक्ला त ? अवश्य सक्दैन ।

"बग्छ आँसु भनिदिए,
सक्दैन रोक्न कसै गरे,
प्रेमले सोहो म गर्छु,
अन्त्य तर्पण भनिदिए ।।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसकारण मैले माथि संकेत गरेको कुरानै कवि म. वी. वि. शाहको काव्य मूल्याङ्कनको आधार हुन सक्छ। नभएको कुरालाई समालोचनाको क्षेत्रमा वढाइ-चढाइ गर्दा साहित्यको अपहेलना गरेको ठहरिने मात्र होइन कि स्रष्टाको–सिर्जनाको मर्म बुझ्ने प्रयाशै नगरेको देखिन्छ। त्यसकारण कवि म. वी. वि. शाह आफ्नै कवित्त्वमा पूर्ण छन्– उनलाई यताउति घुमाउने आवश्यकतानै देखिदैन।

"धाराको कुनानिरको भेट
म भन्न सक्तिन"

× × ×

जुनिलो छायाँ, मायालु मेल
म भन्न सक्तिन"

के त यसमा कवि व. वी. वि. शाहको काव्य–सृजनाको झलक पाईदैन ? अवश्य पाइन्छ। प्रकृति, प्रेम र विरहलाई काव्य–आराधनाको विपयवस्तु वनाएका छन् कवि शाहले। प्रकृति, प्रेम र विरहलाईनैं उनले सहज रुपमा व्यक्त गर्न खोजेका छन्। असहय विरह वेदनालाई यसरी व्यक्तयाएका छन्–

"किद आई जोड कि चुंडी फाल
नथाप निर्दयी पासो
कि आई रेटिदेऊ।"

के त यसमा कान्ति विरहव्यथा पोखिएको छ। मृतात्मा कहाँ पुगेर के गरिरहेको होला तर प्रेमी भने यहाँ छट्पटिएर के गरौं र कसोगरौंको भुँवरीमा घुमिरहेको छ। भित्र भित्र जति रोए पनि आखिरी हामीलाई देखाएको त यही नहो।

"परदेश जाने लाहुरे दाइ,
संझेर भनिदेऊ।
छोडेर जाने निठुरीलाई
सम्चार लगिदेऊ।
भयो रे अव, नलेख चिठी
भनेर भनिदेऊ।
के भन्थिन् अरू ? भनेर सोधे
रोइरन्छिन्! भनिदेऊ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सायद यी कविताहरू राजभवनमै वसेर लेखिएका हुन सक्छन्। कोठामा वसेर रूनुभन्दा समाजमा उत्रेर रूनु वढी उपयुक्त हुन्छ। त्यस्तै घरको एउटा कोठामा वसेर कल्पनाको भरमा कुनै ठाउँको चित्रण गर्नु भन्दा चित्रणीय स्थलमै गएर वर्णन गर्नु वढी यथार्थ हुन्छ। कवि म. वी वि शाहका सबै कविताहरू मध्ये मलाई ज्यादै मनपर्ने कविता हो 'रारा कि अप्सरा।' मलाई लाग्छ यो उनको सजीव चित्रण हो। अरू कवितामा भन्दा रारा कि अप्सरामा प्रकृति, प्रेम र विरहको सहज, सरल र सरस चित्रण गरिएको छ। कवि शाहको काव्य यात्रा हो उपलब्धि यसैमा पाइन्छ। प्रारम्भिक अवस्थाका तिनकारू कविका कविताहरू कवित्त्वका दृश्टिले निकै कम्जोर देखा पर्दछन् भने दोस्रो चरणका कविताहरूमा राम्रै सफलता पाएको आभास पाइन्छ। कसै–कसैले कवि म. वी. वि. शाहलाई दैवी शक्ति प्राप्त सहज कविको रुपमा व्याख्या गरेका छन्। तर हामी शाहका काव्यकृतिका वारेमा हजारौं समालोचनाका ठेलीहरू निकाल्न सक्छौं तर नचाहिंदो प्रशंसाको पुल वाँधेर हिंड्दा कि यस किसिमको धारणाले पल्टा खाएको अवस्थामा हाम्रो मूल्याङ्कन मूल्यहीन हुने सम्भावना हुन्छ। किनभने युग अनन्त छ। हाम्रो साहित्य विकसित अवस्थामा छ। वर्तमानमा हामीले भोगिरहेको साहित्य भोलिका पुस्ताले इतिहासका रुपमा अध्ययन गर्नें छन्। जसरी नेपाली साहित्यको प्राथमिक र माध्यमिक काललाई हामी हास्नु अहिले इतिहासका रुपमा अध्ययन अनुसन्धान गरिरहेका छौं। भोलिको पिंढी हामी भन्दा धेरै चेतनशील र जागरूक भएर आउने सम्भावना छ। त्यसकारण हामी त आज इतिहासको निर्माणमा लागेका छौं। हामीले इतिहासको राम्रो निर्माण गर्‍यौं भने अवश्य पनि त्यसको समुचित संरक्षण हुनेछ। कवि शाहका काव्य कृतिमा हामी विभिन्न पक्षहरू पाउन सक्छौं। सामाजिक पक्ष, प्राकृतिक पक्ष, विरह पक्ष। यी यी पक्षहरूमा सहजताको आधारमा व्याख्या गर्न सक्छौं तर मेरो धारणामा दैवी शक्तिप्राप्त कवि शाह होइनन्। आभ्यासिक कवि हुन्। विपयवस्तुलाई सहज रुपमा टिप्न खोजेका छन् र यसमा आंशिक रुपमै भए पनि सफलता पाएका छन् त्यो वेग्लै कुरा हो। यसको छुट्टै समालोचनात्मक प्रणालीद्वारा व्याख्या गर्नु पर्ने हुन्छ। यसलाई यहाँ उल्लेख गर्न खोज्दा प्रस्तुत लेखको आकार बढ्छ हुन्छ। त्यसकारण यसको अन्तै व्याखयाको मौका पर्खेर अहिलेलाई 'रारा कि अप्सरा' तिरै केन्द्रित हुन चाहन्छु।

रारा नेपालको चोखो ताल हो। यो नेपालको सुदूर पश्चिमाञ्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकास क्षेत्र अन्तर्गत कर्णाली अञ्चलको मुगु जिल्लामा पर्दछ । यो रारा तालको सौन्दर्य लुट्न प्रकृति प्रेम नेपालीहरू मात्र जाँदैनन् यहाँ त संसारको कुना–कुना-बाट कोही आकाश मार्गबाट उडेर आउँछन्, कोही स्थलमार्गबाट गुडेर आउँछन् । कसैले यहाँको संस्कृति पक्षलाई अँगालेर अध्ययन गरेका छन् । कोही प्रकृति पक्षमा चुर्लुम्म डुब्न चाहन्छन् । "भिन्न रूचिर्हि मोक:" हरेक मान्छेको रूचि अनुसारको अध्ययनको विषयवस्तु बनेकी छे रारा । रारामा पुगेको मानिसहरूले विभिन्न फाइदा उठाएका छन् । कोही रारामा पुगेको संझना स्वरुप यात्रा संस्मरणात्मक लेख लेखेर छपाउँछन् र सानो सन्तुष्टि प्राप्त गर्छन् । कोही राराको संस्कृति–सभ्यता र इतिहासको अनुसन्धान गरेर अरूको आँखा उघारि दिन्छन् त कोही भने राराको प्राकृतिक सौन्दर्यलाई स्वर्गका अप्सराहरूको दैवी सौन्दर्य सँग तुलना गरेर भावविभोर हुन्छन् । नेपाली साहित्यका कवि म. वी. वि. शाहले आफ्नी दिवंगता प्राण पियारी अर्धाङ्गिनीलाई रारा तालको अनुपम प्राकृतिक सौन्दर्यसँग तुलना गरेर कविता प्रेमीहरूका अगाडि आफूले प्रत्यक्ष रुपमा गरेको अनुभवलाई अन्त: प्रेरणाको सशक्त अनुभूतिका आधारमा कहिल्यै हराएर नजाने गरी राखीदिएका छन् । कवि म. वी. वि. शाह अब कहिल्यै नर्फकिने गरी यो धर्तीबाट विदा भएर गै सके तर रारा दहका किनारमा उनले पोखेका प्राकृतिक विरहका अनुभूतिहरू भने बाँची रहेका छन् र बाँची रहने छन् ।

-★-

नेपालको अष्तित्व मेटियो भने नेपालीको अष्तित्व पनि मेटिनेछ ।

—स्व० श्री ५ महेन्द्र

हामी नेपालीहरू जति वीर छौं, त्यति नै दया र क्षमा पनि गर्न सक्तछौं ।

—स्व० श्री ५ महेन्द्र

आज हामीलाई कुराभन्दा कामको वढी खाँचो छ, आडम्वर भन्दा ईमान्दारीको खाँचो छ ।

—स्व० श्री ५ महेन्द्र

उन्नति र प्रगतिको कहिल्यै अन्त हुंदैन ।

—स्व० श्री ५ महेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि शाह प्रति

—नारायणप्रसाद खनाल

झर्छन् प्रेमझरी पलैपल, कला फैलिन्छ सन्दीवन,
पाइन्छन् शुभ सम्झना प्रकृतिका चैतन्य सानन्दन,
वर्षन्छन् मधुबिन्दु नै हरहरी झुल्दा हरीयो धरा,
ए प्यारा कवि ! राखियौ सकलमा राराकी क्वै अपसरा !

(१)

चम्केका नव सूर्य रत्न सुखले स्वर्णाभमा लम्किदै,
खोज्दैछन् गिरिका सुरम्य पथमा डाँफे सँगै आत्तिदै,
बोल्छन् कोइली दम्पती सजग भै तिम्रै नयाँ खोजमा,
डुल्छन् क्वै प्रतिभा हुने सुकवि झैं भूस्वर्गका माझमा !

(२)

वासन्ती छविमा उषा किरणले सौन्दर्य झल्काउन,
खोली चञ्चु सङ्गै चराहरू उडे यो विश्व ब्यूँझाउन,
आनन्दी अनुहारले रमिरमी सन्देशहारी बने,
वोकी मञ्जुल—मञ्जुरी हृदयको यो प्रेम गाथा भने ।

(३)

भाषाको मृदुला र शैशवपना मीठो छ लालित्यले,
नेपाली ममता र गीति कविता साहित्य सङ्गीतले,
आत्माका सब बिन्दुबिन्दु, यसले अर्कै नयाँ पार्दछ,
तिम्रै आत्मकथा कथेर कविको व्यक्तित्व सिंगार्दछ ।

(४)

ए मेरा प्रिय ! आऊ ए कवि तिमी साहित्य—उद्यानमा,
यौटा सुन्दर फूल झैं उठ तिमी तिम्रै शिलाखण्डमा,
झाँगै झाँग बनेछ कीर्ति—लहरा त्यस्मै कि फुल्छौ तिमी,
मेरो हार्दिक सत्यता र रचना एकपल्ट सुन्यौ तिमी !

(५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि एम. वी. वी. शाह र फेरि उसैको लागि

–लव गाउँले

प्राकृतिक सुन्दर दृश्यलाई घोचेर
लालची आँखाको नानी छिचोली
मनुष्यको न्यानो मुटुको
भित्रसम्म पुग्न ?
या पठायो कसले तिमीलाई
गीतमा संगीत भर्न,
कल्पनामा कविता कोर्न
अनि छातीमा टाँस्सिन, टाँस्सिइरहन ?

(फेरि उसैको लागि–१)

रारा ! जस्को प्राकृतिक सौन्दर्यको वर्णन कवि शाहको कलमले राम्रोसंग गर्न सक्यो । हो, निश्चय पनि राराले चाहे कवि, चाहे गायक वा चाहे साधारण मान्छे नै किन नहोस्–उनीहरूका मुटुभित्र एउटा नमेटिने प्राकृतिक सौन्दर्यको अमीट छाप छोड्न सक्छ ।

मान्छे सबै एकैनासका हुंदैनन् । जो मान्छे राराको एक दृष्यमा करूण बन्न सक्छ त्यो मान्छे क्रुर हुन पनि सक्छ । त्यसैले उनी भन्छन्ः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँखाको नानी फोरेर–मुटुको टुक्रा लुछेर,
रूवाई, ज्यूँदै मार्ने,–निर्दयी निष्ठुरलाई,
मिल्दो मौका पाए, छाती चिरेर देखाउन हुन्थ्यो ।

(फेरि उसैको लागि–३)

हुन्थ्यो ! बिचरा ! ती मानिस जो निष्ठुर छन्–लाई आफ्नो छाती चिरेर देखाउनै नपाई उनी विते । तर उनले जे जति छोडे त्यो उनको शिगो छातीको उदाङ्गो रूप हो । तर कवि कैलेकाहिं मन् बिरक्तिएको क्षण विह्वल भएर यसो भन्न पुग्छन्ः–

उडेर चरी आउँछ–जोडी सन्देश ल्याउँदैन,
सम्झी सम्झी उराठ लाग्छ–सम्चार पाउँदिन
केही सीप नलागेपछिः–
छैन मेरो कोही पनि–कठैबरि भनि–
भनिदिने तिमी थियौ–छैनौ तिमी पनि

(फेरि उसैको लागि–४)

भन्दै उनी निराश हुन पुग्छन् ।
कवि देशभक्त छन् । त्यसैले उनको मस्तिष्कमा देशको निम्ति क्यै गरेर छोडौं भन्ने भावनाको विस्फोटन हुन थाल्छ ।

लाशमा ताशँ परोस् बा–खाँडीले के फरक भो
बनपछ, पिछडिएका छौं भने–मेहनत गर्न, के गाह्रो भो

(फेरि उसैको लागि–५)

यसरी कबिले कहिं प्रकृतिलाई अंगालेका छन् । कहिं प्रेम पीडाले शोकाकुल भएर मन्भित्रको रापलाई ओकलेका छन् । र कहिं देशको निम्ति ठूलो सानोको भेदभाव नराखी एउटै बाटोमा लाग्न भनेका छन् । कबिले आफ्नो देशलाई एउटा अनौठो प्राकृतिक सौन्दर्यले शिंगारिएकी एउटी युवती माने र आफ्नो प्रेमीका बनाएर प्रेम गर्न थाले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पानीघट्ट पहरामा सुसाएको ध्वनि ।
फेरि भेट हुन्छ हुन्न के हो के हो कुन्नि ।।

(फेरि उसैको लागि–६)

देशको सुन्दरतामा लालयित भएर उनी अगाडि भन्छन् ।
कसले छान्यो तिमीलाई प्रिया ! स्वर्गवाट मृत्यू–लोकमा
कसरी झोल्यौं इन्द्र–धनुषको खुडकिलोले मृत्यू–लोकमा

(फेरि उसैको लागि–७)

सुन्दर देशको दृश्य दृश्यमा मुग्ध भएर लठिने कविलाई देशको असाध्य माया छ । देश छोडी विदेश वा घर छोडी परदेश जान खोज्ने स्वदेशीलाई उनी यसरी संझाउन पुग्छन् ।

नजाऊ छोडी यो देश आमालाई रुवाएर ।
नबिसं जन्मेको ठाउँ, आफूलाई छकाएर

(फेरि उसैको लागि–२०)

र त उनी निर्भिक भएर भन्छन् ।
खुकुरी मुठी कसेर–जाइ त्यसै लाग्दैनौं
आइ लागे ढालेरै–बिकाश वत्ती बालौंला

(फेरि उसैको लागि–२३)

हो, मान्छेको मन् सँधै एकनास हुँदैन । कहिलेकाहिं कविलाई आफ्नै व्यक्तिगत अतीतको संझनाले सताउन थाल्छ । अतीत जो एउटा संस्मा बनेर समयसंगै घट्किदियो । त्यस्लाई संझनु बाहेक उनी क्यै गर्न सक्तैनन् । सही नसक्नु भएर उर्लेर आएका बेदनालाई शान्त पार्न उनी आफू आफैंलाई शान्तवना दिन्छन् ।

मिलन हाम्रो एकदिन होला–जुनेली घाममा
जीवनभरी साटेर मुटु–बसौंला छायांमा–

(फेरि उसैको लागि–२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो मात्र हैन अरूको पनि दुःखमा सहानुभूति दर्शाउने कवि, परदेश पसेका आफ्नो भन्नेको प्रतीक्षामा वसिरहंदा नारी हृदयमा कस्तो पीडा अनुभव हुनपुग्छ–एउटी नारीले परदेश जाने लाहुरे दाइलाई आफ्नो भन्नेको निम्ति पठाउने सम्चारको यसरी यथार्थ चित्रण गर्छन् ।

भयो रे मव, नलेख चिठी भनेर भनिदेऊ
के भन्थिन् अरू ? भनेर सोधे रोइरहन्छिन् ! भनिदेऊ

(फेरि उसैको लागि–२६)

देश भक्त कविलाई देशको साह्रै चिन्ता छ । हरबखत उनलाई देशको संझनाले घचघच्याउँछ । फलतः आजको काम आजै सिध्याउन नेपालीलाई यस्तो सन्देश दिन्छन् ।

अहिलेलाई भरे भन्ने–भरेको भोलि भनिदिने,
भयो बेला नेपालीले–संझेर बिर्सिदिने ।।

(फेरि उसैको लागि–३४)

सानासाना श्रम र सीपको उपयोगिता ठूलो छ । आखिर थोपा थोपा मिलेर नै समुद्र वन्दछ । सानातिना जनशक्तिलाई त्यसै खेर फ्यांक्नु हुन्न । देशको निम्ति त्यस्को अत्यन्त चाहना छ । आवश्यक्ता छ । बांट गर्नु पर्छ के हुंदैन! कविमा पूर्ण आत्मविश्वास छ । त्यसैले उनी कमीला र माहुरीको उपमा दिएर छरिएका जनशक्तिलाई एकत्रित पार्न यसरी आह्वान गर्दछन् ।

कमिलाले वोकेरै–माटोको डांडो पार्दछ
माहुरीले मिलेरै–महको थोपा झार्दछ

(फेरि उसैको लागि–४७)

भाषीय बिभिन्नता र जातीय विभिन्नता भएपनि हामी नेपाली एक हौं । जवसम्म चन्द्रसूर्य रहन्छ तवसम्म नेपालीमा भाषा जाति व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतिको फरकले केही लछार्न सक्तैन । चन्द्रसूर्य ध्वजा मुनि रहुन्जेल हामी नेपाली एक हौं । एक छौं ।

भाषा–भाषी अनेक हामी,
जात–भात जे भन्छ छँदैछ
छौं, तर–नेपाली सब–
चन्द्र सूर्य ध्वजाकै मुनितिर ।

प्रकृतिप्रेमी, देशभक्त कवि एम० वी० वीं० शाहको 'उसैको लागि' पछिको यो 'फेरि उसैको लागि' छरिएका साहित्यिक संपत्ति संकलित दोश्रो ढुकुटी हो । जस्को उचित सदुपयोग हामीहरूले गर्न पाएका छौं । यस्मा हामीलाई गर्व लागेको छ ।

(अस्तु)

★

सच्चा देशभक्ति अहंभावको परित्याग र देश कल्याणको भावनाले प्रेरित भएको गरेको कर्तव्यपालनबाट हुन्छ ।

—स्व० श्री ५ महेन्द्र

आफ्नो देशको शान्ति तथा समृद्धिको निमित्त हरेक व्यक्तिले काँधमा काँध मिलाउनु पर्छ ।

—स्व० श्री ५ महेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संगीतानुरागी स्व० श्री ५ महेन्द्र

–रामशरण दर्नाल

संगीत प्रेमी तथा संगीत मर्मज्ञ राजा स्वर्गीय श्री ५ महेन्द्रका विषयमा केही लेख्ने विचार गर्दा एउटा कुराले वडो अपठ्यारो पर्छ। त्यो के भने–वहाँको संगीत सन्दर्भ यतिका छन् कि तिनलाई कहाँ देखि शुरु गर्ने ? अरू कुरा पर राखुं केवल संस्मरण मात्रै लेख्दा पनि एउटा सिङ्गै ग्रन्थ बन्न सक्ने स्मृतिहरू ताजै छन्। जतिसुकै संक्षेपमा ती कुराहरू व्यक्त गर्न खोज्दा पनि अन्तमा त्यो लामै सिद्ध हुन्छ। महेन्द्र यूगमा नेपाली संगीत जुन किसिमले मुसुराउन थालेको थियो। त्यस विषयमा लेख्न वस्दा एउटा सानोतिनो संगीत इतिहास नै तयार हुन सक्छ। अहिले त्यतापटि नलागि संक्षेपमा यहाँ संगीत सन्दर्भमा केही लेख्ने जमर्को हुँदैछ।

वहुमुखी प्रतिभाका धनी स्व० श्री ५ महेन्द्र कविताका क्षेत्रमा कवि भएर चिनिन हुनुहोइबक्सिन्थ्यो भने संगीत जगत् उहांलाई एक संगीतज्ञ र कलाकारको रुपमा ज्यादै नजिकबाट चिन्दथ्यो। संगीतकलामा पूर्ण ज्ञान राखिबक्सने कला पारखी राजा पाउनु यस क्षेत्रका लागि सौभाग्यको कुरा थियो। एउटा कवि वाणीको मात्र हैन, अपितु स्वर (छन्द) को पनि धनी हुन्छ। उसका वाणीबाट निस्कने कवितात्मक ध्वनिको धेरै वा थोरै अवश्य पनि संगीत भएको हुन्छ नै। यसैले कवि र कलाकार एक अर्काका पर्याय हुन्। एकले आफ्नो वाणीबाट प्रतिभा झल्काएको हुन्छ भने अर्कोले स्वरबाट। तर, श्री ५ महेन्द्रमा यी दुवै प्रतिभा र गुण विद्यमान देख्ता आश्चर्य लाग्नु स्वभाविकै हो। वहाँको कवि व्यक्तित्व माथि धेरै विद्वानले कलम चलाई सक्नु भएकोछ। यहाँ म वहाँको संगीत व्यक्तित्व माथि प्रकाश पार्न खोज्दैछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मौसूफ सरकार युवराजाधिराज होइवक्संदा देखिनै अनेकौं व्यस्तता हुंदाहुदै पनि रातको निद्रा माया मारेर राजदरवारमा सरदार भूपालसिंह प्रधानसँग संगींत शास्त्रमा सामान्य ज्ञान हासिल गरिवक्सेको थियो। शास्त्रीय गायन, सितार र तवला वादन पनि त्यसैवेला सिकी वक्सेको थियो। ★ त्यसवेलादेखि मौसूफमा संगीतकला प्रति निक्कै अभिरूचि वढ्दै गएको पाइन्छ।

श्री ५ महेन्द्रवाट राज्यारोहण भएको दुईवर्ष मैं शुभ–राज्याभिषेक सुसम्पन्न भएको थियो। आधुनिक नेपाल वा वर्तमान नेपालको सांगीतिक विकासको श्री गणेश वि. सं. २०१३ सालमा सुसम्पन्न श्री ५ महेन्द्रको शुभ–राज्याभिषेकवाटै भएको मान्न सकिन्छ। कारण त्यसै वेलादेखि नेपाली संगीतका विविध विधा लोकसंगीत, परम्परागत संगीत, शास्त्रीय संगीत र आधुनिक संगीतले सार्वजनिक रुपमा रंगमंचमा प्रदर्शन गर्ने अवसर पाएका थिए। शुभ–राज्याभिषेकको एकवर्षपछि नै. वि. सं. २०१४, असार ९ गते नेपाली साहित्य, संगीत, संस्कृति र ज्ञानको क्रमिक विकासको लागि मौसूफकै चान्सल-रशीपमा आ–आफ्ना क्षेत्रका प्रकाण्ड विद्वानहरूलाई सदस्यता प्रदान गरीवक्सि नेपाल अधिराज्यको एकमात्र उच्च संस्था नेपाल एकेडेमी गठन गरी वक्सियो। यसबाट श्री ५ महेन्द्रको कला र संस्कृति प्रतिको अगाध श्रद्धा र प्रेम स्पष्ट वोध हुन्छ।

नेपाल एकेडेमीको गठन नेपाली संगीतको इतिहासमा एउटा अत्यन्त महत्वपूर्ण घटना थियो। यसले नेपाल अधिराज्यको सांगीतिक विकासमा क्रमशः योगदान दिंदै गयो। केही वर्षसम्म त यसको विशेष योजना थिएन। श्री ५ महेन्द्र कै माया र ममतामा यो क्रमशः हुर्कदैं गयो। प्रज्ञा–भवन नवन्दै त्रि–वर्षीय योजना प्रारम्भ भयो। यो योजना अन्तर्गत गायन, वादन, नृत्य, नाटक र चित्रकलामा योग्य विशेषज्ञहरूद्वारा तालीम गराई कलाकारहरू तयार पारियो। यस अवधिभित्र जे जति उत्साहप्रद कार्यहरू यस क्षेत्रमा सुसम्पन्न भए ती अविस्मरणीय थिए। आफ्नो चान्सलर (कुलपति) सरकारवाट नेपाल एकेडेमीले त्यति वेलाको सबै अभाव पूरा गऱ्यो। अर्केष्ट्राका लागि लाखौं रूपैयाँका बाजा, वेशभूषा र अन्य साधनहरू त्यतिवेलै पूरा भए। नेपाल

★ मेरा आँखाका सामुन्ने श्री ५ महेन्द्र – सरदार श्री भूपालसिंह प्रधान, महेन्द्र स्मृति ग्रन्थ, पृष्ठ ३०–३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधिराज्यकै लागि सबभन्दा ठूलो अभाव खट्केको एउटा विशाल रंगमंच (नाट्यशाला) देशले प्रज्ञा–भवनको रुपमा पायो। प्रज्ञा–भवन र ती सब साधनको खर्च मौसूफ सरकारको निजी कोषवाट खर्च गरिएको थियो। स्वर्गीय श्री ५ महेन्द्रका अनेकौं अमर कृतिहरू मध्ये प्रज्ञा–भवन पनि एउटा रहेको छ। सांस्कृतिक क्षेत्रमा त्रिवर्षीय योजना अन्तर्गत तालीम पाएका ती कलाकारहरूले नै आज देशका सम्पूर्ण सांस्कृतिक क्षेत्रहरू थामी रहेका छन्। सांस्कृतिक क्षेत्रको लागि मौसूफ सरकारको यो अर्को अनुपम उपहार थियो। कलाकारहरूले पनि यस्तो अनुपम उपहारलाई आफ्नो कलासाधना र परिश्रम स्तरीय कार्यक्रमहरू प्रदर्शन गरी जोगाई राख्ने प्रयास गर्नुपर्छ।

त्रि–वर्षीय योजनावधिमा अनेकौं सांस्कृतिक कार्यक्रमहरू जनतामा निशुल्क: प्रदर्शन गरिए। गीति–नाटिका, कुमारी र प्रह्लाद जस्ता नाटक यसै अवधिमा प्रदर्शित भए। प्राज्ञहरू विशिष्ट श्रेणीका एकेडेमी पदकले विभूषित हुनुभयो। मित्रराष्ट्रका राष्ट्राध्यक्षहरूको लागि पनि विशेश कार्यक्रमहरू सुसम्पन्न भए।

२०१९ सालमा श्री ५ महेन्द्र (चान्सलर, नेपाली एकेडेमी) बाट नेपाल एकेडेमीलाई रायल नेपाल एकेडेमी नामकरण गर्नमा स्वीकृति बक्सियो। यसलाई अझ नेपालीकरण गर्ने क्रममा २०२४ सालमा सरकारवाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान नामकरण गर्नमा स्वीकृति प्रदान गरि बक्सियो।

श्री ५ महेन्द्र सरकारबाट पूर्ण स्वास्थ्य लाभ गरी बक्सेपछि ने. रा. प्र. प्र. ले २०२६ सालदेखि पुन: पंच–वर्षीय योजना अन्तर्गत कलाकारहरूलाई एकत्र पार्न थाल्यो। यसै वर्षको फागुन महीनामा यस योजनाका कलाकारले अन्तर-राष्ट्रिय पाहुनाहरूलाई तत्कालीन श्री ५ युवराजाधिराज (हाल श्री ५ महाराजाधिराज) सरकारको शुभ–विवाहका अवसरमा 'शुभ–विवाह' नामक एक सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्‍यो। यो कार्यक्रममा संस्कृति विभाग पनि सम्मिलित थियो। यसपछि ने. रा. प्र. प्र. ले अनेकौं महत्वपूर्ण सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गर्दै थियो। ती मध्ये २०२७ साल असार ९ गते प्रज्ञा–भवनको समुद्घाटनको अवसरमा प्रस्तुत नृत्य–नाटिका (ब्याले) 'श्वेतकालीकी छोरी' पनि एउटा सफल प्रदर्शन मध्ये मानिन्थ्यो। यसरी ने. रा. प्र. प्र. ले देशको अर्को एउटा महत्वपूर्ण घडी शुभ–राज्याभिषेक २०३१, को अवसरमा पनि 'पृथ्वीनारायण शाह' नामक ऐतिहासिक नाटक प्रस्तुत गरेको थियो। २०३२ सालमा वजेटको कमीले गर्दा योजनाका धेरै कलाकारहरू छाँटी एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाटक टोलीलाई मात्र ठिक्क हुने किसिमले ३२ जनाको एक कलाकार टोली राखियो। यो कलाकार टोलीबाट नाटक प्रदर्शन त सफल भयो। तर, गीत, नाच र वादनमा कलाकारहरूको कमीले गर्दा त्यति प्रगति हुन सकेन। गायन विषयमा शास्त्रीय लोक र आधुनिक कलाकारको त कुरै छोडौ, समूहगीत (कोरस) को लागि पनि कलाकार नपुग्ने भए। नाचको लागि पनि कलाकार कमै अनुभव गरिए। वाद्यवृन्द चाहिं अघमरो स्थितिमा भयो। जुनसुकै काम गर्दा पनि वाहिरका वादक कलाकारहरू जम्मा नगराई वाद्यवादन नहुने भयो। शास्त्रीय, लोक र आधुनिक वाद्यवादनका अलग–अलग विषय त परै जाओस् कुनै पनि कार्यक्रमको लागि वादक कलाकारहरू ज्यादै कम देखिन लागे। अज्ञानतावश एउटा हार्मोनियमको ट्याँई ट्याँईमा पनि काम चल्न भनी वाद्य-वादनको बेइज्जती गर्नेहरूको लागि यसको कुनै महत्व नभएता पनि वाद्यवृन्दको गरीमा र महत्व बुझ्नेहरूका लागि केवल एउटै भ्वाईलिन (वेला) को कमीले पनि धेरै खल्लो अनुभव हुन सक्छ। यिनै सब कुराको परिपूर्तिका लागि ने. रा. प्र. प्र. ले केही वर्षदेखि नेपाली किशोर, किशोरीहरूलाई छात्रवृति प्रदान गरी प्रतिष्ठानका निर्देशकहरूवाट तालीम दिंदै आएको छ। भविष्यमा यसवाट पनि कलाकारहरूको अभाव केही मात्रामा भए परिपूर्ति हुनेछ भन्ने विश्वास लिइएकोछ।

यसैगरी अधिराज्यभरका लोकगीत संकलन गरी तिनको संरक्षण र विकास गर्ने क्रममा प्रज्ञा–प्रतिष्ठानले जुन कार्यको थालनी गरेको छ, त्यसले भविष्यमा नेपाली संगीतका अन्वेषकहरूलाई हाम्रो संगीतको आत्मा बुझ्ने र नेपाली संगीतको स्वरुप निर्धारण गर्नको लागि पनि ठूलो सघाउ पुग्ने विश्वास लिन सकिन्छ।

२०१५ साल तिरको कुरा हो– उ. गोविन्दलाल नेपालीसंग म रेडियो नेपालमा श्री म० वी० वि० शाहका गीतका म्यूजिकमा बीच बीचमा बुट्टाभर्ने (फिलअप् गर्न) मेण्डोलिनमा अभ्यास गर्दै थिएं। उस्ताद मान्छे बोलाउन आएको छ भनि अभ्यास बन्द गरीं बाहिर जानु भयो। फर्कन्दा उहाँ खुशी हुँदै पस्नु भयो, लौ रामशरणजी सरकारवाट हुकूम भएछ– भोलिदेखि नै गीतका रेकर्ड भर्न राजदरवार जानु पर्ने भयो। त्यतिबेला कुरा प्रष्ट भएको थिएन। उहाँको खुशीमा हामी त्यसै रल्लियौं। पछि थाहा भयो श्री म० वी० वि० शाहद्वारा रचित गीतहरु स्वरबद्ध गरी डिस्क रेकर्ड बनाउने रे, त्यसैको लागि गायक, गायिका र वादक कलाकारहरूलाई रेकर्ड भर्न राजदरबारको ३ नं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बंगलामा जानु पर्नें भयो । सर्वप्रथम 'हे वीर हिंड अघि सरी' को रेकर्ड सामूहिक स्वरमा सुसम्पन्न भयो । त्यसपछि अरू अरू गीतको पालो आयो । कुनै कुनै गीत भर्दा छर्लङ्ग रात काटिन्थ्यो । तैपनि रेकर्ड भने जस्तो हुँदैन्थ्यो । एक पटक त गाउँदा गाउँदै कोयली दिदीको स्वर ख्याप्पै सुक्यो । उहाँले बोलेको पनि नसुनिने भयो । केहीं हप्तापछि मात्र उहाँले गाउन सक्नु भयो । एवं प्रकारले ६ महीनासम्म निरन्तर प्राभ्यास गर्दै रेकर्ड भरियो । कलाकारहरूलाई समय समयमा खाजा, खाना र सवारीको राम्रो व्यवस्था थियो । उनीहरूलाई कुनै कुराको कमी थिएन । सर्वप्रथम राजदरवारमै सरकारको नजीकेवाट दर्शन पाउने सौभाग्य पाएको थिएँ । रेकर्ड भरिएका श्री म० वी० वि० शाहका गीतहरूमा मलाई सबभन्दा ठूलो प्रभाव 'गर्छिन् पुकार आमा' ले पार्‍यो । यस गीतवाट के थाहा हुन्छ भने तत्कालीन नेपाली समाजको अध्ययन मौसूफवाट निक्कै गहिरिएर गरि वक्सेको रहेछ । यही भावनाको प्रतीक स्वरुप मुलूकलाई नयाँ मुलूकी ऐन प्रदान गरि वक्सेको हो कि जस्तो लाग्छ ।

यो रेकर्डिङ्ग सकिनासाथ एकदिन संगीत शिरोमणि पं. यज्ञराज शर्माजीले तपाईलाई वोलाउनु भएको छ भनी श्री नरराज ढकालले खवर गर्नु भयो । नेपाल एकेडेमीमा एउटा नोटेशनकार (स्वरलिपिकार) को पद छ, त्यसमा काम गर्नु हुन्छ कि भन्ने शिरोमणिज्यूको प्रस्ताव थियो । उहाँको वचन हार्न नसकि तत्कालै स्वीकृति दिई हाले । २०१४ सालमा नेपाल एकेडेमीको गठन भएपनि यसको जन्म–जयन्ती मनाईएको रहनेछ । यसले २०१६ सालमा राजदरवार भित्रै विभिन्न विधाका तीनदिने भव्य कार्यक्रम मनाउने निर्णय भएको रहेछ । त्यसैको तयारीमा कस्सिनु पर्‍यो । असार ९ गतेदेखि ११ गतेसम्म सुसम्पन्न यो भव्य कार्यक्रमको आफ्नो विशेपता र महत्व थियो । स्वयं श्री ५ महेन्द्र सरकार र राजपरिवारका आदरणीय सदस्य सरकारहरू तथा प्रधानमन्त्री लगायत देशका सारा गण्यमान्य महानुभाव यस कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो । कवि सम्मेलन, लोकगीत सम्मेलन, शास्त्रीय संगीत सम्मेलन, संस्कृत नाटक र सांस्कृति कार्यक्रममा 'नवरस' (नौ वटा नाच सहित) प्रदर्शन गरिएको थियो । नेपालका प्रसिद्ध कवि, कलाकारहरूले त्यसमा भाग लिएका थिए । यहीं विशेष समारोहमा नेपालका प्रसिद्ध वैज्ञानिक र संगीतज्ञले सर्वप्रथम 'त्रिभुवन पुरस्कार' र 'इन्द्रराज्यलक्ष्मी' पुरस्कार प्राप्त गरेका थिए । ती थिएं– श्री नरवहादुर भारती र श्री गणेशलाल श्रेष्ठ । प्रज्ञा–प्रतिष्ठानको यो प्रथम जन्म–जयन्ती समारोह थियो । कार्यक्रमको अन्तमा सबै कलाकारहरूसाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चान्सलर सरकारले वडो उल्लासमय वातावरणमा तस्वीर खिचाइ बक्सियो। त्यस क्षण कलाकारहरू बडो भाग्यमनी र प्रफुल्ल देखिन्थे। सबै कलाकारहरूलाई सरकारका वाहुलीवाट फूलका गुच्छा प्रदान गरिवक्सेको थियो।

मौसूस सरकारको शासनकालमा नेपाली संगीत (राष्ट्रिय, लोक, शास्त्रीय र आधुनिक) सबै विधामा जुर्मुगउन थालेको थियो। राजावाट बेला वेलामा प्रदान गरिवक्सने प्रेरणा र प्रोत्साहनले उनीहरू कृतकृत्य थिए। यसै कारण पनि कुनै पनि कलाकारले अन्याय र अत्याचारको चेपमा पर्नु पर्दैन थियो। किन कि यसो गरेमा कुनै न कुनै दिन सोझै राजा कहाँ कुरा पुग्छ भन्ने कुरा हाकिमलाई थाहा थियो। श्री ५ महेन्द्र सरकारबाट कलाकारमा परेको पीर मर्काको निराकरण मात्र हैन, उसको समस्या नै समाधान हुन्थ्यो। साधन नपाउनेले साधन पाउथ्यो, घर नपाउनेलाई घर समेत निगाह हुन्थ्यो भन्ने उदाहरणहरू अझै पनि देखन पाइन्छन्। स्वदेशमा इन्द्रराज्यलक्ष्मी पुरस्कारको व्यवस्थाले विभिन्न विधाका कलाकारहरू अझै पनि पुरस्कृत हुँदैछन् भन्ने विदेशबाट नेपाल भ्रमण आउने विशिष्ट कलाकारहरू समेत मौसूफ सरकारबाट, सम्मानित भएका छन्। मौंसूफ सरकार वेला वेलामा राजदरवार मैं कलाकारहरूलाई वोलाई वक्सी संगीत श्रवण गरिवक्सिन्थ्यो। संगीतका समस्याहरू प्रति छलफल गरिबक्सिन्थ्यो। सरकारबाटै शास्त्रीय संगीतका वोलमा नेपाली शव्दहरू राख्नै पर्ने निर्देशन बक्सेको थियो। यसरी आपनो नेपाली कला, संस्कृति र संगीत प्रति अटूट प्रेम राखी वक्सिने स्वर्गीय श्री ५ महेन्द्र सरकार सांच्चिनै यस क्षेत्रका प्रत्येक कलासाधकहरूका लागि प्रेरणाका प्रतिमूर्ति होइवक्सिन्थ्यो। नेपालीं संगीतको सर्वाङ्गींण विकासमा मौसूफ सरकार कति चिन्तित होइवक्सिन्थ्यो भन्ने कुरा उहाँका महावाणीबाट स्पष्ट झल्किन्छ– "आफ्नो संस्कृति र राष्ट्रियतामा आधारित नृत्य, संगीत, र अरू कलात्मक प्रदर्शनहरूलाई हामीले प्रोत्साहन दिनु परेको छ।

विश्वभ्रमण गरिवक्सेको सरकारमा आपनो कला र संस्कृतिलाई कसरी संरक्षण गर्दै विकास गर्ने। कसरी हाम्रा परम्परागत संस्कृतिलाई अगाडि बढाउँदै लाने ? विश्व संस्कृतिमा वा विश्व रंगमंचमा नेपाली संस्कृतिलाई कसरी उठाउने भन्ने कुरामा सरकारवाट सम्वन्धित संस्थाहरूलाई बराबर निर्देशन वक्सन्थ्यो। धेरै कलाकारहरूले मौसूफ सरकारको प्रेरणामा बिदेशमा गई संगीत शिक्षा हासिल गर्ने मौका पाए। सांस्कृतिक प्रतिनिधि मण्डलहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदेशमा गई नेपाली संस्कृतिको परिचय दिन थाले। विदेशका सांस्कृतिक प्रतिनिधि मण्डलहरू पनि नेपाल आई आफ्नो देशको सांस्कृतिक प्रदर्शन गर्न थाले। यसरी श्री ५ महेन्द्रको शासनकालमा वेशमा संगीत कलाको खूब चहल-पहल देखिन्थ्यो। राष्ट्रिय पर्वहरूमा अधिराज्यका चौधै अञ्चलका कलाकारहरू आफ्ना प्यारा राजा लाई आ-आफ्नो अञ्चलका सांस्कृतिक विधि प्रदर्शन गर्न बडो उत्साहित देखिन्थे। सरकारवाट सबै अञ्चलका कलाकारहरूले प्रदर्शन गरेका कलाकृतिलाई अभिरूचिपूर्वक नजर हुन्थ्यो। जनता पनि आफ्नो देशका अरू भागका संस्कृतिसंग परिचित हुन पाउंथे। संस्कृति विभाग, सांस्कृतिक संस्थान मा परिणत भएदेखि वाहिरका ती कलाकारहरूलाई वर्षको एक पटक पनि बोलाइने गरिएको छैन। यसरी ती कलाकारहरू निरूत्साहित भै आफ्नो सांस्कृतिक गतिविधि बिर्सदै जानु स्वाभाविक नै भयो। यतिका वर्षसम्म पनि यतातिर कसैको ध्यान जाँने फुर्सद नहुनु एउटा विडम्वना कै कुरा हुन आएको छ। देशका कलाकार र सांस्कृतिक क्षेत्रहरू प्रोत्साहित हुंदै जानुको सट्टा निरन्तर निरूत्साहित हुंदै जानु बडो चिन्ताको विषय भएको थियो। के हामी यति साह्रै गरीव र निर्धन भै सक्यौं र वर्षको एक पटक आउने राष्ट्रिय पर्वमा पनि आफ्ना अञ्चलका कलाकारहरूलाई राजधानी बोलाई सरकार र जनता बीच आ-आफ्ना क्षेत्रका सांस्कृतिक कला प्रदर्शन गर्न नसकुन्? निरर्थक कुरामा अनावश्यक रकम खर्च गरिनु चाँहि सांस्कृतिक गतिविधि बढ्ने र यसको उद्देश्य पूर्ति हुने कुरामा सम्वन्धितहरूको समेत विचार नपुगेको देख्ता यस क्षेत्रलाई आश्चर्य लाग्नु स्वभाविकै हो।

देशको कला, साहित्य, संस्कृति, भाषा, ज्ञान र विज्ञानको क्षेत्रमा कार्यरत नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान स्व० श्री ५ महेन्द्र सरकारको नेपाली संस्कृतिका क्षेत्रमा पनि केही ठोस उपलब्धि होस् भन्ने इच्छा पूरा गर्न प्रयत्नरत छ। अन्तमा - संगीत कलाका मर्मज्ञ, कलाकार राजा स्वर्गीय श्री ५ महेन्द्र प्रति श्रद्धाको संगीतांजलि बाहेक अरू के अर्पण गर्न सकिन्छ र।

-अस्तु-

-★-

कला, संस्कृति र साहित्यको विकासमा राष्ट्रको उन्नति चित्र छर्लङ्ग दर्सिएको हुन्छ। अतः यस क्षेत्रको विकास विना कुनै पनि विकासलाई सम्पूर्ण मान्न सकिन्न।

—स्व० श्री ५ महेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि श्री म. वी. वि. शाहका कवितामा काव्य र जन-पक्ष

–राममान प्रधान

नेपाली साहित्य जगतमा कवि म. वी. वि. शाहद्वारा रचना गरेको "उसैको लागि" नामक पुस्तक साहित्यिक वर्गको लागि चर्चित विषय हुन पुगेको छ। यो पुस्तक साहित्य र संगीतको दृष्टिले अति लोकप्रिय भएको छ।

यो पुस्तक विश्वका विभिन्न राष्ट्रमा विभिन्न भाषाहरूमा अनुवाद पनि भएकोछ। यो पुस्तकको विषयमा विभिन्न विद्वानद्वारा आलोचना र प्रत्यालोचना र विवेचनाहरू भएदाट पुस्तकको झन् वढी उपयोगिता सिद्ध हुन गएको छ।

कवि म. वी वि. शाहको यो पुस्तक सामान्य नभै विशेष विषयको पुस्तक हुन पुगेकोछ। यसमा हिजोको आजको भोलिको नेपाल र नेपालीको अनुहार हेर्न दर्पणको काम दिएको पाउँछौं।

"उसैको लागि" विभिन्न विचारधाराको नजरद्वारा हेर्न सकिन्छ। यसमा खासगरी जन–पक्षलाई लिएर संक्षिप्त रूपमा प्रकाश पार्ने कोशिस मात्र गरिएको छ। यो पुस्तकमा खास गरीकन जन समाजभित्रमा वोलिने भाषाको प्रयोग गरीएवाट ज्यादै नै जनप्रिय हुन पुगेकोछ। यसमा प्रचलित लोकलयमा लयवद्ध गरी नाच गानमा सजिलैसंग भिज्न पुगेको छ।

कवि म. वी. वि शाहको कवितावाट नेपाल अधिराज्यका कुना कुनामा पुगी नेपाली जन जीवन र जन रूचीको झलक कविता-मा पोखिएवाट उनको रचना लोक संस्कृति अनुरूप लयदार हुन पुगेकोछ।

यो कवितामा प्राकृतिक सौन्दर्यलाई लिइ नेपाली जन जीवन को जुन चित्रण भएको छ। त्यसवाट प्रकृति र जनताको सम्वन्ध वारे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा मूर्त रूप दिएको पाइन्छ । कविले "हरियो पहाड" र "गोठाली नारी" भन्ने कवितालाई कवि म. वी. वि. शाहको प्रकृति प्रेमीको परिचय दिनु हुन्छ ।

(क) "हरियो पहाड"

तितरी पंखी वादलुमाथि सुनौला साँझमा ।
बगेको खोला कलकल गरी जुनिलो रातमा ।।
यता र उती हरियो डाँडा निर्मल झरना ।
रूपौला रङ्ग टाकुरा उच्चा क्या राम्रो हिमालमा ।।
गोरेटो रातो माटोको राम्रो उकालो चुलीमा ।
वराली त्यस्तै बाटोको ढुङ्गा झुल्केको घाममा ।।
कहीं छ रातो कहीं छ सेतो पोतेको घरैमा ।
गाई र भैंसी बाँधेको बारी हरियो पहाडमा ।।
थाप्लोमा नाम्लो पीठमा डोको बोकेको मर्दाना ।
आँखामा गाजल कोरेकी मात्र पवित्र जनाना ।।
हिमाली हावा संगलो पानी मलिलो माटोमा ।
हुर्केकी नानी हुर्केको ठिटो निरोगी माटोमा ।।
नजाल–झेल न रीस–इर्षा जानेको पहाडमा ।
उडेकी चरी सरी छ सारा रमेको पहाडमा ।।

(ख) गोठाली नारी

वर्षादको साँझमा सुनौला घाममा
गाई हेर्न गोठाली हरियो जङ्गलमा
मन्दिरका घण्टा बजे शंख ध्वनी छर्दै
गाईहरू जम्मा भए अलि अलि गर्दै
पहाडिको डाँडा मुनि जसै सूर्य डुवे
लालीपना वादलको हिमालमा पुगे
हाँसी हाँसी हिड्न थाली लौरोलिइ हातमा
प्रकृतिको सुन्दरी हरियो जङ्गलमा
कैले पानी कैले घाँम बिजुली जुनीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्रकी पुतली हरियो जङ्गलमा

हरियो पहाड नामक कवितामा हरियो पहाडको प्राकृतिक सम्बन्धी सौन्दर्य, पहाडी स्थलमा जीवन यापन गरेर बसोवास गरीवस्ने नेपाली जनजीवनको चित्रण र पहाडी जनताको भावना स्पष्ट रुपमा देखाएका छन् । हरियो डाँडामा जाने बाटो गोरेटो र त्यस ठाउँकी घर छाप्रोको पनि चित्रण गरेको पाइन्छ । पहाडको हरियो डाँडामा बस्ने नर नारीहरूको चित्र पनि कवितामा प्रष्ट रुपमा देखाएका छन् भने पहाडमा जान फोक रीस–इवी जानेको छैनन् भनि कविले पहाडको जन–जीवनको अध्ययन गरी वास्तविक चित्रण गरेको पाईन्छ । सधैं पसीना बगाई खेतमा काम गर्ने घरमा भएको मकै भटमासमानै आनन्द मानी बस्ने श्रमजिवी नेपाली छासी खुशी गाइने लोक गीतमा शुद्ध नेपाली पन झल्केको पाइन्छ । यसैमा रमाई आनन्दसँग जीवन यापन गरी बसेको हुन्छ भन्ने कुरा कविले व्यक्त गर्नु भएको छ ।

गोठाली नारी कवितामा नेपालीले गाउँ घरमा बोल्ने भाषामा पहाडको वन जङ्गलमा वर्षा याममा सन्ध्याकालमा सुनौला घाम लाग्दाको चित्रण गरेको पाइन्छ। गाईका सरल स्वभाव भएकी गोठालीको सजीव चित्रण गरेको छ। कविले मन्दिरको घण्टालाई समयको सूरकको रुपमा सरल रुपमा व्यक्त गरिएको छ ।

कविको कलमबाट गाउँकी गोठालीलाई प्रकृतिकी सुन्दरी भनी सम्वोधन गरिएको छ। यसरी रोज जङ्गलमा गाई चराउने गोठालीलाई प्रकृतिको प्रतीकको रुपमा चोखो माया पिरती लगाउन सक्ने कविको महान प्रकृति प्रेमीको प्रमाण पाइन्छ। अनि कविले कालो वादलको बीचमा लुका मारी खेलिएको भनी समय बितेको संकेत दिइ गाई घरको बाटो गोरेटोबाट गाई घर पुगी गाईहरू बांधिएको भनीं गाउँघरका श्रमजिवीहरूको दैनिक जीवन झन प्रष्ट रुपमा व्यक्त गरिएको छ। कविका प्रकृति सम्बन्धी र जनपक्ष सम्बन्धी अरू धेरै कविताहरू पनि छन् यस बिषयमा विद्वानहरूद्वारा समय समयमा विवेचना गर्नु हुनेछ। . . . .

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संझनामा सम्भेट्दा कवि म. वी. वि. शाह

–चिरञ्जीवी सिग्देल

पत्नी वियोगवाट उनको कवित्वले प्रेरणा पाए पनि कवि म. वी. वि. शाहमा सहज कवित्वको अंकुर पहिले देखिनै थियो। पत्नी वियोग र पुत्र वियोगबाट काव्यमा प्रेरणा पाउने कवि हाम्रा अगाडि अरू पनि छन र कवि शाहको पनि पत्नी वियोगको क्रन्दनबाटनै साहित्यिक स्रोत प्रवाहित भएको पाइन्छ। 'सुनेको राग मीठो हुन्छ र नसुनेको राग अझं मीठो हुन्छ' भनेझै आफूबाट सदाको लागि विदा लिएकी प्रेमीका (पत्नी)को बढी सम्झदा हुनु सहज र सरल हृदयी कवि शाहमा स्वभाविकै हो। उनी आफ्नी प्रेमीका प्रति असीमित प्रेम पुष्पाञ्जली अर्पण गर्न चाहान्छन् र पनि उनी मानसिक क्षति र तृष्णाले कुण्ठित देखिदैनन्। विह्वल अवश्य भए हुन र पनि सजगता र संयमता उनबाट कहिल्यै गुमेको पाइदैन। यसैले कवि शाह एक विश्वासी प्रेमी हुन। उनले आफ्नो पहिलो कविता संग्रह प्रेमीकाको सांकेतिक नाउँ "उसैको लागि" को नामले प्रकाशित गराएर पनि प्रेमीका प्रति उनले आफ्नो कर्तव्य पूरा भएको संझनन् र पुनः "फेरि उसैको लागि" को नामले अर्को कविता संग्रह प्रकाशित गराए। यसरी कवि शाहले आफ्नी स्वर्गवासी पत्नी प्रति ठूलो इमान्दारी देखाएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मीय जनको विछोड हुनु अवश्यनै अत्यन्त कष्टप्रद कुरा हो र पनि यो हुँदै नहुने कुरा चाहिँ होइन। यो शाश्वत रुपले सबैमा परी आएकै कुरा हो। यस विषयमा कवि अनभिज्ञ छैनन् र पनि उनी यसलाई आइपर्ने घटना मात्र भनेर चित्त बुझाउंदैनन्। बल्ल तल्ल केही दिन पर्खन सके शायद प्रेमीकाको पुनः प्रत्यागमनको आश राखे झैं अथवा यो पर्खाइको कुनै सीमा छ र छैन मै उनी भन्छन:–

भन लौ तिमी नढाटी
कसरी बुझाउँ यो दिल
हेरेर खाली तस्वीर
कति दिन बुझाउँ यो दिल

कवि, पत्नीको वियोगबाट आफू कति दुखित छन् भन्ने कुरा उनै मृत पत्नीलाई नै बताइरहेछन्। हुन पनि त्यति गहिरो आत्मीय चोट अरू बुझ्न नसक्ने जो कोहीलाई बताएर नै के फाईदा ?

कवि म. वी. वि. शाह एक इमान्दार प्रेमी मात्र नभएर उनै प्रकृतिका सफल चित्रकारी पनि हुन्। यसको प्रमाण उनका उपर्युक्त दुवै कृतिबाटनै पाउन सकिन्छ। समष्टिमा घिमिरे, देवकोटा आदि को साहित्यिक गरीमाको कसीमा उनी भलै कंसल ठहरिएलान् र पनि उनको निजी अतिलो ओजलाई कसै गरी विर्सन सकिदैन। उनी आफ्नो क्षेत्रमा स्वयं गरिमामय छन्। उनमा केही खड्कन पुग्ने शब्द भण्डारको कमी र भाषिक परिष्कारको आपूर्ति उनकै सुसजीत सरल र सरस शैलीले पूरा गरेको छ। कवि शाहको प्रकृति चित्रनै कुची पनि कम्ता कुशल छैन भन्ने कुरा तलकै पंक्तिले पनि नछर्लङ्याइ रहदैन:–

तितरी पंछी वादलुमाथि सुनौला साँझमा
वगेको खोला कलकल गरी जुनेली रातमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असभ्यनै नभए पनि यथार्थतामा तितरी पंछी यसरी बादल माथि साउती मार्न पुगेको देखिदैन र पनि सहज र सरलताको दृष्टिमा यसले मान्यता पाएकै छ। अन्यथा देवकोटा जस्ता महाकवि पनि ठाउँ ठाउंमा सीमा वाहिर नपुगी रहन सक्तैनन्।

सहज र सरलताको साथै कवि शाहको अर्को विशेषता लोक साहित्यलाई मान्यता हो। उनी आधुनिकताको नाउँमा कृत्रिमता थोपरेको मन पराउँदैनन्। कविले ब्रह्मले देखेको कुरा कलमले लेखिदिनुनै उनी श्रेय संझन्छन्। अझै आधुनिकताको नाममा साहित्य समेतमा पनि विदेशी प्रभावले स्थान ओगटेर अरूको वासी मगज हाम्रो नौलो खोज भएर आउला भन्ने कुरामा कवि शाह सशंकित छन्। यसैले उनी हाम्रो वेणुमा आफ्नै माटो पानीले सिर्जेको लोक ध्वनीनै भर्ने सल्लाहा दिन्छन्। विशेषतः नयाँ पिडीलाई।

कवि शाहमा एक प्रेमी र रोमाण्टिक कवि मात्र होइनन् उनमा विविध उत्तरदायित्व रहेको छ भन्ने कुरा सर्व विदितै छ। तदनुरुप उनमा उत्तरदायित्व वहन गर्न सक्ने क्षमता पनि प्रशस्तै पाइन्छ। वस्तुतः उनको साहित्यिक सिद्धान्त देश विकासमा नै निहित भएको छ। आफ्नो देश प्रति उनको अपार माया र श्रद्धा छ। यसो हुंदा हुंदै पनि उनका गीत एवं कविताहरूमा कुनै कोरा सिद्धान्त थोपरिएको मात्र पाइदैन र एक सफल साहित्यकारकै काब्य श्रोत प्रवाहित भएको पाइन्छ। यसो हुनु कविमा रहेको सफल कवित्वनै द्योतक हो। "म मरे पनि मेरो देश बाँची रहोस्।" उनको यो भनाई तमाम देशभक्त नेपालीको निमित्त मुटुकै एक स्पन्दन भएर रहेको छ।

यस धर्तीमा जन्मे हुर्केर आर्जन गरेको सीप यस धर्तीकै उपज हो। यसैले आफ्नो सीप देश सेवामा लगाउनुनै उसको नैसर्गिक कर्तव्य हो, अन्यथा– "विद्या निस्फल त्यस्को भो जो छैन देशको सेवक" जस्ले आफ्नो सीपको सदुपयोग गर्दैन त्यस्को ज्ञानको कुनै काम रहदैन। यो एकदमै सत्य हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउ वनाउँ साथ मिलेर
भोलीको यो हाम्रो नेपाल
× × ×
"हे वीर हिंड अघि सरी, नहटाई पाउ रति भरि
यो मातृभूमि नेपालको भई वीर पराक्रमी सन्तती"

आफ्नै जन्मभूमिको वीर सन्तती भएर सर्वदा देश विकासमा अग्रसर हुन तमाम नेपालीलाई कवि शाह आह्वान गर्छन ।

स्वर्गीय बाबुको उपदेशलाई छोराले शिरोपर गरेर जस्तै "नबिराउ नडराउ" भन्ने कवि राजाको उपदेश तमाम नेपालीलाई शिरोधार्य छ ।

राजनेताको नाताले पनि शायद कवि म. वी. वि. शाह यस भूमिको आन्तरिक वेदना पहिचान्न सक्षम छन् भने सफल कविको नाताले उनी यस जन्मभूमिको मुटु छापेर मर्म पहिल्याउनमा पनि सफल छन् । आमा (जन्मभूमि) को हुन ? हृदय कस्तो हुन्छ र सन्तान प्रति उनको हृदय कस्तो हुन्छ र सन्तान प्रति उनको के इच्छा रहेको हुन्छ भन्ने कुरा कवि शाहलाई थाहा छ । यसैले उनी नेपाल आमाको तर्फबाट जन्मभूमिको इच्छा यसरी प्रकट गरिदिन्छन्:–

"कोही धनी असाध्ये कोही गरीव माग्ने
सक्दिन देख्न भन्छिन् सन्तान थरी थरीका"

यसरी नेपाल आमाका एक इमान्दार सुपुत्र बरावर कवि म. वी. वि. शाह देखिन्छन् र देखिन्छन् उनी समानताका पक्षपाती पनि । जुन आजको माग र शाश्वत सत्य पनि हो । यसवाट कवि शाहको वैचारिक मान्यता राजनीतिमा भन्दा साहित्यमा सर्वदा थियो भन्ने बुझिन्छ र साहित्य हो त्यस्तै पनि ।

यस बाहेक कवि म. वी. वि. शाह सच्चा इश्वर भक्त थिए र इश्वर प्रति लाचारी एवं सदा समर्पित पनि थिए भन्ने कुरा–"जीवन भेटीं चढाएँ ।" आदि उनकै पंक्तिहरूबाट पनि थाहा पाउन सकिन्छ ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि म. वी. वि. शाहको संझनामा

– माण्डवी शर्मा

घुम्दै नित्य विहानीको अरूणिमा नेपाल चिन्न गयौ
बग्दै छ्रछ्र लेकबाट तिमीले यो देश चुम्न गयौ
मान्छेकै मुटुमा पसेर तिमीले संसार बुझ्न गयौ
आफ्नै जोश उमङ्गका मिलनमा सौगात सिर्जी गयौ

(१)

मान्छे ज्यूँदछ एकबार सबमा माया बसालीकन
मान्छे मर्दछ एकबार धरती सारा रूवाइकन
तिम्रो शौर्यकथा सधैं वनचरी भञ्ज्याँगमा गाउँछे
एकै याम भए पनि मनुजमा संसार बिर्साउँछे

(२)

गाउँ गाई सकिन्न रे प्रकृतिका डाँडा र पाखाहरू
लेखौं लेखिसकिन्न हेर मनका नौलाख मायाहरू
नौंलो भाव लिएर डुल्छ जसरी तिम्रो अनौठो गला
त्यस्तै जागृतिको कथा हृदयले गाएर रम्ने कला

(३)

आफै-भित्र रमाउँछौ तिमी कति साहित्यका पोरखी
हाम्रो यो दिलको गुहार सुनिद्यौ नैराश्य त्यागी तिमी
यो छाँया छविमा सधैं विरहका तिम्रै कथा आउँछ
यी सारा नेपाली हृदयमा दिनदिनै तिम्रै मूर्ति छाउँछ

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि म. वी. वि. शाह र नेपाली–कविता–उत्सवको परम्परा

–हरि प्रसाद पौडेल

विशालताको परिवेशलाई अँगाल्दै समयान्तरको प्रभाववाट विभाजित-ताको गुणलाई अङ्गीकन् गर्दै आएको आदिम भाषा भारेपेलीको स्वरुप परिस्कृति पाउँदै जव भारत वर्षको विशाल क्षेत्र ओगट्ने संस्कृत भाषा सम्म आइपुग्छ तव यस भाषाले विविधपक्षको प्रभावकारी संप्रभूतालाई सँगाल्छ । यसै ख्यातनाम परिप्रेक्षमा आएर संस्कृतको विशाल परिवारको वृद्धि हुन्छ । यसक्रमको एउटा अङ्गको रुपमा हाम्रो नेपाली भाषा पनि नेपालको प्राचीन इतिहास देखिनै भाषिक सुसमृद्धि लाई विकसित गर्दै आएको छ ।

हाम्रो नेपाली भाषाको प्रारुप १४ धौं शताव्दी पूर्वाद्धको फेला परिसकेको छ । यस आधार तथ्यलाई ध्यानमा राख्ता यस भाषाको जन्म निकै पुरानो मान्न हिच्किचाउनु पर्दैन । तर साहित्यिकताको परिप्रेक्ष्यमा हेर्दा यस भाषामा कवि–लेखकहरूका सुकोमल अभिव्यक्तिहरू धेरै पछि नै फष्टाउन सकेका पाइन्छन् । शुरुदेखि नै विजेताहरूको भाषा र जनसंपर्कको भाषा भइ आएको भएपनि यस भाषाले प्रारंभतिरै साहित्यिक व्यक्तित्वलाई आफ्नो परिवेशमा अटाउन पाएको देखिदैन । समयको अन्तर हुँदै गएपछि यो भाषाका भाषीहरू पनि क्रमश: साहित्याकाशमा झुल्कंदै गए र यस भाषाको संमृद्धिमा योगदान दिंदै गए । यस भाषामा वाणीविलास ज्योतिर्विदको 'ज्वरोत्पत्ति चिकित्सा'ले गद्यको शुरूआत गर्दछ भने गीतितत्वको समावेश यस भाषामा गर्ने सौभाग्य नेपाली साहित्यका प्रथम कवि सुवानन्ददासले पाएका छन् । त्यसपछिका क्रममा विस्तारै यस भाषाको साहित्यिक स्वरुप फस्टाउँदै गएको पाइन्छ ।

हाम्रो भाषाको प्राचीनता र साहित्यिकताको शुरुआत प्रसङ्गलाई यही छोडेर हामी विषयगत कुराको चर्चा गरौं । नेपाली भाषामा साहित्यको फाटफुट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रचना देखिने क्रम धेरैं पछि सम्म चल्यो। साँच्चै भन्ने हो भने यो परम्परा मोतीराम भट्टको उदय पश्चात् मात्र परिमार्जित् रुपमा देखा पर्‍यो। यसको मूख्य कारण थियो कवि भट्टको साहित्यतर्फको उत्साह, जाँगर र साहसिलो आँट। उनको युवा–सुलभ तत्परताले नै वास्तवमा नेपाली साहित्यमा एउटा नयाँ मोड दिई महत्वपूर्ण प्रतिमान स्थापित गरेको छ। यहाँ उनको बारेमा केही चर्चागर्नु उपयुक्त होला।

मोतीराम भट्ट असलमा नेपाली साहित्यका मोती थिए। माध्यमिक कालको रुपमा नेपाली साहित्यको ऐतिहासिकतालाई नै मोड्न सक्ने र शृङ्गारिकताको प्रवर्तन गर्नें उनको विलक्षण प्रतिभा अवश्यपनि अश्ववर्ती कवि साहित्यकारहरूका लागि प्रेरणा थियो। उनका यस्तै अन्यपनि कतिपय विशेषता हुँदा हुँदै पनि महत्वपूर्ण रुपमा देखिने योगदान त साहित्यको सुसमृद्धिलाई 'कवि मण्डली' को सराहनीय प्रयासबाट प्रवर्द्धन गर्नुमा छ। तत्कालीन समाजमा साहित्यक्षेत्रमा रूचि ल्याउन उनको मस्तिष्कले सोचेको यो काम अत्यन्तै श्लाध्य छ। उनको जमातमा रहेका कविहरूको समूहलाई 'मोती मण्डली' पनि भनिन्थ्यो। वस्तुतः, उनले, कविताको प्राचुर्य नेपाली साहित्यमा होस् भन्ने दृष्टिकोणले नै एउटा कविहरूको मण्डली तयार पारेका थिए। यस मण्डली भित्र लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी जस्ता प्रसिद्ध गजलकार वा कविहरूको पनि समपस्थिति थियो। यस कवि मण्डलीको काम थियो– नयाँ नयाँ कविताको सिर्जना गर्नु र जमातमा सुनाउनु समस्यापूर्ति दिनु र समस्यापूर्ति गरिएका कविताहरूको उत्कृष्टता–अनुत्कृष्टताको पारख गर्नु। समस्यापूर्तिको परम्परा त मोतीराम पछि पनि धेरै समयसम्म चलिरह्यो। वास्तवमा मोतीरामको यो प्रयोग नेपाली साहित्यका लागि निकै नै फलदायी सिद्ध भयो। यसको छाप धेरै पछि सम्म साहित्यसृजनमा परिरह्यो। नेपाली साहित्यको उत्तरोत्तर विकासशील गति जब प्रजातन्त्रोत्तर कालमा आइपुग्छ तब साहित्यको समृद्धिका लागि विशेष प्रोत्साहन र प्रज्ञा–प्रतिष्ठान जस्ता प्राज्ञहरूको संस्था मार्फत् साहित्य रचनामा जोडदिने जस्ता कुराहरू हुँदै जान्छन्। यस क्रमको एउटा महत्वपूर्ण पाइलो हो– राष्ट्रियस्तरमा 'कविता महोत्सवको' को परम्परा चलाउनु। यसमा पनि राम्रो कुरा के छ भने त्यसमा विशेष सहयोग स्वरुप उत्कृष्ट कविताको लागि पुरस्कारको पनि व्यवस्था हुनु। यस स्वीकृतिका लागि कवि म. वी. वि. शाहको नाम श्रेयपाउन योग्य छ। अब हामी कवि शाह र कविता महोत्सवको महत्व बारे केही चर्चा गरौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म. वी. वि. शाहज्यू स्वयं पनि कवि व्यक्तित्वका धनी मान्छे हुन्। उनको साहित्यिक प्रतिभा त केवल साहित्यसृजनमा तर साहित्यको परिशीलन र परिमार्जनमा पनि सुप्रसिद्ध भएको छ। शाहज्यू अन्य साहित्यिक जस्ता सामान्य मानिस थिएनन्, उनमा साहित्य–समृद्धि तर्फ भन्दा बढी उत्तरदायित्व एक सुराष्ट्रको निर्माण कसरी हुन्छ भन्ने कुरामा थियो। राष्ट्रनिर्माणको अभिभारालाई काँधमा राखेर पनि उनले साहित्य तर्फ जुन अभिरूचि र उत्साह देखाए त्यस कार्यको लागि नेपाली भाषा साथै साहित्य उनी प्रति सधैं ऋणी छ। विशेषतः स्वच्छ वातावरणमा विशाल परिवेशलाई ओगटेर कविताको नेपालीय भाषी स्वरुपलाई उत्कर्षको चरमतामा पुन्याउन उनले गरेको योगदान प्रेरणा स्वरुप छ।

कवि शाहज्यूले कविता लेखन लाई प्रोत्साहन दिन सर्वप्रथम २०२२ सालमा राष्ट्रव्यापी स्तरमा 'कविता महोत्सव' परम्पराको थालनी गरेका छन्, जुन परंपरा अहिले पनि प्रत्येक वर्ष उत्तिकै उत्साह र जाँगर साथ मनाइन्छन्। कवि शाहले शुरुमा कविताको शीर्षक नव वर्षको उपलक्ष्य पारेर दिने र त्यसै विषयमा प्रज्ञा–भवनको स्थापना भएका दिन 'कविता महोत्सव' गर्ने परंपरा चलाए अनुसार नै अहिले पनि यो क्रम यथावत् रुपमा अटूट रही आएको छ।

सर्वप्रथम कविता महोत्सवको परंपरा शुरू गर्दा यसको शीर्षक थियो- 'नैतिकता' र यस शीर्षक अन्तर्गत श्री भैरव अर्यालले सर्वप्रथम भई स्वर्ण पदक सहित समुचित रकमको पुरस्कार जित्ने सफलता प्राप्त गर्नु भएको थियो। शुरूमा नै 'नैतिकता' जस्तो शीर्षक स्वयं कवि शाहबाट नेपाली साहित्य– 'समाजले प्राउनु प्रेरणात्मक उपलब्धि नै मान्नु पर्छ। 'नैतिकता' स्वयं एउटा व्यापक शब्द हो, जसभित्र विशाल परिवेश भित्रको अभिव्यञ्जना छुपेको छ। सच्चरित्रता, सद्भावना, सुकार्य आदिको स्पर्श सहित एउटा उत्कृष्ट आदर्शको मूल्य बोकेको 'नैतिकता' भित्र रहेको वस्तुतथ्यलाई हेर्ने हो भने कवि शाहको आन्तरिक भावनात्मक उच्चताको अवबोधन हामीलाई हुन्छ। यसै गरी कविज्यूले राष्ट्रलाई सन्देश र सद्भावनाका वचनहरू अभिव्यक्त गर्दै पछि पछिका वर्षहरूमा 'इमान्दारी र देशभक्ति' 'स्वदेशीवन, स्वदेशीभन, सह्माल नेपाल' 'मुटुको व्यथा' 'पहिले आफैलाई चिन' 'अधिकार र कर्तव्य' 'शिक्षा संस्कृति र उद्योग' आदि शीर्षकहरू दिएका छन्। उनका प्रत्येक शीर्षकरुपी सन्देशहरूमा प्रेरणाको प्रवाह, मौलिक अभिव्यक्तिका लागि प्रोत्साहन, राष्ट्रप्रेमको प्रतीका- त्मकता, कविता–तत्व समाविष्ट भावालोडनका प्राचुर्यताहरू झल्कन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साँच्चै भनौं भने कविको प्रतिभा र बुद्धि विलक्षण र विचक्षण परिप्रेक्ष्यभित्र फैलिएर हिमाली परिवेशको हाम्रो देशलाई समुत्थान र समुन्नतिको शिखरमा पुऱ्याउने परिकल्पनामा सुदृढ थियो ।

यहाँ शीर्षक अन्तर्गतरहीं केही समीक्षात्मक टिप्पणी गर्न अनुपयुक्त नहोला । संक्षेपमा भन्दा कवि नितान्त प्रेरणादायक र आत्मीय थिए भने विस्तारमा उनी अव्यारव्येय उत्कर्षताका आधार थिए । उनको 'स्वदेशीवन, स्वदेशीभन, सह्माल नेपाल'लाई नै लिऊँ । कति सरल भइकन पनि कति मार्मिक आह्वान पुट छ यसभित्र ! नेपाली दाजुभाइलाई एउटा सन्देश, एउटा प्रेरणा, एउटा राष्ट्र प्रतिको संमानित आस्था यसैभित्र संगालिएका छन् । यस्तै अर्को शीर्षक 'मुटुको व्यथा'को अभिव्यञ्जनालाई नियालौं । फ्ट्ट सुन्दा यसभित्र केही परिस्कृत भावनाको संप्रेषण नपाउने पनि कतिपय होलान्, तर भावुकताका धनीहरू यस भनाई लाई विशालताको वृत्तभित्र राखेर हेर्छन् । यो शीर्षक साँच्चै भन्ने हो भने साहित्यको निमित्त सच्चा प्रेरणात्मक स्पर्शन भएको छ । शीर्षक भित्र अटाएको व्याख्यामा सिङ्गो नेपाली समाज मात्रको नभएर मानवीय शाश्वतताको अत्यधिक आलोडनास्पद छ । यसभित्र रहेर कविले मात्र कविता पंक्ति नभएर त्यस्तो भावना र त्यस्तो कल्पनाको अनुभूति बहाउन सक्छ जसको व्यापकता अनादि–अनन्त र असीमित–अव्याप्यछोराको दायराभित्र मात्र व्याख्यायित छ । यसैगरी अन्यपनि 'पहिले आफैलाई चिन' आदि जस्ता शीर्षकहरूले राष्ट्रभक्ति वा प्रेमका साथै समुन्नतिको ढोका घच-घच्याउने अभिप्रेरणाका प्रवाहहरू बहाई दिन्छन् । वास्तवमा कवि शाहको साहित्यिक व्यक्तित्व निखरा छ र श्लाघनीय पनि, साथै विस्तृत आयतनभित्र फैलिएको छ ।

यस प्रकार हाम्रो नेपाली भाषाको प्राचीनताका साथै साहित्यिकताको शुरुआत र 'कविता महोत्सव'को परंपरा अनि यस क्रममा कवि म. वी. वि. शाहको योगदानको गरीमा हाम्रो नेपाली साहित्य र कवितात्मक अनुभूति भएको समाजमा महत्वपूर्ण भएर रहेको छ । साहित्यको समृद्धि साथै भाषाको पनि समुन्नतिका लागि गरीएका यी उपाय वा कार्यहरू अत्यन्तै स्मरणीय र प्रशंसनीय छन् । कवि म. वी. वि. शाहको यो सभ्दावनात्मक कार्य पनि उल्लेख्य साथै अवव्र्य छ ।

-★-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि म. वी. वि. शाहले किन कलम चलाए ?

—दीप ज्योति

फुट्दछन् मनका भाव दु:खले आत्तिए पछि ।
कि हुन्छ मान्छे पगलाहा कि हुन्छ वढिया कवि ।।

वास्तवमा यस भनाइमा पूर्ण सत्यता छ । मान्छे संघर्षशील प्राणी हो । उसले हरेक क्षण संघर्ष गरिरहेकै हुन्छ । संघर्ष गर्दा कहिले कांहि ठक्कर लाग्न सक्छ । हृदयमा सुतेर रहेका भावनाहरू छताछुल्ल भएर पोखिन खोज्छन् । ऊ सम्हाल्न सक्तैन । यसो गरूँ कि उसो गरूँ भनेर आत्तिन्छ । यसै अवस्थामा अचेतन मनमा घमासान युद्ध चलिरहेको हुन्छ । सम्हालेर सिर्जनात्मक गोरेटो पक्रिएमा प्रख्यात कवि–कलाकार वन्छ, सम्हाल्न नसके पागल सिल्ली भएर जान्छ । हामी यसका प्रमाणहरू प्रशस्त पाउँछौं । अशिक्षित मानिसको कुरै छोडौं । लेख्य सामग्री प्रस्तुत गर्ने उसमा क्षमतै हुँदैन । शिक्षित मान्छेको हृदयमा धक्का लागिसकेपछि संसारमा के हुन्छ र के हुँदैन भन्ने कुरै निक्र्योल गर्न सकिंदैन । कालिदास पहिले सार्है मूर्ख थिए । उनी अशिक्षित भएर अन्धकारमा रुमल्लिरहेका थिए । रूखको टुप्पामा वसेर वञ्चराले फेद काट्दथे । तैपनि उनी भित्रको अज्ञानताले हट्ने वाटो पाएको थिएन । यस्ता मूर्ख कालिदासको कसैले शास्त्रार्थमा हराउन नसकेकी विद्योत्तमा विदुषीसँग विवाह भयो । मूर्ख र विद्वान पति–पत्नी भएर घरमा के मिलेर वस्न सक्थ्यो । आखिरी कालिदासले घर छोडेर हिंड्नै पर्‍यो । श्रीमतीले गलहत्याएर निकालेको हुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनमा ठूलो चोट पर्न गयो । पढेपछि साधना गर्दा संस्कृत साहित्यका मात्र होइन संसारका प्रमुख साहित्यकै महान् कवि भए। हाम्रा नेपाली साहित्यका आसमान कवि म. वी. वि. शाहको पनि यस्तै अवस्था परेको छ। कालिदास, तुलसोदासलाई पत्नीकै चोट परे जस्तै म. वी. वि. शाहलाई पनि पत्नी वियोगकै चोट पर्न गएको छ।

मानिषाद: प्रतिष्टांत्वमगम: साच्वती समा: ।
यत्क्रौन्च मिथुनादेक मवधीं: काम मोहितम् ।।"

आदी कवि वाल्मीकिको हृदय क्रौञ्च पंक्षीको वियोग व्यथाले पग्लिएर काव्यको रूपमा प्रस्फुटित भए जस्तै म. वी. वि. शाहको हृदय पनि आफ्नी अर्द्धाङ्गिनीको मृत्यूले छट्पटिएर नेपाली काव्य संसारमा जग्मगाएको पाइन्छ ।

"वर्षाको एक राति एक्लो थिएँ कौसीमाथि
चारैतरफ अंध्यारो खालि थियो मेघ साथी
बादलको घुम्टो हाली लुकेथ्यो चन्द्रमाथि
खलबल थियो यो मनमा थिएन साथ साथी ।

जस्ता कविताहरू लेखेर कवि म. वी. वि. शाहले नेपाली साहित्यको बाटिकालाई सुन्दर बनाई दिए । कवि शाहका कवितामा वीर भावनाहरू पनि पोखिएका पाइन्छन् तापनि उनी मुख्यत: करुण रसका कवि हुन् किनभने करूणालेनै उनलाई सफल कवि बनाएको हो प्रकृतिवादी कविता लेखे पनि उनी आफ्नै दिवांगता प्र्याको आह्वान गर्दछन् । राराकी अपसरा कविको पृकृति प्रेमको राम्रो नमूना हो तर यसमा प्रतीक चाहिं उनै प्रियाको छ । कुरा ठीकै पनि हो, इन्दुमतीको अवसानले बिह्वल भएर राजा अजको प्राण गएको थियो । गौरीको मृत्युले छट्पटिएर घिमिरेले गौरी काव्य लेखे ।

डाँडाबाट नबोल कोयली कुली वैलिन्छ रे योवन
कालाकेशनबाट है युवती हो फुस्कन्छ रे जोवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यात्री आखिर जान्छ रे नगर है यो मार्गमा पीरती
देवी स्वर्ग गइसकिन् नगर है यो साँझमा आरती

त्यही कविको काव्य उत्कृष्ट हुने रहेछ। जसले हृदयको सच्चा आवाज उतारेको छ। वास्तवमा साहित्यमा हात बढाउनुको अर्थ अरूको हृदयलाई पगाल्नु। हृदयमा धक्का नलागीकन रचिएको काव्यले जनमानसमा प्रभाव पार्न सक्तैन। वालकृष्ण समका काव्यहरू जतिसुकै घोकौं तर हृदयपक्षमा तिनले कुनै असर गर्न सक्तैन। गौरी मुनामदन, उसैको लागि, फेरि उसैको लागि राराकी अप्सरा पढ्ने वित्तिकै अहा ! को शब्द उच्चारण गर्न स्वतः उन्मुख होइन्छ। यस दृष्टिकोणवाट बिचार गर्दा कवि म. वी. वि. शाहले किन कलम चलाएका रहेछन् भन्ने कुरा थाहा पाउन सकिन्छ। कलम चलाउँ भनेर चलाइँदैन, ऊ आफसे आफ चल्नु पर्छ। कवि म. वी. वि. शाहको कलम आफैं चलेको हुँदा थोरै लेखेर पनि उनी प्रसिद्ध हुन पुगे। कसै-कसैले 'राजा भएको हुँदा थोरै लेखेर पनि प्रसिद्ध भएका हुन्' भन्न पनि पछि परेका छैनन्। तर "यौटै सानो सरल कृतिमा पूर्व संसार देऊ" को उक्तिलाई कवि म. वी. वि. शाहले चरितार्थ गरेकै देखिन्छ। उनका कृति थोरै भए पनि पछिसम्म पढिने खालका छन्। म. वी. वि. शाहको काव्यमा नेपाली माटोको वास आएको छ। प्रकृति जीवन्त रूपमा उतारिएको छ। कवि म. वी. वि. शाह त यस संसारवाट अव कहिल्यै नर्फकिने वाटो बिदा भएर गैसके तर उनको लेखनीवाट निस्केका अजर र अमर अनुभूतिहरू यो धर्ती र आकाश रहुन्जेलसम्म वाँचिरहने छन्। वास्तवमा कवि त्यै हुन्छ जो कल्पौं कल्प वाँच्छ। प्रियाको वियोग ब्यथावाट छट्पटिएर हृदयमा तड्पिएका अजरामर भावनाहरूलाई कलमको माध्यमवाट नेपाली काव्य संसारमा राखि-दिएर कवि म. वी. वि. शाह नौलो याम र आयाम थप्न सक्षम भएका छन् भन्दा कुनै अत्युक्ति नहोला।

-☆-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि म. वी. वि. शाहको मलाई लाज लाग्छ कविता पढ्दै जाँदा

लोककुमारी शर्मा

कवि म. वी. वि. शाह नेपाली साहित्यको आधुनिक कविको रुपमा देखा परेका छन्। आधुनिक कविका रुपमा झुल्केको भूपिशेरचन, मोहन कोइराला, वैरागी काइँलाले जस्तै यिनले पनि आफ्नै किसिमको मान्यता स्थापना गरेका छन्। कवि म. वी. वि. शाह विरहका कवि हुन् किन भने उनले आफ्नी धर्म पत्नीको निधनमा आँखाका आँसु थाम्न नसकेर कविताको रुपमा पोखेका छन्। कवि शाह नेपाली सामाजिक कवि हुन् किन भने उनले आफ्ना कवितामा समाजको राम्रो झलक प्रस्तुत गरेका छन्। कवि शाह रोमाण्टिक कवि हुन् किन भने 'राराकी अप्सरा' लगायत अरू कतिपय कविताको माध्यमबाट रोमाण्टिक वादका केही स्वरहरू प्रस्तुत गरेका छन्। एउटै शब्दमा के भन्न सक्छौं भने कवि म. वी. वि. शाहको काव्ययात्रा त्यस अवस्थामा शुरू भयो जुन बेला कैयौं आधुनिक नेपाली कवि र साहित्यकारहरूले नेपाली साहित्यमा आधुनिक कालको विकासमा आ–आफ्नो क्षेत्रबाट धमाधम प्रयाश गरिरहेका थिए। नेपाली काव्य साहित्यको भण्डार भर्ने काममा मात्र होइन कि गहिरो विषय र भाव प्रदान गर्नमा पनि कवि शाहले सक्तो प्रयाश गरेका छन्। जनसामान्य स्तरदेखि बौद्धिक धरातलसम्म कवि शाहका कविताहरू लोकप्रिय भएर रहेका छन्। उनी सधैं नयाँ गोरेटो र दिशा खोजेर हिड्न चाहन्छन्। प्राथमिक चरणका कविमा केही सिकारू पनका झिल्काहरू देखापर्नु कुनै नौलो कुरा होइन। किन भने कुनै पनि बालकको पहिलो उमेर तोते बोलीबाट शुरु हुन्छ। उमेरको विकास सँग बौद्धिक क्षमताको अभिवृद्धि हुँदै जान्छ। त्यस्तै कविताराधना पनि एउटा जीवनयात्रा जस्तै हो। यो क्रमशः विकसित हुन्छ। कवि शाहले नेपाली समाजको गरीबीपनलाई कविताको माध्यमबाट व्यक्त गर्न खोजेका छन् भने वीरताको गानमा पनि उनको कलम त्यत्तिकै अगाडि बढेको पाइन्छ। तर कवि शाह नेपाल र नेपालीको दयनीय अवस्था देखि हतोत्साही भएका छैनन्। बरू उत्साहपूर्वक जन–समाजलाई घच्घच्याएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि म. वी. वि. शाहले धेरै राम्रा–राम्रा कविताहरू लेखेका छन् । जस मध्ये वि. सं. २०२७ साल असार ९ गते प्रज्ञा–भवनको समुद्घाटनको सन्दर्भमा बाहुलीको निशाना लगाएर त्यस बेलाका कुलपति केदारमान व्यथित मार्फत नेपाली काव्य साहित्यलाई दिएको 'मलाई लाज लाग्छ' कविता पनि एक हो । यो कुरा सबैलाई थाहा छ कि कवि म. वी. वि. शाह नेपाली साहित्यमा राम्रै स्थान जमाएका कवि हुन् । त्यस कारण दुनियाँले उनलाई कवि भने भन्दैमा उनले लाज मान्नु पर्ने कुनै कारण थिएन तर कविताको माध्यमद्वारा वडो सर्म व्यक्त गरेका छन् । यसको साथमा कविको परिभाषा गर्दै आफू कवि नभएको कुरा व्यक्त गर्छन् ।

"कवि त्यो होइन जो कविता लेख्छ
कवि त्यसलाई भन्दछ जो कविता बुझ्दछ
मलाई लाज लाग्छ समाजमा
जसै अरूले मलाई कवि भन्दछन्
मलाई छक्क लाग्दछ सभामा
कसैले जसै मलाई कवि ठान्दछन्
मलाई लाज लाग्दछ ।

कवि शाहको परिभाषा अनुसार कविता लेख्ने मानिस कवि नभएर कविता बुझ्ने मानिसलाई 'कवि' भनिन्छ । त्यस कारण आफू कविता रचना गर्ने मात्र र बुझ्ने मानिस नभएको हुँदा अरूले कवि भनेको सुन्दा सभामा उनी छक्क पर्छन् । अरूले कविको रुपमा गनेको उनको कवि–हृदय लाजको अनुभव गर्दछ ।

कवि एउटा पवित्र मूर्ति हो, बन्द कोठाको देवता झैं
अथवा प्रकृतिको साथमा
बिलाउने एउटा सचेत प्राणी हो, सृष्टिको
जो पढ्दछ, लेख्दछ, साधना गर्दछ सधैं
तर मलाई छक्क लाग्दछ जसै
कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ ।

म. वी. वि. शाहले कविलाई एउटा बन्द कोठाको देवताको मूर्ति ठानेका छन् यसको विकल्पमा यसो पनि भन्दछन् कि कवि प्रकृतिको साथमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिलाउने सचेत प्राणी हो। यसमा धेरै गहिरो कुरा लुकेको छ। शाहले शब्दलाई सरल र सरस रुपमा व्यक्त गरेका छन्। तर भावपक्षलाई प्रशान्त महासागरको गहिराईमा पुऱ्याउने चेष्टा गरेका छन्। यसलाई कवि-प्रतिभाको ज्वलन्त नमूनाको रुपमा लिन सकिन्छ। पढ्ने, लेख्ने र साधना गर्ने मानिसलाई कविको रुपमा वरण गर्न खोज्नु कवि शाहको कवित्व वैशिष्ट्य मान्न सकिन्छ। जो कवि छ त्यसले आफ्नै प्रशंसा गऱ्यो भने त्यसको समाजमा कुनै मूल्य हुँदैन। आफ्नै प्रशंसा अर्काले गरिदिएकै राम्रो हुन्छ। यसमा शाहले वडो बुद्धि पुऱ्याएका छन्।

म त गाउन खोज्दछु गीत, दुई चारवटा
अर्कोको लागि केही लेखन खोज्दछु, बोल्न खोज्दछु
अनगिन्ती मानिसकोलागि सके–
घाउमा मल्हम लगाउन चाहन्छु,
तर मलाई छक्क लाग्दछ जसै,–
कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ।

म. वी. वि. शाह गीतकार हुन् र साथै संगीतकार पनि। त्यसैले उनी गीत गाउन चाहन्छन्। आफ्नो लागि होइन, अर्का कै लागि केही लेख्न र बोल्न खोज्ने, आफ्नो घाउमा होइन अरूको चहऱ्याईरहेको घाउमा मल्लम लगाउन चाहन्छन्। यसरी शाहले कविताको माध्यमद्वारालाई परोपकारी मानिसको रुपमा सिद्ध गर्न खोजेका छन्।

म त ढलेकालाई उठाउन खोज्दछु,
भोको प्यासोलाई खुवाउने, पियाउने चेष्टासम्म गर्न खोज्दछु
अनि झरेका आँसु पुछ्न खोज्दछु, रोक्न खोज्दछु
सबैलाई नजिकैबाट हेर्न चाहन्छु, चिन्न चाहन्छु
तर मलाई छक्क लाग्द छ जसै
कसैले मलाई कवि भन्दछ।
मलाई लाज लाग्दछ।

वास्तवमा कैयौं कविहरू आदर्शवादी हुन्छन्। कल्पनाको आधारमा आदर्शवादलाई स्थापना गर्ने कविले जनताको सुख दुःखमा सहभागी बन्ने मौका पाएको हुँदैन। तर कवि म. वी. वि. शाह केवल काल्पनिक आदर्शवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र स्थापना गर्न चाहँदैनन्, उनी त नेपाली जनताको सुख दुःखमा हातेमालो गर्न चाहन्छन् । उनले हरेक नेपाली जीवनलाई आत्मसात गर्ने कोशिश गरेका छन् । भोक, रोग र शोकले पीडित नेपाली जनतालाई गाँस वास र औषधिको सुविधा जुटाउन चाहने कवि शाह करेका आँसु पुछ्ने अभियानमा कविताको माध्यमबाट सरीक भएका देखिन्छन् । सवैलाई नजिकैवाट हेर्न र चिन्न चाहने कविको आदर्शवादले सजीवरुप धारण गर्न खोजेको छ ।

धनी, गरीव, साना ठूला चाहे जो हुन्
सवैं सँग अंकमाल गर्न चाहन्छु
मेरो जे जति छ, त्यो मेरो मात्र होइन
हामी सवैको हो भन्न खोज्दछु
तर मलाई छक्क लाग्दछ जसै–
कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ ।

संसारमा धनी र गरींव बींचमा ठूलो अन्तराल देखा परिरहेको छ । सवैलाई अंकमाल होइन काटाकाट गर्न चाहने जमानामा कवि शाहको यस कविताले मानवताको शंखघोष गरेको छ । आफूसित भएको कुरा बाँड्न चाहने कवि शाह मानवतावादी सिद्धान्तका परिपोषकका रुपमा देखा परेका छन् ।

न म वाद जान्दछु, न वाद–विवाद,
कुनै वादको सिद्धान्त म मान्दिन
तर मानिस भएर मान्छेलाई चिन्न खोज्दछु
मानवताको पाना पाना पढ्न चाहन्छु
तर मलाई छक्क लाग्दछ जसै
कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ ।

मान्छे भएर मान्छेलाई चिन्न खोज्ने शाह अवश्य मानवतावादी कविको रुपमा देखा परेका छन् भन्न सकिन्छ ।

यसै गरी जहाँ आज मानव सभ्यताको विकास भैरहेको छ त्यस भन्दा पनि अझ अघि बढेर प्रगति गर्न चाहने शाह अगाडि लेख्छन्:–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संसार र मानव सभ्यता जहाँ उभिरहेछ आज
त्यो भन्दा सधैं अघि बढ्न चाहन्छु, प्रगति गर्न खोज्छु
स्कूल, कलेज वा विश्वविद्यालयको
शिक्षा पाएको शिक्षित त म हुँदै होइन, अनभिज्ञ छु
तर मलाई लाज लाग्छ जसै
कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ ।

मान्छेले केही नसिके पनि प्रकृतितः केही न केही कुरा जानिरहेको हुन्छ प्रेम घृणा त जिन्दगीका प्रदर्शकै भए । यस वस्तु तथ्यलाई म. वीं. वि शाहले यसरी उद्घाटन गरेका छन् ।

तै पनि केही न केही अनुभव, शिक्षा, दीक्षा,
जे भने पनि जीवनमानै हुँदो रहेछ पनि
प्रेम र घृणा पनि जिन्दगीका पथ प्रदर्शक हुँदै
कविता सरिता भएर वगि पनि रहँदो रहेछ, अविरलै
तर मलाई छक्क लाग्छ जसै
कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ ।

प्रकृतिमा सधैं राम्रै कुरा मात्र हुन्छ भन्ने केही ग्यारेण्टी छैन । कहिले काहीं नराम्रो कुरा पनि ह्वास्स गह्लाएर फैलिन्छ । सूर्यको धर्म पोल्ने हो र जुनको धर्म शीतलता प्रदान गर्ने हो । तर वियोगीहरूका लागि त्यही चन्द्रमाले पोलेर मान्छे छट्पटिन थाल्छ । वियोगी वनेका शाहलाई सायद चन्द्रमाको शीतलताले पोले छ क्यारे ।

कहिले कहिं यस्तो पनि हुँदो रहेछ
सूर्यको रापको वदलामा चाँदनीको–
शीतल छायाँले पोल्दो रहेछ भित्र सम्म
सुकोमल फूल काँढाको वीच खोजेर फुल्दो रहेछ
तर मलाई छक्क लाग्छ जसै
कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो सन्तानलाई सबैले माया गरेकै हुन्छन् । जन्माएर घुरानमा मिल्काउने कुकर्मी आमाहरू समाजमा हुँदैनन् भन्न सकिदैन तर सबैले आफ्ना सन्तानलाई माया–ममता नदिने हो भने यो संसारको अस्तित्व कहाँ रहन्छ र। त्यस्तै साहित्यका विभिन्न विधा भन्ने कुरा श्रष्टाका प्यारा सन्तान हुन् । यिनीहरूलाई श्रष्टाले माया नगरे कसले गर्ने ।

मेरा गीतहरू, मेरा कविताहरूलाई सधैं
म गायत्री ठान्दछु, म आफ्नो ओंठको मन्त्र मान्दछु
मलाई वैर भए जस्तो लाग्दैन कसैसँग, तै पनि,
म आफ्नो माटोमा जन्मन हुर्कन र मर्न चाहन्छु
तर मलाई छक्क लाग्दछ जसै–
कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ ।

'निष्काम कर्म' गर्नु पर्छ भनेर हामीले गीतामा पढेका छौं । तर व्यवहारमा भने यस सिद्धान्तलाई कमैले मात्र लागू गरेका होलान् । तर म. वी. वि. शाहलाई इतिहासमा नाम रहे पनि नरहे पनि केहीं मतलव छैन । उनी पहाडका कुनामा, ढुङ्गामा आफ्नो नाम कोर्न चाहन्छन् । कोशी, गण्डकी र कर्णालीले आफ्नो नाम संकेर उर्लेको शब्द सुन्न चाहन्छन् । हिमाल र ताराहरू हाँसेको हेर्न चाहने शाह भन्छन् ।

इतिहासमा मेरो नाउँ रहोस् या नरहोस्, पर्वाह गर्दिन्,
तर पहाडका कुना–कुनामा, मेरो ढुंगामा, मेरो नाउँ कोर्न चाहन्छु
कोशी, कर्णाली र गण्डकी मलाई संकेर उर्लेको शब्द सुन्न खोज्दछु
नेपाली हिमाल र नेपाली ताराहरू सधैं हाँसिरहेको हेर्न चाहन्छु
तर मलाई छक्क लाग्दछ जसै–
कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ ।

म. बी. वि. शाहका कवितामा धार्मिक भावनाका छिटाहरू पनि पाइन्छन् । यस वस्तु तथ्यलाई उनी यसरी प्रकट गर्दछन् ।

जुन देशको उच्च शिखरलाई शिव शक्तिको वर्दान छ
जहाँ बुद्ध, सीताले जन्म लिई धाम लागेको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ मनको शान्ति छ, श्रद्धा छ, भक्ति छ, र स्वाधीनता छ,
म पनि एउटा त्यस देशको अज्ञान छोरो मात्र हुने इच्छा राख्दछु
तर मलाई छक्क लाग्दछ जसै–कसैले मलाई कवि भन्दछन्
मलाई लाज लाग्दछ
लाज लाग्दछ, लाज लाग्दछ ।

अन्त्यमा के भन्न सकिन्छ भने कवि म. वी. वि. शाहले आफ्ना हृदयमा उब्जेका भावनाहरूलाई पाठकहरूका अगाडि राख्ने कोशिश गरेका छन् । उनी राजसी सुखशयलमा हुर्केका मानिस हुन् तर जनहृदयलाई टपक्क टिपेर आफ्ना अनुभवलाई कवितात्मक रुप दिन चाहन्छन् । 'मलाई लाज लाग्छ' भन्ने शीर्षक कविता कविको काव्याराधनाको प्रौढतम प्राप्ति हो। अरू कविताको सापेक्षतामा यसमा भन्न खोजेको कुरा जस्ताको तस्तै व्यक्त गर्ने क्षमता उनीमा आइसकेको छ । त्यसैले उनको काव्य साधनाको प्रौढतम अभिव्यक्तिको रुपमा यसलाई लिन सकिन्छ ।

मानवतालाई एकता तर्फ अग्रसर गराउने भावना नै भविष्यमा कलाको एक मात्र विषय वस्तु रहने छ र उसको स्वरुप पनि सबैको लागि सहज, समान र खुलेको रहने छ ।

–लियो टाल्सटाय्

सौन्दर्य भनेको प्रकृतिको गुप्त नियमको उदघाटन हो, जुन यसरी उदघाठीत नभै दिएको भए हामीहरू बाट सधैं विलुप्त रहन्थ्यो ।

–गेटे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजै ! म तिम्रो वरदाननेर

–माधवप्रसाद घिमिरे

(प्रज्ञा–प्रतिष्ठानको भवन निर्माण भैसक्दा)

प्रज्ञानका उज्ज्वल नेत्र खोल्ने
र सत्यदर्शी ऋषि साम बोल्ने
खापा दुवैमा दुइ नैन लेख्ने
र दिव्य दूरागतलाई देख्ने
'आलोकको यो अलकापुरीमा
बत्ती नकांपून् कहिल्यै हुरीमा'–
भनी हवेली कसले बनायो
राजै ! कि तिम्रै कविकल्पना हो

हिमालमा बादल व्योमकेश
कि नाच्तछन् ताण्डव घोरघोष
त्यै मेघछायामनि हर्हराई
कि लास्य नाच्छन् हरिया तराई
यो हाँसिखेलीकन बाँच्न जान्ने
यो मृत्यु टेकीकन नाच्न जान्ने
नेपालको सुन्दर रङ्गमन्च
राजै ! पुनर्जीवित आज बन्छ

यो दिव्य वीणा, यस वेदिमाथि
आफै हुने रून्रून राति राति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रात्रे ! म तिम्रो [illegible]

[illegible]

[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कला
आर

कला

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरस्वती नै स्वरमा सुते झैं
पियार अभ्यन्तरमा उठे झैं
अदृश्य यौटा कुन हातबाट
त्यो बज्छ वीना झनकारसाथ ?
त्यो हात तिम्रै, झनकार तिम्रै
राजै ! त्यहाँ बोल्दछ प्यार तिम्रै

यहाँ म बोलूं यदि क्षुद्र वाणी
वाग्देवताको महिमा नजानी
यो दिव्य आवाहन जान्छ फर्की
आफैं फुरेको मुटु भाव बिर्सी
स्रष्टा स्वयंको सपना रूनेछ
त्यो किन्तु मेरै विलना हुनेछ
तसर्थ यो मन्दिरभित्र आई
राजै ! म बोलूं दिलको उचाई

जसै म यो मन्दिरभित्र हुन्छु
कता कता शीतल शान्ति छुन्छु
कृतज्ञताले परिपूर्ण हुन्छु
र गद्‌गदाईकन गीत गुन्छु–
यो लोकको मंगल–गाननेर
भविष्यको दिव्य मुहाननेर
सरस्वतींको मुसकाननेर
राजै ! म तिम्रो वरदाननेर

–★–

कला साधन हो, साध्य होईन, अभिव्यक्ति हो, अभिप्रेत होईन, आराधना हो, आराध्य होईन ।

एक अज्ञात

कला एकस सौन्दर्यलाई मानिसले दिएको श्रद्धाम हो । त्यसको पुजा पनि हो ।

एक अज्ञात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"उसैको लागि" र "फेरि उसैको लागि" कविता संग्रहभित्र म. वी. वि. शाहको काव्याराधनाको शिङ्गो मूल्याङ्कन

–दीपज्योति

"जिन्दगीं क्षणिक हो–तैपनि,
जीवन अत्यन्त विचित्र छ ।
जन्म मरण ईश्वरीय देन हो–
त्यो प्रकृति हो ।
कवि कविताको होइन–
कविता कविको हृदयको
पातलो छायामात्र हो
त्यो स्मृतिको
अमरचिह्न पनि, समर्पण छ
यो–उसैको लागि–त्यो
मीठोस्मृतिलाई ......"

लेखेर काव्याराधनाको मूलश्रोत देखाउने कवि म. वी. वि. शाह नेपाली साहित्यका एक अंश मानिन्छन् । 'उसैको लागि' को समर्पणमा उल्लेखित उक्त अंशले कविको हृदयको सच्चा अभिव्यक्ति के रहेछ–त्यो थाहा पाउन सकिन्छ । 'उसैको लागि कविको काव्य साधनाको प्रथम बिन्दू हो। यसमा विभिन्न कविता र गीतहरू संकलन गरिएका छन् ।

हे वीर ! हिंड अगि सरी, नहटाई पाउ रतीभरी,
यो मातृ भूमि नेपालको, भई वीर पराक्रमी सन्तति

कवि म. वी. वि. शाहका कविताहरूलाई मोटा–मोटी रूपमा दुई भागमा वर्गीकरण गर्न सकिन्छ।

पहिलो:– वियोगजन्य अवस्थामा लेखिएका शोक प्रधान कविता र गींत
दोस्रो:– प्रकृति चित्रण गरिएका कविता र गीत । यी दुवै अवस्थाका कविताहरु उसैको लागि र फेरि उसैको लागिमा पाइन्छन् । वीर रसका कविता लेखनमा पनि म. वी. वि. शाह खप्पिस देखिन्छन् तापनि उनको काव्ययात्राको मूलभूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्ति विरह र प्रकृति नै हो । म. वी. वि. शाहको दुवै क्षेत्रमा समान रूपमा कलम दौडेको पाइन्छ । नेपाली साहित्यिक धरातलमा प्रकृति र विरहको प्रारम्भ के–कसरी भयो यसको यसो चियो चर्चो गर्नु त्यति अप्रासङ्गिक हुनेछैन । प्राचीन समयका कवि-साहित्यकारहरू कित प्रकृतिलाई देखेर कलम समाउँथे कित युवा-युवतीको विरहवेदनाको चित्रण गर्दथे । विज्ञानको धुवाँले नढाकिएको अवस्था भएको हुँदा प्राचीन समयका कविहरू जुन चीजको वर्णन गरे पनि हार्दिक तवरले सजीव रूपमा गर्दथे । यही कारणले हुनुपर्छ आज युगौं वितिसक्तापनि कालिदास अमर छन् भवभूति हाम्रै समाजमा हाँस-खेल गरिरहे जस्ता छन् । त्यसकारण काव्याराधनाकालागि विज्ञानको घच्चाघमासान भन्दा एकान्त स्थलै राम्रो हुन्छ । अचेल मानिसलाई समस्यै–समस्याले घेरेको हुँदा चिताए जति प्रगति गर्न सक्तैन । खण्डकाव्य र महाकाव्य त परै जाओस् केही लामा कविताको पनि यूग सिद्धिसकेको आभास हुन थालिसकेको छ । जीवन प्रवाह ऊँ कविता प्रवाह पनि दिनहुँ वर्दलिदै गैरहेको छ । लामा कविताहरू पढ्नको निम्ति दुर्लभ वन्दै गए । छोटा कविताहरूले सुगमताको बाटो पक्रिए जस्तो महसूस भैसकेको छ । नयाँ-भाव, भाषा र शिल्पको खोजीमा आजका युवा कविहरू लागेका छन् । म० वी० वि० शाहले पनि हामीलाई प्रकृति र विरहको शाब्दिक अभिव्यञ्जनाद्वारा नेपाली काव्यमा नयां यूग ल्याउन खोजेका हुन् । उसैको लागि र फेरि उसैको लागि कवितासंग्रह भित्र समेटिएका कविताहरूमा नेपाली माटो हावापानीलाईनै प्रमुख स्थान दिएको पाइन्छ । फेरि उसैको लागिमा म० वी० वि० शाह भन्छन्:–

तिमीलाई शुभकामना !!
तिमीलाई लाखलाख वन्दना !!!
जुन माटोमा मेरो जन्मलिने सौभाग्य भयो,
जसको स्पर्शले मेरो, संसारमा आँखा खुल्यो
त्यस्ती तिमीकन शुभकामना !!
तिमीलाई लाखलाख वन्दना

प्रारम्भपछि समर्पणमा लेख्छन्

"समर्पण छ यो–
त्यो स्मृतिलाई नै,
अनि समयलाई
नेपाल र नेपालीलाई ......"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसवाट एउटा के कुरो प्रष्ट हुन्छ भने म० वी० वि० शाहलाई काव्याराधानामा लाग्न प्रेरणा र प्रोत्साहन दिने उनै दिवंगता अर्द्धाङ्गिनी हुन् । उसैको लागि कविता र गीत संग्रहको अपेक्षा फेरि उसैको लागि परिस्कृत रूपमा देखा परेको छ ।

"मर्नु सबको लागि–
साँचो जत्ति छ जन्मेर
उत्तिकै समय विते–
आउन्न फेरि फर्केर"

यस किसिमसंग प्रियाको मृत्यूको घाउले छट्पटिएका कवि शाह आफ्ना हृदयका रागहरू अलाप्न पुग्छन् । कवि म. वी. वि. शाहको काव्यसाधनाको शिङ्गोरूप 'उसैको लागि' र 'फेरि उसैको लागि' मा देख्न पाइन्छ । अरू एक-दुई फुटकर कविताहरू यसमा संग्रह नगरिएको भएतापनि त्यसलाई अनुचित ठान्न मिल्दैन । फेरि उसैको लागि कविता र गीत संग्रहको 'अन्त्यमा' म० वी० वि० शाह लेख्छन्:–

"संगीत प्रेमी तथा कलाकार साथीहरूवाट पाएको महान् प्रेरणा र प्रोत्साहनको फलस्वरूप यो सानु तथा हलुको प्रयासले फेरि एक पल्ट केही ताजा र थोत्रा पंक्तिहरू कोरकार गरी निकाल्दै छु । यो पुस्तिका प्रति सप्रेम सहानुभूति दर्साई आफूलाई लागेको मन्तव्य समेत व्यक्त गरिदिने कविवर लेखक तथा विद्वानहरू र गाई-वजाई नाचिदिने निर्मल कलाकारहरू मात्र होइनन्, पढिदिने तथा सुनिदिने सवै मित्रहरू प्रति समेत म यथायोग्य आफ्नो आँखाको चिसो पानीले नभई मुटूको तातो रगत छल्काएर सधन्यवाद कृतज्ञता को श्रद्धाञ्जली अर्पण गर्दछु । यो सानु पुस्तिकालाई 'फेरि उसैको लागि' भन्ने नामकरण गर्ने हिम्मत पनि राखेको छु । आशा गर्दछु, यसमा परेका अवगुण विर्सेर यदि कुनै गुण छन् भने ती गुणीले नै भेट्टाउलान्, वढी फर्को लाग्दो गनथन मात्र थप्न चाहन्न । तर यस पुस्तिकालाई यस रूपमा आउन हर प्रकारले सहयोग गर्ने प्रत्येक साथीहरूलाई हार्दिक धन्यवाद नदिई रहन सक्तिन"

धन्यवाद !

–☆–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि म. बी. वि. शाह र कविताको सेरोफेरो

–बद्री हिमाली

आफ्नै तर्क जगतमा उदाउनु भएका कवि म० वी० वि० शाहको लेखन शैलीलाई यूग सापेक्षीक मान्न सकिन्छ। कल्पनाको विसाल छत्र छहारीमा विभिन्न प्राकृतिक सौन्दर्यमा कहिले घूलमिल हुने, कहिले राष्ट्रियताको दरिलो मार्गमा सहयोग गर्न आह्वान गर्ने र कतै प्रेमको उपहार छर्न सफलतापूर्वक शब्दहरूले पूरै "फेरि उसैको लागि" कविता संगालोलाई सिंगारेको छ। कवि वास्तविकताको दायराभित्रमात्र सीमित हुनू हुन्न, फराकिलो बिश्वको हरेक विचल्लित यात्रीहरूलाई सही गोरेटोको निर्देशन भनूँ या सल्लाह दिएको भान हरेक संगालोका हरफहरूले प्रष्ट्याइएको भान हुन्छ। कवि शाह साहित्यको संसारलाई संगीतको रंगमंचमा उतार्न सफल हुनू भएका कवि शाह आफ्नो व्यस्त जिन्दगीमा समय उभारेर नेपाली माटोमा जुन बिउ छर्नु भएको छ त्यो अवश्य नै मौलाएको छ र मौलाउँदै जाने छ।

खोजी हरेक प्रिय वस्तुहरूमा मात्र हुन्छ। विपनाको तथ्य उपलब्धीलाई नै विजय संऋने प्रवृत्ति हुनू पर्छ। रारामा अलमलिनू भएका कवि म० वी० वि० शाह यसरी वर्णन गर्नु हुन्छः–

"मनुष्यको न्यानो मुटुको
भित्रसम्म पुग्न ?
या पठायो कसले तिमीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गीतमा संगीत भर्न
कल्पनामा कविता कोर्न
भनि छातीमा टाँस्सिन, टाँस्सिइरहन ?" (फेरि उसैको लागि-पेज-४)

यसरी मोहितयुक्त हरफहरू जन्मन्छन् । थियो एसियामा र नेपालमा पनि । खोजी भएन या देखेर पनि सून्दर वगेंचाभित्र छिर्ने प्रयास भएन । कवि शाहको मुटुको हरेक ढुकढुकीमा एउटा प्रेम भरियो, प्रशंसा भरियो र संगीत भरियो । त्यो प्रकृतीले उपहार दियो, अनुसन्धात्मक यात्री कवि शाहलाई उनकै छातीमा मात्र आर्कषित भएन– फराकिलो संसारमा हाम्रो नुटुभित्र समेत छुन सक्यो । रारा साँच्चै अप्सरा हुन्–हाम्रा सन्तानहरूले इतिहासका पानामा मात्र हैन कवि म० वी० वि० शाहको उद्‌गारसम्म पुग्न सकेकोमा कवि शाह साँच्चै प्रकृति प्रेमी कवि हुन् भन्न यहाँ कसैले हिच्किचाई रहनु पर्दैन ।

कतै एक्लीएर कतै साथ दिएर कविता रचिए गीत कथिए । कोही सपनाभरी जन्मिए, कोही विपनाभरी जन्मिए अनि वास्तविकतामा उत्रिए–जुन "फेरि कसैको लागि" हात पर्छ र गुन्जिन्छ हरेकको छातीमा ।

"नभुले तिमी झिली र मिली, परदेश देखेर
सम्झना गरे हिमालचुली, मनन गरेर"

(फेरि उसैको लागि पेज–२५)

आमाको दूधको भारा तिर्नु पर्छ । उनी आफ्नो सन्तानको लागि आसिर्वाद दिन्छीन् । जस्तो होस् आफ्नो गुफा सबैलाई बहुमूल्य र प्यारो हुन्छ र हुनूपर्छ । कतै बिदेशको रमझममा अलमलिइ आफ्नो भबिष्य विर्सेर वसे अवस्यै हामी अपठ्यारोमा पर्छौं । हिमाल सँधै अचल रहेर शान्तिको प्रतीकको रूपमा विदेशीएर विर्सेकोलाई स्वागत गरी रहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"तम्सौंन हामी देखेर–अरूले उडी हिंडेको
गरींन सन्तोष मनैमा–गुडेरै हामी वढेका (फेरि . . . पेज ६८)

यसरी राष्ट्रियतामा ओतप्रोत भएर विश्वको विकासलाई प्रशंसा गरेर जिब्रोटोकी वाल्ल परिरहने समय छैन–हामी एकजुट भएर तम्सनु पर्छ–पछ्याउनु पर्छ भन्ने उद्गार मिठो र सरल शैलीमा कवि शाहको कलम कहिलै खाली वस्न पाएन । साँच्चै कविता सरल र भावुक हुनू पर्छ । शब्दै शब्द भरेर मात्र कविता हुँदैन । कविता मौरीको जस्तो चाका हुनू पर्छ पूरै मह नै महले भरिएको । जागृतीको लहर देखि कल्पनाको शैरसम्ममा भूलिन सकोस् । त्यो परिभाषा कवि शाहमा सफल छ । परिवार मिले घर वन्छ, घर घर मिले देश वन्छ–कवि आह्वान गर्नु हुन्छ र २०२७ सालमा "फेरि उसैको लागि" प्रकाशन हुन्छ साझा प्रकाशनबाट ।

★

कलाकारले जब कलालाई कल्याणकारी बनाई जनसाधारणलाई सुलभ बनाई दिन्छ, तब मात्रै त्यो कलाले जीवनमा स्थान पाउने छ ।

–मा० गाँधी

कला एउटा सक्रिय ज्ञान हो र विज्ञान एउटा ज्ञानात्मक क्रिया हो ।

–क्रिस्टोफर कड्वेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय—

दींप-ज्योतिले कवि 'म० वी० वि० शाह विशेषांङ्क' निकाल्ने कुनै पूर्व योजनाको तर्जुमा गरेको थिएन। निश्चित पूर्वाधार विना दुइचार मित्रहरूका आश्वासनको भरमा दौडधूप गरेर भएपनि टुक्राटाक्री सामग्रीको जगेनाँ गरियो।

हामीलाई जेजति सामग्रीहरू प्राप्त भए त्यसबारे विद्वतवर्गको सम्मति लिनु आवश्यक ठान्यौं। र अपेक्षा गरे बमोजिम कसैबाट पनि सन्तोषप्रद सल्लाह र सुझाव पाउन सकेनौं। कसैले प्राप्त भएका समग्री पर्याप्त छन् भने, कसैले नपुग छन् भने, तर ठोस रूपमा के कस्ता सामग्री सामावेश गर्नुपर्ने सो को उचित निर्णय कसैबाट पनि पाउन सकिएन। किन पाउन सकिएन? यस प्रश्नको जवाफ ती विज्ञहरूले नै दिन सक्लान् जस्लाई हामीले देशका वरिष्ठ साहित्यिक ठानेका थियौं।

जे जस्तो होस् प्राप्त सामग्रीहरूलाई प्रकाशनमा नल्याई नछोड्ने अठोट गर्‍यौं। हाम्रो अठोटलाई के कतिसम्म सहायता मिल्न सक्ला त भनेर परीक्षणको निम्ति दुइचार उच्च संस्थाहरूमा आर्थिक सहयोगको अपिल गर्‍यौं। अपिल केवल अपिलकै रूपमा रह्यो। पदासीन महानुभावहरू विभिन्न वहाना देखाएर पन्छिए। वहाना बनावटी भएता पनि हामी अनुरोध सिवाय अरू के नै गर्न सक्थ्यौं र! किनभने हाम्रो अनुरोध विपरित भएको निर्णय उपर 'रीट' लाग्नसक्ने संभावना भएको कुनै अदालत हामीले भेट्न सकेनौं। हुन त यसरी सबै क्षेत्रबाट सहयोग दिइने परम्परा भैदिएको भए नेपाली साहित्य, गन्जागोल भैकन पनि सीमित दायराभित्र सिमाङ्कन भैरहनुको बावजुद विदेशी साहित्यको अनुपातमा अतुलनीय बन्न सक्थ्यो होला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र हामीसंग 'कवि म० वीं० वि० शाह विशेषांङ्क' निकाल्ने आकांक्षा थियो। अठोट थियो। आवश्यक 'इलेमेन्ट्स' थिएन। कुनै 'रिजर्भ फण्ड' थिएन। यसरी विना योजना कुनै पनि कार्यको थालनी गर्न जटिल समस्यासंग जुट्नुपर्ने अनुभव हामीले प्राप्त गर्‍यौं। यो अनुभव मात्र प्राप्त गर्न पनि हामीलाई आठ-दश महीना दौडधूप गर्नु पर्‍यो। आठ-दश महीनाको लगातार परिश्रम पछि प्राप्त सामग्रीं, हामीले सम्पत्तिको रूपमा स्वीकार्‍यौं। सामूहिक सम्पत्तिको रूपमा। यस सम्पत्तिको समुचित उपभोगको निम्ति सामग्री प्रकाशन गर्न उपत्यकाका निर्के प्रेस चहार्‍यौं। 'एडभान्स' नभै नहुने सबैको एउटै स्वर सुनियो। हाम्रो प्रयाश बीचैमा टुट्नसक्ने संभावित स्थिति देखापर्‍यो। अन्तमा ललितपुरको रत्न प्रिन्टिङ्ग प्रेसमा संपर्क राख्यौं। पत्रिका निस्किसकेपछि भुक्तानि लिनेदिने संझौता अनुरूप नै आज यो विशेषांङ्क प्रकाशित हुन सक्यो। यसैले यहाँ छेउ यसवेला रत्न प्रिन्टिङ्ग प्रेसका संचालक अष्ट वहादुर शाक्य प्रति हार्दिक कृतज्ञता ज्ञापन नगरी रहन सकिन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक 'मानव' कवि

–नरेन्द्र जैन, भारतीय राजदूत

स्वर्गीय श्रीं ५ महेन्द्र अपनी काव्य–कृतियों में अमर रहेंगे। वे एक भावुक और संवेदनशील कवि थे। उनकी कविताओं में साहजिकता है, सरलता है, गहरी अनुभूति है और है प्रेरणा का अनूठा प्रवाह। "उसैको लागि" और "फिर उसैको लागि" कृतियों में एक आकुल अंतर की पुकार है, करुणा का सार है, और प्यार की मीठी तड़पन का उपहार है। कवि महेन्द्र के शब्दों में:

"कविता कवि को हृदयको
पातलो छायां मात्र हो
त्यो स्मृति को
अमर चिह्न पनि समर्पण छ
–यो–उसै को लागि–
त्यो मीठो स्मृति लाई"

अपनी जीवन संगिनी के दुखद अवसान की व्यथा के क्षणों में कवि महेन्द्र की काव्य धारा वेग से फूट निकली:

"चांदनी थी जब हृदय की भर गई क्यों फिर अंधेरा
थी अकिंचन विश्व हित पर थी वही सर्वस्व मेरा"

\+ + +

"स्मृति पटल पर जब उभंरने दिवस–स्वर्णिम साथ बीते
मैं अकेला छटपटाता क्यों हुए सौभाग्य रीते"

'चांदनी थी वह हृदय की'–(उसैको लागि)

"मेरा घायल उर, टूटा मन
हुआ दुःख से चूर रे
जिसकी आशलगी थी अब तक
है वह भी तो दूर रे"

'मेरा घायल उर, टूटा मन' (उसैको लागि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मैं हूँ बेचैन जब सारा जगत खुशियां मनाता है
अकेला फूट रोता हूँ, जगत जब मुस्कराता है"

'अकेला रोता जाता हूँ' (उसैको लागि)

"भले आंधी चले, बरसे नयन जल, बाढ़ आ जाये
जो मन में गड़ चुकी प्रतिमा, न कोई नष्ट कर पाये"

'कहाँ वह मिट सकी देखा'-(उसैको लागि)

कवि महेन्द्र ने विरह-जन्य निराशा को भाव-प्रभाह अपनी कविता में दिया, लेकिन उन्होंने अपनी कल्पना और अभिव्यक्ति को सीमित नहीं होने दिया। उनकी कलम ने विविध विषयों पर कविताएं लिखीं। उन्हें जीवन से अनुराग था। प्रकृति के सौंदर्य के वे पारखी थे और संसार के स्रष्टा के उपासक।

प्रकृति का वर्णन निम्नांकित पंक्तियों में कितना सजीव है :

"सांझ सुनहली, रंगविरंगे वादल नभ में छाये
रात रुपहली वहती नदिया कलकल राग सुनाये"

['प्राकृतिक सौंदर्य' (उसैको लागि)]

"मृदुल धरा है, मधुर सलिल है, सुखद पवन है चलता
नीरोगी माटी में सुन्दर वालक-दल है पलता"

['प्राकृतिक सौंदर्य' (उसैको लागि)]

"उठता चांद शिखर के पीछे, झलकाता प्रेयसी की प्रीत
सांझ पड़े रुक जाता राही, यूं जीवन-पल जाते वीत
रिमझिम राग सुनाती प्रकृति, से धनधान्य पूर्ण भंडार
स्वर्ग-सदृश्य नेपाल हमारा, इस धरती पर इसे निहार"

['स्वदेश-गान' (उसैको लागि)]

प्रकृति प्रेम के साथ ही साथ मातृभूमि के प्रति अगाध प्रेम और श्रद्धा कवि महेन्द्र की रचनाओं में कई स्थानों पर मिलती है। "स्वदेश गान" कविता में कवि कहता है :

हरा भरा है देश, झलकते हैं गिरि, नद, नाले, मैदान
खुकरी वांधे नाच रहे जन, नव मधुऋतु को आया जान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गंडक की छहराती लहरों के संग दे मादल पर थाप
सारंगी झंकृत कर गाते स्नेह भरे गीतों को आप"

['स्वदेश गान' (उसैको लागि)]

देशभक्ति को जगाती कविता, देश सेवा को पनपाती कविता, ओज भरी कविता कवि महेन्द्र ने लिखी है। देश के वीरों का आह्वान करते हुए उन्होंने लिखा :

"आओ मिलजुल आज बना लें, हम अपना कल का नेपाल
पोत चला है कब नाली में, सागर सम फैले नेपाल"

['प्रगति' (उसैको लागि)]

"यही देश है जहाँ प्रतिष्ठित
विष्णु बुद्ध दोनों हैं संग
नेपाली जन मन में अंकित
देशभक्ति का गहरा रंग"
और

['प्रगति' (उसैको लागि)]

"कर्मठ, वीर, स्वस्थ औ सुन्दर
जिसके हैं सब नर-नारी
कला गीत साहित्य हमारे
सब गौरव के अधिकारी"
और

['प्रगति' (उसैको लागि)]

"ऊँचे ऊँचे जहाँ शिखर हैं
बहते निर्भर यहाँ अनेक
पल्लव दल की चुनरी पहिने
खड़े साल-तरु जहां अनेक"

['जन्मभूमि है यही हमारी' (उसैको लागि)]

महलों में रह कर, ऐश्वर्य से लिपत कर, राजसी ठाटबाट से घिर कर भी सदा अनका हृदय देश में फैली गरीबी के प्रति जागरुक और सहानुभूति पूर्ण उनका कवि-हृदय अमीर और गरीब के बीच गहरी खाई को स्वीकार न कर सका। कवि बोल उठा :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"नंगा निपटे है कोई, पहिने है कोई मलमल
कैसे कहूं यह मेरी सन्तान अलग अलग है"
['मां की पुकार' (उसैको लागि)]

"है स्वर्ग पात्र इस घर, पत्तल इधर है खाली
क्यों कर सुनू कि मेरीं सन्तान अलग अलग है"
['मां की पुकार' (उसैको लागि)]

"रहता महल में कोई, छप्पर लिए है कोई
कैसे सहूं यह मेरी सन्तान अलग अलग है"
['मां की पुकार' (उसैको लागि)]

कवि महेन्द्र के हृदय में ईश्वर-भक्ति अटूट थी। एक कविता में सर्वशक्तिमान को संवोधित करते हुए उन्होंने लिखा :

"स्वयं वन सार जीवन के कहां हो सर्वशक्तिमान
दिखा यह विश्व कीं मांया लुभाया सर्वशक्तिमान"
'निवेदन' (उसैको लागि)

"कसो मत और वन्धन, मत छिपो अनुरोध है मेरा
सफल हो शेप यह जीवन, विनत हूं सर्वशक्तिमान"
'निवेदन' (उसैको लागि)

कवि महेन्द्र का व्यक्तित्व उनकी कविताओं में स्पष्ट उभर आया है उनकी सहिष्णुता और मानवता, उनकी कविताओं में प्रतिलक्षित हैं। मानवींय प्रेम, प्रकृति से प्रेम और परमेश्वर पर प्रेम–भरी आस्था उनकी कविता में अमर जीवन डाल गई हैं। उनकी कविता उनके मन--मानस का दिग्दर्शन हैं; उनकी कविता जनमानस का दिग्दर्शन हैं; उनकी कविता देश को दिशादर्शन देती हैं; उनकी कविता युगदर्शन से परिपूर्ण हैं। ऐसे प्रतिभाशाली, भावुक, संवेदनशील और 'मानव' कवि को एक कवि की हृदय से श्रद्धाञ्जली। यही कामना है की उनके साहित्य की स्मृति इस पड़ोसी मित्र देश के साहित्यकारों को कल्पना की उन्मुक्त उड़ान को निरंतर अभिव्यक्ति देने की प्रेरणा प्रदान करे।

(नरेन्द्र जैन)
भारतीय राजदूत
काठमांडू (नेपाल)

अप्रेल 8, 1981

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकालय

१०४११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DEEPJOTI (Literary Monthly Magazine) हु. द. नं. १
"दीप ज्योति" साहित्यिक मासिक पत्रिका जि.का.का.द.नं. ५६।०३

दीप ज्योति

साहित्यिक मासिक पत्रिका

तपाईहरूकै पत्रिका हो

त्यसैले नियमित रुपले

पढ्ने बानी बसाली बौद्धिक विकास गर्नुहोस् ।

यसको ग्राहक बनी

फाइदा उठाउँनुहोस् ।

ग्राहक शुल्क

तपाईहरूलाई थाहै छ

नेपालको लागि वार्षिक रू. २५।–

भारतको लागि वार्षिक रू. २०।–

अन्य मुलुकको लागि वार्षिक यु. एस. डलर

मुद्रकः– रत्न प्रिन्टिङ्ग प्रेस इखाछेँ ललितपुर फोन २

दीप
नं.
१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu